# शिखर

(उपन्यास)


## सूब सेन



प्रकाशक

**हाम्रो सिर्जनात्रैमासिक पत्रिका, चितवन**

# शिखर
(उपन्यास)

© : सूभ सेन

प्रकाशक
'हाम्रो सिर्जना' त्रैमासिक पत्रिका चितवन,
फोन नं. : ०५६-५२६८७२
इमेल : pokhreldr61@gmail.com

रचनाकारमा सुरक्षित
संस्करण : प्रथम, आश्विन ०६, २०७६
प्रति : ५००
मूल्य :
कम्प्युटर : योगेन्द्र कुमाल, मो. ९८४२६२५७४७
ISBN :
मुद्रण :

# समर्पण

प्रातः स्मरणीय मुमाबुवामा

# प्रशासकीय

नेपाली साहित्याकाशमा सूब सेन उज्ज्वल ताराका रूपमा परिचित हुँदै आउनु भएको छ। 'देश दर्शन' का दुई भाग प्रकाशित भएर उहाँलाई यात्रा साहित्यकारका रूपमा परिचित गराएकै बेला 'सूब सेनका कथा' ले कथाकारमा पनि उभ्यायो। 'डाँडाको जून' को प्रकाशन नै उहाँलाई उपन्यासकारमा गन्ती गर्न पर्याप्त थियो। प्रस्तुत 'शिखर' उपन्यासले अब उहाँलाई पूर्णरूपमा उपन्यासकार बनाएको छ।

हामीले उहाँजस्तो साहित्यिक प्रतिभाको कृति छाप्न पाउँदा आफैँलाई धन्य सम्झेका छौँ। ग्रामीण जनजीवनमा आधारित भएर पनि सम्पूर्ण राष्ट्रिय प्रतिनिधित्व गर्न सक्षम प्रस्तुत 'शिखर' उपन्यास नेपाली साहित्यका निम्ति एउटा अपूर्व उपलब्धि हो भन्न सकिन्छ। उपन्यास के कस्तो, कुन स्तरको छ भन्ने विषयमा विज्ञपाठक/समीक्षकबाट निष्पक्ष समालोचना हुने नै छ।

एउटा विशिष्ट श्रेणीका कुशल प्रशासक सूब सेनले आफ्नो व्यस्त जीवनबाट फुर्सद मिलाएर यति उच्च साहित्य दिन सक्नु निश्चय नै गौरवको विषय हो। नेपाली उपन्यास विधा श्री सेनज्यूका सशक्त लेखनबाट उत्तरोत्तर समृद्ध हुँदै जाने कुरामा हामी विश्वस्त छौँ। हामीलाई आफ्नो अमूल्य कृति प्रकाशन गर्न दिनु भएकोमा अहोभाग्य सम्झेका छौँ।

नारायण भट्टराई
द्वारा
भट्टराई बन्धु प्रकाशन ।
आषाढ १३, २०४५

# सूब सेनको शिखर उपन्यासः कालिक चेतनाको तीव्र अभिव्यक्ति

सूब सेन साहित्य सर्जनकै निम्ति जुराइएको नाम हो। यस नामले नेपाली साहित्यमा आफ्नै किसिमको प्रभावलाई अङ्कित गरिरहेको देखिन्छ। वास्तवमा, सूब सेन सामाजिक यथार्थवादी धरातलमा रहेर चेतनशील आदर्शताको प्रतिस्थापन गर्नमा सक्षम हस्ताक्षर हुन्। अथवा उनका साहित्यिक प्रवृत्तिलाई चेतनशील आदर्शोन्मुख सामाजिक आदर्शवादीको सज्ञा दिन सकिन्छ, जुन नेपाली साहित्यका निमित्त एउटा नयाँ तर अपरिहार्य प्रयोगका रूपमा देखा परेको छ।

मेरा अध्ययनमा साहित्यकार सूब सेन पाँच विधाका सक्षम कलाकार हुन्। उनले **देशदर्शन** का नाउँले दुइवटा यात्रा निबन्धहरूको सङ्ग्रह प्रकाशित गरिसकेका छन्। ती सङ्ग्रहहरूमा पश्चिमी नेपालको यात्रासँग सम्बन्धित छन्। उनका अन्य क्षेत्रहरूका यात्रासँग सम्बन्धित निबन्धहरू प्रकाशित हुन बाँकी नै छन्। भविष्यमा क्रमशः प्रकाशित हुँदै जाने आशा गर्न सकिन्छ। उनका यस खालका निबन्धहरूमा सम्बन्धित ठाउँ वा इलाकाहरूको भौगोलिक चित्रण, त्यहाँका जनजीवनको मार्मिक विश्लेषण, सामाजिक वातावरणको आकर्षक प्रस्तुति, ऐतिहासिक तथ्यहरूको रेखाङ्कन तथा सांस्कृतिक सम्पदाको जीवन्त परिचय जस्ता विशेषताहरू रहेका देखिन्छन्।

निबन्धदेखि अतिरिक्त विधाहरूमा कथाविधामा उनी त्यत्तिकै सुपरिचित भइसकेका छन्। उनका प्रकाशित कथाहरूको सङ्ग्रह पूर्वाञ्चल साहित्य प्रतिष्ठानबाट प्रकाशित **सूबसेनका कथा र उनका कथा शिल्प** का नाउँले प्रकाशमा आइसकेको छ। उनका कथाकारिता संक्षिप्ततामा व्यापकता, यथार्थतामा नवीनता अनि संवादबहुलताका कारणले नाटकीयता एवं सामाजिक द्वन्द्वशीलता एवं परिवर्तनको लाक्षणिकताका साथै राष्ट्रिय भावचेतनाको प्रखरता रहेको पाइन्छ। उनको कथाकारितामा निजात्मक आयामको प्रभाव आकर्षक तथा मित नवीन रूपमा प्रस्तुत रहेको छ। यसले गर्दा उनको कथाकारिता प्रयोगात्मक भइकन पनि यथार्थ, यथार्थ भइकन पनि आदर्श, आदर्श भइकन पनि सहज साध्य झैँ अनुभव हुन्छ।

उनी नाट्य विधाका पनि कुशल स्रष्टा रहन सक्ने वास्तविकता उनका कथा एवं उपन्यासमा रहेको संवाद मात्र नभई नाटककै स्रष्टा

पनि हुन् तर उनको नाट्यविधा पाण्डुलिपिमै रहेको छ, सम्भवतः भविष्यमा प्रकाशमा आउने नै छ। दिनहरूले निश्चय नै गराउने छन्। यसरी उनी नेपाली साहित्यलाई विविध विधाहरूले सिँगार्न चाहन्छन्, त्यति मात्र होइन, उनी नेपाली साहित्य सर्जनभित्र सिङ्गो नेपाल सिङ्गो नेपालीलाई अटाउन चाहन्छन्। व्यक्तिगत अनुभूतिहरूलाई पनि सामाजिक अनुभूतिका रूपमा प्रस्तुत गर्नसक्ने र सामाजिक अनुभूतिलाई व्यक्तिगत मर्मसमान अनुभूत गर्दै त्यसलाई कलात्मक रूप दिन समर्थ सर्जकत्व बोकेका सूब सेन बहुमुखी प्रतिभाको धनी अवश्य हुन्, किनभने, उनी हरेक विधामा त्यत्तिकै सिद्ध देखिन्छन्।

उनी कविता विधाका सम्बन्धमा पनि तिख्खर प्रतिभा प्रस्तुत गर्न सक्षम व्यक्ति हुन्। उनका दुइवटा कविता सङ्ग्रह प्रकाशित हुन लागेका छन्। उनका कविताहरू सामान्य दृष्टिले हेर्दा बढी सरलझैं लाग्दछन् तर गहिरिएका खण्डमा त्यत्तिकै गहन लाग्दछन्। किनभने, उनको शब्दभण्डार जनस्तरको रहेको छ। जनजिब्रामा भिजेका वा पचेका शब्दहरूलाई नै उपमानका रूपमा, बिम्बका रूपमा अनि प्रतीकका रूपमा प्रस्तुत गरिएका हुनाले सहज र सुबोध रहेको अभिव्यक्ति झैँ लाग्नु स्वाभाविक हो तर, अध्ययनशील पाठकहरूका लागि उनको काव्यकला जति सरल झैँ लाग्दछ, त्यत्तिकै गहन र जति संक्षिप्त लाग्दछ, त्यत्तिकै व्यापक देखिन्छ। वास्तवमा भन्ने हो भने, त्यही व्यक्ति व्युत्पन्न प्रतिभाशाली हो, जसको अभिव्यक्ति अत्यन्त सरल हुनछ अनि त्यही व्यक्ति विशिष्ट विद्वान् पनि हो। जो गहनभन्दा गहन भावचेतनालाई सहजभन्दा सहज र सरलभन्दा सरल ढङ्गले व्यक्त गर्न सक्तछ। तर, आफूलाई सधैँ नजान्ने रूपमा प्रस्तुत गर्दछ। सूब सेनका साहित्यिक अभिव्यक्तिमा यही विशेषता प्राप्त हुन्छ। किनभने उनी कलाका लागि कलाको प्रस्तुति नगरी जीवनका निम्ति कलाको अभिव्यक्ति दिन्छन्। यस विशेषताले गर्दा सूब सेनको साहित्यसाधना गम्भीरता र व्यापकताको सङ्गम रहेको अनुभव गर्न सकिन्छ।

खास गरी सूब सेन साहित्यलाई समाजको दर्पण सिद्ध गर्न खोज्दछन्। अथवा उनी साहित्यका माध्यमबाट सामाजिक इतिहासको अङ्कन गर्न चाहन्छन्। युग सधैँ गतिशील रहन्छ, समय सधैँ गतिशील रहन्छ, त्यस्तै जीवन पनि गतिशील रहन्छ। हिंजोको जस्तो समाज आज छैन, आजको जस्तो समाज भोलि रहँदैन। यस्तै, सामाजिक जीवनबोधमा पनि परिवर्तन आइनै रहन्छ। हिंजोको सामाजिक जनजीवन आजका लागि

इतिहास हुन्छ, त्यस्तै आजको सामाजिक जीवन भोलि गएर इतिहास बन्दछ। यसै क्रममा हाम्रो समाज सधैँ परिवर्तित भईनै रहन्छ। तर हिँड्दै छ पाइला मेट्तै छ भने झैँ हाम्रो समाजको युगयुगको इतिहास भेटिँदै गइरहेको छ। यसलाई जीवन्त राख्ने दायित्व साहित्यकारहरूमा रहेको हुन्छ। सूब सेनले यस दायित्वलाई निश्चय नै बुझेका छन्। जुन कुरा उनका साहित्यमा प्राप्त गर्न सकिन्छ। उनका के निबन्ध, के कथा, के नाटक, के कविता अनि के उपन्यास सबैमा यस विशेषताको झलक प्राप्त गर्न सकिन्छ। उनले हरेक विधालाई सामाजिक इतिहासको परिचायकका रूपमा प्रस्तुत गरेका छन्। जहाँ नेपाल र नेपालीको वास्तविक अनुहार प्रतिविम्बत बन्न सकेको छ।

आज कति साहित्यकारहरू विदेशी जनजीवनका आयातीत प्रतिबिम्बको छायाँङ्कन गर्न सके भने आफूलाई सफलताको धूरीमा चढेको ठान्दछन्। फलाना विदेशी साहित्यकारले स्थापित गरेका प्रवृत्तिलाई नेपाली साहित्यमा भित्र्याउने सफल आधुनिक साहित्यकार भनेर हामीले गुलियो भाकामा तारीफ गरिदिएका भरमा भुइँमा खुट्टा टेक्न बिर्सिने साहित्यकार वास्तवमा नक्कली हो तर सूब सेन त्यस्ता होइनन्। उदाहरणका रूपमा मार्क्सवादी विचारधाराका परिधिमा लेखिने साहित्यलाई प्रगतिवादी, प्रगतिशील तथा जनवादी इत्यादि नाउँले पुकार्ने गरिन्छ। सूबसेनले यो कुरा नबुझेका छैनन् तर उनले कोरा नक्कल गरेका छैनन्, उनले त नेपाली समाजको गहिरो अध्ययन गरेका छन्। त्यसलाई आत्मसात गरेका छन् र 'नेपालवाद' को कल्पदा गर्दै त्यसकै परिप्रक्ष्येमा आफ्नो साहित्यिक श्रमिव्यक्ति प्रस्तुत गरेका छन्। वास्तवमा उनी जस्तो राष्ट्र र राष्ट्रियताका लागि तथा नेपाल र नेपालीयताका लागि सदा सङ्घर्षशील रहने अथवा आफूलाई राजसंस्थाका छत्रछायाँमा नेपाल र नेपालीको सुरक्षा र गौरव बढेको देख्न चाहने एक सच्चा राष्ट्रवादी हुन्। उनको साहित्य यसकै परिपूरक रूपमा सुसोभित बन्दै आएको अभुभव गर्न सकिन्छ।

सूब सेन उपन्यासकार पनि हुन् भनेर माथि नै भनिसकिएको छ। उनको 'डाँडाका जून' भन्ने उपन्यास प्रकाशित भैसकेको छ। यो उनको दोस्रो उपन्यास हो, जसको शीर्षक 'शिखर' राखिएको छ। तर, यसबाट अन्य किसिमको अभिलक्षणा पनि ध्वनित हुन्छ। गाडिएको अग्लो बाँसलाई भुइँसम्म नुहाइएको छ, त्यसका टुप्पामा शिखरलाई बाँधिन्छ र नुहाइएको बाँस सोझो पारिन्छ, यस स्थितिमा शिखर आकाशबत्ती झैँ टुप्पामा झुण्डीएर आफ्ना चेतनशील विचारको उज्यालो छर्दै आकाशको मार्गको यात्रा गर्दछ अथवा

उसको प्राण पखेरू झनझन पग्लिदै वा शिखरिँदै जान्छ। यस्तो लोभहर्षक घटनाको पनि यस शीर्षकले सार्थकता गराएको छ। अर्को कुरा शिखरको चेतनशील विचार झनझन उध्गामी बन्दै जान्छ, उसको निर्भीक अभिव्यक्ति झनझन उत्तेजित बन्दै जान्छ, चरमोत्कर्षमा पुग्दछ, यसैगरी लेखकको नेपालवादको स्थापनार्थ प्रस्फुटित क्रान्ति सन्देश झनझन शिखरित झनझन मुखरित र झनझन प्रखरित बन्दै गई उपन्यास टुङ्गिन्छ। यसकारण प्रस्तुत उपन्यासको शीर्षक चरित्रात्मक, घटनात्मक, विचारात्मक आदि भनेको अर्थले अभिभूत बनेको छ। जसले गर्दा उपन्यास अत्यन्त आकर्षक, अत्यन्त प्रभावकारी, अत्यन्त सामयिक र सार्थक बन्न सफल भएको देखिन्छ। वास्तवमा प्रस्तुत उपन्यासको शीर्षक पनि 'डाँडाको जून' झैं प्रतीकात्मक बनेको छ। यसरी शीर्षक चयनबाट पनि आफ्ना गहन प्रतिभाको परिचय दिएका छन्।

प्रस्तुत उपन्यासको विषय बालप्रेम, सन्ततिप्रेम आदि जस्ता नंसर्गिक भावस्फुरणबाट शुरू हुन्छ धर्ती बाहुनकी छोरी लक्ष्मी र कुँवर क्षेत्रीको छोरो शिखरका बीचमा बालप्रेमको प्रस्फटन हुनुका साथै बाहुनी र क्षेत्रीका बीचको हार्दिकता मानवतावादी भएर पलाएको छ। हुने बिरूवाका चिल्ला पात भने झैं शिखरमा केटाकेटी अवस्थादेखि नै एकातिर सभिन्ननता, सामाजिक भावना र अर्कातिर अदम्य उत्साह एवं संघर्षशीलता, निर्भिकता एवं साहस मुखरित रहेका छन्। शिखरको नेतृत्वमा बालबालिकाबाट चितुवाको मृत्यु भएको छ। यसबाट के बुझिन्छ भने बालबालिकामा भावी लक्षणहरू स्वभावतः देखा पर्न जान सक्तछन्। त्यसैगरी भविष्यमा एक योद्धा वा क्रान्तिकारी चरित्र विकसित हुने व्यक्तिमा धैर्यता एवं सहनशीलता जस्ता गुणहरू हुनु आवस्श्य छ। साथै, मानिसमा परासंस्कृति एवं परामानसिकता पनि अन्तर्भूत रहन सक्ने तथ्यलाई उपन्यासकारले बिर्सिएको छैनन्। यस प्रकारका विशेषताहरू देखाउन उपन्यासमा हुरी चलाइएको छ, उपन्यासको केन्द्रीय चरित्र शिखरलाई रखबाट लडाइएको छ, उसकी आमाको काखीबाट पानीको घैंटो फटाइएको छ। यसरी एकातिर हुरीद्वारा शिखरको धैर्यता र सहनशीलताको उद्घाटन गर्ने प्रयत्न गरिएको छ भने अर्कातिर घैंटो फुट्नु, काला बिरालाले पहेँला आँखाले हुर्नु आदि जस्ता घटनाहरूका माध्यमबाट मान्छे भित्रको रूढिगत परासंस्कृतिको झलक प्रस्तुत गर्नुका साथै परामनोविज्ञानको समुद्घाटन गरिएको शिखरका बाबुलाई चीनका लडाइँमा पठाएर एकातिर नारी भित्रको जिउँदो पतिप्रेम झल्काउनुका साथै समाजमा रहेको मार्मिक अवस्था, जो

विदेशी सैनिक बन्नुपर्ने कटुबाध्यतासँग सम्बन्धित छ, लाई दर्दनाक रूपमा प्रस्तुत गरिएको छ। सामाजिक जनजीवन रुढिमूलक स.स्कारले र सामाजिक बाध्यताले चुसिनु पर्ने दुःखद परिस्थितिका साथसाथै बाँच्ने बाध्यताका निम्ति व्यावहारिक संघर्ष गर्नुपर्दापर्दै पनि प्राकृतिक प्रकोपका शिकार बन्नुपर्ने बाध्यता स्वभावतः बढी मात्रामा गरीबी परिस्थितिमा देखिने हुन्छन्, तापनि मान्छेभित्रका प्रेम, उत्साह, जाँगर, आँट, धैर्यता जस्ता सुगुणहरू यथावत रहन्छन् भन्ने कुराको दिव्य झलकसँगै उपन्यासका विषयलाई अघि बढाइएको छ।

बुढासँग बालिकाको अनमेल विवाह, त्यसमा पनि रुपियाँ लिएर छोरीदिने परिस्थिति जस्ता कुरीतिको झलक र त्यसप्रति विरोध प्राकृतिक प्रकोपले चुसेको अवस्थामा साहू महाजनको आक्रमण, अबैधकरणी वा विवाहित नारीलाई गर्भवती तुल्याउने र उसको जीवनलाई बर्बाद तल्याउने घृणित परिस्थिति, साहूले सावाँमा चर्को ब्याज लगाई दिनदुःखीहरुको शोषण गर्ने जस्ता जघन्य अपराध, दलालहरूबाट भएका दुर्गन्धपूर्ण कुकृत्यको आरोप गरीब दुःखीप्रति खन्याइने पापपूर्ण कार्य आदि जस्ता सामाजिक अत्याचार हरुको पोल खोल्दै औपन्यासिक विषयलाई झनझन मुखरित तुल्याउँदै लगिएको छ। हुने खाने सौभाग्य पाएका सामन्त एवं शोषक मनोवृत्तिको समाज एकातिर उदाङ्गिएको छ भने अर्कातिर पसिना चुहाएर बाँच्नुपर्ने परिस्थितिका निर्धन र निमुखो समाजमा इज्जत र मानवताको लागि गरिने अथक सङ्घर्ष छर्लङ्गिन पुगेको छ। तीन पुस्ता अघिका पींढीले खाएको ऋणको स्वाँग देखाई नातिपनातिको पुस्तासम्मको रगतपसिना चुसेर मोटाउन चाहने समाज, अर्काकी छोरीबेटीको इज्जत लुटेर विषयवासनाको दुर्गन्धित स्वप्निलतामा आनन्दको चरमोत्कर्षता प्राप्त गर्न चाहने समाज, आफूले गरेका कुकृत्यहरू छिपाएर निमुखामाथि लान्छना थोपर्ने र अन्यायलाई दबाई दुर्न्यायद्वारा टल्दै उनीहरूमाथि ताडना गर्न पल्किएको समाज तथा यस्तै अत्याचारी र शोषक समाजबाट सदा पीडित रहेर इज्जत र पेटका निम्ति निरन्तर पिल्सिन बाध्य भएको समाजका बीचमा द्वन्द्वको सिर्जना गर्दै उपन्यास झनझन मुखरित बन्दै गएको छ। यसरी चारैतिरबाट पीडित र शोषित रहनुपर्ने बाध्यता बाँ खलबलिंदै गएको आकर्षक झलक दिंदै औपन्यासिकता मानवताभिमुखी भावचेतनाभिमुखी भावचेतनाको उज्यालो खोज्दै वेग हान्न पुगेको छ। त्यति मात्र होइन, शोषकहरुको अत्याचारको चरमोत्कर्षताले गर्दा पीडित वर्गले बनीबास लाग्नुपर्ने परिस्थिति जस्ता कारुणिक चित्रले

औपन्यासिकता झनझन तीव्रतातिर उन्मुख हुँदै गएको छ। यसरी प्रस्तुत उपन्यासमा आघाउधीसम्म यस्तै सामाजिक वा वर्गीय द्वन्द्वको झलक अत्यन्त तीव्रताका साथ उत्रिएको छ। साथै मातृवात्सल्य तथा पुत्रवात्सल्य, सहोदर वात्सल्य तथा नैसर्गिक स्नेह समुद्रको छाल झैं उत्तेजित बनेको दृश्य मार्मिक रुपमा अभिव्यक्त भएको छ।

सामाजिक द्वन्द्वको स्थिति चरमोत्कर्षमा पुग्दा नपुग्दै उपन्यास अझ व्यापक सङ्घर्षतिर लम्किन थाल्दछ। केटाकेटी अवस्थादेखिनै अदम्य उत्साह, धैर्य एवं साहसको प्रखरता, सुधारात्मक भावचेतनाको सबलता एवं सङ्घर्षशील जागरूकताद्वारा अभिभूत भएको शिखर र उसका अभिन्न मित्रहरु उमेश, चन्द तथा विश्व काठमाडौं पुगेर अर्को रुपबाट संघर्षलाई अघि बढाउन सुरिन्छन्। त्यहाँ उनीहरु पेटपालोका निम्ति क्रान्ति चेतनाको विकास गर्नपट्टि सङ्घर्षरत रहन्छन्। शिखर पढ्ने र पढाउने अनि अरु तीन भाइ दानापानी जुटाउने सल्लाहमा बाँधिदै उनीहरु हिम्मतका साथ लक्ष्योन्मुख बन्दै जान्छन्। अर्कातिर टोप्रेका ओडारको बनिवास लागेका शिखरकी आमा र लक्ष्मी लगायत गंगा, बीना तथा इन्दिरा नाउँका बहिनीहरु मातृवात्सल्यद्वारा सिञ्चित हुँदै क्रान्ति चेतनाका निम्ति शिक्षित र दीक्षित हुँदै गई दाजुहरुको खोजीमा आफूलाई होम्ने साहस गर्दछन्। यी दुबैतिरका सङ्घर्षहरुले सामाजिक असमानताको आगो निभाउने पानीरुप आदर्शतिर अभिमुख बन्न अनुकूलता खोजेका छन्। गालेको छोरो लाठेको मृत्युको आरोप र सानीमालाई गर्भवती तुल्याएको असत्य लाञ्छना लागेसम्मको शिखर र उसका साथीहरु पनि ओडारको बनीबास लाग्नुपर्ने स्थितिसम्मका लक्ष्मी र गंगादि यथार्थका धरातलमा संघर्षरत रहेका देखिन्छन् भने सामाजिक विद्रोहको भावचेतनालाई नै सर्गिक अवस्थाबाट माथि उठाउँदै राजनयिक भावचेतनाको प्रखरतातिर उन्मुख बन्दै गएका उक्त पानाहरु आदर्शका धरातलतिर प्रोन्नत हुँदै गएका देखिन्छन्। शिखर पढ्न थाल्नु, खम्बामुनिका बत्तीमा साथीहरुलाई सामाजिक चेतनाको व्याख्यान दिनु, जेलमा पनि न्यायिक चेतनाहरुको अभिव्यक्ति दिनु, जोगी भेष धारण गरी आफ्नो लक्ष्यतिर निरन्तर सचेत र सक्रिय बन्दै जानु, उमेश चन्द्र एवं विश्वहरु पहाडी इलाकातिर गएर क्रान्ति चेतनाको विस्तार गर्न सचेष्ट रहनु भनी लक्ष्मी, गंगा आदि पनि पुरुषको भेष धारण गरी सङ्घर्षकै अनुयायी बन्दै जानु आदि जस्ता प्रयासहरु आदर्शद्वारा अभिभूत रहेका छन्। उपन्यास आघउधी हुनुभन्दा पहलिसम्मको औपन्यासिक सङ्घर्ष राजनयिक र आदर्शद्वारा पोषित रहेको देखिन्छ। अथवा अगाडिको सङ्घर्ष

समाजका शोषक, अत्याचारी, पाखण्डी र दुराचारी वर्गसँग सम्बन्धित रहेको देखिन्छ भने पछाडिको सङ्घर्ष दलीय शासनको दमनकारी पक्षसँग सम्बन्धित रहेको पाइन्छ।

लक्ष्मी र गंगा जेलभित्र पुलिसको बलात्कारका शिकार बन्नु, उनीहरूका मृत लाशलाई घिस्याउँदै लगेर दबाउनु, बीनाका छातीमा गोली लाग्नु र इन्दिरा समेतलाई चोक्टा लाम्टा छरिने गरी हवाईजहाजबाट खसाल्नु, हाकिमकै स्वास्नी र छोरी समेत पर्चा बाँड्ने र आमसभा सुन्ने स्थितिसम्म पुग्नु, जोगी भेषका शिखरलाई गोली लाग्नु, अझ साथी सहित उसलाई जङ्गलका बीचमा लैजानु, उमेश आदि तीन जनालाई गोलीद्वारा उडाउनु र शिखरलाई बाँसमा फाँसी दिनु आदि जस्ता जघन्य घटनाहरु सामाजिक नभई शासकीय छन्। यसरी उपन्यास सामाजिक अन्यायबाट शुरु भएर शासकीय दमनको पराकाष्ठामा टुङ्गिएको छ। लक्ष्मी र गंगा पुलिसका बलात्कारबाट खतम हुनुले र अभियुक्तसँगै पैसा माग्नु वा खोजीबाट बलात् अपहरण गर्नु जस्ता घृणित कार्यहरूबाट सम्बन्धित वर्गको नाङ्गो स्वरूप छर्लङ्गिन पुगेको छ भने बीना तथा इन्दिरालाई हवाईजहाजबाट हुत्याउनु अनि उमेश, चन्द्र र विश्वलाई एकान्तमा लगेर गोली पियाउनु तथा शिखरलाई फाँसी दिनु जस्ता जघन्य अपराधले दानवीय दमनकारी र जनहत्यारा शासकवर्गका अत्याचारको पराकाष्ठा स्पष्ट हुन पुगेको छ। हाकिमकै श्रीमती र छोरीसमेत नारीहरूको क्रान्तिकारी कदमका सहभागी बन्न पुग्नुबाट जनताप्रति शासकीय नाङ्गो नाच एवं निरङ्कुश संहारकारी कालचक्रसँग सम्बन्धित शासकीय आचरणको पर्दाफास भएको देखाउनु औपन्यासिक उद्देशय रहेको देखिन्छ। उपन्यासकारले यसप्रकारको लोमहर्षक स्थिति दलीय शासनपद्धतिसँग सम्बन्धित रहेको देखाएका छन्। उपन्यासकार सामाजिक इतिहासको अंकनबाट शुरु गरी राजनयिक वा शासकीय इतिहासको समेत अभिरेखाङ्कन गरेर कुनै एक समयावधिको सिङ्गो तस्बिरलाई प्रस्तुत गर्न अत्यावधिक सफल भएका छन्।

उपन्यासकार कतै सत्यताप्रति कुठाराघात गर्ने आततायीहरूप्रति आफ्ना पात्रहरलाई हात छोड्न लगाएका छन् भने बिना अपराध सजाय भोगाउने अन्यायी तस्करका आँखा छोपिदिएर आफ्ना प्रतिबिम्बस्वरूप संघर्षशील उनै पात्रहरूलाई कारागारबाट भगाएका छन्। यसैगरी कतै योगीको भेषमा र कतै पुरुषका भेषमा आफ्ना पात्रपात्रीहरूलाई लुकाएका पनि छन्। तर उनले सत्यता र न्यायका निम्ति आफ्ना स्पष्ट अभिव्यक्तिहरु

बोल्ने कुरामा काँतर तुल्याई तिनका सक्कली भेषलाई छिपाएका छैनन्। नारीहरूको हक र हितको निमित्त मात्र होइन, पुरुषको संरक्षणका निम्ति र सहयोगका निम्ति पनि तिनलाई सक्रिय भूमिका खेल्न सिकाएका छन्। उनले तातो रगत उम्लिएका युवतीलाई मात्र होइन, वयोवृद्ध नारीलाई समेत अवस्था अनुसारको यथेष्ट भूमिका खेल्न सक्षम तुल्याएका छन्। यसैगरी उनले समाजका ठेकेदार दलालहरूलाई शासकीय ढँटुवारेहरूलाई आफ्ना दुष्कर्मका लागि चरम सीमासम्म पुऱ्याएका छन्। अन्याय र अत्याचारलाई नै न्याय र कर्तव्य ठान्ने समाज घातक र देशघातक अमानवीय तत्त्वलाई अथवा विदेशी कठपुतली र तिनका पृष्ठपोषकहरूलाई सत्य, न्याय र मानवताका निम्ति सङ्घर्षरत युवा-युवतीहरूको खुला र चर्को स्वरद्वारा चेतावनी दिलाएर उपन्यासकारले परिवर्तनका शंखघोष गरेका छन्। उनले शुरुमा समाजका कुतत्त्वहरूसँग आफ्ना पात्रहरूद्वारा सङ्घर्ष गर्न लगाए तापनि पछि उनी दमनकारी र भ्रष्टाचारी शासकीय छहारीमै त्यस्ता कुतत्त्वहरूले फस्टाउने अनुकूल वातावारण प्राप्त गर्ने हुनाले शासकीय कुचक्रकै विरोधमा होमिन अभिप्रेरित गर्दछन्। यो परिस्थिति दलीय शासकहरूले आफ्नो एकपक्षीय स्वार्थसिद्धिका निम्ति निम्त्याएको र तिनका कृपापात्र बन्न नसक्ने वा नचाहने वर्गप्रति गरेका अमानवीय नरघात कुकृत्यका कारणले सिर्जिएको वास्तविकतासँग सम्बन्धित रहेको तथ्यलाई स्वीकार्दै आफ्ना औपन्यासिक सन्देशभित्र त्यसलाई चिनाएको बुझिन्छ, 'शिखर'को स्रष्टाले। तर कति भने उनले यस्ता अराष्ट्रिय चरित्रका देशघाती एवं जनघातीहरूलाई जनअदालतमा उभ्याउने काम भने गरेका छैनन्। यो कुरा लक्षणाद्वारा मात्र इङ्गित गरेका छन् उनले। यसबाट पाठकहरूलाई कुन कुराको अनुमान गर्न सजिलो परेको छ भने दमनकारी कुचक्रको पराकाष्ठाने अवश्यम्भावी विनाशको लक्षण हो, उपन्यासकारको नेपालवादको पूर्वाभास हो। यसरी प्रस्तुत उपन्यास पाठकहरूले दाह्रा किट्नुपर्ने र तातो रगतको सिर्का उमाल्दै मुड्की बजार्नु पर्ने स्थितिमा पुऱ्याएर टुङ्ग्याइएको छ, जसको प्रभाव सदा जीवन्त रहन सक्तछ।

गुप्तभेष धारण गराई पात्रहरूलाई लक्ष्यसिद्धितिर धकेल्ने प्रवृत्तिमा जासुसी आवास पाइन्छ, तापनि सङ्घर्षमा होमिएका तिनीहरू सामाजिक बाध्यताले गर्दा त्यस्ता भेष धारण गर्न विवश भएका छन्। यहाँ नेरि ज्यादै महत्त्वपूर्ण कुरो उपन्याससका केन्द्रीय चरित्रको आमा जो नेपाल आमाकी प्रतीक स्वरूप चिनिएकी छिन्, तिनको त्याग, तपस्या र हक तथा हितका

निम्तिको सचेतत्ता ज्यादै महत्त्वपूर्ण देखिन्छ। उनको आफ्नापतिदेव प्रतिको ममता र पुत्रप्रतिको वात्सल्य नै सर्गिक देखिन्छ भने सन्ततिलाई सचेत तुल्याउने सचेतता आदर्शसिक्त रहेको पनि पायन्छ। यस उपन्यासमा रहेको प्रमुख उद्देश्य सामाजिक राजनयिक परिवर्तन हो र त्यसका गौण उद्देश्य आत्मीयप्रेम, राष्ट्रप्रेम आदि हुन्। यस उपन्यासको केन्द्रीय चरित्र शिखर र लक्ष्मीका बीचमा जुन हार्दिक सम्बन्ध देखाइएको छ, त्यसमा उच्छ्रिङ्खलता वा वैलाषिकताको गन्धमात्र पनि पाइँदैन, बरु प्रेमका नाउँमा त्याग र बलिदानको प्रखरता रहेको देखिन्छ। गाईवस्तुलाई खोले पकाउने प्रसङ्गबाट गुरु भएको लक्ष्मी र शिखरका बीचको हार्दिकतामा लेसमात्र पनि विकार आएको छैन, वेलाषिकता त परै जाओस्, सस्तो भावुकतासम्म पनि रहेको छैन, परस्पर दुई प्रेमी तथा प्रेमिकाका बीचमा वियोगको परिस्थिति सिर्जित हुँदा उनीहरुमा कुनै किसिमको छटपटी देखिदैंन। बरु वैवाहिक सम्बन्ध त्यागेर प्रेमीकी आमालाई आपत्विपत् परेका अवस्थामा आफू पनि सहभागिनी बन्न र प्रेमीका खोजीमा हिम्मतसाथ बाहिर निस्कनु, त्यत्तिमात्र होइन, प्रेमीको विचार दर्शनसँग रत हुँदै सङ्घर्षमा होमिनु लक्ष्मीको जीवन्त त्याग हो। यसरी नर र नारीका बीचको प्रणय र त्यसको आत्मीय तथा आदर्श स्वरुप कुनैपनि देवीको चरित्रभन्दा कम छैन। यसैगरी शिखरकी आमाको उसका बाबु वा आफ्ना पतिप्रतिको भावुकताले निसर्गताको सीमा नाघेको छैन। आफ्ना सन्ततिप्रतिको वात्सल्यलाई जीवन्त तथा पुनीत राख्नु आमाको नैसर्गिक ममता नै हो। तर उनको पुत्रवात्सल्यको सस्तो भावुकतामा डुबेर न पुत्रका लक्ष्यमा नै कुनै आँच आउन दिएकी छिन्, न त त्यसै निउँले आफूलाई नै झीर्न तुल्याएकी छिन्। बरु पुत्रको सफलताको लागि ओडारको बास गरेर तपस्विनी बनेकी छिन् र छोरीहरुलाई शिक्षा दिनुपर्दछ भन्ने कुरामा उनी सधैँ सचेष्ट रहेकी छिन्। त्यसैगरी शिखरका बहिनीहरु मातृसेवादेखि लिएर दाजुको लक्ष्यसिद्धि तर्फ सदा सहयोगिनी बनेका छन्। त्यस्तै उमेश, चन्द्र र विश्वको मित्रप्रतिको ममता र लक्ष्य प्राप्तिका निम्ति उनीहरुबाट भएको सक्रिय समर्पण ज्यादै प्रभावकारी देखिएका छन्। यसबाट कुन तथ्य स्पष्ट हुन्छ भने आत्मीय प्रेम भनेको अन्यन्त निःस्वार्थ रहनाका साथै त्याग र बलिदानमा समर्पित रहने नैसर्गिक भावतत्त्व हो। अनि बीज रुपमा रहेको आत्मीय प्रेम नै सच्चा मानवता प्रेम र व्यापक राष्ट्रप्रेममा फैलिन र फिँजिन सक्तछ अनि सत्यका नजिक रहन्छ भन्ने कुरा पनि स्पष्ट हुन्छ।

उपन्यासको विषय ऐतिहासिक, पौराणिक, दन्त्यकथात्मक वा

पुराकथात्मक र सामाजिक जुन पनि हुन सक्तछ। ऐतिहासिक विषय भएका उपन्यासमा प्रमुख प्रश्न इतिहास भएपनि गौण पक्ष सामाजिक विषयका रूपमा प्रतिबिम्बित रहन सक्तछ। त्यस्तै पौराणिक एवं दन्त्यकथात्मक विषयका माध्यमले पनि कालिक प्रतिच्छायाको झलक प्रस्तुत गर्न सकिन्छ। सामाजिकतालाई नै विषय बनाएर प्रस्तुत गरिएका साहित्यिक विषयहरूमा त प्रमुख रूपमा कालिक चेतनाको अभिव्यक्ति रहेको हुन्छ। प्रस्तुत उपन्यासको विषय सामयिक भईकन पनि समसामयिक रहेको छ। उपन्यासकारले प्रस्तुत गरेको सामाजिक सङ्घर्षको विषय आज आएर हेर्दा भूतकालिक बनिसकेतापनि सो समयावधि तीन दशक पनि पुगिसकेको छैन। उपन्यासमा गरिएको राजनैतिक सङ्घर्षको प्रस्तुति आजको परिप्रेक्ष्यमा नमिल्ने भए तापनि सामाजिक सङ्घर्षको प्रतिच्छायामा कतिपय ठाउँमा आजसँग मिल्न पनि सक्ला तर उपन्यासकार आजका सन्दर्भमा यस कुराको अभिव्यक्ति दिइरहेका छैनन्। उनले त यहाँ जुन समयमा दलीय शासनको छाडातन्त्र थियो, दलभित्रका व्यक्तिहरु स्वच्छन्दतामा विचरण गर्दथे भने दलबाहिरको समाजले राणातन्त्रीय यातना समानकै परतन्त्रता भोग्नु पर्दथ्यो, जसलाई उपन्यासकारले नयाँ राणाशासनकालको संज्ञा दिएका छन्। कुनै निश्चित समयावधिमा रहेको सामाजिक स्थिति, समाजका सम्पन्न र विपन्न वर्गका बीचमा रहेको द्वन्द्व, सम्पन्न वर्गले विपन्न वर्गप्रति गरेको नाङ्गो नाचको प्रतिक्रिया स्वरूप जब विपन्न वर्गमा चेतना जागृत हुन्छ र आफ्ना हक, हित र सामाजिक समानता, कानूनी अधिकार आदिका सम्बन्धमा सङ्घर्षको भावना प्रादुर्भूत हुन थाल्दछ। यसका लागि पुरुष समाज मात्र होइन, नारी समाज पनि उत्तेजित हुँदै जान्छ भने यस प्रकारको जनचेतना दबाउन समाजको आततायी सामन्त वर्ग एकातिर सक्रिय रहन्छ भने अर्कातिर सामयिक सरकार पनि जनचेतना र जनभावनाको विपरीत दमनकारी कुचक्र चाल्ने गर्दछ, जसको फलस्वरूप जनताको धनजनको क्षति हुन्छ। यसप्रकारको स्थिति र संघर्षलाई कुनै निश्चित समयावधिका परिधिबाट हेरिएको र त्यसको अभिरेखाङ्कन गर्ने प्रयत्न गरिएको तथा त्यस कार्यमा बढी भन्दा बढी चर्को रूप देखाउने सत्प्रयास गरिएको हुनाले प्रस्तुत उपन्यासमा कालिक चेतना तीव्रताका साथ अभिव्यक्त भएको मान्न सकिन्छ। कुनै खास समयावधिको चेतना भविष्यका लागि ऐतिह्य बन्ने भएकाले प्रस्तुत उपन्यासमा देखाएको सामाजिक सङ्घर्ष आजका लागि इतिहासको ज्वलन्त उदाहरण बन्न गएको छ।

समाजका सामन्त वर्गको चरित्र प्रायः शासकीय छत्रछायाँमा पन्पिने गर्दछ । प्रायः शासकवर्ग र सामन्त वर्गका बीचमा साक्षात् सम्बन्ध हुने गर्दछ। समाजमा सामन्त वर्गकै हातमा सम्पत्तिको स्रोत रहने हुँदा शासकीय सद्भावना त्यसै वर्गप्रति रहन्छ। शासकीय चरित्र अनुसार सामन्त वर्गका चरित्रको विकास हुने गर्दछ भने सामन्त वर्गकै अनुकूल शासकीय आचरण पनि रहन्छ। तर सर्वसाधारण जनता भने शासक वर्गका धेरै टाढा रहन्छन्। जनतामा रहेका समस्यालाई शासक वर्गले बुझ्ने मौका नै पाउँदैनन् किनभने जनवर्ग र शासक वर्गका बीचमा पर्खालजस्तो भएर सामन्त वर्ग रहने गर्दछ। वास्तवमा भन्ने हो भने शासक वर्ग जनसमस्यादेखि बिल्कुलै अनभिज्ञ रहन्छ। यसले गर्दा सर्वसाधारण जनता एकातिर सामन्तवर्गबाट शोषित रहन्छ भने अर्कातिर शासक वर्गबाट त्यत्तिकै पीडित रहन्छ जसको फलस्वरूप समाजका गरीब, निमुखा वा विपन्न वर्गले दोहोरो मारमा पर्नुपर्दछ। देशको अर्थ, शैक्षिक उपलब्धि एवं राजनैतिक चेतना जस्ता आधारभूत कुराहरु सामन्त वर्गकै मुठ्ठीमा रहन्छन्। सर्वसाधारण जनता आर्थिक रूपमा, शैक्षिक रूपमा र राजनैतिक रूपमा सर्वदा पीडित रहन्छ। धर्ती कन्याएर उत्पादन गर्ने तथा पसिना बेचेर उपलब्धि हाँसिल गर्ने काम भने जनस्तरबाट हुन्छ तर त्यसको उपभोग गर्ने काम चाहिं माथिल्ला वर्ग भनिएको सामन्त वर्गले गर्दछ। यस्तो परिस्थितिमा निश्चयनै सामाजिक सङ्घर्षको विस्फोट हुने गर्दछ। यही कुरा प्रस्तुत उपन्यासको कालिक चेतना हो। यस कुरालाई उपन्यासकार सूब सेनले सङ्क्षेपमा तर गहन रूपमा व्यक्त गर्ने प्रयत्न गरेका छन्। कुनै पनि सामाजिक वा राजनैतिक सङ्घर्ष माथिल्लो वर्गबाट थालिन्छ भने त्यो खालि नाटक मात्र सिद्ध हुन्छ। तर यसप्रकारको संघर्ष तल्लोवर्गबाटै थालिनुपर्दछ जुन सत्यताको नजिक रहन्छ। प्रस्तुत उपन्यासमा सम्पन्न वर्गबाट होइन, विपन्न वर्गबाट सामाजिक संघर्ष छोडिएको छ, जसले गर्दा भलै कतिपय नारीहरले बलात्कारको शिकार र कतिपय नारीले गोली र फाँसीको शिकार हुनुपरे तापनि यसको परिणाम आततायी सामन्त वर्ग र शासक वर्गको विनाश अवश्यम्भावीका रूपमा प्रतिफलित भएको छ यस उपन्यासमा। यसर्थ प्रस्तुत उपन्यास वर्ग संघर्ष र वर्ग समन्वयका लागि भएको छ। दलीय भावनानै वर्गसंघर्षको मूल कारण भएको हुँदा उपन्यासकार आफ्ना उपन्यासमा वर्ग समन्वयका लागि आफ्ना पात्रहरूलाई क्रान्तिकारी चेतनातिर समर्पित तुल्याउँछन्। यही नै प्रस्तुत उपन्यासको कालिक चेतना हो, जो प्रस्तुत उपन्यासमा तीव्रताका साथ अभिव्यक्त भएको छ।

उपन्यासमा यथास्थानमा प्राकृतिक वातावरणका चित्रणले उपन्यासलाई सरल तुल्याएको छ। प्राकृतिक चित्रणमा एकातिर नैसर्गिक सौन्दर्यको प्रस्फुटन गर्ने प्रयत्न गरिएको छ भने अर्कातिर सामाजिक तथा मानसिक अवस्था बुझाउने प्रयास गरिएको छ। उपन्यासमा सामाजिक र नैसर्गिक वातावरणको चित्रले नै सजीयता प्रदान गर्दछ। प्रकृति नै मानव मनका भावनाहरूको उराल ओरालमा निरन्तर सहायक हुने गर्दछ। यसकारण साहित्यमा प्रकृति चित्रण एक आवश्यक अङ्ग झैँ भएको छ जुन कुरालाई उपन्यासकारले सम्वक् सदुपयोग गरेका छन्। किनभने औपन्यासिक भावचेतनाको सम्प्रेशणनै अनुकूल वातावरणले गराउँछ। औपन्यासिक उद्देश्यबोधका निम्ति पनि प्राकृतिक वातावरण अत्यन्त सहायक सिद्ध हुने गर्दछ जुन कुराको पूर्ति उपन्यासकारले यथास्थानमा गरेका छन्। उपन्यासमा शीर्षक चयन, विषयवस्तुको सङ्गठन, पात्रहरूको चयन एवं चरित्रविधान, उद्देश्य एवं वातावरणको सन्तुलनतर्फ उपन्यासकारको सजगता प्रभावकारी रहेको देखिन्छ। शीर्षक प्रतीकात्मक मात्र नभई अनेकार्थक पनि रहेको छ, त्यसैगरी पात्रहरूको नामाङ्कनमा पनि सार्थकतालाई पछ्याइएको छ। अनावश्यक पात्रहरूको खिचलो नभई सन्तुलन रहेको छ। घटनाहरूको सङ्गठन कार्यकारण शृङ्खलालाई पछ्याइएको छ। उपन्यासको थालनी वात्सल्य एवं कारुणिक हुँदै वौरत्वतिर वेग हानेको छ। कथाको प्रवाह उर्धमुखी रहेको छ त्यसमा पनि वेगवान् बनेको छ। यसले गर्दा उपन्यास रगत उमाल्ने गरी समाप्त भएको छ। उपन्यासको परिणामले पाठकहरूका चित्तमा विद्युत प्रवाह उमार्ने तागत बोकेको देखिन्छ। उपन्यास सकिएपछिको वातावरण पाठकले स्वभावतः के कल्पना गर्न सक्तछ भने निश्चयनै शिखरले कल्पना गरेको उज्ज्वल भविष्य यथाशीघ्र समाजमा पोखिने छ र विदेशी प्रभावमा खोलिएको राजनैतिक नाटक ध्वंस भएर नेपालवाद जस्तो राष्ट्रवादी भाव चेतना झलमल भएर उदाउने छ।

आजको युग सामाजिक संघर्षको युग हो, राष्ट्र र राष्ट्रियताको संरक्षण र सम्बर्धन गर्नुपर्ने आवश्यकताको युग हो, आर्थिक न्यायिक, सामाजिक तथा सांस्कृतिक पुनरुत्थानमा सबै एकताबद्ध हुनुपर्ने युग हो, राजसंस्थाका पवित्र छहारीमा सम्पूर्ण प्रजाहरु गोलबद्ध भई विदेशी कर्तुत र दूषित नियतबाट आफ्नो अस्तित्वलाई सदा सुरक्षित राख्न सदैव समर्पित हुन आवश्यक युग हो, जसलाई आत्मसात् गरेका उपन्यासकार राष्ट्रको आवश्यकता र माग अनुसारको साहित्य सिर्जना हुनुपर्ने कुरा प्रस्तुत उपन्यासका माध्यमबाट

अभिव्यक्त गर्दछन्। उनी आफ्नो साहित्यमा विदेशी चरित्रको प्रतिबिम्बलाई भित्र्याएर स्वदेशी राष्ट्रिय संस्कृतिमा आबद्ध चरित्रलाई धमिल्याउन चाहँदैनन्। यसैगरी सस्तो वैलाषिक प्रेमको व्याख्या गर्नु आवश्यक ठान्दैनन्। नागरिक चरित्रका मानसिक विकृतिलाई पनि उनले आफ्नो सर्जन प्रक्रियामा महत्त्व दिएका छैनन्। सस्तो मनोरञ्जनले पाठकलाई क्षणिक स्वप्निलतामा भुल्याई तिनका मस्तिष्कमा भ्रमको जाली बिछ्याउन पनि उनले चाहेका छैनन्। प्रयोगका नाउँमा दुरुह र जटिल जीवनको कृत्रिम चित्र उतार्ने काम पनि उनबाट भएको छैन अनि उनले मुट्ठीभरका शहरहरुलाई मात्र नेपालको प्रतिनिधित्व गराएका छैनन्। उनी त एक नैसर्गिक शाश्वतताप्रति विश्वास राख्ने एउटा महान् प्रतिभा हुन्। नेपाललाई सदा नेपालकै रूपमा हेर्न चाहना राख्ने अनि नेपाल भनेको पहाडपर्वत, खोलानाला, छाँगाछहरा, उकाली-ओराली, लेकबेसी, पहाड-मैदान आदिको समष्टि हो र नेपाली भनेको विविध संस्कृतिका समन्वयमा फस्टाएको एक विशिष्ट जाति हो भन्ने कुरामा सदा विश्वास राख्ने देशभक्त तथा राजभक्त तपस्वी रुपमा सदा संघर्षरत रहने व्यक्ति हुन् उनी र उनको उपन्यास पनि उनी जस्तै छ अथवा उनी प्रस्तुत उपन्यासको शिखर जस्तै हुन्। साँच्चिकै भन्ने हो भने यस उपन्यासको शिखर उनकै मुखपात्र हो, प्रतिच्छाया हो। जसरी शिखर आफू समानका शोषित र पीडित वर्गलाई आफ्ना चेतनशील विचारहरुमा आबद्ध र विश्वस्त तुल्याउँदै लक्ष्यतर्फ सदा संलग्न र संघर्षशील बनेको छ ठीक त्यसैगरी राजसंस्थाका छत्रछायाँमा रहेर सामाजिक क्रान्ति अथवा समाजलाई अँध्यारोतिरबाट उज्यालोतिर असत्यतिरबाट सत्यतातिर तथा मृत्युतिरबाट अमृततिर डोऱ्याउने वेदवाक्य वा वैदिक नीतिका पृष्ठपोषक उनी नेपाल र नेपालीको अस्तित्व सदा सुरक्षित रहने नेपालवादको स्थापनाका निम्ति सङ्घर्षशील व्यक्तित्व हुन् र प्रस्तुत उपन्यास उनको अभिव्यक्ति हो।

अन्तमा प्रस्तुत उपन्यास कुनै सैद्धान्तिक अभिव्यक्तिको पृष्ठपोषक नभईकन आफ्नै संघर्षबाट प्राप्त अनुभूतिको मौलिक उपज हो, जुन कुरा औपन्यासिक वातावरण, औपन्यासिक संघर्ष र औपन्यासिक अन्तको स्वाभाविक प्रस्तुतिबाट स्पष्ट हुन्छ, र यो विशेषता युगसापेक्ष रहेको छ। विदेशी दुष्प्रभावबाट नेपाल र नेपालीलाई सदा चोखो राख्ने, आफ्नो राष्ट्रिय संस्कृतिलाई सदा उन्नत तुल्याउने र राष्ट्रिय जनजीवनमा अस्तित्वको सुवास गम्काउने र सार्वभौमिकसत्तालाई अक्षरण्ण राख्ने महत्तम विचारको अभिव्यक्ति भएर प्रस्तुत उपन्यास नेपाली साहित्य संसारमा एक अमूल्य रत्नका रूपमा

प्कट भएको देखिन्छ।

उनका उपन्यासमा मात्र होइन, निबन्ध, कथा, कविता एवं नाटकमा समेत भाषिक विधानमा पश्चिमी भाषिकाको पूर्णतः प्रभाव रहेको देखिन्छ। साहित्यका भाषामा भाषिका प्रभावलाई विशिष्ट उपलब्धि मान्न पर्दछ। साहित्यकार पहलमान सिंह स्वाँरले पनि आफ्ना जन्मइलाकाको अथवा अछामी भाषिकाको प्रयोग आफ्ना साहित्यमा गरेका छन्, त्यस्तै सूब सेनेल पनि आफ्नो जन्मइलाकाका भाषिकालाई स्वरचित साहित्यमा विशेष महत्त्व दिएका छन्, किनभने साहित्यको पाठक हुने अधिकार सबैलाई छ जसका लागि उनले सरल भाषाको प्रयोग गरेका छन्। अन्तमा जोसिलो उपन्यास लेखी नेपाली साहित्यलाई धनी बनाउन गरिएको सत्प्रयास बापत यस उपन्यासका लेखक सूब सेनलाई धन्यवाद र बधाई दिँदै म आफ्नो लामो मन्तव्य समाप्त गर्दछु।

चापागाईं निवास, विराटनगर-१५

नरेन्द्र चापागाईं

# शिखर

(उपन्यास)

# एक

झिलझिलाउँदो शुक्रतारा पूर्वबाट प्रभात ! प्रभात ! भनिरहेछ। विस्तारै सूर्यको आगमन हुँदैछ। रातभर थाकेका ताराहरू एकएक गरी आराम लिन लुक्दै छन्। थोप्ले आकाश सुनौलिंदै पश्चिमतिर जाँदैछ। घर-घरमा भाले बासिसकेको छ। फुलेको आरुमा सारी भँगेरी गाना गाउँदै छन्। मौरीहरू रस चुस्न जाँदैछन्। रातसँग चरीहरूको नयाँ-नयाँ गीत बढ्दैछ। त्यसैले होला उनी निद्रामा लट्ठ परिरहेछन्। पल्लाबाट निस्केको विभिन्न फूलको वासना लिएर मन्दमन्द शीतल हावासँगै आवाज आउँछ

"कान्छा !"

"उठ्न पर्दैन अब पनि ?"

"पर्छ !"

शिखर उठे। सिरक ओढे। विस्तारामै घुमलुङ्ङ परे। बसे। टुप्पीसम्म ढाके। टाढा हेरे। उनी केवल १२ वर्षका केटा मात्र छन्। बिहानभर बहिनीहरूको धरालो गर्नुपर्छ। भैंसीलाई पानी तताएर दिनुपर्छ। खाना खाएर बाख्रा, गाई हेर्न परि सल्लेरी वनमा जानुपर्दछ । त्यहाँ कोइराला, काब्रा, ऐंसेलु- अनेक फलहरू पल्हाएका छन्, अनेक फूलहरू घरबाट देखिन्छन्। त्यहाँ बाख्रा हेर्न खूब सजिलो हुन्छ। फूलमुनि बसेर सुगन्धित हवा सुङेर फलहरू खाँदै मजा गर्न पाइन्छ। साँच्चिकै वसन्तऋतु गजबको छ, संसारकै चेहरा बदलिदिन्छ। मानिसले लुगाफेर्न पनि वसन्तबाटै सिकेको होला ! जसरी पृथ्वीले नयाँ लुगा वसन्तबाटै लाउँछ।

शिखर सोँचिरहेका छन् - "आज बाख्रा, गाई रानीवनमा लग्छु। त्यहाँ धेरै भो नलगेको, ऐसेलु पाकेको होला !"

"कान्छा ! कान्छा !" आमाले दगुर्दै आएर शिखरको सिरक फ्याँकिदिइन्। नाङ्ङा शेखर तनक्क आङतानेर बटारिँए। फेरेभोटो लगाए। त्यसमाथि आस्कोट र शिरमा कालोटोपी लगाए। सानो पटुका भोटामाथि बाँधे। झरे।

आमाले सानी बहिनी बोकाइदिइन्। आफू गोठतिर गइन्। उनले बहिनी फकाउँदै गए - "हा हा नानी, हा हा" पछाडिबाट थुमथुमाउँदै, शरीर

हल्लाउँदै, घुम्दै रहे। बहिनीले धेरै बेरसम्म मानिनन्। आरूका फेंदमा गए। चराहरु देखाए। रुन छाडिनन्। भूँइमा राखे। धुलेबाजी खेल्न थाले।

अरु बहिनी पनि उठे। आए। पाँचवटी छन्, उनका बहिनीहरु। आफू भने एक्लै छन्। आमा गोताले हुन्। बसौंदै छोराछोरी पाइन्। पूरा दूध खान कसैले पाएनन्। सबै दुब्ला छन्। आँखामा पानीमात्र देखिन्छ। जेठी, माहिली र कान्छी मुखका मोटा हुप्प गाला परेका ! शरीर भने सुकेका। पेट निस्केका, सिन्का झैँ खुट्टा भएका ! सबै कपाल लट्टा परेका, जिङ्रिङ्ग जटाधारी योगीका झैँ। आमाले स्याहार नगरौं भनेकी होइनन् तर फुर्सद कहाँ पाइन् र ! उनी एक्ली छन्। पति विदेशी फौजमा भर्ना हुन गएका हुन्। उनको हातसारो छोरा मात्र हुन्। सबै छोरी साना छन्। खान्छन्। सुत्छन्। भोक लागे रुन्छन्।

शिखर पनि उही बथानका हुन्। उभो हुने बेलामा कामको भार छ। बाबु गएदेखि उनको एउटा हातै भएका छन्। मुखमा कलिलोपन छ। ज्यू हड्याहा छ। खुट्टा पातझरेका हाँगा झैँ छन् । स्वास्थ्यको ख्याल छैन। खुट्टाका गाँठा गाँठामा मयल जमेको छ। नाकका दुबैतिर आएनि कानका पाताभित्र र पछाडि कलेटी परेको छ।

उनले बहिनीहरूलाई धुलेबाजी खेलाउँदै गरे। आमाले घाँसपात गरिसकिन्। पानी बसालिसकिन्। चुल्हातिर लागिन्। शिखर पानी तताउन गोठ गए। मकैका डाँठ सिठा जोरेर धुँवाको मुस्लो निकाले 'फूः फू' फुक्दा-फुक्दा एकछिनमै पानी उम्ल्यो, अघिपछि पानी दिन आमालाई बोलाउँथे। आमाछोराले दिन्थे। आज आमालाई बोलाएनन्।

उपल्ला घरे घर्तिकी छोरी लक्ष्मी पनि उत्रै छन्। उनीहरूले सँगै धुलेबाजी खेले। हुर्के। हिंजोको मात्र कुरा हो - लक्ष्मीलाई मावलीकहाँ जानुपऱ्यो। उनी साह्रै छटपटिएकी थिइन् त्यसबेला। शिखर सँगै गए। एकरात पनि बसेनन्। साँझ फर्के। बाटोमा वर र पर घुम्दै खेल्दै, टोल्हिंदै, उफ्रिंदै, नाच्दै, गाउँदै गएथे। फर्किंदा भने, बाटोमा एउटा सुँगुर खुब चिच्याएको देखे। पहिले त डराए। एकले अर्कोलाई समाए। उभिए। त्यो सुँगुरलाई काप्रो बाँधे झैँ कँस्सेर एउटा मानिसले बोकी लगिरहेको देखे। पार भए। अनि त, सम्झिँदै खित्काछोड्दै घर फर्के। आफ्नो-आफ्नो मुख्य खबर त्यही बनाए। आज पानी तातिसकेपछि लक्ष्मी आइन्। उनले आज गाईबाख्रा रानीवनमा लगौँ भनिन्।

खूब बलजोरी ताउलो लतारे। भैंसीको पेट भरे। उही धुलेबाजीले खेले। आमाले सोचिन् - 'पानी तात्यो होला ! छोराले किन बोलाएन ?' आइन्। उनले देखिन् पानी दिइसकेको। उनको आत्तुरी, हस्याङ्फस्याङ् तुरुन्तै आनन्दियो। छोरालाई काखमा लिएर म्वाइँ खाँदै भनिन् - "मलाई सुखदिने भएको छैनस् कान्छो ! मेरा बाबु ! तेत्रो ताउलो उचाल्दा गानो जान्छ ............।' उनका गहभरि आँसु आए।

'हामी मिलेर दिइम्। के गानो जाउस् ? एक्लै भए पो जान्छ, लक्ष्मीले बल दिई', उनले भने। बाबुआमाले गाली गर्लान्। जाऊ लक्ष्मी डियाँ फुन अबेर होला। कान्छाले पनि खान्छ। डियाँ फुन्छ। बिहान सबेरै लानू। साँझ सबेरै ल्याउनू। हराएउरेका डियाँ बाख्रा खोज्न सकिन्छ, गाई लोट्नन्। बाख्रा कीराले खाला। दगुर्छौ जस्तामा पनि उछिट्टिउला। राम्ररी धार्जे भएर, कता कता लागेर नटोल्हीकन हेर्नू। टम्म अघाएपछि ल्याउनू !" उनले भनिन्।

# दुई

आमाले काखकी छोरी बोकिन्। हँसिया नाम्लो लिइन्। बारीतिर लागिन्। शिखरले गाई बाख्रा फुकाए। वनतिर लागे। गाईको लस्कर अगाडि-अगाडि छ। बाख्राको घुँइचो बीच-बीचमा, गाईको गुभामा, निस्कने-घुस्ने गर्छ। तगालोबाहिर लक्ष्मीका गाई बाख्रा थपिए। जति पर-पर हुँदै गयो त्यति ग्वाला मिसिए। गाईबाख्रा मिसिए। लामो बथान र लस्कर साँच्चिकै रमणीय भए। पाटे सर्प जस्तै - झाले, माले, पाटे पुत्ले राता, कैला, काला कालामस्टे गाई र त्यस्तै बाख्राहरू। त्यो लङ्गदेख्दा कसको दिलले आनन्द नलेला ? कुन बटुवा बाटोमाथि लागेर दङ्ग नपर्ला ? ग्वालाहरू पछिपछि मख्ख छन्। प्रभात पनि युवक भै सकेको छ। न घामले पोल्छ, न जाडो हुन्छ। सफा नीलो आकाशमुनि शान्त वातावरणमा लस्कर वनतिर बढिरहेछ। बाटोका दुईतिर बारीमा फाट्ट-फुट्ट बाख्रा पस्छन्। शिखर र लक्ष्मी फुत्तफुत्त पर्खाल उक्लेर छेक्छन्। छिनभरमै लस्कर वनमा पुग्छ। फिँजारिन्छ। वनै रङ्गीविरङ्गी देखिन्छ, जसरी घामले आफ्नो किरण पृथ्वीमा फिँजारिदिन्छ। वन चम्किलो हुन्छ। सिँगारिएर रहन्छ।

ग्वालाहरू टोली-टोली बनेर बसे । कुनै पासा खेल्न थाले। कुनै रूखमा चढी हल्लिन थाले। कुनै ऐसेलु खान थाले। कुनै काफल खान थाले। कुनै गीत गाउन थाले। कुनै फागु हाल्न थाले। शिखर र लक्ष्मी ऐसेलुको ठूलो र टाढा टाढासम्म फैलिएको घारीमा पसे। पहेँलै पाकेका ऐसेलुका टेप्रा टप-टप टिपेर खान थाले। उनीहरूसँगै बाख्रा पनि पछिल्ला खुट्टाले टेकी उभिएर झुम्मिएका ऐसेलुका पात र झुप्पा खाँदै चर्न थाले।

खाँदा खाँदै अघाउँदै गए। एक अर्काले एक अर्काको निम्ति पातको सोली बनाएर ऐसेलु टिप्दै गए। यसैबेला बाख्रा थोरै थोरै गर्दै ऐसेलुको झ्याङबाट निस्के। चमाक र चुमुक गरेको देखे - 'के हँ ?' शिखर कराए। नजिकैका ग्वालाले पनि बाख्रा गुरुरु गर्दै जम्मा हुँदै दगुरेको देखे। आए। एउटा आँखैको ज्योति खाने चितुवा मुख बाएर शिखरको अगाडितिरबाट सोझै आयो। लक्ष्मी आत्तिइन्। कुनै दगुरे। कुनैले ढुङ्गामूढा गर्न थाले। चिच्चाए। कङ्कलास्वर निस्कियो। हाइद्वाही भयो। 'खनाइदिऊँ यसका मुखमा हाम्रा लुगा, ठोकौं लाठीले यतिका जना छौँ, हामी मारिहाल्छौँ, मारौँ - यो रह्यो भने हाम्रा बाख्रा सकिदिन्छ !' शिखर चिच्याए।

"हो हो" सहमालिएर लक्ष्मीले आफ्नो लहरे धोती चितुवाको मुखमा फ्याँकिन्। ग्वाला सबैले आफ्ना टोपी आस्कोट फुकाले। चितुवाको मुखमा फ्याँके। चितुवा लुगामा रुमलियो। उसमाथि ढुङ्गा बर्साउन थाले। ऊ लड्यो। 'चितुवा ठहरै पाऱ्यौं !' भनेर उनीहरू नजिकै के गएथे उसले नङ्ग्रा उठाएर आयो। त्यस बेलासम्म ताछिसकेको लाठीले शिखरले ठोके। उसको नाथ्री फुट्यो। सबै ग्वालाले चारैतिरबाट मस्तसँग चुटे, आँखिर साँच्चै चितुवा मऱ्यो।

कानेटोप्रे गरी टोली-टोली भएका गाईबाख्रा जम्मा भए। ग्वालाको कङ्कला स्वरको, हल्ला गाईको कराइ, बाख्राको बुर्कुच्या देखेर तलतिर काम गर्ने र पारिपारिबाट किसानहरू पनि दगुर्दै आए। जताततै हल्ला मच्चियो। खन्नेको कोदालो रोकियो। रोप्नेको मेलो रोकियो। घरका रैथाने बुढाबुढी ढिकमा आए। कसैले गाई लोटे कि !, कसैले ग्वाला लोटे कि ! कसैले बाघ आयो ! भन्न थाले । आफ्नाआफ्ना विचार लिएर वनतिर दौडे। ग्वालाका बाबुआमाको मुटुले हङ्स छाड्यो।

उता ग्वालाहरू भने, मारेको चितुवालाई लतार्दै-लतार्दै जम्मा भएका गाईबाख्रातिर जम्मिए। सबैका मुखबाट निस्क्यो - 'माऱ्यौं चित्तुवा, झिमझिम हो।' हुँदाहुँदै ग्वालालाई गाईबाख्रा चम्केको हेर्न मन लाग्यो। जताततै बाख्रा छन् त्यतै त्यतै मरेको चितुवा लगेर झ्वाम्म फ्याँकिदिए। गाईबाख्रा तितरबितर भए। कसैका गाईबाख्रा अर्को वनतिर पुगे। कसैका गाईबाख्रा घरतिर। जम्मा गर्न कठिन हुने अवस्थामा पुगे। तर, नोक्सान केही भएन।

त्यहाँ आएका किसान तथा गाउँलेले शिखरलाई धाप मारे। अरूलाई स्याबासी दिए। केटाकेटीको हौसला बढ्यो। चितुवाका जुँगा तान्न थाले। कसैले नङ्ग्रा छामे। कसैले दाँत। लक्ष्मीले चितुवाको टल्टल्ती हेरेका आँखामा, अनि जिब्रो टोकेको मुखमा हेरेकी थिइन्। आफूमाथि आइलाग्ने , गाई बाख्राको नाश गर्ने, शिखरमाथि जाइलाग्ने चितुवा मारेकोमा हौसल्लिएकी थिइन् भने नारी जीवनको शुरूआत भित्रभित्रै कोमलतामा विकसित पनि हुँदै थियो। एक प्राणीको जीवन अन्त भै पल्टेकोमा उनलाई भित्रभित्रै नमज्जा पनि लाग्यो। उनले एक टकले हेरिन्। मानुँ, उनका दिलले भनेको थियो "चितुवा ! तैले चितुवाको जीवन धारण गर्नु नै पाप थियो।"

शिखर लक्ष्मीको नजिकै आए। 'हामीले यसलाई बोकेर लग्ने घरमा, हाम्रा आमाहरूलाई देखाउने !' 'लक्ष्मीले मुख हँसाइन् - 'चितुवा पापी

जीवनबाट मुक्त भयो। अब हाम्रो जस्तो जीवन पाउला।'

'छाला काढी भूँडे साहूकहाँ लाने, अरू मासुसामु औषधि हुन्छ, बाँड्ने, चाहिएकोले लिने।' गाउँलेले भने।

शिखरले 'हुँदैन हामीले मारेको चितुवाको छाला हामीले राख्नुपर्छ। आमाबालाई देखाउनु पर्छ। अब मेरा बा पनि आउने बेला भएको छ। भूँडेसूँडेकहाँ लान म मान्दिनँ है साथी हो !' भने।

'हुन्छ।' धेरैले भने। 'हामीलाई बाटुलेका बारीमा पसेर बाख्राले खुब हटाएका छन्, त्यहीं उभाइदिऊँ। तब बाख्रा त्याहाँ जान्नन्। हाम्लाई सजिलो हुन्छ।' केहीले भने।

आखिरीमा शिखरको कुरा सबैले माने। छाला शिखरले पाए बोसो मासु अरूहरुले। 'दुष्टलाई मार्नै पर्थ्यो। मार्‍यौं। ठिक भयो।' सबै गजक्क फुले। शिखरको मनमा आयो - 'दशहाते बाघ पनि मार्न सक्छु। आमालाई खुकुरी किनिदिन भन्छु।' उनले एउटा गाउँको कुरा सम्झे - "एउटा खुकुरी पनि नभैकन हँस्से, लाठी र ढुङ्गाको भरले कसरी यति ठूलो कीरो मार्न सकेको ?"

सबैले गाईबाख्रा जम्मा गरे । मासुका एक-एकवटा राता सील बोके। घरतिर लागे। छाला बोकेका शिखर माझमा परे। लक्ष्मीले उत्साह र उमङ्ग लिएर गाईबाख्रा खेदिन्।

# तीन

बुरुरुगर्दै, फनफनी घुम्दै, नाचीनाची आकाशतिर धूलो उडिरहेछ। जताततै कलिला रूखहरू डोला बनेर हल्लिरहेछन्। रूखका पात स्वाँ स्वाँ बजेको शब्दले कान खान्छ। गाउँघरका छाना उडाएर, उल्टाएर पाटापाटाका कुनाकुनामा लाँदैछ। कसैकसैले छानामा चढेर भाटाले खर बाँध्ने प्रयत्न गर्दैछन्। कुनैकुनै ग्वालाले दिउँसो घामहुन्छ भनेर बिहानै चराएर डियाँ बाँधिसकेका छन्। शिखर आमा र बहिनीहरूसँग एकदैले घरको पेटीमा बसे। चारैतिर हेरिरहेका छन्। सानी छोरीलाई ज्वरो आएको छ। काखमा राखेर मुसार्दै छिन्। पानीको लोटा नजिकै छ। सबैका गाला फुटेका छन्। भोटाका बाउला काला कत्लाले जमेका छन्। कोखातिर पल्टेका दुईटी छोरीका आँखा, ओँठ र नाकमा माँखाको बुजो चरिरहेको छ। तिनीहरू दुईचार पलापछि थाहा नपाई हातले धपाउँछन्। मौरी घन्केझैँ लाग्छ। गर्मी छ। छक्कालको बेला शीतलमा 'बसौँ, बसौँ', पानीमात्र 'खाऊँखाऊँ', हुन्छ। पानी पनि तातो छ, तिर्खा मार्दैन। बाहिर निस्क्यो कि टाउको पोल्छ। सबैका नाकमुख सुकेका छन्। शिखरका ओँठ फुटेका छन्। हाँस्दा दुबै ओँठ गालामा लग्छन्। झन चिरिन्छ। रगत आउँछ। रगत औँलामा, औँलो भित्तामा पुछ्छन्।

स्वाँइँ-स्वाँइँ बतास बज्छ। रूखका पात बज्दछन्। हाँगा हल्लिन्छन्। बटुवाका आँखामा धुलाको छारो पर्छ। उभिएर हिंड्नुपर्छ। वरिपरि भमरा काग, भँगेरा, कुक्कु चराहरू कराउँछन्।

"कस्तो आमा ! बतास पनि मान्छेनै उडाउला जस्तो।" शिखरले भने।

"यस्तै हो आजकालको हावा !" आमाले भनिन्।

"हेर्नुस्तो आमा ! रामेको घर पल्टाएको।"

"ओहो विचरा अस्तिभर्खर कत्रो मेहनत गरी छाएथे, के गर्नु ? यही बतास नभए प्राणीको जात सासफेर्न नपाएर मर्छ। आज यही बतासले नोक्सान पारिरहेको छ।"

"सास फेर्न चाहिए पनि यो बतास त नआए हुन्थ्यो हो कि, आमा ?"

"हुनत हो ! कहिले त ठूलो हावाले पनि काम गर्छ। रामचन्द्र भगवान्‌की पत्नी सीतालाई र रावणले लङ्का लग्यो। त्यहाँ जान कोही सकेनन्। केवल

हनुमान्ले सके। उनलाई समुन्द्र नाघ्न हावाले सहयोग दिई उडायो।"

"सीतालाई ल्याए तो आमा ?"

"ल्याए। उनी नेपालकी छोरी हुन्। अयोध्याका राजकुमार रामसँग उनको विवाह भएको थियो। वनबासमा छँदा रावणले लग्यो। तापनि, रामले आफ्ना बहादुर भाइ लक्ष्मण र बानरसेनाको सहयोगलिएर जार हुन आँटेको रावणको कुलै नाश गरी सीतालाई ल्याए।"

"रावणलाई मारे पनि उसको कुल किन मारे ? अर्काले लगेकी स्वास्नी सीता किन ल्याए ?"

"राम आफै भगवान्का औतार भएकोले उनी सबै जान्दथे। रावणको साथ लागी लड्ने सबै रावण समान भएकोले उनले ती दुष्टको नाश गरे। सीता पतिव्रता भएकीले फिर्ता ल्याए।"

यसैबेला, आफ्नै घरको सिकुवा बतासले पल्टायो। यो देखी खसेको खर बटुल्न गएका शिखरको टोपी बतासले उडायो। परसम्म पछि लागेर गए। तर, भेटाएनन्। लग्यो भुमरीले आकाशमा। आमा पनि परसम्म पुगिन्। तर, केही लागेन।

"उस्सः शिखरको टोपी ! टोपी कँसेर पनि लाउन्नस् कि के हो ?" उनी कपाल समाएर आँगनको ढिकमा आएर बसिन्। उनको मुखमा केही हतास भएको भाव थियो। निराशताको अवस्था थियो। मौनताले बोल्यो।

"कँसेको त हुँदो हुँ आमा कस्नता ! तर, बतासले लग्ला भन्ने मलाई थाहा थिएन।" आमाछोराले खसेको खर जम्मा गरे। उपल्ला करेसामा चाङ लगाए। खर समात्दा उनको हातमा रगतका थोपाथोपा चुहियो। नाकबाट पानी बग्यो। शिखरले देखेनन्। उनले देखाइनन्।

आधा दिन बितिसक्यो। दलानमा बसिन्। 'एउटा कथा भन्नुस् आमा !' शिखरको आग्रहलाई 'भरे' भनेर टारिन। यसबेला, सुतेका छोरीहरु उठेर 'च्याँ-च्याँ' गर्न थाले। घैंटामा पानी छैन। हरियो घाँस कुटमिरो खसाल्नु छ। आमा घाँस काट्न जान खोजिन्। तर, छोरीहरुले मानेनन्। शिखर जान तम्सिए। आमाले भनिन् - 'नजा अहिले, म जाम्ला, बतास लागेको बेला, रुख चढ्न हुन्न केटा केटी मान्छे !' आमाले भनेको नमानीकन शिखर हँस्से खुर्पेटो, नाम्लो छोपी कुट्मिरो खसाल्न गयो।

पानीको कुवा एकमाइल जति टाढा। जाँदा र आउँदा ओ-हालो र आउँदा उकालो। पहाडी पँधेरो, गएपछि हिंड्नेले मात्र दुईघडी सरासर लाउँथ्यो। तर, शिखरकी आमा बीचमा नबिसाई आउन सक्तिनथिन्। वर्षामा ओ-हालो चिप्लो लर्किने डर हुन्थ्यो। लर्केपछि खोलामा झर्ने हुन्थ्यो। दुईटी पँधेर्नीले हाल्चालै खोलामा पुगी विश्राम लिएका थिए। आजकाल धुलोले आँखा अन्धा बनाउँथ्यो। कहिलेकहिले साँझपरी पानी नल्याउँनतो भनेर बसे लाइलाइपरी पानी नहुँदाका दिन पाहुना आउँथे। सबैतिरबाट पानी नल्याईकन सुख्खै थिएन। रुने छोरीलाई पनि पानी नभै भएन।

डोकामा घैंटो राखेर ओ-हालो झरिन्। उनका मनमा नानाथरिका कल्पना आए। "स्वामी पल्टनमा जानुभएको छ। कहीँ लडाइँमा पर्नुभयो कि ! परेर मात्र त केही हुने थिएन, प्राण भने, म कसो गरुँला ! यी पातका कीरा ! दुईटुक्रा जमीन, दुई दाम्ला पनि साहूले लग्छन्। फेरि म बिधुवा भएर कसरी बस्न सक्छु ? सक्दिन।" एकाएक उनका आँखा भरिए, बाटो अँध्यारो भयो, ठेस लाग्यो। "अयः" थँचक्क बसिन्। घैंटो कचक्क फुट्यो। 'फू-फूः' बूढी औँलामा फुकिन् - नङ उप्किसकेको थियो।। रगत आयो। माटो राखिन्। रगत पुरियो। उठेर घैंटो हेरिन् - 'फुटेको टुक्रा-टुक्रा खपटा मात्र' देखिन्।

डोको नाम्लो त्यहीं छाडेर घर फर्किन्। तलामा गइन्। धानको बीउ राखेको घैंटो खनाएर हातमा लिइन्। घैंटो फुटेनेर पुगिन्। त्यहाँ डोको नाम्लो थिएन। एता-एता खोजिन्। हेरिन् - 'छैन। कतै छैन।'

'त्यो कर्मले कति दुःख पाउनु परेको हो। यसले त दुःख दिन्छ होला ! चोर पनि मैमाथि खनिएछ - जो एक्लो आइमाई छ, जस्का घरमा एउटा घैंटो छैन, उसैको कसले लग्यो ? त्यति डोको नाम्लोले कति धनी बन्ला ! जान्छु यसै भएपनि अलिकति ल्याउँछु। एक थोपा पानी छैन।' कुवातिर झरिन्। पानी लिएर फर्किन्। घैंटो आधा थियो। उनी जति हिंड्थिन् उति पानी छचल्किन्थ्यो। जुन आवाजले उनको हृदयको प्रतिनिधित्व गर्थ्यो - 'बाउ-आमा' मरेपछि मात्र झिक्ने टोपी आज बतासले उडाइदियो। पानी लिन जाँदा घैंटो फुट्यो। राती सपनामा उपल्लो दाँत झर्‍यो। हे भगवान् ! मेरा स्वामीर्ला हेरिदिए है !' उनको हृदयलाई घरतिर लतार्न चाहिन् तर, मानेन। पीपलको रुखमा घैंटो अडाएर बसिन् मुटु भड्किरह्यो - 'दाँत खस्नु, टोपी हराउनु, यी त अलच्छिनकै सङ्केत हुन्। यो बेला, स्वामी केही कसो हुने हो भने, म कसो गरुँला .................. ! म बाँच्न सक्तिनँ। यी पातका कीरालाई

के गरी हुर्काऊँ ?' आँखाबाट अविरल झर्ना झरे।

'किन रुनु भएको फुपू, यहाँ बसेर किन, शिखरलाई अब केही हुन्न। राम्रोसँग अहिले त हिंड्छन्। केही दुख्दैन भन्छन्। सुन्दा बित्तीकै लाहुरे दाइ र म गएम्। उनले शिखरलाई ल्याए। मैले घाँस ल्याईदिएँ। हिंड्नुस् घर ! यहाँ बसेर रोएर किन जीउ झिर्न पार्नुहुन्छ ? कहीँ चोटपटक लागेको त छैन ?'

'के भन्छ्यौ लक्ष्मी ? मैले बुझिँन के ? के भयो मेरो प्राण शिखरलाई ? नजाऊ घाँस ता भनेथें, मेरो बाबुलाई।' गुम्सेको वेदना निस्क्यो एकाएक। लक्ष्मीले आँसु पुछिदिंदै भनिन् – "घाँस खसाल्दाखसाल्दै बतासले हाँगो हल्लाएछ अनि लडेछन्। रोएको मैले सुनेर लाहुरेलाई लगेर गएँ अनि उनलाई ल्याएर आइम्। चोटपटक केही लागेको छैन। घर आउने बित्तीकै पानी लिन गएकी आमालाई लिन जान्छु भन्थे। एकछिन आराम गर्नुपर्छ भनेँ। अनि बसे। म केही भएको छैन भन्न आएकी !"

आश र निराशले आकुलब्याकुल भएकी आमाले भनिन् – 'तिम्रो जय होस्, जय होस्। भगवान्ले रक्षा गरुन्।'

"जाऊँ फुपू !" लक्ष्मीका बाबु उनलाई दिदी भन्थे। उनी फुपू भन्थिन्। घैंटो बोकिदिने कोसिस गरिन्। तर, सकिनन्। आमाका खुट्टा लुला हुन्थे। हृदय मर्न चाहन्थ्यो। आँखाले शिखरलाई चाँडै देख्न चाहन्थे। यस्तो अवस्थामा उनी कसरी घर पुगिन्, उनले थाहा पाइनन्। बहिनीलाई काँखातिर उभाएर सानीलाई काँखमा राखेका शिखर ! आमाले छाँद नहाल्दै बोले – 'डराउनु भयो कि क्या आमा ! मलाई चोटपटक केही लागेको छैन। केही भएको छैन।' 'नजानू भन्दा भन्दै गएर ! तै, यो पुर्पुरो अझै बलियै रहेछ र पो, मेरो बाबु बाँच्यो। काखमा लिएर टाउको मसारिन्। म्वाइँ खाइन्। मुख उठाएर आमाको काखमा मुन्टो राखेर शिखरले भने – 'बतास लागेको बेला, रूख चढ्न हुन्न भन्ने कुरा ता जानेँ। बाँचें। कतिफेरा रूख चढ्नु पर्छ, बाँचुन्जेल जान्न पाउनु ता राम्रो हो आमा ! अब त्यसो गर्दिनँ।' उनले सुनिन्। उनले छोराको म्वाँइँ दोहोऱ्याइन्।

# चार

दिनभर जोतेको खेत चिराचिरा परेर पल्टेको छ। हलोजुवा बोकेर थाकेका गोरु अगाडि लगाए हलीहरु निस्किरहेका छन्। झ्याउँकिरीले आफ्नो झङ्कार रोकिसकेका छन्। पश्चिमतिरबाट झरेको सुनौलो संसार फलामे संसारमा परिणत भइरहेको छ। जतातत‌ै सुनसान बढिरहेछ। बिहानै उठ भन्ने भालेले सुत भन्न बिर्सिरहेछ। यो जोशिलो दुनियाँ उस्स !, कस्तो थकाइ पनि भन्दै सुस्केरा हालिरहेछ भर्खरै अघिको त्यो चहकमहक, त्यो जाँगर। त्यो दैनिक गति सबै अन्धकारले ढाकिरहेछ। अलिअलि गरी घरकटेरा सब लुकिर हेछन्। घाँसपात गर्न गएका शिखरले अबेर गरे। आमाको मन छोराछोरीमाथि - उनी के बस्न सक्थिन्, गोठतिर दगुरिन्। उनी फर्किरहेका थिए, जम्का भेट भयो। अँध्यारोले शिखरलाई चिन्दैनथ्यो तापनि, उनको हिँडाइ लम्काइ र कुल्चेका शब्द आमाका हृदयमा भिजिसकेका थिए। अनि शिखरकै निम्ति बाहिर निस्केकी थिइन्। उनी कराइन् - 'शिखर ! यसरी अबेरा नगरन, सबेरै आउने गर।' 'सबेरै गरेको हुँ आमा ! भूँडे साहूकहाँ बाको चिठी आएको छरे भनेर गएथेँ। भूँडे रहेनछन्', साहूनीले - 'तिम्रो बालाई चीनले लुटेर लग्यो रे। ६ महिनापछि लडाइँ साम्य भयो भने, भोटतिरबाट फर्किन्छन् रे !'

"चिठी खै तो ?"

"चिठी मागेको, किन चाहियो चिठी ? तिम्रा साहूले हेर्नुभयो। त्यही लेखेको छ, यसै भन्देस् भन्नुहुन्थ्यो भनेर दिइनन्।"

"कस्तो साहू पनि चिठी ता दिनुपर्छ नि। चीनले लगेछ रे ?

'अँ', दुःखित स्वरमा शिखरले भने। उनको स्वरमा कम्पन थियो। कताकता लुकेको वेदना थियो। डराए जस्तो थियो। भित्रबाट विरह पनि। देखावटीमा डराएको जस्तो थिएन। अब त मृत्यु बुझेर बाबुको वियोग बिझ्ने भैसकेका शिखरको बोलीमा कम्पन चेहरामा विरहपन थियो। तैपनि उनका आँखामा बादल थिएन। तर, आमा ता मातृजाति, त्यो कमलो छाती। त्यो कमलो मुटु। त्यो प्रेमको मूर्ति हृदय ! उनीबाट एकाएक विह्वल भएको आर्तनादपूर्ण शब्द निस्क्यो। 'चीनले लग्यो !' उनी बसिन् - 'कठैबरै ! त्यो चीनले किन लग्यो ? त्यो मेरो मृदयलाई ?' वेदनापूर्ण आवाज निकाली कोहोलो हालेर रुन थालिन् -

‘यो घर मेरो सुन्ने भो अब के गरी बाँच्ने हो,
यो पातका कीरा कसरी छाडी लडाइमा पर्नुभो,
शत्रुले लग्यो यो खबर सुन्दा यो छाती चिरिइगो,
कठै नि बरै ! यो मेरो चाँदो जीवन रूवाउने भो।
के रिस थियो के राग थियो नेपाली खसमको,
उसको फौज लुटेर लग्नु चीनीको काम हो,
नेपालै बसी गर्दथे होलान् कुटो र कोदालो
त्यो देशी चलाक बनेर पैले नेपाली पठायो।
आफना शत्रु साधनलाई हतियार बनायो
कठै नि बरै ! नेपाली स्वामी त्यसैले नाश पाऱ्यो
नजानुस् भनी काखमा परें, बोभ्काले दिएन।
दुःखले जीवन तरौंला भन्दा मान्नु नै भएन
कठै नि बरै ! नजानुस् भन्दा केहीले रोकेन
नेपाली धेरै थिएहुन् साथमा मायाले छोपेन
जान्दिनँ ऐले ईश्वर मेरा के हुन्छ स्वामीलाई !
के भयो होला था छैन ऐले पुकार्छु ईश्वरलाई
हेर हे ईश्वर ! तिमी छौ भने, न देऊ मार्नलाई।
स्वामीनै शिकार भएकै भए म बाँचू कसरी ?
रगत्का ढिका लाला र बाला बचाऊँ कसरी ?
विधवा बनी योगिनी भई अडिनु कसरी ?
आपत् र विपत् लल्ल र बिल्ल आउँछ सर्सरी,
आशाको डोरी मुटुको घड्कन म बिर्सूं कसरी ?
कठै नि बरै ! यो फुर्सो चाँदो अडाऊँ कसरी ?
त्यसको फौजमा जाननै रोक्न माथले दिएन

पुकार मेरो हावाले लग्यो बारनै थिएन
शत्रुका बन्दी हे मेरा स्वामी ! खबर पठाऊन
ए हावा ! मेरो खबर लैजा स्वामीलाई सुनाउन।
स्वामीको दशा के कस्तो छ नि, मलाई सुनान !
हे मेरा ईश्वर ! लल्ल र बिल्ल लौन नि नपार्न
हे मेरा ईश्वर ! नमार भनी उसलाई भनन
चिनीलाई कठै ! नमार भनन।

शौक र बिरहको कोहोलो हालेर रुँदारुँदै उनी घोप्टो परिन्। आमाको त्यो दशा देखेर शिखर चिनी खबरले भन्दा आमाको अवस्थाले विह्वल भए। उनको पनि अरु सहारा के थियो र ! जे थियो तीनै आमा ! आफ्नो अगाडि त्यसरी रुँदै मूर्च्छा परिन्। उनी उमेरले बालक त थिए। उनको हृदयमा केही सुल्झेन। के गर्ने ? मुटु गह्रुङ्गो भयो। चारैतिर अन्धकार !! रातको अवस्थामा उनलाई को दगुर्दै आएर सहयोग गर्थ्यो र सबै आफ्नो घरभित्र, आफ्नै ओछ्यानमा मस्त थिए।

घरभित्र बहिनीहरु डराए। सबै आँगनमा आई बसे। 'आमा ! आमा !!' कराउन थाले। सानीहरु रोए। ठूलीहरु पनि आफैँ रुन थाले। कताबाट के आउँछ ? भनी घुमी-घुमी हेर्न थाले। नजिकैबाट तीखा चम्किला आँखा देखाएर घरका कालो बिरालो भित्रतिर दगुऱ्यो। यसले झन सातोपुत्लो लग्यो। आजै भुण्टेकी स्वास्नी मरेकी थिई। मसान भएर आई भन्ने ठूलीलाई लाग्यो। झन कोहोलो हालेर रुन थाली। शिखरको घरबाट, सुनसान रातमा, मसान घाटको नजिक, उज्यालो पख भोका स्याल रुँदै गरेको-रुवाइ जस्तो निस्केर गाउँभरि पुग्यो।

चुठ्न निस्केकी लक्ष्मीले सुनेर बाबुलाई दगुर्ने आग्रह गरिन्। उनका बाबु राँको खोज्न थाले। उनी अँध्यारो भए तापनि लोट्दै पड्दै पुगिन्। जहाँ मूर्च्छित आमाका कोखामा शिखर रोइरहेका थिए।

शिखरलाई स्वर्गकी देवी ईश्वरीको कृपाले सहयोग गर्न पठाएजस्तो लाग्यो। 'तिम्रो जय जय होस् लक्ष्मी !' भनेर उनलाई बस्न लगाए। घरभित्र रोइरहेका बहिनीहरुलाई फकाए। पानी ल्याई आमा छेउँ आए। यसबेला लक्ष्मीका बाबु पनि आइसकेका थिए। आमा जागिन्। छोरालाई अँगालोमा

हालिन्। 'मेरो प्राण ! तिम्रो भाग्य, मलाई दुःखबाट अलग हुन दिन्न।' 'आमा पीर नगर्नुस् जस्तो पर्ला उस्तै टर्ला।' हामी रोएर कराएर हुनेहुनामी रोकिन्न, छेकेर छेकिन्न। रोएर जीउ झीर्न पारेर के गर्नु ? उठ्नुस् आमा जाउँ भित्र ! "भाग्य रहेछ भने हाम्रा बालाई केही हुने छैन। चीनीहरुले हिन्दीसँग लडाइँ पऱ्यो भन्ने रिसले नेपालीलाई किन मार्छन् र ? हामी त सबैका इष्ट नै हौं।"

"शत्रु भै लड्न गएपछि, कसले बाँकी राख्छ र बा ! मेरो ता मुटुले थात छोड्यो। उहाँ हुनुहुन्न।' आमा ! ईश्वरले हाम्रो मायाँ गरेनन् भने, सहेर बसौंला। भोजेका बा पनि लडाइँमा मरेका ता हुन्, के गर्ने, कर्म त्यस्तै रहेछ भने जस्तो परिआउला उस्तै भोगौंला।"

छोराका आँसु पुछिदिँदै भनिन् - 'तिमी नरोऊ छोरा !'

आमाका आँसु पुछिदिँदै शिखरले भने - 'तपाईं नरोए म रुन्न।' कसैको लाभहानि जे होस्। संसारको गति यस्तै गरी रहन्छ। जस्तै वेदना भएपनि, दुःखका कन्तरा पार गर्नुपरेपनि मानिसले त्यो गतिसँगै हिंड्नै पर्छ। शिखरलाई अगाडि लगाइन्। लक्ष्मीका बाबुछोरीलाई बिदा दिइन्। घरभित्र पसिन्। सबै छोरीहरु - 'आमा किन पर सुत्नु भएको ? डर लाग्यो हाम्लाई कसरी ?' 'केहीलाई पनि हैन नानी, कपाल दुखेको छ बस।"

आमा छोरी सबैको मुख मलिनो थियो। नानीहरु मुखामुख हेर्थे। विचार गर्न सक्तैनथे। यस्तैमा पनि उनीहरु जीवनयात्रा गर्न रातसँगै बग्दै रहे।

# पाँच

मस्तसँग पृथ्वी सुतेकी छन् । आकाश, पाताल, अग्लो, होचो सब समान छन् । अँध्यारो कालो अघोर कालो । आफ्नो खुट्टा आफैँले देखिन्न । छाम्नुपर्छ । सुतेकी पृथ्वीले सबैलाई आफ्नो छातीमा सुताएर काखी च्यापिलिएकी छन् । सपना पनि देखिँदैन । न चराचरी कराउँछन् न फूल फुल्छन्, न हावा बहन्छ । न मानिस कोही हिँड्छ । शान्त छ, जताततै शान्त । गृष्म ऋतुको गर्मीले भित्र खप्न नसकेकोले बाहिर सुतेका शिखरका आँखा खुले मनमा अनेक कुरा खेले । उनलाई फेरि निन्द्रादेवीले कखाएकी छैनन् । छट्पटाइरहेका छन् । 'बिस्ताराले त्यसबेलासम्म काम दिन्छ, जबसम्म त्यसमाथि निदाइन्छ ! आँखा त्यसबेलासम्म काम गर्छ, जब केही चीज हेरिरहन्छ, थकाइ त्यसबेला मेटिन्छ जब शरीरले आराम लिन्छ । शिखरलाई बेकार थिए ती सबै । उठेर आँगनको ढिकमा गए । टाढा गाउँमा धिपीधिपी आगो बलेको देखे । उनले 'त्यहाँ मान्छे सुतेका रहेनछन् भने । तर, चाँडै निभ्यो । 'मसानले बालेको हो कि ।' भन्ने भान पऱ्यो । पछाडि हेरे, अगाडि अनि दायाँबायाँ पनि । आफूले लगाएको सेतो भोटो आफैमा देखे । अरू केही छैन । 'शान्त छ जताततै, सबै आराममा छन् । संसार शान्ति चाहन्छ । तर त्यो नमीठो अँध्यारो शान्ति जस्ले शिखरलाई आनन्द दिन सकेन । उनले आफूलाई एक्लो महसुस गरे । सुत्नु निन्द्रा छैन । बोल्नु-खेल्नु कोही छैन । आमा बहिनीलाई उठाएर निँद बिगारिदिन पनि हुँदैन । वनमा एक्लै हुनुभन्दा निन्द्रा नआएको ठाउँमा अझै उराठ लाग्छ । वनमा त अरू नभएपनि चराचुरुङ्गी हुन्छन्, प्रकृति छ, प्रकृतिमा उनीसँग त्यहाँ केही छैन । बिरानो मुलुकमा अन्धकारको बीचमा, टापुमा रहेको लाग्छ उनलाई अँध्यारो यसमा बिलाउछु कि भनी खुट्टा बलियो पारी उभिन्छन् । तर, समाउने केही थिएन । आकाशतिर फर्के- टल्पलटल्पल गरी ताराहरू हल्लेको देखे । उनलाई खिजाएको हो कि, जस्तो लाग्यो । त्यसबेला सफेद पहाड झैँ जुरो जुरो निस्कने आकाशमा खुम्चँदै फैलिंदै गरेको बादल देखे ।

मातिथिरबाट बाजाको आवाज आयो । रमाइलो लाग्यो । अलिकति बढीकन कान थापेर सुने । झन-झन बाजाको स्वर मीठो भई आयो । नाचको तालमा बाजाले उनलाई मुग्ध पाऱ्यो । बसी सुन्न थाले । पछाडिबाट उल्लु चरा सुइँक्क के गायो । उनको मुटु झस्क्यो । पर एउटा कुकुर भुक्यो । औषधि थप्यो । उनी बिस्तारातिर फर्के । बाजा कहाँ बज्यो ? कल्पना गर्दै बिस्तारामा

पुगे। आमा जागिसकेकी थिइन् -

“कान्छो ! कहाँ गएका थियौ ?”

“कसैकहाँ बाजा बजेको सुनेर, कहाँ रहेछ भनेर।”

“लक्ष्मीकहाँ होला !”

“लक्ष्मीको ब्याहा !”

“त्याहाँ !!” एकछिन घोरिएर ........।

“कस्तालाई दिए हुन् आमा ?”

“राम्रै त होला नि, त्यत्रो पैसा खनाउन सक्ने !”

“पैसा !” आश्चर्य मानेर शिखरले छिटो उत्तर पाउन चाहे।

“यहाँ बाहुनहरू छोरी बेचेर पैसा कमाउँछन्। केटोसेटो हेर्दैनन्। पैसा भए पुग्यो। भताहा भनेपछि जतिपनि दिइहाल्ने, अहिलेसम्म पाँचवटी छोरी बेचिसक्यो। अधि हामीभन्दा दुःखी थियो, अहिले त चुल्लेर आयो। छोरी बेचेको पैसाले। बिचरा लक्ष्मी !” ‘१३ वर्षकी भई दुलाहा भने ५० को छरे फुलेको सेतै !’

‘अन्याय गर्ने होचन् हैन आमा यहाँका बाहुनले छोरी त बेच्न पो पाउने रहेचन् पैसा कमाउन। अब लक्ष्मी यहाँ बस्दिनन् कि .............. !’

“छोरा पनि किनबेच गर्छन् कि आमा ?”

“अहँ ! छोरा त बुढेसकालमा पाल्ला, मरेपछि घाटमा बोकेर लग्ला, जलाउला, पिण्ड-पानी देला भनेर होला ! बेच्दैनन्, छोरी मात्र बेच्छन्।”

“छोरा नबेच्ने, छोरी मात्र बेच्ने रे ! कस्तो त्यो फुलेको लोग्नेले कति पिट्ला लक्ष्मीलाई ! उनी असाध्यै डराउँछिन्, मान्छेको नजिक जाान, फेरि यस्तो लाज मान्छिन्, कहिले त मुख छोपेर हिंड्छिन्।”

“त्यो त बानी पर्छ। तर, बुढेसकालमा दुःख पाउँछे।”

“कसरी आमा ?”

“पचास वर्षको लोग्ने चाँडै मर्छ। उमेरैमा विधवा हुन्छे। अनि त, दुःख भै हाल्छ नि !”

"उस् ! एक्लै हुन्छे, हैन आमा त्यसबेला ?"

"त्यसो त, छोराछोरी भै सक्लान् नि ! त्यस्तो तल्लाघरेकी छोरी पनि बाह्र वर्षमै फुलेको बुढोलाई दिए। अर्को साल मऱ्यो। योगिनी जस्तो भएर त्यत्रो लामो जीवन बिताई बिचरीले, अर्को ब्याहा गर्न पनि नहुने।"

"त्यो मरो आमा ? - ब्याहा गरेकी भए बाँच्थी ?"

"अँ, मर्न त एकपटक मर्थी, जन्मेपछि मर्न ता पर्छ। तर, बाँचुञ्जेल सुख पाउँथी कि ?"

"म जान्छु है तो आमा लक्ष्मीकहाँ, लोग्नेहुने कस्तो रहेछ ?"

"यो रातीनु कहाँ जाने, उज्यालोनसुज्यालो त्यसै ?"

"हैन आमा ! हेरेर अहिल्यै आउँचु नि !"

छोराको हठलाई कुन आमाको हृदय रोक्न सक्थ्यो र उनले सक्थिन् ! शिखर पुगे। एकतले खरको एक दैले घरको आँगनमा चारवटा पैयाँको लिङ्गा गाडेका, सेता धागाले बेरेका, बीचमा हवन गर्दै रहेका, आगो धिपधिप निस्केको, वरिपरि विभिन्न किसिमका टपराहरू, एकापट्टि सेतो फेटाबाँधी रातो च्यादर ओढेको, सेतो चश्मा लगाएको, सेता घोप्टे जुँगा, ओंठ भित्र लगेको, बीचमा उठेको अनि टुप्पो तिखारिएको लामो नाक प्वालभित्रबाट रौंका गुच्छा निकालेको, खोपे आँखामाथि लामा आँखी भौं उपल्ला रौं उठेका, लामा कानका लोतीमा पूर्व पश्चिम ढाकेको रौंको जङ्गल, पानी समाउँदा देखिने हत्केलाको पछाडि पाखुरामा कालै रौं, लामा घुँडा वरपरबाट फर्काई बसेको-रुघाले छिँः छिँः गरी च्यादरको टुप्पाले नाँक पुछ्ने दुलाहा देखेर शिखर डराए।

'दुलही निकाल्ने बेला भयो !' एउटा जन्ती चिच्यायो। पञ्चेबाजा बजे। बन्दुक पनि पड्क्यो। तर, दुलही ल्याउन किन ढिला भयो ? शिखरले दुलहीकी आमासँग कानेखुसी के गरे ? कसैलाई थाहा भएन। उनले कराईकराई रुँदै भनिन् - "सबै छोरी पालेको नपाल्यै भयो, कान्छी छोरी ता हेरेर दिउँला भन्दा ता झन बूढो, मेरी छोरी चाँडै विधवा हुन्छे, त्यसबेला के गति होला ?" अब दिइसकेपछि त्यसो भन्न भएन, कन्याघातक पाप लाग्छ, स्वर्गको बाटो छेकिन्छ। निकाल्दिऊँ जग्गेमा दुःखै परिहालेछ भने, फेरि अहिले जत्ति दिए, उत्ति थपिदिने भएका छन्। घर राखेर पाल्न पनि त सक्नुहुन्छ नि, तपाईंहरू के कम हुनुहुन्छ र कत्रो इज्जतका मान्छे तपाईंहरू।"

कल्लिदार बोल्यो।

अरूले भन्दा 'कन्या घातक पाप लाग्छ, स्वर्गको बाटो छेकिन्छ, घरैमा पाल्नु होला के कम हुनुहुन्छ ............ ?' ले लक्ष्मीको आमालाई असर पाऱ्यो।

यसबेला शिखर सानो कन्सुत्लो पसेझैं लक्ष्मीसँग गएका थिए - "लक्ष्मी तिमीलाई लग्छन् आज, म एक्लै हुन्छु, त्यो बुढोले तिम्लाई आउन दिन्न।" लक्ष्मीलाई जवाफ दिन ज्यादै मुस्किल पऱ्यो, बल गर्दैथिइन्। दुलाहाका मान्छे आए भित्रै आए। उनलाई गलहत्याएर निकालिदिएपछि घरतिर फर्के। आमासँगको उत्तरमा दुलाहाको उमेरपनि बताउँदै भने - "हिंजो थाहा पाएको भए भगाइदिन्थें लक्ष्मीलाई ! अबँत त्यस किसिमले ब्याहा भएको थाहा पाएँ भने आमा, उसका छोरीलाई पनि भगाइदिन्छु।"

"त्यसो गरेर केटीलाई ता फाइदा हुन्छ बा ! तर सबै बाउहरू रिसाउँछन्।"

"रिसाएर के हुन्छ र आमा ! त्यति सानी छोरीलाई बूढो लोग्नेले किन्नु ठिक छैन आमा ! फेरि ती छोरीहरुले हामीलाई स्याबासी दिन्छन् नि आमा।"

"हो त्यो ता।"

शिखर के के सोचिरहे ओछ्यानमै। 'बाकुम बाकुम !' परेवा बास्यो सिकुवामा पोथीलाई जगायो। आमा डालोमा कोदो लिएर जाँतातिर लागिन्।

# छ

गृष्मी मौसम जेठको धूप हावानै तातो ! हातखुट्टा नलाग्ने। आलस्य मात्र। मानिसलाई भन्दा डिंगाबाछालाई बढ्ता खर्टुटो। पानी नपरेको समय चौर-सौर पनि नपल्हाएको। सुकोघाँस कति पुगोस् ? मङ्सीरदेखि बारीको घुरानमात्र 'खरबारी छैन। विश्वकहाँबाट एक मोहरमा आमाछोराले दुई भारी पराल ल्याएर बिसाई बसेका, निधार, नाकका डाँडीसम्मबाट पसिना, लुगामात्र हैन, कपालका रौं-रौं पसिनाले भिजेका छन्। शिखर भोटो फुकालेर छाती मिच्दै फुः फुः फुक्दैछन्। आमा टाउकोको मुजेत्रो झिकी पङ्खाझैं हल्लाउँछिन्। 'आमा ! मङ्सिरदेखि पानी परेन !' शिखरले दिक्दार भएर भने।

"अँ, जौंगहूँको बिवै फर्केन। जतातत‍ै अनिकालमात्र हाहाकारमात्र ! पोहोरसम्म कोदो भरी दिएर घैंटा आउँथे। अहिले त्यतिले तमाका गाग्री पनि आउँछन्। तैपनि अन्नवालाहरू कहाँदिन्छन् र ! मौंका छोपेर धन कमाउनेहरू ! अस्ति रामेले मङ्ग्रातेबाट एकमुरी कोदो दिएर दशतोला सुन राख्यो रे भन्थे। अचाक्ली भो।"

"त्यसरी दुईपाथीमा एकतोला सुन दिनेले नदिए पनि त हुन्थ्यो नि !"

"नदिएर के गर्नु ! सुनखाएर हुन्न अन्नै खानुपर्छ।"

एकछिन अकमकिएर शिखरले भने - 'भाउ छैन र आमा अन्नको ?"

"भाउ छ तर धनीको मुखमा हुन्छ नि, धनपैसाले कानून जितिहाल्छ।"

"त्यसो भए, दरभाउ र कानून गरीबको लागि मात्र हो त ?"

"अँ, त्यस्तै छ ! राजा यहाँ आइपुग्दैनन् गरीब नेपाल गई पुग्दैनन्।"

"चुनेर गएकोले के गर्छन् त आमा।" तिनी ता झन पगार भए।

"फेरि बाँडीचुँडी खाए पनि ता हुन्थ्यो नि, कस्तो हो ? यसो हो भने गरीबजति ता मर्छन् ए !"

"के लाग्छ र अस्तिदेखि सबै गरीबहरू भत्कुला, वनतरूल खनी लाँदै बाँचेका छन् रे ! सबैलाई ती पनि के पुग्छन् र ! सकिएपछि मर्नु ता पर्छ नै !"

"हैन आमा ! अस्ति नै हावाजहाजले चामल तम्घासै ल्याउँछ रे भनेको हैन ?"

“चुनाव जित्न पोहोर भनेको कुरा पो त्यो ता।”

“कसरी हो तो बाँच्ने ? गरीब जति मर्ने, धनीले धन भर्ने।” मनमनै गहिरिएर सोंचिरहेको बेला,

‘ए आमा ! ए दाइ ! खान आउनुस् !’ ठूली बहिनीको शब्दले शिखरको गहिरो मनन टक्क रोकियो।

‘पानी परेन मकै उम्रेनन्। बीउ राख्न खोलामा पानी छैन। असारमा रोपाइँ हुनुपर्ने। ज्यादै पछायो। यस्तै भएर पो जैसीहरू कराएका रहेछन्। अब डींगाबाछासित सबै एकैखाल्टामा हुन्यै त होला !’

आमाको चिन्तित दशालाई सान्त्वना दिँदै – ‘सबैको यही गति ता होला नि आमा, हामीमात्रै आत्तिनु पर्ने के छ र ? सबैको जे गत हाम्रो पनि त्यही गत।’

भित्रबाट ठूली बहिनीले – ‘ए शिखरे, शिखरे ! यहीं छ ?’

‘को हँ ! यहीँ छु म ?’ उनी आँगनको ढिकमा निस्के। भूँडेसाहू आएका रहेछन् – ‘आउनुस् न किन बोलाउनुभएको ? सरासर नआएर !”

‘त्यसै, जसतसकहाँ आउनु हुन्छ ?’ भूँडे साहूको ‘जसतस’ भन्ने शब्दप्रति उनलाई कस्तो ननिको लाग्यो। उसलाई अगाडि लगाए। आमाले गुन्द्री गुन्द्रीमाथि काम्ला बिछ्याइदिइन्। साहू कानेजुत्ता फुकालेर काम्लामाथि बसे। बैदार भनी कहलिएका उनको चौध वर्षे छोराले सानो मसिनीको भाँडो, छालाको कलमदानी, जसमा पाँचवटा निगालाको कलम र एउटा कर्द थियो , झिक्यो। कोखामा राखेर बस्यो। भूँडेले कागजको मुट्ठो फुकाए। सेता चश्मा नाकको डाँडीमा लगाए। कागज झिकेर टाढा लगी हेर्दै भने – ‘हेर शिख्रे तँ अब त सोह्र वर्ष पुगिहालिस्। तेरो बा आएन गाडीभारा लगेको र पुरानो गरी चारसय रूपैँया मेरो कर्जा छ। चारवर्ष सम्मको ब्याज रोकिँदा दुईमानेका दर्ले सालको पाँचमुरी अनि चार वर्षको बीसमुरी भओ। हिसाब मिलाउन पऱ्यो। छ भने दे, छैन भने तमसुक फेरिदे।’ ‘छैन ता कहाँबाट दिम् ? तैपनि आमाले के भन्नुहुन्छ ?’ आमाको उत्तर पाउने इच्छुक शिखरको ध्यान आकर्षित गर्दै साहूले भने ‘के आमाले, ती आइमाईका के कुरा ! तँ हदमुनिको भए पो आइमाईसित लेनदेन। अब आइमाईका कुरा म सुन्दिन। तँलाई जान्दछु।’ ‘तपाईँलाइ पो आइमाई ! मेरी ता आमा ! आमाले नजानेको मैले जान्दिनँ। आमाले भनेको काम मात्रै म गर्छु। सर्वप्रथम म साउँबारे जान्दिनँ। ब्याजको कुरा ता परै !’

भूँडे साहूका चण्डीका रौँ ठाडा भए। अगाडिका दाँत किटेर नाकका पोरा फुलाए। एकत काला झन् काला भए। ठेंटे जुँगा मुसार्दै राता राता आँखा खूब खोलेर भने – ‘शेख्रे मसँग जर्किने भइस् तँ ? ब्याजै नचलेको चारचारवर्ष भैसक्यो। कहाँबाट देलास् भनेर आजसम्म माग्न पनि आइनँ। अब ता, भुल्ने बेला भयो भनी आउँछु ता यस्ता कुरा गर्छस् ?’ ‘आजसम्म माग्न आउनु भएन र ता ब्याज खप्ट्यो। आउँदै गर्नु भएको भए जसरी तसरी तिरिन्थ्यो कि, कसो हुन्थ्यो !’

शिखरले कुरा समेट्दै उनकी आमाले भनिन् – ‘भो बाजे ! अहिले तिर्ने केही छैन तमसुक गरेर जानुस्। कुनै दिन आउला मेरा छोराको सुदिन। यो बालकसित किन कराउनुहुन्छ ?’

‘तेरो छोरो बालक छ ? बाह्रवर्षमा चितुवा मारेर हाम्रो चितुवा बन्ला जस्तो चपर्चण्डाल पो छ यो ता !’

‘म त्यस्तो चपचण्डाल त छैन ! चितुवालाई नमारेको भए, तपाईँका बाख्रा पनि ता खान्थ्यो होला ! हाम्ले मारिम् र पो तपाईँका बाख्रा पनि जोग्गे नि !’

भान्सामा ठूली छोरी ‘पस्केको खाना पनि खानु छैन !’ भन्दै भाँडोमा खनाएर ढोकामा आइन् र हेर्न थालिन्। अरू बहिनी पनि उनीसँगै उभिए। आखिर हिसाब गर्ने नै निधो भयो। चारसय साउँ र बीस मुरी ब्याजको आठसय गरी बाह्रसयको सयकडा मुरीका दरले ब्याज तिर्ने भनी एकमुष्ट तमसुक भूँडेका छोराले लेख्यो। शिखरले सही लगाइदिए।

ब्याज मध्ये गोरु र त्यो बकेनो भैंसी, सीमखेतको ब्याड माग्ने निश्चय गरेका भूँडेले ‘अहिले माग्नु किन पऱ्यो ? भारी पुग्छ, ब्याज बढेपछि आफै मेरा बाजे ! उम्काइदेऊ भन्छ पछि।’ भन्ने सम्झेर तमसुक गरे।

आमाले सोधिन् – ‘भान्सा गर्नुभयो कि ?’

भूँडे साहूले जवाफ दिए – ‘गरेको छैन तर आज घर गइहाल्छम्, घ्यू र मौरी छैन ? छ भने घ्यू र महँ कादेर पठाइदिए ! कोसेली पनि त चाहिन्छ।’

‘हुन्च !’ उनले भनिन्।

शिखर बसिरहे झोक्रेर। आमाले अलिपरसम्म गएर उनलाई बिदा गरिन्।

# सात

ग्रीष्मको बिदाइमा वर्षा ऋतुले बाटोघाटो सफा गर्न घैंटोबासिटोसँग सहयोग मागेको कुरा टाढाबाट गडाङ्गुडुङ् गर्जिरहेको सुनेपछि रानीवनका ग्वालाहरू आत्तिए। छिटो-छिटो गरीकन गाई बाख्रा बटुली-बटुली दगुराउन थाले। शिखरलाई भने त्यति आतुरी लागेन। अरू ग्वालाहरूले छिटो गर्ने आग्रह गर्थे। उनी आफ्नो तार छोड्दैनथे। सुस्त-सुस्त गर्दापनि उनले गाईबाख्रा बटुले। ग्वालाको पछिपछि लागे। सबै आश्चर्य माने - 'किन शिखरमा नयाँ बदली आयो ? उस्तो चहलपहल गर्ने, चालक, साहसी दुःखसँग भिड्ने, बाघमार्न अगाडि सर्ने, बाढी तर्न अघि लाग्ने, ग्वालालाई त्यसै त्यसै बस्न एकछिन पनि नदिने शिखर आज निन्याउरो, लुसो, थकाइ लागेका हली जस्तो किन ? कोही कसैले उनी जवानीमा आइसके, केटाकेटी झैं गर्न मिल्दैन भने।' कसैले भने - 'आमाले गाली गर्दीहुन्।' कसैले स्वीकार गर्छन्, कसैले गर्दैनन्, सोधे 'म जस्तो थेँ, उस्तै छु।' उनले जवाफ दिए। वास्तविक कसलाई के थाहा ?

घुइयँःञ बतास चल्यो। छिटाछिटी पानी पऱ्यो। शिखरकी आमा आत्तिएर वनतिर दौडिन थालेकी थिइन्। सहीबेला उनी गाईबाख्रा लिएर आइपुगे। आमाछोराले छिटोछिटो गरी डिँगा बाछा बाँधेर घरतिर लागे। एकाएक एकछिन अगाडि आएर बसेका सहूलाई देख्ने बित्तीकै उनको शरीर वैलायो। आमाले मुजेत्रो दुईहातले समाएर निधारमा लगी ढोगिन्। उनले भने ढोगेनन्। उनी एउटा छोरा पुलपुलाएर पालिएका कसैलाई ढोग्न जान्दैनथे। निहुरेर खुट्टामा पस्रिनु पर्ने भूँडे बाजेका गोडा के गरी समाउँथे ? हुनत उनले त्यसरी ढोगिदिएको गाउँमा सबैलाई देख्थे। श्राद्धमा बाहुन बाजेको गोडामा चिल्लो घसेको पनि देखेका थिए। तर, उनलाई ती सबै मन पर्दैनथ्यो। आफ्ना मामालाई भने सलाम गर्न खूब रहर गर्थे। कसैकसैले उनलाई ठाडे पनि भन्थे।

टाढा गएर फर्केका जस्ता जुँगा छाँटेका, दाह्री खौरेका, टुप्पीमा गेडो भएको कालो टोपी, गोबरूङ्को कोट, सेतो भोटोसुरुवाल, कानेजुत्ता लगाएका छाता, लौरो कोखामा ठडाई बसेका साहूले उनकी आमालाई भने -

'म फर्केको भर्खर हो, झरूङ्गतिरबाट, बाटोमा तिम्रा दाइले भेटेका थिए, के हो कुन्नि काम छ भान्जालाई आज पठाइदिनु भन्थे। शिखरलाई

अहिल्यै पठाइ देऊ रे !'

'यो रात परिसकेको बेला वनबाट आएको भोकाएको छ, के गरी पठाऊँ ? भोलि गए हुन्न रे ! किन होला ? केही दुःखीबिमारी भएको भए मलाई बोलाउनुपर्ने !'

'पठाउन ता, मैले ता अहिल्यै पठाउन भन्छु। विषय ता मलाई भनेनन्।'

शिखरलाई बोलाएर - 'दाजुले बोलाउनुभएको छ रे ! ठूलो बैनीलाई सङ्गै लगेर जाऊ है बा !'

'अहिल्यै जानुपर्ला जस्तो लाग्दैन आमा !'

"बाजे अहिल्यै जानुपर्ने भन्नु हुन्छ। भोलि बिहान सबेरै पनि आइन्छ, भो जाऊ किन रहेछ ?"

'जान त जान्छु आमा मावल। तर, मामाले अहिल्यै डाके जस्तो मान्दिनँ। 'भान्जा आएनन्, धेरै भो' सम्म भनेका हुनन् भनेका भए जस्तो लाग्छ।'

'ए ठूली आऊ आऊ मावल जाऊ !'

'हातखुट्टा पनि धुनुहुन्न दाइ ?'

'आफ्ना मावल जान के खुट्टा धुनुपऱ्यो सबैले भान्जाभान्जी भन्ने चिनेकै छन्।'

रात पर्ला भनेर दाइ-बहिनी छिटाछिटो गरी झाङ्गतिर लागे। एता भूँडे साहू झुल्न थाले। यो देखेर उनले भनिन् - 'अडेस लाग्नु हुन्छ कि ? सिरानी ल्याइदिऊ बा छोरी ! बाजेलाई।' भित्र गइन्। बाहिरतिर नफर्कीकन आटोपिठो गर्न थालिन्। एकछिनपछि सुस्त माइली छोरीका कानमा - 'जाऊ तो छोरी, साहू गए कि, सुस्त हेरेर आऊ।' दगुर्दै आएकी छोरी भन्छिन् - 'सुतेको छ आमा।'

'पल्टेको मात्र छ कि ? निदाएको छ ?'

'आँखा चिम्म गरेको छ।'

साँझ परिसक्यो। घाँसपात गर्ने बेला भयो। गोठतिर जाँदै भनिन् - 'साहूबाजे जानुभयो ? भन्थी तो छोरीले ता।' बाजेले सुने कि सुँनेनन् ! उनले जानिनन्। घाँसपात गरेर फर्किंदा पनि साहू आँखा चिम्लेकै थिए। अघिदेखि गडाङगुडुङ गरेको आकाशबाट पानी बर्स्यो। चारैतिरबाट बतासले हान्नेहुन्ने पाऱ्यो। पानी घरको पेटीसम्म आयो। भूँडे साहूलाई चिसोलाग्यो। उठे। तर,

त्यो पानीमा जान असमर्थ थिए। उनको छाता एकगास हुन्थ्यो। नजिकैको घरमा पनि उनको लागि विदेश भयो। हुन सक्छ उनको मनोभावना प्रकृतिले बुझेको थियो। साथ दिंदै आयो।

'जाऊँ भन्दाभन्दै पानी पर्‍यो। अब कसरी जाने ? कस्तो भुसुक्कै निदाएछु। अब के गर्ने ?'

'छाता छ नि !' माईली छोरीले भनिन्।

'भाँचिहाल्छ बतासले।'

'अब बिदो होला नि !' आमाले भनिन्।

यति हुँदाहुँदै चारपाँच घडी रात बितिसक्यो। सब छोरीका साथमा आमा भित्र पसिन्। आफ्नो दैनिक कार्य चलाउनै पर्‍यो। थालिन्। च्याँच्याँ र चुँचुँ गरिरहने छोरीहरूको मनाहारी पर्‍याइन्। नजिकैका साहू तर, पानीले बनाएका पाहुनालाई पल्लोचौको खाली गरिदिइन्। छोरीहरूलाई ठूला चौकमा सारिन्। पकाएको नखाने बाहुनबाजेलाई ठाडो वा पुवा बनाइन्। पेटभरि खुवाइन्। बाजेले डकारे। आरामका निमित्त सुते घुर्न थाले।

रातको प्रथम प्रहर बितिसक्यो। तर, निन्द्रा लागेन। उनी सुत्ने तरखरमा पनि लागिनन्। छोराले थुपारेको सुकेको द्यालो बालेर उज्यालो पारिराखिन्। आगाको धिप्को लगातार बलिराख्यो। ढोका पनि लगाइनन्। अगेनाको डिलमा बसेर सोचिरहिन - 'कठैबरै ! यो मेरो जीवन एक्लै छँदैछ। जान्न त भन्थ्यो छोराले कर गरी पठाएँ। कसरी यो रात काटूँ ? त्यो छोरो भए म अवश्य यो रातलाई बञ्चरोले काट्थें। नबोलाऊँ कसैलाई ?' न जाऊँ कतै उहडूँ कि, मरूँ, नमरू भने कसरी बाँचू ? जताततै अन्धकार छ। छोरीहरू फुर्रफुर्र गरी सुतिरहेका छन्। अबोध बालिकाहरू मसँगै छन्। तर, म एक्ली छु। यो मेरो घर हो, यहाँ मेरा स्वामी हुनुहुन्थ्यो ............ भगवान्, जुन घरमा मेरो स्वामी मेरो रक्षक थियो। बच्चा छोरा-छोरी थिए, त्यो घर यो। म आज अन्धकार देख्छु। न स्वामी छन्, न छोरो, न जान्ने नै छोरी, यी सबै ज्ञानी बाल्खीहरू सुते, म एक्लै छु ...........। म एक्लै छु। म, मेरो काल आयो। म खसें। म मात्र हैन, म मोरें भने, मेरा यी सबै रगतका ढिल्का मर्ने भए एकै छिनमा। मेरोकाल यहाँ छ। मेरो अगाडि औषधि छैन। न मसँग बल छ। कसरी उम्कूँ। भगवान् ! काल कसरी टारूँ ? छोडेर जाऊँ , कता जाऊँ ? छोरी ऐनामा पर्छन् कि। छोरी ऐनामा परे भने म बाँचेको के सार ? बँचाउँदै

बँचेपा सार ! फेरि काल टारेर कसरी टर्छ, सामुमा आएर एक्ली भेट्टाएपछि ............. ए पापी काल ! निष्ठुर, भुककार बञ्चराले हान्न आइस्। ए काल ! तँलाई चिनेकी भए म भाग्थें अघिनै अथवा छोरानै राख्थें। कसरी उम्कूँ, बाहिर निस्कें भने पनि छोप्छ कि कालले पछि लागेर ? अन्धकार उसकै हुन्छ। हे दैव ! काल ! आपत् दुष्टाइँले आउँछ। त्यही दुष्टाइँ काल हो - दैव हो। दया गर भगवान् ! आजको कालबाट बचा। म कालको फन्दामा परें भने, म मर्छु, मरेपछि मेरो सर्वस्व मर्छ, छोरा, छोरी, घर सबै अनि त ईश्वर ! तिम्रो के मान्यता रहला र ? यसैगरी दैवले भुक्याएर निभायो भने, उज्यालो हुँदा संसार मूर्दाले जडैजडले भरिएला ।'

'तिमीलाई निंद लागेन ? अभै आगो निभाइनौ ? आगोको उज्यालो छँदासम्म मलाई निंद लाग्दैन। हुनत आज ओछ्यान फेर्रेर पनि होला .............।

'कपाल दुःखेजस्तो भएर निंद नआएको हो, अभ्र धन्दा पनि सिद्धिएको छैन, सुत्न पर्ला नि भाँडा माभ्रेर' बल्ल बल्ल निस्केको स्वरले उत्तर दिइन्।

'भाँडा भोलि ब्यहान माभ्रे हुन्न ?'

'भोलि माभ्रेर भ्याइने भा पो ! एकनलकडी हलनचल।'

'मन गछ्र्यौ भने म खोज्दिन्छु एउटा नोकर ? राख्छ्यौ ?

'आफ्नो जहान पाल्न त यो गति छ अभ्र नोकर ?'

'तिमीले राख मात्रै, म बन्दोबस्त गर्दिन्छु है तो !'

उ नै उठेर बस्यो। उनीतिर फर्क्यो।

संसार कति मतलबी छ। आफ्नो इच्छापूर्तिका लागि हावा छिर्नेसम्म चर भेटाए पनि अपराध गर्न उठ्छ। अभ्र धनवान् मान्छे त अन्धो नै हुन्छ। ओऱ्हालो लागेको मृगलाई बाछाद्वारा खेदाउँछ। जहाँ होचो छ, त्यहाँ घोचो हुन्छ। बलवान् मान्छे ! तेरो चित्र विचित्र छ।

शिखरकी आमा ढोकातिर फर्केकी छन्। आँखाबाट सहस्रौं धारा मूल फुटेका छन्। बोलीमा डरको कम्पन छ। थुनिएको नाक नङ्सरो छ। उनी त्यो ठाउँमा छन्, जसको तल ठूलो खोलो छ, माथिबाट पहिरो भर्न थालेको छ, दायाँबायाँ भर्ना छन्, छोप्ने, समाउने, कोही छैन, माथि हेऱ्यो आकाशमा बादल छ, तल हेऱ्यो त्यो खोलाले बगाउँछ, पहिरो खस्यो- अब खसिसक्यो। उनी आत्तिइन्- सुकेको हृदयले 'ईश्वर !' भगवान् ! ढोका लगाऊँ। भूइँमा

नटेकीकन एकसासमा ढोकामा पुगिन्। तर, घरको ढोकामा होइन, गोठमुनि, पाटाको चिसो कुनामा काल्नाको ठूलो ढोकामा अघि भर्खर परेको पानी हिलो छ। चिसो भूइँ ! खुट्टा हात काठ्तिंदैछन्। ओढ्ने मुजेत्रोसम्म पनि छैन। भित्तामा टाँसिएकी छन्। 'ईश्वर' उनको पुकार छ। झ्याऊँ झ्याउँ किराहरू कराउँछन्। बादल आकाश गुमम छ। ताराहरू लुकेका छन्। चिर-बिर पर्ने पानीले भिजाउँदैछ। यो आकाशे पानीको सुस्तीलाई उछिनेर उनका आँखाबाट ठूलो वर्षा हुँदैछ। भगवान् ! मलाई दैवले आज रातभरि नभेट्टाओस्। यो शरीर शेखरको अगाडि राख्न पाऊँ ! ती छोरीहरू रातभरि नजागून् ! दैव भित्र म बाहिर - रात चाँडै जाओस् भगवान् यदि दयालु छौ भने ! प्राणीमात्रका हौ भने। रात छोटो बनाइदेऊ ......। प्रकृतिको नियम आफ्नै तालमा चल्दैरह्यो। न भित्रको लाल्साकै वास्ता थियो न बाहिरको पुकाराको !'

# आठ

केहीबेरको कुराकानीपछि आफ्नो सुन्दर भानिजलाई लिएर उरिममा सुत्न गए। धेरै दिनपछिको भेटले बुबैमा आनन्द जति थियो बितिसकेको दिनको सम्झनाले त्यति दुःख पनि दियो। चलननै यस्तो छ कि सुखदुःखसँगै जान्छन्। सुखदिनको र दुःखसुख भनेको छुट्टिनै नसक्ने स्वभाव हुन्। धेरैदिनको मिलनले बाहिरी आनन्द दिए तापनि बिर्सिसकेका दुःखहरु याद गराएर दुबैको हृदय सुखा हुँदै थियो। भूँडेसाहुबारे पनि कुरा भए। मामाको मुटु ढुकढुक भयो। उनले भने – 'भान्जा भूँडे जत्तिको रोग ता कहीं छैन।' त्यसले हाम्रो सर्वस्व लिने भयो। यहाँ दुईचार जना अरु पनि छन्। के गर्नु कसरी उम्किनु। आपत् पऱ्यो भान्जा !

'किन मामा ! के भयो र ?'

'के हुन्थ्यो। कान्छी बहिनी। थाहा पाउनु भएको छैन ?'

'अहँ ! सानीमा ! के भयो र सानीमालाई भन्नुस्, मलाई केही थाहा छैन।'

'मलाई त पाँच छ महिना अघि देखिनै शङ्का लागेको थियो, तर झट्ट भन्न पनि नसकिने, आफ्नी बहिनीको माया पनि लाग्ने, एकदिन त आमासित कुरो गरेको हुँ तर उहाँले मलाई झपार्नु भयो।'

'केही बुझिनँ मामा मैले त !'

'आइमाईको कोमलो जात छट्टुले छक्काउन बेरै नलाग्ने। ऐनाको डीलको घ्यू झैं पग्लिहाल्ने  फन्दामा नपरेसम्म मात्र हो, आइमाई बलिया हुने। फन्दामा परे भने आइमाई ज्यादै कोमल हुन्छन्। उनीहरुको केही लाग्दैन। भन्न ता भन्छु आइमाई कमजोर हैनन्, बनाउने ईश्वर कमजोर हो। ईश्वरले स्त्री जातिलाई पनपच्छे गरेको जस्तो लाग्छ।' "मैले अझै बुझिँन, उनीहरुलाई कमजोर भन्नाको मत्लब के मामा ? खुलै भन्नुस् न। मलाई आत्तुरी लागिसक्यो। फेरि मैले आइमाई कमजोर भन्ने पत्याउन्न, यिनीहरुनै बलिया मान्छे जन्माउँछन्।" यसमा ईश्वरको के गल्ती।" 'बलिया मान्छे जन्माउन्नन् भन्ने मेरो भनाइ हैन ! यदि लोग्ने मानिसले तागत छैन। उनको स्त्रीत्व बाहिरै छ। लोग्ने मानिसको इच्छामा दुबैको भाग्य निर्भर छ। त्यसैले मेरी बहिनीलाई दोष दिन पनि सक्दिनँ, फेरि जुवाइँ भएको मान्छे पनि लाहुर खान गएर हरायो। आएन। अनि त बहिनी मुलुकले चियाउने भैगई। उमेरले एकबाजी उन्मत्त हुनु स्वभाविक पनि हो। यसैबेला, बारको जरुरत पर्छ। तर, के गर्नु एकातिर दुःख ! अर्कोतिर बदनाम ! बहिनी त भन्छे – 'शशेका

छोराको हो। छोरी जन्मेकी छे। दुई महिना पाँचदिन भयो। न्वारान भएकै छैन। केटाले मेरो गर्भ हैन भन्छ। सुत्केरी यहीं भई। अस्ति गालेले केटोकहाँ लगेर फ्याँकिदे अनि नस्याहारेर सुख।' भन्यो। होतानि, भनेर लगिछोडेको हिंजोता घरमै छन् रे भन्ने पो सुनें। बा-आमा रून थाल्नु भो। म गएर आज दिनभर पत्ता लगाएर आउँछु भनें। घुमें पत्तै छैन। कसैले भूँडेकहाँ गएकी छ रे छलफल गरिदेऊ भन्न "भन्छन्, कसैले दिपेकहाँ गइरे न्वारान गराई देऊ भन्न, कसले भनेको साँचो हो। एकातिर बहिनीले दुःख पाई। अर्कोतिर के हुने हो ?"

'दिपेकहाँ, भूँडेकहाँ जहाँ गएपनि तपाईंहरूलाई नसोधीकन कसरी जानुहोला र ?'

'के हो, के हो ? मलाई ल्याएर फ्याँके भन्ने पेचले गै कि ?'

'त्यो त के जान्नु शशेका, घरमा बुहारी छन्, छैनन् अरू। धन भएपछि जे गरेपनि त हुने रहेछ।'

'धनको काम गरीबको सहने र चापिने बानीले गर्दा मात्र हुन्छ। नत्र त धन त्यति बलियो लाग्दैन मलाई। धन दिएर धेरै आइमाईको जिन्दगी नाश गर्नुभन्दा आफै नाशिनु नाम्रो !'

'त्यो सम्झिने भए ता अन्यायनै हुने थिएन।'

'हो त्यो ता तर, त्यहाँ मानिसले जति दुःख भोग्छ, ती धनकै नमिठा फल हुन्। के गरौं भानिज ?'

'के गर्ने म भूँडे कहाँ बुझ्दछु, नजिक छ। तपाईं दिपेकहाँ बुझ्नुस्। पहिला सानीमाको मर्दोज्यूँदो गरौं। अनि न्वारान, केटाको खोजी गरौंला।'

'मनासिब हो। तर, अड्डामा पुरायो कि भन्ने पनि लागिसकेको छ।'

'त्यो त हो भानिज ! शशेको छोरो ता मगर हो, बैनी खसिनी ! हामीलाई समेत भातमा बोर्छे कि ! पहिले थाहा भएन। भातबाट काढेर राखिएन फेरि सिकाउन पनि सिकाइएन। यस्तो होला भन्ने कसलाई थाहा र ?'

'कुरो त भातको र जातको पो उठ्यो। भातमा परेपनि उम्किन सकिन्न र ? साक्षी प्रमाण पनि त चाहिन्छ। फेरि मगर बनाउन सजिलो छ र ?'

'कहाँ हुन्थ्यो भान्जा, बैनीले नै मेरा हातको खाएका छन् भन्दिई भने हामी ता खतम। एकातिर जात जाने, अर्कोतिर सम्पत्ति जाने।'

‘अहिल्यै रातिनु जाने र ?’ ‘भूँडेकहाँ सबै सुतेका भए कसरी भेट्ने ?’

‘ए त्यहाँको सबै ठिकठिक जानेको छु मैले। धुरीबाट पसेर पनि पत्ता लगाउँछु। त्यहाँभए भगाई हाल्छौं। नभए, भोलि अर्कै बाटो। ढिला गरेर नहुने भएपछि रात भन्न हुन्न तो मामा ?’

भानिजका कुरा उचित ठाने। सुटुक्क शिखरका मामा–भान्जा निस्के। केही पर गएपछि कटेरो थुती खरको राँको बाले। अँध्यारो छिट्दै भूँडेको घरतिर लागे। ‘छामी–छामी हिंडेझैं तौलेर खुट्टा चाले। प्रकृतिले सुनसान वातावरण सिर्जना गरेर सहयोग गरिन्।

# नौ

धिपीधिपी आगो बल्दैछ। उसले दाउरा थपी-थपी ढोकातिर हेर्दैछ। उठ्छ, बस्छ, कहिले घोप्टो परेर बस्छ। उसलाई खुसी लागिरहेछ, आनन्द लागिरहेछ, कसोकसो उमङ्ग लागिरहेछ। सोच्छ 'म यस्तो मौका कहाँ पाउन सक्छु, आज शिखरलाई पठाएर पो। अहिले शिवे पनि छैन। दुईचार वर्ष नआए ता अझै हुन्थ्यो। मेरो भाग्य त्यति कमजोर त कहाँ छ र आजसम्म भनेको कुरा पुगेकै छ। सके त शिवे उतै मर्ला नभए दुईतिनवर्ष खेलाउन पाए ता पुग्छ अनि त बूढी पनि होली। अहिले त तरुनी देखिन्छे र चालीस नाघेपछि स्वास्नी मान्छेको के काम ! बूढी त मेरै स्वास्नी पनि छ - त्यसैको मनाहारी पुराउनुपर्छ ? कहिलेकहिले त हो नि !'

'खै अझै पनि आईनँ। दिसापिसाब गएकी हो कि ? त्यो पनि हैन होला, यति अबेर भइसक्यो। भाँडा माझ्न लागेको हो कि ? हैन ! खै माझेको पनि सुनिन्न।' कान थापेर सुन्छ, झ्याइँ-झ्याइँ पानी परेको, तप-तप, पत्रै-पत्रे बलेनी चुहेको सुन्छ। च्याँयाः ठूला चौकामा सानी बालिका रोई। उसका तिग्रा काँपे, उठ्यो। ढोकानिर पुग्यो। कस्सो बाहिर हेऱ्यो सुनसान कतै केही छैन। बाहिरै गई पैलाउने निधो गऱ्यो। फेरि एकाएक सम्झ्यो - भित्र पस्न पाइन्न कि ! त्यसो त कहाँ र रात, म यहाँ एक्लै। यो सुनौलो मौका, यो चुकेपछि कहाँ पाइएला फेरि। एकछिन या एक दिनको लागि भए अघि नै पनि भ्याउँथें तर, सधैंको लागि खेल्ने ठाउँ बनाउन पो बसेथें। ताल मिलाई मिलाई आएथें, आउलिन्। के उसलाई इच्छा लाग्दैन र उसलाई पनि त सुनौला मौका छ नि। म साहू ! यस्ता पाए के खोज्थी। अझ नोकर राखिदिन्छु भनेको छु ।'

'यसरी अबेर त नगर्नुपर्ने, म जस्तो पाएर पनि, कि अरु कोही बाहिर आएको थियो र हो कि ? हैन आए पनि साहूलाई छोडेर कहाँ जान्थी। म त म पूँ तो ! बाह्रसय सावाँ लिनुछ, नभए त्यही माया मार्दिन्छु भनेर पनि त खेल्न सक्छु। एकपटक परेपछि त आफ्नो बनाइहाल्छु। अनि त, बूढीलाई असामी उठाउन जाँदा रात पऱ्यो फलानाकहाँ बसें, भन्छु। यहीं आउँछु - साता सातामा उठाएको घ्यू-स्यू अलिअलि छोड्छु। खानपनि त पऱ्यो। पुगनपुगमा सगाउने पनि गर्छु। मेरो खेल्ने सबभन्दा प्यारो ठाउँ पो हुन्छ। यहाँ ता। बूढो भन्ने पनि म केही छैन - अझै एकदुई तरुनी फटाल्न सक्छु। अझ यो त तीस नाघी सकी। साँजसाँज आउँछु। मैले छोडेको सामान भइहाल्छ। मिठो-

मिठो पकाउली, खान पाउँछु खेलीखेली, प्यारो बनेपछि उसले खाइदेली, म मुखामुख गरी खाम्ला। चाकल्माडे बसी काखमा राखुँला, उसका मुखमा हेरी छातीमा हात राखेर मुखमा म्वाइँ खाम्ला अनि मुन्टो छातीमा राखी काखमा हालुँला। रातभर मजा गरी खेलेर रमाएर बसुँला। आँलो हालेर बसुँला।' कल्प्यो। बाटो हेर्‍यो। ......... अरु हेर्‍यो। उनी आइनन्। उसलाई बेचैनी भयो। सँगारभित्र बाहिर गर्‍यो। उसका खुट्टाले कहाँ टेक्छन् ? उसलाई थाहा भएन अब भने, हतारियो, दगुर्‍यो। उसको छाती पनि दगुर्‍यो, मुटुपनि। मुख सुक्यो। सास हल्ल्यो। छट्पटियो। बस्न सकेन। उठ्यो। उठेर पनि अड्न सकेन। हतारियो। दाउरा सकियो, आगो निभ्यो। अगाडिपछाडि उसले देखेन, देख्यो केवल अन्धकार ! चाँडै नै पाउने सोचेको पाएन। उसमा धैर्यता रहेन, छटपटीको सीमा रहेन।

सोंच्यो – 'कति अबेर गरी ? कहाँ गई ? उस्सः अबेर भो अबेर मिचिन्छ, मिचिन्छ आफैँ। यो अँगालोले उसलाई छातीमा टाँस्छु भन्दै थाम अँगालो हाल्यो, टाँस्सियो। साँस बढ्यो। छाती भड्क्यो भट्भट्। सुरुवालमा चिसो लाग्यो। छोडायो। आँगमा भोटोमात्र राख्यो। ओढ्नी कता खस्यो ? थाहा भएन, टोपी पनि, अँध्यारो भएपनि फुलेको कपाल भने देखिन्थ्यो।

'ध्वाँःध्वाँः' बिराला लडे। लट्मरिंदै छानाबाट आँगनमा खसे। उसको अगाडि झरे। ऊ झसङ्ग भयो। लत्राकलुत्रुक्क हातखुट्टा सेलाए। भित्र जान उसका खुट्टामा तागत भएन। एताउता हेर्‍यो, केही देखेन। सुनसान, अँध्यारो–अन्धकार। केवल बिरालाको लडाइँ। 'मानिसका इन्द्रीय यति बोधा पनि हुन्छन् कहिले काहीं थन्थापे खूर्पा झैं ? लगलग काँप्तै ऊ भित्रियो। पल्लो चौकामा पुग्यो। बस्यो एताउता छाम्यो। ओढ्ने थिएन। आशाको निराशा हात लाग्यो। कल्पना हावामा उड्यो। सोच्यो – 'ओहो ! यो त बेमान पो रहिछ। यसरी, सम्मान गरी सुताएर भागी। पक्का यसको नाठो छ। उसैसँग गै मलाई सुत्छ भनेर आफ्ना छोरी सुताएर। तब त त्यतिबेरसम्म सुतेकी थिइनँ। 'च्वःच्वःच्वः' मौका चुक्यो। कस्तो मेरो बुद्धि ! आगाले खाएको ! अघिनै भ्याउनुपर्ने ! बुद्धि पछि आयो के गर्नु ? अब मौका पर्खेर बस्छु, फसाएर मात्रै गुलियो देखाउँछु।'

'कुखुरी काँ !!!', भाले बास्यो। फेरि–फेरि दोहोरायो ।' ए आमा ! पिस्ने बेला भओ।' भन्दै माईली छोरी उठी/आगो ठोस–ठाँस गरी। तर, आगो निभिसकेको थियो। 'आमा ! आमा !' दोहोर्‍याई, तेहर्‍याई, बोलाई तर

आमा बोलिनन्। 'कस्तो निंद लागेछ आमालाई ! ओछ्यान छामी। थाहा पाई आमा छैनन् ! 'ए आमा !' कराउँदै झ्याँतातिर दलानमा गई तर उनी छैनन्।

'आमा' भन्दै बाहिरतिर जाँदाजाँदै पल्ला चौकामा खलबल मच्चियो। टुक्रुक्क ! तर, आवेश र अन्धकारमा बसेका दैवलाई एकाएक सम्झना आयो, 'लुगा छैन।' छामछुम गर्दा पनि पाइन्न खै खै सुरुवाल ? खै खै ?'डोस्साएको काम्लो झिकेर ओढ्यो, घोप्टो पर्‍यो, गुम्लुङ्ङ परी सुत्यो। मुख छोप्यो। तर, भएन। अतासियो- छाम्यो सुरुवाल छैन, 'यसरी सुतेर के गर्ने, उज्यालो हुन्छ ? आगो बोल्छ। शेख्रे आउँछ। देख्छ। एकातिर बेइज्जत। अर्कोतिर मार्ने पो हो कि ! .......... मार्ने पो हो कि ! उस्सः !! उसको होशहवाश उड्यो। अक्कल गुम् भयो। 'कसरी कहाँ जाऊँ कसरी भागूँ। अब बित्याँस पर्‍यो। साँझै किन गैन ? यहीं कैं छन् कि ! ............ हेरौं, छोरीले बोलाउँदा बोल्छे कि ! सास नफेरीकन कान थाप्यो मुन्टो उठाएर सुन्यो 'आमा, ए आमा !' - टिठ लाग्दो सानो बोली !' मायाँ लाग्दो बोली ! उसको लागि भने भयङ्कर, डरलाग्दो !!!

काम्लैसित उठेर खोज्दाखोज्दै 'किन माइली किन कराउँछे ? आमा कहाँ जानुभयो र ? बहिनीलाई सोध्दैमा शिखर आएको आवाज सुन्यो। उसलाई घरै भत्के जस्तो, पृथ्वी भास्से जस्तो लाग्यो। आपत् र लाजबाट बच्न, उपाल भयो डरभरलाई नदेखेर, भीर-काल्ना-मैदान सम्म बनाउने सुर कँस्यो।

मामासित भूँडेको घर चालेर आएका शिखरले आँगनबाट 'आमा ! माइली ! के बोलाएका थिए, फुत्त ढोकाबाट गोली झैं ऊ निस्यो। उँधोतिर फाल्हाल्यो। भुक्भुकोमा मानिस भएपनि चिन्न सकेनन्। अचम्म मान्दै बहिनीलाई हातमा समातेर भित्र पसे।

# दश

अतास र हतार पूर्वदिशा फुक्यो। लक्ष्मीकहाँ गई माईली बहिनीले आगो ल्याई र बालिन्। बहिनीहरू सबै उठे। सबैले खोजे – 'आमा तर आमा छैनन्। बहिनीहरू त दाज्यूको मुखमा हेर्छन्। दाज्यूले कसको मुखमा हेरून्। 'कतै जानु भयो कि ?' भने। बाटो हेरे। उनी आइनन्। आत्तिए। उनको दिल दुख्यो, मन दुख्यो। दाँत कँसेर छाती चापे। आँखा चिम्लेर भल रोके। तैपनि, हृदयबाट रोक्ता रोक्तै पनि उम्लेर आयो – 'आमा भन्दा मेरो दुनियाँमा कोही छैन। त्यही पनि हराउने हो भने, म डढ्छु।'

'कहीं होलिन् पीर नमान्नुस् भान्जा।' मामाले भने।

उज्यालो भएपछि हेरे आमाका लुगा गारैमा छन्। काम्लो हराएको छ। कसको टोपी पल्लो चौकामा छ। बाहिर निस्के। झाँतातिर ठडाएको लौरो अनि छाता ! थामको नजिकै सुरुवाल पडिरहेको छ। शिखरले चिनेपछि बहिनीलाई सोधे – 'भूँडे साहू हिंजो गएन ?'

'म सुत्नेबेला यहीं थ्यो, पल्लो चौकामा। जाँदैनगएकोले आमाले पुवा बनाई दिनुभयो। खाएर सुतेथ्यो। आमाले जुठोभाँडो गर्नै बाँकी थ्यो ?' बहिनीले उत्तर दिइन्।

'हँ, त्यसो पो, मामा ! आमाको कारण भूँडे रहेछ। म त्यसलाई अहिल्यै मार्छु। म पनि मर्छु। मेरा बहिनीहरूलाई पाल्दिनु होला। सम्पत्ति मेरा बाको छँदैछ। म मार्छु त्यसलाई अनि मर्छु। दाँत किटे। मुठी कँसे। उठे।

'त्यसो हैन भान्जा, दुनियाँमा आपत्विपत् आउँछ, तापनि, टारेर टर्छ। रिस रोक्नुस्। हतार नगर्नुस्।'

'मेरो आमाको बदला नलिऊँ ?'

'बदला त लिनैपर्छ। तर, आत्तिएर हुँदैन, बिस्तारै। पहिला बहिनी खोजौं, त्यसपछि दोषी।'

'हैन मामा ! पहिला दोषी अनि आमा। यस्तो प्रमाण छँदाछँदै हामीले छोड्ने !'

'प्रमाण भएपनि अहिले रिस पोख्न खोज्दा – रिसले आफूलाई खान्छ, बुद्धीले

अर्कोलाई खान्छ। त्यसैले बुद्धिलगाउेने काम गरौं।'

'म मार्छु, यो ज्यान गए जाओस् मामा ! म खुरुक्क भित्र पसेर मार्छु। अनि म जेल जान्छु। आमाको नाशमा सुत्ने छोरो हैन ! पापको डल्लो हैन ! खोलामा उम्रेको गुहेकीरो हैन ! मलाई जान दिनुस्।' पाखुरामा समाएर बल्लबल्ल अडाए। भने - 'भान्जा म पनि त एक्लो थिएँ। एक्लो छु। उतापट्टि त्यस्तो कुरा आई लागेको छ। यहाँ तपाईंको यो हालत ! अब त भान्जा छन्। बलियाबांगा बुझकारी भए, म एक्लो छैन। अब बाँच्छु भन्ने सम्झेको बेलामा तपाईंले रिसले ज्यान फाल्नु हुन्छ भने, तपाईंको मात्र नाश हुँदैन, मेरो पनि नाश हुन्छ। यो गाउँमा कसरी म बाँच्छु ? मलाई एक्लो नपार्न पनि त रोकिनु होस्। आइलाग्ने शत्रुलाई नाशी आफू बँचे पो नाशेकोमा शान्ति मिल्छ। नत्र त के र ! यी कुरा छाड्नुस्। बरू, भान्जीहरूलाई फकाइवरी घाँसपात गर्न लगाउनुस्। हामी खोजीमा लागौं।

'छोरो भएर जन्मेपछि आमाको रक्षा नगर्ने कुजात कुकुर हैन म ?' मामाभान्जाका बीच तानातान भई रहेको बेला दाँत किटेर भोटाका बाउला माथि सार्दै पाखुरा खैंचिदैं गर्दा घर पछाडिबाट "शिखर ! शिखर !' स्याँ-स्याँ गर्दै ज्यादै आत्तिएको स्वर आयो। दुबै टक्क अडिएर शब्दतिर कान दिए। अरूको थियो। लक्ष्मी ! हस्याँङ-फस्याँङ गर्दै उनले भनिन् - 'शिखर ! दमैटोला जान लागेकी। ढिकमुनि को पल्टेको देखें। दगुर्दै गएर हेर्छु त फुपू। के भयो फुपूलाई चलबल नगरी पल्टिनुभएको छ ?' उनले डाँको छोडिन्।

मन्टाले टेक्दै शिखर दुगुरे। पछिपछि मामा, बहिनीहरू आए। लक्ष्मीले अघिअघि बाटो देखाइन्।

शिखर केटै त थिए, भर्खर सत्रका। आमाको त्यो अवस्थामा रोकिन सक्ने छाती पिटेर रून थाले बहिनीहरू पनि। मामाको सम्झाइले औषधिको काम गऱ्यो। आमाको दशामा ध्यान आयो। उनले भरिएको मुटुले बादल लागेका आँखाले लतारिएर अगाडि अगाडि गै हात उठाएर बोले - 'आमा के भयो तपाईंलाई ?'

हात फक्रक्क दाउरा समान, उठाएर उठ्दैनन्। शरीर निथ्रुक्क छ। हिलो माटोमा खुट्टाका औंला गाडिएका छन्। माडिएका घूँडा घसिएका छन्। काल्नाबाट बगेको पानीले कपाल माटो हालेर ढाकेको छ। जीउको तल्लो हर माटोसँग टाँसिएको छ। शरीर दाउरो जस्तोमात्र छ। न त उनमा माया छ न प्रेम न छोरा न छोरी ! शिखर कहालिएर चिच्याए - 'भगवान् के मलाई टुहुरो

पाऱ्यौ त ? ईश्वर ! मेरो जीवन डालैबाट चुँडाल्यौ त ?' हुँक्क गरेर आँखा छोपे। पुकारा सुनेझैं पूर्वबाट अबिर छर्दै तातोतातो न्यानो लिएर आमालाई सेवन सूर्यदेव आइपुगे। एकैछिनमा आमाको खुट्टाका औंला चले। नाकका पोरा चले – 'आमा !' शिखरले अङ्कमाल गरे, छोरीहरुले अमुक धैर्य धरे।

मनकारी सूर्यले आमालाई सेके। संसारको आकार बदली दिए। आमा ब्यूँतिन्। चराहरुले डालीडालीमा बसेर गीत गाए। रातभर पर्दाभित्र बसेका हिमालहरु सुनौलारुप लिएर मुस्कुराए। मैदानको फाँकी घाममा टिकेन। 'शिखर !' उनको भित्रबाट बोली निस्क्यो। आमालाई उठाएर घरमा ल्याए। मामालाई 'धन्यवाद मामा !' उनले भने – 'मलाई छाडिदिनुभएको भए, आमाबाट टाढा हुन्थें, मामा। 'अब त बलियो भएँ। आजदेखि विचारपूर्वक नआत्तीकन काम गर्नुनै मेरो तरिका हुनेछ मामा !'

'तब त, भान्जा।'

# एघार

मोटी आइमाई नफर्किंदै दिन बितिहाले। शिखरले मामाको सहयोग र सानीमाको खोजीमा दिलोज्यान दिए। दिपेकहाँ बेसारी भएर पनि पुगे। अन्तमा गाले कहाँनै सानीमा छन् भन्ने पत्तो लगाए। रातमा गएर भेटे। उनी भतिजालाई देखेर खुसी भइन्। हर्षका आँशु बगाउँदै भनिन् – 'गालेले हिंड मकहाँ लुक्न। मेरो खोपीमा लुकेर बस। खान लाउन म बन्दोबस्त गर्छु। न्वारान जबसम्म गर्छु भन्दैन, तबसम्म बस। म दिपेको साथ लागी खलङ्गा जान्छु। अनि थरीथरी काँपेर न्वारान गरिपुग्ने पैसा झारिदिम्ला। भन्यो। होला तानि भनेर आइहालें। बाबु आमादाइलाई पनि था छैन। दुईमहिना भैसक्यो। गालेले हो। मगर्छु नआत्ती भन्छ। आजहोला नाइँ, भोलिहोला नाइँ। यो चिसो खोपीमा सधैं च्यापिएकी छु। मनुष्य चोला कोठामा के बस्न सकिन्थ्यो। जीउ झिर्न भयो। दिसापिसाब पनि रातीमा गर्नुपर्छ। दिनमा चापेर बस्छु। यस जुनीमा के पाप गरेकी रहिछु। के हारेकी रहिछु र मलाई यो सजाय भोग्नु पऱ्यो। भतिजा ! म अब बाँचू ! न म मुख देखाउन लायक छु, न यो जिन्दगी राख्न।' अँध्यारो माकुराको जालो लागेको चिसो खोपीमा सानीमाको त्यो हालत देखेका शिखरले एकाएक उत्तर दिन सकेनन्।

एकछिन रोकिएर मुस्किलसँग फेरि भनिन् – 'भतिजा, जातबाट त खसें, कर्मको फल भोग्नै पऱ्यो, भाइतीका घर गएर ढिकमुन बस्ने भएँ, कर्म भएको भए विदेशी दुलाहा आउँथ्यो, के गरूँ, मेरो उम्स्याट्ले हैन, बैंसले हैन, कर्म र कर्तुक जुटेर यसरी झेलमा बस्नु पऱ्यो। प्राण त्याग्न मन लाग्छ तर यो पापको डल्लो छोरो ! देखेपछि मायाँ लाग्यो। यो मर्छे भन्छु अनि रोकिन्छु।'

'त्यो कुरा नगर्नुस् सानीमा। हरेस् खाएर मात्र के हुन्छ र ! हुने कुरा भै हाल्यो। बाँच्नु त पर्छ। तपाईंलाई नदेख्दा मन आत्तिएको थियो। अब त धार्जेसित काम गर्न लाग्छौं। तपाईं पनि धार्जे भएर बस्नुस्। आत्तेर बस्ता शरीर सुक्छ।'

'त्यो हो, तर म नआत्ते पनि, धार्जे रहेपनि, मेरो ज्यू सुक्छ भतिजा ! गालेबुढो अनविश्वासी रहेछ ! फेरि उसको नाति त्यो लाठे !! कलिली सुत्केरी, ताप, पापजस्तो अभागले खिइसकेकी अबलामाथि मनपरि गर्छ। के गरी बाँचूँ म सहन सक्तिनँ। बुद्धि भुटिएर यहाँ बहक्किएँछु। आजै मलाई उम्काऊ यहाँबाट उसको नाति आउने बेला भयो अब।'

‘ए त्यसो हो, म मामालाई सोधेर आऊँ है तो !’

‘त्यसो नभन भतिजा ! अब गालेको नाति आइपुग्छ।’

‘हिंड्नुस् तो ! तपाईंको बिलौना देख्न सक्तिनँ। जाऊँ ! म बालक बोक्छु तपाईं पछिपछि आउनुस्।’

झटपट गरी सानीमाले लुगा धोती डल्लो पारिन्। कोखिलामा च्यापिन्। बालक बोकेका शिखरको पछि लागिन्। घुरुक्क खोपीको दैलो खोले। बाहिर निस्के, लाठे तन्नेरी जुमुक्क आयो। लाइट झिलिक्क पार्दै हे-यो- मुखमा लाइट लगाएर। चिन्यो। सोध्यो -‘कहाँ जान लागेको ?’

शिखरले उत्तर दिए - ‘निसाफ खोज्न, जहाँ पाइन्छ त्यहाँ !’

‘निसाफ खोज्न अर्काको घरबाट चोरेर जाने ?’

‘के चोरेको छ ? कसले ? यी सानीमा, म भतिजो। न्याय र सत्यको ढोकामा जाँदैछौं। एक अबलालाई कैदी बनाएर, खाल्टोमा हाल्ने काम गर्दै यस्ता कुरा गर्ने ?’

‘सानीमा - भतिजा भन्छन् कि के भन्छन् ? रातीमा खोपीमा भेट्न आउने अनि सँगै भाग्नेहरूलाई ?’

‘के भन्छन् तो जे नाता छ त्यो नभनेर ?’

‘कुरा धेरै नगर जहाँको तहीं गर। तँ पनि जान पाउन्नस् टुङ्गो नलागेसम्म।’

‘यहाँ राखेर खुन चुस्ने काम मनपरी अत्याचार गर्न पाइन्न भनेर। जति दिन कुहाउनु थियो र थिच्नु थियो कुहायू, थिच्यू। अब त पाउन्नौं। न्यायको ढोकामा पुग्छौं। फकिन्नौं।

शिखरको उत्तरले लाठेका कन्सरी ताते। उसका मुखबाट एकाएक मनपरि गाली गर्दै हातको लाइटले शिखरमाथि प्रहार गऱ्यो। उमेरमा एकदुईवर्ष कान्छा हुँदा हुन् शिखर। तर, उनका इन्द्रिय मजबुत थिए। डर थिएन, साहस थियो। सानीमालाई बालक दिए। लाठेमाथि जाइलागे। बुढी औंलो हत्केलामा लुकाई पारेको, पछाडि लगी मच्चाएर दिएको एक कँसिलो मुड्कीले लाठेका बङ्गारा हल्लिए। ऊ चिच्यायो -‘बाज्ये।’ घरबाट अलि टाढा ! उसको बोलाइले काम गरेन। यस्तै रातीनु उनको खोपीतिर जानुको कारण देखाउन पर्ने ! लाठे बढी चिच्याएन। फेरि चिच्यायो तर अड्कलेर, उनलाई

थर्काउन मात्र चिच्यायो। उनी के थर्किन्थे ? युवक बनिसकेका थिए। एक क्षत्रिय बच्चा हुँ भन्ने आत्मबल पनि त थियो उनमा, मौकामा देखाइहाल्थ्यो।

सानीमालाई कहाँ लग्नु ! मामाकै घरमा लग्नु पनि शशे गालेको धेरै नजिक। फेरि दबाउनन् भन्ने विचार गरेर आफ्नै घर लगे। सानीमाले कालबाट बँचेको अनुभव गरिन्। अर्को जन्म भएको ठानिन्। बाँचेपछि छोरीको न्वारन हुँदै गर्ला भन्ने सम्भिन्। दुस्मनको हातबाट उम्की दिदी भतिजोका साथमा पाउँदा उनलाई शीतलशान्ति र आशाको अनुभव भयो। हुनत, उनको जिन्दगीको आधार अनिर्णित, अनिश्चितै थियो। तैपनि, एक अबलाले सहनै नसक्ने गालेको थुनाइ, मतलब सिद्धिको बाटो र उसको नातिको अनुचित व्यवहारबाट उनी उम्किन शिखरलाई भनिन् 'भतिजा। एक त, मेरो र यो रगतको ढिलको जीउ बचाएकोमा मेरा आशीष छ, तिम्ले लाखौं विपतिहरू आइलागे पनि जित्न सके ! म जस्ता सबैलाई बँचाउन सके ! तिमीलाई भगवान्ले आकाशमा चम्किरहने तारा बनिरहने आशीक दिइराखून्।'

'हो, सानीमा ! तपाईंलाई टेक्ने ठाउँ छैन, त्यसको निश्चित, सत्य ठाउँलाईनै बनाउन सकौं, सक्छौं।' धन्दा नमान्नुस्। बस्नुस्। म उज्यालो भएपछि मामाकहाँ जान्छु।

'हुन्छ ! जाऊ।'

# बाह्र

भक्भकेले 'बा' भनिनसक्तै रातबित्यो। राम्रोसँग निंदै नपुग्दै आमाले झाँतो नारिन्। शिखरका आँखापनि खुले। भूँडे, गाले, सानीमा शशे, उसको छोरो, दिदीहरू सम्झिंदै कुरा खेलाउँदा खेलाउँदै उषाको प्रवेश भयो। गुम्म आकाशमा मात्र हैन, बादल जुराकाजुरा निस्केर कहिले आकाशतिर उकालो लाग्छ ! कहिले पृथ्वीतिर ओरालो। कहिले कुहिरो बनी पाताल छाउँछ। पानी गजबको छ। दरर्रर: आउने ! चाँडै बिदो हुनेगर्दा कामदारलाई सजिलो पर्थ्यो। तर, भनेजस्तो के हुन्थ्यो ! वर्षातको समय - कुनैबेला झिम-झिम ! कुनैबेला दर्किरहने, कुनै बेला रून्चे जुम्रा झैं। जहाँ गएपनि ओत वा छाताको जरूरी छ। किनकि, चारैतिर पानी परिरहेको छ। झर्नाहरू सेतैभएर नाटक देखाउँदै खोलातिर झर्दछन्। पनाहाखोलो उर्लिरहेछ। मधानेका धुरीबाट सातमूलेका छहराहरू छर्रिंदै झर्ना हुँदै झरिरहेछन्, बगिरहेछन्। जतातत्तै हरा-भरा - हरियालीले छाएको छ। किसानहरू एकदिन गरेर वर्षदिन खाने दाउमा खेतीमा व्यस्त ! चारैतिर व्यस्तता ! खुसियाली छ। रोपाइँ गरेर दिन बित्छ। यसबेला शिखरका आँखा हिंजो खसेको पहिरोमा परे। त्यहाँ रूख, बिरुवा केही छैनन्। सबै पहिरोले बगायो। 'ङिच्च्च' हाडखोर मात्र देखाएको छ। उराठ लाग्दो छ। उनले सोंचे - पृथ्वीनै यस्तो कच्चो छ, जसलाई हामी अजम्बरी ठान्दछौं। उसैलाई पनि बलियो वर्षाले पहिरो बनाई बगाउँछ। उब्जाउ भूमिलाई पनि बालुवा बनाइदिन्छ भने बलियोले निर्धोलाई राख्ने रहेनछ। तब त, आमाले 'एक पटकको बल त भल हो' भन्नु हुन्थ्यो।

'मानिसलाई पनि त बलियाको फन्दामा फस्नुपर्छ - कसरी धनीहरू गरीबलाई दबाएर साँढे बनेका छन् ? उनले गरीबको जे पनि खान्छन्, जीवन पनि।' आमाले भन्नुहुन्छ - 'गरीब गरीब नै रहन खोजेर पनि हो, धनीको धन पनि जम्मा भए मात्र डाहा गर्न सक्छ, नत्र सक्दैन। त्यसैगरी गरीब पनि जम्मा नभएर हो। धन झैं जम्मा हुने हो भने, धनीको के लाग्छ र ? पालो फर्किन के बेर ! कहिले दिन लामा, कहिले रात ! जबसम्म असत्यको बोलाबाला हुन्छ, तबसम्म धनीका दिन रहन्छन्। जब सत्यको बोलाबाला हुन्छ, तब गरीबहरूको पनि दिन आउँछ।'

उठे। पेटीमा गए। भने - 'सरासर आए भै हाल्छ नि !'

भूँडेसाहू छोराको अघि लागेर आयो। शिखरले गुन्द्रो हालिदिए। उ बस्यो।

उनलाई लाग्यो - 'यो, मेरो लागि मेरो घरमा यमदूत भैरहेछ ? मेरी आमा-बहिनीमाथि खराब उद्देश्य राखेर ? दुष्ट ! सिद्धाऊँ कि ? हैन, धीरा भै रहनू विपत्ति सहनू कस्तै परेता पनि ......... तब जितिन्छ विपत्तिलाई ! आमाले भन्नुहुन्छ।'

सुस्तै बुझौं भन्दा भन्दै पनि निस्क्यो - 'भन्नुस् बाजे किन आउनु भएको ?'

'अरू किन हुन्थ्यो ? भाका नाघ्यो। हिसाब बुझा ! भन्न आएको।'

'अहिले मसँग के देख्नुभएको छ र बुझा भन्नुहुन्छ ? केले तिर्ने ? पर्खिन सक्नुहुन्न, दुईचारवर्ष ?'

'तैंले तिरेको खण्डमा मेरो कति बढेर जान्छ। अर्काले ठेकी कोसेली दिन्छ त्यसैले।'

'त्यसो ता होला। ठेकी कोसेली म दिन सक्तिनँ। ब्याजसम्म दिने हो। तैपनि अहिले ता छैन।'

'त्यस्तो कुरा हैन ! तँसँग सबै छ। जेबाट तिर्छस् तिर्। अब ता म नउठाई छोड्दिनँ।'

'के छ मसँग खेत पाटाका साना-साना टुक्रा र गाइभैंसी त हुन्, अरू के छ ?'

'तिनै दिए पनि हुन्छ'।

'हुनत हुन्छ बाजे ! तिनै दिए पनि। तर बहिनीहरू हुर्काउनुपर्छ मैले।'

'हुर्काउनुपरे म ऋण दिइहाल्छु नि ?'

'पछि दिम्ला भन्नेले अहिले थाम्दिन सक्नुहुन्न ?'

'अब धेरै कुरा नगर् शेख्रे। दिन्छस् दे, नदिए डोकाले ढाकेर लिन्छु।'

'मलाई ढाक्ने डोकाले। म कुखुराको चल्ला हुँ र बाजे ! म ढाकिन्नँ, लेऊ के के चाहन्छौ ?'

एकै छिनपछि सावाँब्याज गरी जम्मा सत्रसय उसका छोराले निकाल्यो। ब्याडे गरो, लैनोभैंसी र दुईवटा ब्याउने बाख्राले ठिक्क खाम्यो। दशपैसा फर्किने भयो।

शिखरले दुःख मानेका छैनन् - 'यस्तो साहूलाई मेरो घरमा आउने बाटो राख्नु भन्दा सबै तिरीकन पठाउनु बेस छ। यसको मुखै नदेख्न !

यसको ता घोंडा चढेर बाँच्नु छ।' तैपनि, शिखर मान्छे हुन्। त्यो खेत, अनि त्यो गोठ सम्झे। चरक्क मुटु चर्क्यो। चर्केर के गर्नु ? त्यो साहू तिर्न पर्‍यो। हुनत, दुईसय रुपैयाँ लिएको, छ वर्षमात्र भयो। त्यसको विरुद्ध के गर्ने के ? भूँडेको व्यवहारै त्यस्तै छ। त्यसो नगरे कसरी धन कमाउँथ्यो, व्यस्तै भए पनि गाउँमा एकदुईटा मान्छे धनी हुनुपर्छ। नत्र त, सरकारी काम, कार्मचारी, भैपरी आउँदा को अघि सरोस् ? गरीबै गरीब अघि सरेर हुने सुन्ने प्रचलन छैन।' फेरि भूँडेले के सम्झ्यो। सायद, अझै आइरहन चाहन्थ्यो शिखरको घरमा।

'तानो पनि चाहिन्छ, शिखे, लैनो भैंसी राख, अरु तिरे पनि !'

'पर्दैन। तपाईंलाई तिरेको साहू बरबर बनाएर हलगिन्छु। शिखरले उत्तर दिए। भित्र बसेर कान थापेकी आमासँग सल्लाह माग्दा पनि 'त्यसको पाइलो नफर्कोस्, दिई पठा !' भनेकी थिइन्।

खुसीसाथ शिखरले खेतको राजिनामा सहीछाप गर्न अघि सरे। उसको छोराले औंलामा छापदानी लगाउन थाल्यो। तर, औंला भोजस्तो भएन। उसले भन्यो -कस्तो मूर्ख रहेछ। यस्सो गरा भन्दा ता ?'

'तिम्रो त कामै यही छ र पो ! पख केहीवर्षपछि, म मूर्ख कि तिमी मूर्ख।' शिखरले राम्रोसँग जवाफ फर्काए। उसका बाबुछोरा मुखामुख गरे। काम सकियो। राजिनामाको कागज गोजामा हालेर भैंसी र बाख्रा खेदेर उनीहरु गए। आमा छोरा आफूले पालेका वस्तु जादाँ पनि त्यतातिर फर्केनन्। गोठ रित्तिएको देखी रोइरहेका बहिनीहरुलाई लगेर शिखर घरभित्र गए।

# तेह्र

'कस्तो भान्जा यो गाले ? साख्खै भएर भन्थ्यो। म न्वारन गराइदिहाल्छु। दिपेकहाँ गएकी केटी अड्डामा पुराउन दिन्न रोक्छु। जताबाट बचाउन जिम्मा लिन्छु भनेर मलाई पाँचसयको तमसुक गरिसकेको थियो तर बैनी आफै राखेको रहेछ र पो दिपेलाई आँटेको रहेछ। त्यो पाँचसय पनि आफैलाई होला। मार्‍यो भान्जा, मार्‍यो यसले !' मामाले भने।

'तमसुक गर्दिसक्नुभयो ?'

'अँ।'

'किन गरिदिएको त तपाईंले ? भन्दाखेरि ता भन्नुहुन्थ्यो जे गरेपनि मामाभान्जाको सल्लाहाले गरौंला ? खै तो सँधैं त्यसो गरेको ?

'पहिले गरिसकेको, भाञ्जा !'

'खै यसो हो भने त, मुस्किल छ। तमसुक चेताउन, काल्कला  सानीमाले लोग्ने नाता पाउनु भए पनि पैसा ता तिर्नै पर्छ मामा !'

'जातबाट बच्न पाए, बैनीलाई चोखाउन पाए हुन्छ भान्जा ! पैसा गए जावस्।' पैसा फुक्न चाहने हो भने ता काम आजै भइहाल्छ।'

'सकेसम्म त कहाँ र ?'

'कस्तो यी साहूहरूको कागताली ? आफ्नो घरमा सानीमा राखेर दिपेले लग्यो भन्ने, खाली डरदेखाई पैसा झार्ने ?'

'यसैले ता मासे भान्जा ! दुनीयामा पसिना-पसिना काढेर मान्छेले एक माना जोर्छ, एकटालो जुटाउँछ, त्यसलाई पनि यिनीहरु लिन्छन् ।आफ्नै बारमासे चाकडीदारको पनि ।अस्ति झोपडी र सुर्को लियो। बिचरा टोप्रेका लेखमा गएर खोर्रे खन्द छ।'

'हो'।

एकछिनपछि, शिखरले सानीमालाई निकालेर खोपीबाट निस्किंदा लाठसँग भएको मुक्का-मुक्की बारे बताउँदै थिए।

चन्द्रबहादुर दगुर्दै आयो 'शिखर।' ऊ शिखरको एउटा ग्वाले साथी

हो। केटा टोलीमा ऊ जस्तो आत्मीय साथी उनको अरू छैन। बाल्यावस्था देखिनै सँगै खेले। सँगै बढे। चितुवा मार्नमा पनि उसले राम्रो साथ दियो। उसका बाबुआमाले शिखर झगड्डया छ। त्यसको सङ्गत नगर भनी कति चोटि पिटे। चेतावनी दिए। उसले कहिल्यै मानेन। बरू, बाबुआमाको आज्ञा भङ्ग गर्नु हिच्किचाएन। शिखरलाई कहिल्यै छोडेन। तैपनि, बाबुआमाको सेवा र सहयोग गर्न कहिल्यै चुकेन। त्यस्तो सहयोगमा शिखरको पनि पूर्ण साथ रह्यो। 'हँ !' शिखर बोले। अलिपर बाँसका रुखमुनि गए। दुईटा एकान्तमा बसे। 'म एउटा सल्लाह माग्न आएको छु' भने चन्द्रले।

'के सल्लाह र ? मेरा गाईभैंसी बाख्रा भूँडेले लगिहाल्यो। अब मेरो ग्वाला साथीहरुसित खेल्न, रानीवनको वनमा घुम्न टुट्यो। चन्द्र ! मसँग केको सल्लाह ?'

'तिरेको साहू रौं बराबर'। त्यो दुष्टलाई तिरी पञ्छाउनु राम्रो काम हो। गाई-भैंसी मेरो भागमा कति पर्छन् ? आधाआधा गराउँला भएन। म छुट्टिन पर्‍यो।

'किन छुट्टिन्छौ आजै ? आफ्नो घरबार छैन। केही छैन। भर्खरको उमेरमा बाबुआमाका साथ बसी बुझ्ने, सिक्ने गर्नुपर्छ। बरू, मेरो सानीमाको काममा सहयोग गर। चाँडै फर्साऊँ। अनि पढ्न जाऊँ। मेरी आमाले सबै तरिका पारिदिनुहुन्छ। म नपढी छोड्दिन।'

'त्यो त गर्दै गरौंला। यहाँ आत्तुरीको कुरा अर्कै छ।'

'के भन त ?'

'के हुन्थ्यो ! मेरो दाइ कस्तो छ भने, रातभरि रक्सीरण्डीमा डुल्छ। उज्यालो हुनेबेला घरमा आएर सुत्छ। उठाउँदा, काम अऱ्हाउँदा बा आमा भन्दैन।'

'के भए छ त ?'

'गए राती थानेका घर जिउँती थियो। त्यहीं गएर तरूनीसित बसेर आएछ। सुतेको बेला बाले 'लाज पनि नाइँ के के भनेछन्। उठेर पिट्न पो थालेछ। म त घरमा पनि थिइनँ। आमाले छुट्टाउने कोसिस गर्दा आमाको दूधमा लात्तीले हानेछ। अनि, मर्नु न जिउनु भएर पल्टिनु भएको छ - 'जुन दूध चुस्यो उही दूधमा लात्ती ! हेर त !! कस्तो मान्छे ?'

'भनन, अँ अनि के भएछ ?'

'आमाले थाहा नपाउने भै पल्टेपछि बाबुछोरा खुब लडेछन्। आखिर

नजिकैको दाउराले टाउकोमा हानेछ। डरलाग्दो गरी काटेको छ। रगत बगेर देख्नकोमाना छैन। के गर्नु ? रक्सी-रण्डी अनि बाबुमाथि दाउरा आमा माथि लात्ती !'

'त्यस्तै भएपनि, तिम्रो दाइ, मायाँ लाग्नै पर्‍यो नि।'

'लाग्दैन सायद, तिम्रो सङ्गतमा नपरेको, रक्सी नछोडाएको भए, म पनि त्यस्तै हुन्थें कि। यस गुनले मैले तिमीबिना केही गर्नेछैन, भन्ने निश्चय गरिसकेकी छु। अब के गरौं भन ?'

'तिम्रा दाइले तिमीले भनेको मान्छन् ?

'मान्छन् होला। अस्ति भाउजूहरूलाई अङ्स दिएर छुट्टाइदिएको त सबैले गुन मानेका छन्। रातदिन कुटामार थियो। उसैबेला, स्वास्नीसित जाऊ भनेको। अर्की स्वास्नी ब्याहा गरेर जाने भनी बसे। पुराना स्वास्नीसित न मिल्ने रे ! आज यस्तो गरे।'

'स्वास्नी छुट्टाएर आफू घरमा एक्लै छन् ?'

'अँ !'

'बा-आमाले पनि तिमीले भनेको मान्छन् ?'

'मान्छन्। अहिले फराद गर्न जान्छु मुख्खेकहाँ भन्थे। म नआएसम्म कतै नजानू भनी आएको छु। दाइ पनि घरै छन्।'

'त्यसो भए, दाइलाई नयाँ भाउजूसँग आफ्नै घरमा बस्न लगाउनुपर्छ बा-आमासँग माफ माग्न लगाऊँ। रक्सीले छोडेपछि माफ माग्लान्। नभए हाम्ले कोसिस गर्नु पर्‍यो। बाबुछोराको कुटपिट मुख्य तालुकदारकहाँ पठाएर राडो मच्चाएर के गर्ने ? पैसा खाएपछि मात्र काम गर्छन्। पैसा जान्छ आफ्नै !'

'हुन्छ। म कोसिस गर्छु। म अहिल्यै गएँ। तिमी एकछिनपछि आऊ।'

'हुन्छ।'

# चौंध

‘मामा अब चरा मुसाले पनि थाहा नपाउने गरी धार्जे भएर बस्नुस्। गाले, काले, भूँडे कसैलाई भेट नदिनुस्। सानीमा मेरो घरमा भएको कुरा माइजू, बाजे, बजै कसैलाई पनि थाहा नदिनुस्। कसैको एउटा प्यारो होला त्यस प्यारोको अर्को प्यारो होला, यसैगरी कुरा सर्छ। गाइँगाइँ हुन्छ। त्यस्तो भयो भने, हाम्रो गति राम्रो हुन्न।’

‘हुन्छ भान्जा !’

‘म कामको फत्त नगरी फर्कन्न। भरे गै आमालाई नआत्तिन भन्नु होला सानीमालाई पनि।’

‘हुन्छ।’

‘थाहा पाउने गरी किन जाऊँ ? राडो मच्चियो भने गाले, भूँडेले मलाई धस्ने छन्।’ भन्ने विचार गर्दै मैलो चाउकी नभएको टोपी, खुम्रेपेटाङ्गे लाएर, मैलो कछाड बाँधेर, डोको बोकी डोकाभित्र दुईटा नयाँ डाला हाली लौरो टेकेर चन्द्रबहादुरका घरतिर लागें।

‘पाहुर लग्ने हो, पाहुर बेच्ने हैन’। सोध्नेलाई जवाफ दिंदैं घोप्टे मन्टो लगाएर गएँ। हिंड्दैमा घाम भयो। रूखमुनि शीतलमा बसें। उकालो चढ्दै पसिना पुछ्दै एउटी सिंगारी केटी आइन्। हेरें देखें – ‘लक्ष्मी !’ सायद घरबाट आउँदै होलिन्, उनले ठाने। बसेर कुरा गरौं गरौं लाग्यो। तर, के भन्लिन्, यस्तो देखेर। सोंचें, ‘हैन, उनले यस्तै भएपनि केहीं भन्दिनन्।’ लाग्यो। लक्ष्मी जति नजिकिंदै थिइन्, उति उनलाई धैर्यता घट्दै, अधैर्यता बढ्दै गयो। ‘सबै कुरा बिसाऊँ लक्ष्मीसँग उनी बाल्यावस्थाकै साथी हुन्।’ निश्चय गरें। बनिएर बसें। एकाएक सम्झें – ‘चन्द्रलाई आत्तुरी भए हो, एकै छिनपछि आउँछु भनिहालें। अविश्वासी ठान्लान्।’

जुरुक्क उठे डोको बोके। ख्याङ्ग–ख्याङ झरे। उकालो चढ्दी लक्ष्मीले सोधिन् – ‘आगो छ डाले दाइ ?’ ‘छैन।’ बल्लबल्ल शिखरलेउत्तर दिए।

‘झसङ्ग भयो लक्ष्मीलाई, चिनेको स्वर जस्तो। पछाडि फर्कैर हेरिन्, तिग्रा पनि उस्तै। तर, गइसकेको डाले दाइसँग के कुरा ?

चन्द्रको घर पुगेर शिखरले साधे ‘डाला राख्छौ हजुर ?’ चन्द्र

बहादुरले झटपट भने 'राख्छौं। ल्याऊ।'

'पर्दैन। छन् डाला थुप्रै। उनकी आमाले भनिन्। उनले नसुने जस्तो गरेर डोको दलानमा राखे। शिखर चन्द्रको पछि लागी तलामा गए।

एकछिन कुरा गरे। शिखरले सोधे, - 'कस्तो छ त बुझ्यौ ?'

'बुझिसकें ठिकै जस्तो छ। नमानेर के गरून्, दुबैले मान्छन्। नयाँ भाउजू पो कसलाई ल्याइदिने ?'

'कुरा मिलोस्न पैले। दुलही त मैले देखेको छु। को दुलही कहाँ ?'

'तिमीलाई थाहा छ कि छैन ? कुरा नलुकाऊ। म मर्नु परेपनि लुकाउन्न। कान्छा थापाकी कान्छी छोरी मेरी सानीमा हुन्। हेरन, बिचराको के गति छ ! छोरी पाइन्, न्वारान भएको छैन। तपाईंका दाइको गर्भ हो भन्छिन्, दाइ के भन्नुहुन्छ ? दिपेकहाँ केटी पुगी भन्ने हल्ला मच्चाएर गालेले सानीमालाई उरालधुराल पारेर, आफ्नो घर लगी लुकाएछ। मामालाई तर्साएर पाँचसयको तमसुक गराएछ। खोज्दाखोज्दा पत्ता लगाएर भेटें। रातिमा उम्काएर ल्याउँदा लाठेले सकेको भए मार्थ्यो।'

'ए गालेले आफै लुकाएको ?'

'अँ !'

'बदमास ! पाँचसयको तमसुक के भनेर गरेछ ?'

'मगरको भातमा परेको छस् उम्काउने हो भने ले, नत्र मगर हुन्छस् भनेर।'

'दाइलाई पनि निको गरेको छ र त्यो गालेले। दिपेले केटीलाई फिराद गराउन खलङ्गा लग्यो। म रोक्छु भनेर तीन हजारको तमसुक गरेको छ।'

'त्यसो !! अरू के के गरेछ ?'

'म त त्यसबेला थिइनँ। जात नमिल्दो क्षत्रीकी छोरी ल्याएर के गर्ने ! चलन नै छैन। कन्या केटी मगर्नी खोजेर ब्याहा गरिदिउँला। न्वारान गरिदेऊ। धेरै स्वास्नी भएपछि अङ्स दिन पनि दुःख हुन्छ। त्यसैले अलिकति पैसा दिएर कसैलाई गराउँला। पैसा पाएपछि एउटा गरीबले न्वारानको धागो बाँधिइहाल्छ। अनि जहाँ जान्छे जान्छे, भनेछ र न्वारान रोकेछ। हैन भन्न लगाएछ। पछि दिपेलाई भनी तीन हजारमा फँसाएछ। अझ केटो किन्दा कति भन्ने विचार राखेको छ। नत्र त दाइले हैन भन्ला जस्तो गरेको थेन।'

‘सबै कागताली कसका रहेछन् त बुझ्यौ चन्द्र ! जातले के गर्छ ? खसिनी भएपनि मगर्नी बनिन् भने के त ! कन्या ब्याहा गरेपछि भोलि उस्तै हुन्छे यिनी छोरी पाएपनि उमेर काटेकी छैनन्। बल्ल सत्रमा टेकिन्। रुपलाई भन्ने हो भने अन्त त्यस्तो नदेखेर तिम्रो दाइ फसेका हुन्।’

‘अहिले कहाँ छिन् ?’

‘मैले लुकाएको छु, गालेको कागताली तोड्न भनेर। तर, दुईतिरबाट पैतीस सय पड्काइ सकेछ। उता सानीमाले दुःख पाइन्। के गर्नु, हो होमा लाग्ने मानिस भएपछि, आफ्नो खाल्टो आफैं खन्दा रहेछन्। खुरुक्क सानीमा ल्याइदिएका भए, त्यत्रो नोक्सानी हुन्नथ्यो।’

‘यी बोकाहरूको के कुरा। जानेका छैनौं र बोकाले फुर्मान भएर मान परमेश्वर भनी पानी छर्के पछि फुरुर्रर: जीउ हल्लाएर मान्छ, अनि काटिन्छ। त्यस्तै यी बोकालाई पनि फटाहाले सजिलैसित मनाउँछन्।’

‘अब म एउटा कुरा भन्छु मान्छौ ?’

‘मान्छु।’

‘सानीमालाई भित्राई न्वारान गराइदिऊँ, अनि दाइलाई छुट्टाइदिऊँ - बाबुआमासितबाट। तब यिनीहरूको कुटाकुट हराउँछ।’

‘हुन्छ। तर, पहिला फकाएर कुट्पिट्का कुरा टुङ्गाऊँ। आफ्नो हातमा आइसकेपछि भित्राउने कुरा गरौं।’

‘हुन्छ।’

‘लौ त, म बाआमालाई दाइलाई पनि बोलाउँछु, तिमी यहीं बस।’

‘हुन्छ।’

# पन्ध्र

खैरा–खैरा आँखाका छेऊँछेऊँमा कचरा, मिचिएको जस्तो कपाल एक गालामा खुइलिएको चोट देखिने। तिग्रे–मुङ्ग्रे लायक, भर्खर दुई छेउँमा जुँगाका रेखी बसेका, सेतो ठुटे भोटोमाथि झपक्क सिक्रीसितका लहरै चारआनीका टाँक जडेको कालो अस्कोट, यसमाथि गजतिरबाट भाँचिएको किनारे बाग्लुङ्गे भाङ्रो बाँधेका चन्द्रका दाजु आए।

'ए टपैं पो, मट को रहेछ भनेर ! निंदमा उथाएर पथायो चन्द्रले।' उनले भने।

'अँ, म आएको तपाईंहरूसित भेटघाट गरौं भनेर।' शिखरले उत्तर दिए।

'के भेतभात गर्नु पऱ्यो र हामी सिट। काम पनि टा होला नि !'

'यसो त केही काम पनि छ। बस्नुस्न !'

'बस्नैटा पऱ्यो नि, आफ्नो घर नबसेर कहाँ बस्ने ?'

'सुस्त सुस्त उस्सः, उस्सः' गर्दै मैलो काम्लो ओढेर कपालबाट बगेर जमेको रगतका खोस्टा आँखीभौं, जुँगामा जमाएर बाबु आए, पछिपछि आमा पनि।

'मैले चिनिन बाबु टिम्रो घर कहाँ रे ? उनले सोधे।

'चिन्नुहुन्न र ? म  पल्ला गाउँको कान्छा कुँवरको छोरो ता हुँ नि।'

'ए ! मट, एकाटिर बूधौली लाग्यो। अर्कोटिर यो छोराले खाइसक्यो। मरेनन् भनेर कानै कात्यो। सम्पटिभरि सर्वस्व ......... यसको मनाहारी पुराउन सकिनँ मैले।'

नजिकै बसेको चन्द्रका दाजु उमेका चण्डीका रौं उठे। उसले भन्यो – 'आफ्नो नि, आफ्नो ट डिखिन्न। हामी सानासाना ठिइम् – यिन्ले बूधा बाबुलाई कस्टो पित्थे आफूलाई भनी छुन हुन्न।'

'अँ, उस्टो हो टेरो कुताइ। भाग्यले बाँचे काजी म ट। कस्सै मारेको हो मलाई ?'

'के के कराउन लागेको ? फेरि यसरी काम चल्छ भने लौ म पनि भाग्छु यसै गरी नत्र, यस्तो बानी छोडीदेऊ। तुरुन्त मिलेर बाउछोरा बाउछोरा भएर बस। हैन भने आफ्नो सर्वनाश आफैं गर्नेछौ। म त अताक छु। पछि मरे, दुःख पाएँ, भनेर भन्न पाइन्न' भन्दै चन्द्रबहादुर आए। 'टैले गर्डा ट हो नि चन्द्र म

बसेको ! नट्र अैलेसम्म न्याय पाइसाक्थें म।'

'के भएको छ र पाउँछौ न्याय, बाउ छोराको न्याय।'

'लौ शिखरजी यिनी दाइ यिनी बा अनि आमा सम्झाइकन मिलाइ दिनुपर्‍यो।'

'के के भएको हो र, तपैंहरू कल गर्नु भएको हो ?' शिखरले सोधे।

'के के भनौं, लाज लाग्डो काजी बाबु ! छोरो पनि छोरै रहेछ। रातभरि रक्सी र रण्दी, डिनभरी ओछ्यान। उथाउन खोज्यो, काम अऱ्हायो कि लथ्थी मुद्की, बलिस्तेसँग म बूधाको के लाग्छ रे !'

'बाबु पनि छोरा यस्टो छ भनी जानेपछि ता नबोले हुन्ठ्यो। म त यी बाबुछोरा देखेर वाक्क भैसकें। न कहीं जाने हुन्। कहिलेकहीं ता अलिपर गयो कि मायाँ लागेर आउँछ। फेरि फर्किन्छु।' उनकी आमाले आँसु झार्दै भनिन्।

'यो बुधी पनि मै माथि लागि .............।' बूढाले कुरो नसिद्धाउँदै उमेले भन्यो – 'आबोईले मेरोमात्र डोस देख्छिऊ। आफ्नो लोग्नेलाई ओत्छिऊ, मलाई डेखिसहन्नऊ भने डेऊ अङ्स निस्कन्छु स्वास्नी पनि मेरा लेखी मरे। एउटी स्वास्नी टा पाम्ला, ल्याएर बस्छु।

'अब बाझ्ने कुरा गरेर के साध्य, यी कुरा छोड्नुस्। आमाबाबु भनेका आमाबाबु हुन्। छोरा–छोरै हो। यति नजिकको नाताभन्दा ठूलो नाता कसैको पनि केही हुन्न।' शिखरले भने।

'नजिकका नाटा ट रण्दी हुन्। रक्सीका धुत्कासित।' बूढाले ने।

'हैन रण्डी त के कुरा गरम् ? आफ्नो जिन्दगीभर सँगै बस्ने स्वास्नी र छोराछोरी भन्दा पनि बाबु–आमा भन्दा बढ्ता नजिकका हुन्। जीवनसाथी हुनाले प्रेममात्र स्वास्नीमा बढ्ता हो। आमाले मलाई रामको कथा भन्नु हुन्थ्यो सानामा, तब सुनेको हुँ। रावणलाई मारेपछि लक्ष्मणले लङ्कामै बसौं भनेछन् तर, रामले आमा र जन्मेको देश स्वर्ग भन्दा पनि ठूलो हुन्छ। त्यसैले फर्किऊँ भनेछन् र फर्केछन्। मेरो खूब चित्त बुझ्यो। संसारमा सब चीज पाइन्छन् तर बाबुआमा पाइन्नन्। यो कुरा उमेदाइले बुझ्नु – छोरासँग पनि मायाँ राख्नुपर्छ भन्ने बाबुआमाले बुझ्नुस्, जसरी बस्नु भएको थियो, त्यसै गरी बस्नुस्।'

'त्यस्तै हुनुपर्छ। हैन भने, सबैको नाश हुन्छ। बा, आमा, दाइ, छ र पो सम्पत्ति छ ! चन्द्रबहादुरले थपे।

'हेर्नुस् दाइ ! देख्नुस् - बाबुआमा संसारमा जति मान्छे भए। गए। उनको कथाबाट थाहा पाइन्छ। बाबुआमा छोराछोरी नमिल्ने हो भने सबैको नाश हुन्छ। त्यसलाई सम्झेर बाबुआमाले अऱ्हाइसिकाइ गर्ने, छोराले त्यो मान्ने गर्नुपर्छ। तपाईंले रामचन्द्रको कथा सुन्नुभएकै छ होला ! राम बाबुको आज्ञा मान्न चौंधवर्ष वनबास गए। कति दुःख भोग्नु पऱ्यो कति रावणसँग लडाइँ गर्नुपऱ्यो। तैपनि आज्ञा मानें हेर्नुस् दाइ ! सम्झनु पर्छ र यस्तै हुन सिक्नुपर्छ।

त्यसै गरी दशरथले छोराको पीरले प्राण त्यागे भने छोराको कत्रो मायाँ रहेछ उनलाई ? यी सबै सम्झी रिसखीस जम्मै बिर्सनुस्, आफ्नो घाउमा आफैं नूनचूक दल्न हुन्न। बाबु छोरा मिली औषधि गर्नुस्, चाँडै निको हुन्छ। उजुरबाजुर गरे तपाईंहरूको सम्पत्ति सक्किन्छ। अस्ति भर्खर गालेले सानो काममा त तीनतीन हजार पड्कायो। अझ यस्तो चोटपटक भएको मुद्दामा कति लाग्ला ? आफैं विचार गर्नुस्। शशे साहूको सन्तान भन्ने नाम राख्ने हो भने मिल्नुस् बाबुछोरा। छोराले माफ मागी ढोगी दिनुस् बाबु लौ भन्नुस् के भन्नु हुन्छ ? के छोरो र बाबुको कुटपिटमा अड्डा अदालत गर्ने ? धन हाल्ने सजाय तिरातिर गर्ने भन्नु हुन्छ ?'

'बाले जानून्। मलाई ट कुटेको पनि थाहा छैन।' उमेले भने।

'कसलाई ठाहा छ कुत्नेले थाहा छैन रे ?' झोक्किएर बूढाले भने।

'मैले कुतेटे र ?'

'नत्र कुन टेरो बाले ?' दुबै बाउ छोराले पेटाङ्गेका बाउला माथि सारेर दुबै उठे।

'फेरि यिनै कुरा, जाउँ तो हामी ? बस तीमीहरू, लडैखेल निदकै। म फाल्न आउँला' चुर-चुर भएर चन्द्रले भने।

'फेरि बतुराउन थाल्यो। टैले भनेको कसले मान्डैन भनेको छ र ?' उमेले जवाफ दिए।

'लौतो त्यसो भए। शिखरजीले भनेको मानन तो। कस्तो भन्नु भएको छ ? के यहाँले भनेको कुरा दुष्टाइँको लागि हो तो ?'

'हैन म मान्छु बाउलाई मनाऊँ'

'म जे भन्छु मान्नु हुन्छ ? मान्नुस्। मैले तपै भन्दा उमेरमा कान्छो भएपनि बिग्रिने गति लाउने छैन। म त धेरै हण्डर खाइसकेको छोरो हुँ। कति

दुःख बेहोरिसकें। मेरै मात्रै के भनुँ, चन्द्रबहादुरको सल्लाहमा गर्नुभयो भने तपाईँहरुलाई नाश हुन पर्ने छैन।' शिखरले भने। मान्छे भाइ मान्छु टिम्लाई। चन्द्रेलाई नसोढीकन केही पनि गर्डिनँ। भन के भन्न खोजेका छौ।' उमेले उत्तर दिए।

'त्यसो भए तपै छोरै हुनुहुन्छ, जानिनँ बा माफ गर भनी बाबुलाई ढोगदिनुस् अनि आमालाई पनि। बाआमाले पनि माफ दिनुहुन्छ , मायाले आशीष दिनु हुन्छ।' त्यसबाट त सधैं झगडा सिद्धिहाल्छ।

'हुन्छ त लौ !' उठेर बाबुका गोडा छोप्न, गएका उमेलाई वास्ता नगरी गोडा खुम्चाउँदै बूढाले भने – 'आज त्यसै माफ डिएँ त यसले फेरि कुतेर मार्छ, गाई खानेले बाछो राख्छ। काम गर्दै छु रटा यसरी पित्छ, गर्नै छोदेपछि वर्कट घतपछि टा यसले घोत्रो च्यापेर मार्छ। यसको सजाय हुनुपर्छ र निस्केर जानुपर्छ।'

उमेलाई रोक्दै बूढातिर फर्केर शिखरले भने 'कस्तो बा तपाईँ ? जानिनँ वा माफ देऊ भनी ढोग्न आएको छोरालाई सजाय र निस्कने कुरा गर्नुहुन्छ ? सजाय तिर्दा कसको सम्पत्ति जान्छ आँखिर तपैंको त हो, निस्कने कुरा विवाह गरिदिनु पर्‍यो रे ! पुराना स्वास्नी बाझे रे। छोरालाई माफ दिनुस्। विवाहा हामी गरिदिन्छौं। छुट्टिने व्यवस्था गरिदिन्छौं। इज्जत, धन र शशेको कोर्ति जोगाउनुस्। रिसखिस जम्मै बिर्सनुस्।'

'हुन्छ त लौ अब नपितेस्, नमारेस्, अकालमा बाबु आमालाई पाप लाग्ला मारिस् पितिस् भने। नत्र टेरो जय जय !' शशेले भने।

'हुन्छ बा माफ डियो ! म पनि टिम्रो आज्ञा मान्छु।'

'एउटा कुरो मान्छस् कि मान्डैनस् ?'

'के ? मान्छु।'

'रक्सी, रण्दीबाजी नगर् है त ?'

आमाले भनिन् – 'घरमा टा खा रामरसमा गएर हुल दङ्गामा गरी पैसाको सर्वनाश नगर्।'

'एउटा ब्याहा गरिडेऊ, सबै भनेको मान्छु।'

'ब्याहा हामी गरिदिन्छौं तपैंलाई पहिले खूब मन परेकी, अहिले भने मन नपरेकी। भएन।' शिखरले सोधे।

'हुन्छ।' उमेले भने। बाउले गोडा दिए। छोराले ढोगिदिए।

बाबु छोराको मुद्दा सकियो। सबैले खुसियाली मनाए। चन्द्रशिखरले ज्यादै आनन्द माने।

'उमे नमार् है हाम्लाई। टेरो जय हुन्छ। ब्याहा भाइले गर्डिने भयो। आमाले भनिन्  'हुन्छ ट भने नि आमा पनि !'

'अब त सिद्धियो काम हैन। उमेतिर फर्केर भोलि साँझ दुलही ल्याइदिएर आउँछु। हैतो दाइ के भन्नु हुन्छ ?' शिखरले सोधे।

'चन्द्रेलाई पनि लिएर जाऊन ट उसो भए !'

'उहाँले त हेरिसक्नु भएको छ। मन पऱ्यो र ! तपाईंलाई पनि एकचोटि मन परेको हो। अहिले बिग्रिने मति छाडेर सप्रिने बाटो लिन, सबैको मन राख्न, मन पार्न पर्छ। फ्याक्न हुन्न। म भोलि साँझ ल्याएर आउँछु।'

'हुन्छ जे भन्छ टिम्ले, ट्यो मान्छु मैले, चन्ड्रेले झैं।'

'एउटा चिज भन्नु छ मैले। त्यो पनि मान्नु भयो भने म खुब विश्वासमा रहन्छु। तपाईं हामी सितैमा गर्दैनौं ?'

'पट्याउनन्नस् भने भो टो, म कुरै गर्दिनँ। पत्याउँछु कि पत्याउन ता तैपनि।' भन्न भन् मान्छु क्यो !'

'त्यसो भए गाले, भूँडे, काले, दिपेहरूको कुरा कहिल्यै नसुन्नुस्। भाइको सल्लाह बिना एक्लै भेट भए पनि कुरा नदिनुस् है तो ?'

'हुन्छ। म डिन्न।'

'त्यो टीन हजारको टमसुक नि गालेले अस्टि गरेको टेस कामलाई बोलायो भने पनि भेत नडिने ?' बूढाले सोधे ।

'ए। मट भेत डिन्न भनेपछि ट डिंडै डिन्न। घेंक्रो चेपेर टमसुक चेठाउँछु बरू।' उमेले उत्तर दियो।

'यी सबै कुरामा पीर नगर्नुस् कसैले। पछि निश्चय गरौंला। केवल भेट नदिनुस्। चन्द्रबहादुरको कुरा खानुस्। है तो। म जाऊँ ?' शिखरले भने।

'हुन्छ ! सबैको स्वर एकै पटक निस्क्यो।

# सोह्र

शिखरको गोठ रित्तै थियो नरमाइलो थियो। फेरि गाउँघरमा गोरस नभए बडो मुस्किल हुन्थ्यो। एउटा भैंसी त किन्नै पऱ्यो। घरबाट निस्के।

नजिकैको साथी बसेकहाँ गए। चारैतिर सुनसान। सबै दिन सकेर घरतिर फर्किरहेका छन्। गृहिणीहरू आफ्नालाई पर्खेर बसेका छन्। आकाशबाट ओर्लेकी सन्ध्याले पृथ्वीमा लाली चढाएकी छन्। सत्य र सौन्दर्यको सङ्गम छ । बिसेका पेटीमा बसे । प्रतीक्षा गरे । आँखा पाट्टिए। आएनन्। 'जाऊँ कि आमा ! दुबै आउनु भएन।' शिखर उठ्न खोजे।

'आउला बाबु। कहाँ बस्ला र म एक्ली बूढीलाई छोडेर। नआत्तिनुस्।' बिसेकी आमाले भनिन्। नभन्दै बिसे पर झल्किए। शिखरलाई आनन्द लाथ्यो। जतिजति बिसे वर आउँथ्यो, उति-उति उनलाई नजिक जाऊँ उठौं-उठौं लाग्थ्यो। धेरै दिनदेखि भेटभएको थिएन। बिसे शिखरका सबै साथीभन्दा गरीब छन्। सही, तर उनको मित्रताको बन्धन शिखरसित ज्यादा कँस्सिएको छ किनकि, प्रत्येक साथीको दुःख शिखरले आफ्नै दुःख मान्थे। उनले सहयोगको लागि केही गरेका थिए। आमाले पकाएकी थिइन्। दुईचार दिनको लागि त्यति आत्तिनु पर्ने थिएन। बिसेलाई भने त्यो थाहा थिएन।

उनी आइपुगे। आजकालको चलन अनुसार हात मिलाउने गरेनन्। तर ओकारओंकर झैं, कुस्ती खेलेझैं गरे। यो उनीहरूको अभिवादन हो। तर, उनमा आज केही मलीनता छ। 'किन अबेर गऱ्यौ, अलि मलीन पनि देख्छु मैले, किन ?' शिखरले सोधे।

'शिखर ! हुनता मेरो कर्मको खेल हो, म के र कसलाई दोष दिऊँ? मानिसहरूले अर्काको मर्म नजानेका हुन् कि, जानेर पनि नजाने झैं गरेका हुन् ? आज दुईमहिना भैसक्यो लङ्केको हलो समाएको। अझ रोपाइँ सिद्धिएको छैन। जौं, गहूँ, नछरेसम्म फुर्सद पाइने हैन। अस्तिअस्ति खर्च दिन्थ्यो साँझलाई आजता त्यै पनि कटायो। चैते दशैंमा लिएको दुईमाना बाँकी छ रे, पछि कटाउँला त आज घरमा एकमुठी छैन।' भनें, तर के गर्नु कर्मले ठगेकालाई सबैले ठग्ने। टोपीबिन्ती गरें। यसबेला भयो। तिमी कति बेला आयौ ? भोक लागेको छ होला, म जस्तो गरीबलाई साथी बनायौ भने भोकै बस्न पनि त सक्नुपर्छ। ........... धिक्कार छ, मेरो भाग्यलाई कसैकसैले

साथी पाउँदा चुल्हामा लग्छन्, म भोकै बस्न भन्छु।' दुःखित स्वरमा बिसेले भने।

'तिमीलाई खानाको पीर। पेटभरेर आएको छु। बरू, तिमी खान जाऊ आमाले खाना तयार पार्नुभएको छ। अनि कुराकानी गरम्ला।'

'कहाँबाट गर्नुहुन्थ्यो।'

'आऊ बाबु दुईटै खानाखान, आमाले भित्रबाट बोलाइन्।

एक्लै खान्न भन्ने विश्वेको जिद्दीले उनलाई सुख दिएन। दुबै भान्सामा गए।

शिखरले सोधे - 'किन तिमी लगातार हलो जोत्छौ ? अर्काको ? त्यसको बदला अदियाँसदियाँ गर्ने, ज्यालामा काम गर्ने गरे त, फाइदा हुन्थ्यो होला। यसरी हलीको बन्धनमा परेर कसरी जीविका गर्ने ? अब त, घरजम गर्नपर्ने अवस्था पनि देख्छु। आमा बूढी भैसक्नु भएछ।'

'हो बा ! म अब पकाउन पनि सक्तिनँ। घरबार जोर भन्छु। के खुवाउने भन्छ। म भन्छु दुःखीकी छोरी ब्याहा गर्। दुःखीकी स्वास्नी दुखियाले जस्तो परेपनि सहन्छे। तर मान्दैन।' उनले थपिन्।

दुबैका कुरा एउटै सुनेर बिश्वेले उत्तर दिए - 'हामी साथी नै भएर प्रेममा बाँधिएका छौं। तर, मेरो भावी दुःख तिमीलाई थाहा छैन। मेरा बाबु म बालक छँदा मर्नुभयो। लङ्केको हलो जोत्ने दुईसय रुपैयाँको साहू पनि मलाई छोड्नुभयो। त्यसको ब्याज बापतमा सावा नतिरेसम्म साल-बसाल हलो जोतिदिनुपर्छ। बाली पाक्दा दुईचार पाथी दिन्छ। अरू जति गरे पनि उसको साँवा रुपैया चोखै रहन्छ। एकसालमा कम्तीमा पनि छ महिना उसकै हलोमा बित्छ। नकाटिने सावाले सधैंको लागि बाँधा बनाएको छ। गर्ने बेलामा बाँधा छु। अनि, खानेबेलामा ऋण खोज्नै पर्छ। काममा जानु सावा ऋण कटाउन हैन, ब्याज कटाउन हो, कोशेलीको रूपमा। साथै मुख्खे, जिम्मालको लागि पनि बेठ-बेगारीमा काम गर्न जानुपर्छ। मकै खन्दा, दाउरा बोक्दा, घर-थारा छाउँदा, कोदो रोप्दा, गोड्दा, आली काट्दा, धान रोप्दा, गोड्दा, काट्दा, मकै भाँच्दा, कोदो काट्दा, खर काट्दा-बोक्दा, पराल बोक्दा, दाउरा काट्दा, जौंगहूँ काट्दा यस्तै अरू पनि परि आएका काममा लौ हेर्नुस् ! कति बेठी तिर्नुपर्छ ? फेरि बेठी भनेपछि साँज खर्च पाइएन। खान घरमा आउनुपर्छ। घरकाले हो र ल्याउला र खाउँला भन्नुपर्छ, काममा जाने रित्तो हातै आउनुपर्छ। के गर्ने, के सहने कसरी ? नसहनु पनि के गर्नु !'

एकछिन रोकिएर छाती छामी लामो सास फेरेर फेरि भने - 'आफ्नो टुकुरो-बुकुरो पनि बढ्ता छ। किनकि, यो बुकुरो छाउने खर हुन्न। बुकुरामा छर्न फुर्सद हुन्न। बिउ हुन्न। आजपनि दगुरा-दगुर, भोलि पनि दगुरा-दगुर। जुनबेला पनि पसिना चुहाएको छ, यिनै भाङ्ग्रा र थाङ्ग्रा कुहाएको छ, न दिन छ मलाई ! न रात छ मलाई ! न कठै भन्छ कसैले। हिंजो मुख्खेको बेठीमा जान सकिनँ, बिहान आएर 'तेरो घर-धुरी नै उडाइदिन्छु' भन्दै बुझिस् र सुझिस्' गराए। एउटा जीउ हलामा जानु कि, बेठीमा। बेठीमा नगए धुरी नै उडाइदिने ! हलामा नगए दिनको तीनरुपे सावामा थपिने। अस्तिसम्म त पर्म लगाएर काम चलाएको थिएँ। पर्म लगाउन मान्छे नै पाउन छाडे। यसैले, अक्क न मक्क थपक्क भएको छु। के गरुँ। लौ भन, कसरी ब्याहा गर्ने ? ब्याहा गरेर दुःख घट्दैन। बरू, थपिन्छ। एउटी आमाको दुःख देख्दा त यस्तो हुन्छ भने, अझ दुईटीको देख्दा कसो होला !'

'त्यो ता हो'

'यसैले शिखर मलाई आपत् छ। अब मेरो केही नलाग्ने ठहराएको छु। आमाको मायाले नबाधेको भए आजसम्म मलाई पाउने थिएनौं।'

'नपाएर त कहाँ जानु र ? अबदेखि कसैले ठेकीबेठी तिर्नुपर्दैन भनेको छ नि, किन तिर्नु हुन्छ ?'

'कानून त बनेका छन्। ती कागजमा छन्। फेरि नेपालमा मात्र हुन्। यता कहाँ आई पुग्छन् र यो बिकुनामा। कसले ल्यावस् ? कुनै दैवले यहाँ ल्याइपुराईदिने हो भने ता म जस्ता लाखौंको उद्धार हुन्थ्यो। तर, कानुन ता म जस्ता गरीबगुरुवा माथि पो छ, पैसावाललाई कानूनले के गर्छ र ? पैसाको अगाडि सबै द्वाहा !

'हामीले न्याय खोज्नुपर्छ नि ?'

'कहाँ खोज्ने हो न्याय ? पैसा जहाँ पनि पुग्छन्। न्याय खोज्दाखोज्दै जिन्दगी बित्छ। आमाको भारा तिर्न पनि पाइन्नँ। बुढेसकालमा पानी कसले देओस्।'

'त्यो दुईसयको साहू कसरी लाग्यो ?'

'त्यो मलाई भन्दा आमालाई बढ्ता थाहा छ।' आमातिर फर्केर भने।

'यो हामीले लगाएको ऋण पनि हैन, ससुराले पनि बदमासी गरेको हैन। म नौली दुलही छँदै सासूले दशैंमा राँगो पाठो चढाउने मन गर्नुभयो। त्यो राँगो, पाठो लेकका बाबुले तमसुक गरेर दिए। फेरि राँगो, पाठो चढाएपछि निम्ता गर्नुपर्ने, त्यसले गर्दा ६०/७० कति पुग्यो केही बर्षता हलो जोत्ने बानीनै

थिएन। तर, ब्याज अड्केछ। पछि पचासभन्दा माथि लागेपछि हलो जोत्न लाग्नु भयो। आखिर हलैमा उहाँको ज्यान गयो। त्यै हलो विश्वेका बाले समाउनु भयो र उहाँपनि हलैमा सक्किनुभयो। यसैगरी छोरामा आयोः योः योः .......... ! यहाँनेर पुराएर आमा कोहोला हालेर रुन थालि।

शिखर विश्वेले सम्झाउँदै भने – 'आमा ! अब हामीले धेरैबेर जोत्न पर्दैन।' चाँडै हलाको बन्धनबाट मुक्त हुन्छौं, केही बेर पर्खनुस्, चिन्ता नगर्नुस् आमा !' आमा शान्त हुँदै आँसु पुछ्दै गरिन्। रात धेरैनै गैसकेको थियो। बिश्वेले दुःख सम्झेर झन दुःख बढाउनु भन्दा परेको दुःख बेहोर्नु पर्छ भन्दै सुत्ने तरखर मिलाए। नींद लागेन। तैपनि, साथीको आग्रहले शिखर गुन्द्रामा पल्टे।

# सत्र

रात आफ्नाबाटै बितिरहेको बिश्वेलाई थाहै भएन शिखर भने साथीको निद्रामा बाधा नपारेर चापिए तर, निधाएनन् जीउ झन चङ्ख छ, न थकाइ न आलस्य ! चिम्म आँखा चिम्ले पनि निंद लाउँदैन। कोल्टे परे भएन। उतानी परे भएन। फेरि कोखे परे। छटपटिए। उठे। बाहिर निस्के झन् बुङ्गियो उनको शरीर । सम्झे - एकदिन उनका मामाले यस्तै गरी रात बिताएथे। उनले भनेका थिए 'ओछ्यान फेरियो।' 'शिखरले उत्तर दिएका थिए - 'माइज्यूलाई छोडियो।' तर,

तर उनलाई त्यो बेलाजस्तो पनि लागेको छैन। ओछ्यान फेरिएको पनि हैन। साथीसँगसँगै सुतेका छन्। साथीलाई प्राएसमान प्यारो ठान्छन्। जतातत‍ै कालो छ। मानिसको जीवन पनि यस्तै अन्धकार छ !

शिखर बुझ्ने भएका छन्, आफ्नो समाजको बारेमा जान्ने भएका छन्। उनका मनमा कुरा उठ्छन् दुःख वेदनाका कुरा असत्य, असमानता, शोषण र गरीबीका कुरा, धनादयहरुले बनाएका धर्म छन् ! हैन भने, किन ? यिनी कानूनभन्दा बलिया छन् ? किन यिनीलाई परिवर्तनशील संसारले छुन सक्तैन ? किन यी समयानुसार चल्ने बाटो लिन्नन् ? किन यिनीहरुका आँखामा सदा आफ्नो मात्र बाटो र उद्देश्य रहन्छ ? 'उनको सोंचाइ आफूतिर लाग्छ। नेपालमा हुर्केकी अलिअलि पढे गुनेकी, आमाको कोखमा जन्म नलिएको भए, मेरो के गति हुँदो हो ? दिनदिनै रामायणमा कथा सुनाएर दुईचार अक्षर सिकाएर नेपालेकी भए, म यी दुःखहरु, अन्यायहरु कसरी देख्न सक्थें र ? यिनी साथी यस्ता भएर पनि सहेर बसेका छन्। सायद, यिनले बेहोर्नु परिरहेको दुःखको कारण सहूले गरेको अन्याय हो भन्ने थाहा छैन र त। निद्रा लाउन सकेको छ। यिनले कति दुःख सहेका छन्। तैपनि यी साथी बाँच्दछन् ? कुन्नि।'

गाउँतिर फर्के। यो गाउँमा गरीबको दुईपैसाको मोल छैन। गरीब कमाउँछन्, धनी खान्छन्। गरीबका दिन कहिल्यै आउँदैनन्। रातदिन जोतिएर पनि यिनको पेटभरि कोदाको ढिंडो पनि पर्दैन। चाकडी गर्दा गर्दा जिन्दगी डुब्छ। उम्कने बाटो छैन। जोताहाले पेट कँस्कुपर्दछ। जन्मिन्छन् किसानका छोरा खलानमा। हुर्किन्छन् किसानका छोरा आँगनमा। बिरामी हुन्छन् पातीको रस, टाप्रेको रस औषधि बन्छ। धामी-झाँक्री बाहेक अरु उपाय छैन। बोक्सी र बोक्साको नाँच छ। भूत-पिचास र मसानको घान

छ। देवता दिने पितृ हर्ने भन्ने चलन छ। रामी तरुनीको सत्यनाश हुन्छ । भात र जातको हतियार छ। दुरदुर, छुरछुर छिटो हाल्ने चलन छ। लाठीको निसाफ छ। धनीको प्रमाण छ। गरीबको शिकार छ ! शिकार! कानूनको दरकार छैन, ठेकी छ, बेठी छ। चारमाने दुईमाने ब्याज छ। पाठशाला धनीका लागि छन्। गरीबले पढ्ने भए भने पाठशालाको नाशमा धनी नै लाग्दछन्। गीता बाहुनले मात्र पढ्न पाउने, अरू चाहिं कमाइदिने माध्यम मात्र रहनु जस्ता बकवाद छन्। चाडचाड आउँछन्। लाखौंलाख पशुको हत्या हुन्छ। त्यसबाट मान्छेको सन्तान दरसन्तानको बढाइ छ, यसबाट लागेको ऋणबाट टाउको उठाउनु छैन कहिल्यै। काम छ, काम छैन, ज्याला छैन। कमाइ गऱ्यो आफूलाई छैन। खेती गऱ्यो, उब्जा आफूलाई छैन। खेत जोत्यो, हक छैन। दिने मनले दिन्छ। लिने मनले लिन्छ। लुटपिट, डर धम्कीका सवाल छन्। सेवा र दासताका जवाफ छन्। एक वचनमा धनले अमृत बर्साउँछ। एकएक छिनमा गरीबले खाल्टो खन्दछ। छोप्नु, छोप्ने के ? समाउनु समाउने के ? कराउनु, कराउने कोसँग ? अड्डा छन् धनका प्रमाण पुग्दछन्। धनै अघि सर्दछन्। धम्की, लाठी ताक्छन्। नियमलाई कुल्चिन्छन्। चुनाव आए गरीब बेचिन्छन्  धनवान् एम.पी. हुन ठडिन्छन्। डाडु पनि पनियो पनि आफै लिन्छन्। समय के के भन्दछ। गाउँले के के भन्छ। देश के भन्छ, भेष के देखाउँछ। यो  गाउँलेहरु आफ्नै हीःहीः। धनवानको विचार - व्यवहार काला छन्, कर्रा छन्। धन र मुढेबलले गरीबको सर्वस्व हरण गरीगरी उठेका छन् , अपार धन पसिना गरीबको, अपार जमीन देशको ओगटेर खुट्टा पसारेका छन्। भिरकाल्ना, मैदान जम्मै यिनका छन्। गरीबले एकबिटा दाउरा ल्याउने ठाउँ छैन। घर बनाउने घडेरी छैन। घर छाउने खर बारीको चोक्टो छैन। एकडाम चल्न पाइन्न। एकठाम कुच्न पाइन्न । एक डालो काटे  तमसुक गर्नपर्छ। एक बिटा दाउरा काटे लाठी खानुपर्छ। जानु कहाँ ? देश आफ्नो यही हो। खाउनु-लाउनु कहाँ ? बाँच्ने ठाउँ यही हो। डुल्ने घुम्ने यहीं हो। छोडी जान गाँस लाग्नु हुन्छ। जन्मेको देश छोड्ने पापी हो।' उनको शरीर तातेको छ, जागेको छ।

'छोरी बेच्ने, विधवा बोक्ने, पैसा झार्ने मानिस यहाँ छन्, तीनै नेता छन्। तीनैका नेता आफ्ना छन्। समय भन्छ - 'उज्यालो भैइसक्यो उठौं। रहूँ, बाँडी चुँडी खाऊँ।' यिनीहरु भन्छन् - 'मौका यही हो ! छोरा नातीसम्मलाई बचाउनै पर्छ। 'भात खाने, मखमल लगाउने हामी हो। गरीबलाई भात दिएर पल्काउन हुन्न 'कोदाको ढिंडो र मकैको फाँडो, तरुनीलाई तन्धेरीलाई हलो

दिने हो।

आफूतिर फर्केर 'हरे। म कि अँध्यारो हुनुपर्थ्यो। कि, अँध्यारैमा मर्नुपर्थ्यो। खाको मर्दो जीउँदो छैन। आमाले अलिकति चेतना दिइहाल्नु भयो। साथीहरूलाई यो दुःख। मलाई पनि साहूहरूले दाउ हेरेछन्। के के गर्ने हुन्। एक्लै दुक्लै भेट्टाएका खण्डमा सिद्धाउने छन्। गालेको नातिले कुरा के के रचेको छ, गालेको उद्देश्यले सानीमा लुकाए हो मैले भगाइदिएँ। भूँडेले आमाको ज्यानै लिएको हो, मेरी आमा ! आमै भएकोले पो बच्नुभयो र म बचें। बहिनीहरु बचे। सानीमाको काम सिद्धेको छैन। भूँडेका छोरासँग पेच परेको छ। भगवान्ले दियो यस्तो दुःखी जीवन-जति उमेर छिप्पिंदै जान्छ। साथीहरूमा, आफूमा अनेक आपत्हरू हामीमाथि खेल्नेहरु ! यी ठूला बलवान् धनी मानिसहरूको व्यवहार देखेर अक्कलगुम हुन्छ। कहाँ जाऊँ कसो गरुँ ? कसै गरी साथीहरूको र आफ्नो आपत् हटाउने उपाय पाइने भए, देऊ भगवान् यदि तिमी छौ भने, ती उपाय के हुन् ? ...। आत्तिएको अवस्थामा उठे। मुख सुकेछ। जीब्रो ओंठमा ल्याए। घुमाए अलिअलि च्यापच्याप लाग्यो। तर थुक आएन !

अस्ति देखि उनको मुख सुक्न थालेको हो। उनलाई गर्मी लागेको हो कि, कामको घप्पडी धेरै भएको मनमा तापमात्र छ यता र उता हिंड्नु मात्र छ। घरमा बसी आमाले पकाएको खान नपाएको धेरै दिन भैसक्यो। आमाले छोरीलाई खुवाएर सुताएपछि पनि उनलाई पर्खी पर्खी बस्छिन्। यिनी भने, काममै, सहयोगमै, उद्धारमै व्यस्त छन्। आज भैंसी किन्न विश्वेलाई साथी लग्न भनी आफ्नै कामले उनकहाँ गएका हुन्। त्यहाँ पुगेपछि भैंसी किन्ने विचार छाडिदिए। किनकि, आज विश्वेलाई मुख्खेको बेठी तिर्न जानुथियो।

हिंजो तिर्खा लागेर लक्ष्मीकहाँ पसेर पानी खाएका थिए। अहिले त्यही कुरा ठ्याक्क मनमा आयो तर त्यहाँ लक्ष्मी थिइनन्।

सम्भें - 'लक्ष्मी उन्नाईस वर्षकी भइन्, लोग्ने के हो ? नबुझ्दै उनको विवाह भएको हो। लाहुर गएको फर्केको छैन। एकातिर विदेशको कुरा ! अर्कोतिर बूढो ! सायद .......। लक्ष्मी बाल्यावस्था देखिकी सँगिनी तिमीलाई विधुवी भएर बस्न नपरोस्।' शुभेच्छा प्रकट गरें। विस्तार मुख रसायो। शीतल भयो। त्यसैले त सनातनी हिन्दूहरू लक्ष्मीको पूजा गर्छन्। यस्तैमा कुखुरो बास्यो। पूर्वतिर लाली चढ्यो। अन्धकार अलि अलि फारियो। शीतल हवा बह्यो। बाहिर हेरे शुक्र तारामाथि आइपुगेको झिल, झिल, झिल-झिल चम्किरहेको।

विश्वे उठे। पर्म खोज्न जान लागे। उनले बिदा लिन खोज्दै भने 'विश्वे ! म एउटा कुरा भनूँ ?

'हुन्छ भन'।

तिमी म जस्ता यहाँ लाखौं छन्। सबैलाई सम्झाएर ठेकीबेठी नतिरौं, काम अनुसार ज्याला मागौं। रुपेकी ब्याज तिरौं। हलो जोतेको निमेक लिऊँ। नमान्नेलाई टुकुरो बुकुरो छोडौं, साथीहरूका दलानमा गएर निर्वाह गरौं। सबैले एकगठ गरेपछि अन्यायमा पर्नु पर्दैन। एकदिन सत्यले साथ दिन्छ। सबैमा भित्र-भित्र सल्लाह लिऊँ। म पनि मच्चाउँछु - भेटभए जतिलाई ।'

'त्यो ता हो, फेरि रिनसिन कसैले दिन्नन्। के गरी काम चलाउने ? छाकै अड्क्यो भने ?'

'एकदुई जनाले मात्र यो काम गरे अरूले पनि सुस्त सुस्त अरू सबैले गरे त, मेरा बा, ज्याला निमक जे भन्छौ, त्यो दिन्छु, हिंड भन्न आइहाल्छन्। काम चलाउन परिहाल्छ। कमाउन नसक्नेले बढ्ता जग्गा बल्ल ठेक्का, अधिया बल्ल दिन्छन्, दिएका खोस्तैनन्।'

'हुन्छ त म सकेसम्म गर्छु।'

'लौ तो !'

दुबै बिदा भए। आजको सुन्दर प्रभातको दिन छविले दुबैलाई नयाँ उमङ्ग, नयाँ विचार र दिशा ल्याइदियो।

# अठार

'.......जरुरी काम परेकोले म मुखियाका तर्फबाट लेख्दै छु कि, शिखरे कुवर पत्रबालाका साथ लागी तुरुन्त आउनू। नआए नराम्रो हुनेछ ।' भन्ने पत्र देखेपछि शिखरलाई उमे, चन्द्रेसँगको बथमा जाने कि, यसमा जाने ? द्विबिधा भयो। आफ्नी आमाको राय लिन उचित ठानी पूर्जी सुनाएर सल्लाहा मागे। उनले पूर्जी मान्नु भन्दा बथको काम गर्ने सल्लाहा दिइन्। पूर्जीवालालाई साँझ ठूलाघरेका भातका बेलासम्म म आउनेछु भनी फर्काए। उमे, चन्द्रेसंगको बथमा जान हिंडे। बाटोमा सानीमाको उद्धारमा भएको काम कुरा सुनाए। दुबै खुसी भए। दुबै आफूतिर फर्के। बिहान मुखिया कहाँ गए, त्यहाँ गाले, लाठे, भूँडे थिए। अरुहरु पनि प्रशस्त थिए। पञ्च भलाद्मीको माझमा पुगेपछि सबैलाई एकै चोटि 'जय देश !' ले अभिवादन गरे। एक छेउँमा बसे। सबैका नजर घुमाए राताराता छन्। सबैले घोप्टे-जुँगा पनि तेर्छाउँछन्। एउटा सिख्रेट खाने बेलासम्म सबै चुपचाप रहे। मुखियाले शिखरलाई भने - 'हेर शिख्रे ! तँ झिकाउनु पर्ने अरु काम त केही छैन। तेरो मनले सुइँको पाएकै होला ! तेरा उपर मसँग पाँचजना कराउन आएका छन्। तँमाथि दया गरेर भरसख मिलाइदिऊँ भनेर तँलाई बोलाएको हो। हुनत, यिनीहरु पञ्चायतमा जाने कुरा गर्थे, किन हो ? मिलेसम्म मिलाइदिन्छु। पञ्चायतमा गएर मुद्दा लम्मारिन्छ भनेर रोकेको छु। कसो हो भन ! मिलाइदिऊँ कि, पठाइदिऊँ पञ्चायतमा ?'

'त्यो त तपाईंको इच्छा हो। तैपनि, मसँग मेरा उपर मुद्दा लाग्नुपर्ने एउटा कारण पनि देख्दिनँ। अरु पाँचपाँच वटा के के रहेछन् ? सुनाउनु भए राम्रोसँग म पनि जान्ने थिएँ।' शिखरले नहिच्किचाईकन सोधे।

'यही त तेरो पाखण्डीपन छ। हामीसँग बोल्न पनि जान्दैनस्। तँ ठूलो मान्छे ! नम्रसम्र हुनुपर्ने कुरा थाहा छैन।'

'तपैंको इच्छा हो, मुद्दा के के छन् हुन दिनूस्।'

'प्रथम त त्यो हो कि, तेरा मामासँग बाल्राम साहूले लिनुपर्ने घरखर्च गर्न दिएका मोहोहरु पाँचसय रहेछन्। माग्नजाँदा घुर्की देखाएछन्। किन यस्तो घुर्की देखाउँछौ ? तमसुक पेश गरेर अड्डाबाट पनि लिन्छु भन्दा शिखरले नतिर्नु भनेका छन्, भनेछन्। त्यसकारण बाल्रामले तिम्रो मतलब बुझी उपर गराइपाऊँ भन्ने उजुर गरेका छन्।

दोस्रो शशेको छोरा उमेले बाल्रामलाई नै तिर्नुपर्ने तीनहजार रुपे

माग्न जाँदा आफ्नो भाइ चन्द्रे समेतलाई साथ लिएर उमेले बाल्रामको घेंक्रो अट्ठाउने, मुख च्याप्ने र चन्द्रले तमसुक लुट्न गोजा छाम्ने, शशेले मान्छे पैलाउने गरी कुटपिट गरेछन्। शिखरले नतिर्नु भनेकाले तिर्दैनौं भन्ने हाका दिएछन्। तमसुक भने, लँगौटीभित्रको थैलोमा राखेका हुनाले लुट्न पाएनछन्। यसको कारण के रहेछ ? बुझी रुपे भराई पाऊँ भन्ने दोस्रो उजुर छ।

तेस्रो गालेसाहूको नाति पिसाब फेर्न निस्केको बेला रातमा घरबाट चोरी गरी जम्मा पाँचहजारको माल समेत लगी भाग्न लागेको बेला देख्यो भनेर गएको हुनाले त्यो पाँचहजार लाठेलाई कुटी सो माल समेत लगी भराई, कुटेको र चोरी गरेकोमा सजाय गरी पाऊँ भन्ने तेस्रो उजुरी छ।

चौथो भूँडे साहूको पैसा तिर्दा 'तिरेको साहू रौं बराबर।' भन्ने कुवाक्य बोली बेइज्जत गऱ्यो छाता लौरो, सुरुवाल, टोपी अनि नगदी मोरु तीनसय लुट्यो भन्ने भूँडे साहूको उजुरी छ र भरपाइपाऊँ भन्ने जिकिर छ।

पाँचौं त छ - तेरो आफ्नै नातामा करणी सम्बन्धी मुद्दामा चम्पी दिपेकहाँ पुगेकी रहिछ। न्वारान गर्रा मुद्दा मिलाउनको निम्ति बाल्रामले फकाई ल्याए। राति परेकाले आफ्नो घरमा गाँसबास दिई, भैभलादमी जम्मा पार्न लागेका रहेछन्। त्यसै राती तँ गैकन अँध्यारो रातमा एउटा कोठाभित्र धेरैबेर बसेछन् - दुईजना मात्र एउटा कोठामा ढोका लाएर बसेको भए करणीमा फसेको हुन्छ भन्ने कानून भएपछि तँ हाड्नातामा बिग्रेको देखिन्छस्। त्यो तेरी सानीमा हो। फेरि रातीनै भगाएर लगिछस् र आफ्नो घरमा राखेको छस्। के बनाएर राखेको छस्? यस्तो कुरा गालारामका नातिबाट उजुर परेको छ। उजुर यिनै हुन् लौ भन् आफै, अब के गर्ने भन्छस् ?'

रातो मुख लगाएर जुरुक्क उठेका शिखरले हेरे, चारैतिर मानिसहरु टनाटन छन्। सबैले उनको मुख हेरिरहेका छन् उनी सुन्छन् कसैबाट 'बिग्रने बेला बुद्धि आगोले खाने के गर्नू, त्यत्रा पैसा। सानीमाको मुद्दा पो ठूलो भयो तो।' कसैबाट 'धेरै सन्केको थियो फेला पऱ्यो।' कसैबाट सुस्त 'विचरा मलाई त लाग्दैन।' अलिपर तिरबाट ठूलो स्वरमा 'मिलाउन पर्छ शिखे ! तेत्रा मान्छेसँग ! कुस्ती खेल्न बोलेर सुहाउने कुरा यो हो ? जसरी हुन्छ मिलाई दिनुस् भन्, अनि उहाँहरुले भनेको कुरा खा !'

शिखरले ठूलो स्वरतिर हेरे। मान्छे भने चिनेनन् - 'समूह ठूलो गाउँलेहरु प्रशस्त जम्मा छन्। खडेरी परेकाले काम छैन। शरदले पनि बिर्से जस्तो छ। खोलानाला सुकेका छन्। मूल सुके, तर शिखरको शरीरमा भने

मूल फुटे। उन्लाई छटपटी भन्दा बढ्ता औडाहा भएको छ। अलिअलि मुख सुकेजस्तो भान भइरहेको छ, तरपनि उनको जिब्रोले तालु समाएको छैन। आँगनमा टण्डलापुर घाम टोपी झिकेर पङ्खा झैं हल्लाएर शीतल पाउन चाहे। तुरुन्तै उनलाई लाग्यो टोपी बिन्ती गर्न थाल्यो भन्लान् ! फेरि लगाए मुखियातिर पिठ फर्काएर।

'भन् लौ अब के गर्ने ?' जङ्गिएर मुखियाले भने। उनी पनि निडर भई मुतियातिर फर्केर जबाफ दिए 'पहिलो र दोस्रो उजुरमा मसँग कुनै सम्बन्ध छैन। मैले उत्तर दिनु अथवा लड्नु, तिर्नु पुर्पक्ष गर्नुपर्दैन। असामीले तिरे साहूले लिनुपर्छ। तेस्रो र पाँचौ कुरामा सानीमालाई आफ्नो घर लुकाई पैसा कमाउन खोज्ने गालेको चरित्र थाहा पाई आखिंर सानीमाकै ज्यानको खतरा देखी उनको उद्धार निमित्त त्यहाँबाट ल्याउन लाग्दा, लाठेले रोक्न खोजेकाले भनाभन मुक्कामुक्की भएकोसम्म हो। पाँच हजारको चोरी गरेको र हाड्नातामा करणी जस्तो पापिष्ट कार्य मबाट भएको हैन, छैन र कहिल्ल्यै हुँदैहुन्न। सानीमा मेरो घर बसिन् तापनि दिदीका काखमा बसिन् म भतिजो हुँ। मेरी आमा समानकी सानीमासँग त्यो कर्म हुनै सक्तैन यसबाट। अहिले उनी आफ्नो सँच्चा लोग्नेका घरमा छन्। न्वारान पनि भैसकेको छ। साहू बाजेहरूले केटीलाई बोकी न्वारान गराउन नदिने, दीपेको नाउ पोली तमसुक गराउने, भातको त्रास देखाई मइतीको सर्वस्व लिने आदि कुरा समाजका लागि रोगी र पापी कुराहरू हुन्। आफ्नो उद्देश्य पूर्ति गर्न बाधा देखीकन मलाई यस्तो आरोप लगाइएको हो।' उनी जुरुक्क उठेर कुर्ल्हे – 'यस्ता बकवाद, र बकवास भएनभएका कुराले शिखरको भुत्लो झर्ने छैन। भूँडेको छाता, टोपी, सुरुवाल मसँग छ। पैसा र यो समान लुटेको हैन। भूँडेले माग्छ भने म दिन्छु। जिन्दगी रहेसम्म ममाथि यस्ता कुरा नगर्नु नै सबैको इज्जत बच्नुहुनेछ। नत्र फुट्ने छ। घैंटाँ।'

बसेका मानिस अल्ल न मल्ल परे। उठेर फर्कीफर्की गर्जिने शिखरको मुखमा हेर्ने मात्र भए सबै। गाले, काले, भूँडेहरूले मुखभरि जीब्रो गरे। लाठेचाँहि दाहिने पाखुराको बाउली बायाँ हातले उभो सार्दै शिखरतिर बढेर गर्ज्यो – 'साँच्चै के भन्छस् शिख्रे !! खोज्छस् जोरी ? साँच्चै !'

तेरो मुड्की र पाखुराको काम छैन म लड्न चाहन्न। कुरा गर्न सहत्तेको छु। तेरो मेरो बीचमा मुक्का चल्छ भने म एकजनामात्र मारिन्न तेरा पक्षमा पनि धेरैको ज्यान जाने छ। याद गरी चुप बस्। सके कुरा गर् तेरा बाजेहरूसँग।' शिखरले भने।

'ठिकठिक। चारैतिरबाट उत्तर आयो। शिखरको हौसला बढ्यो। तैपनि, लाठे रोकिएन। बढ्यो भिंड छेंड्दै। उमे त त्यही नै पो रहेछन् भाइसित कसले देखोस् त्यो भिडमा - कुद्दै आएको लाठेलाई दुई हातले पछाडितिरबाट कम्मरमा समातेर जरक्क उठाइ, तेर्छो पारेर टाउकोमाथि लगेर ठेलो फाले झैं फ्याँक्न तम्सिए 'कता फालौं कता' चारैतिर हेर्न थाले। सबै जराक्जुरुक् उठेका थिए। कालेको आग्रहले थँच्चार्रिए। जिल परी हेर्न थाले। कराए, 'फ्याँक्न हुँदैन है !' लाठेले उनको टाएकामाथि दुईखुट्टा खूब फटफटाइरहेको थियो। परेन फसाद ! काले, भूँडे र भलाद्मीलाई ! सबभन्दा बढ्ता गालेलाई। उठ्यो हँस्याग र फस्याँग गरी आँखा च्यातेर, ओठैमुख सुकाएर, बोल्यो 'बाबा। मेरो छोरा बिसाएको नाति। नमारिदे तैले भनेको मानुँला ! उमेले एकछिन टाउकामाथि घुमाएर फ्याँके। जहाँबाट आएको थियो ठिक त्यहीं मानिसका टाउकामाथि। लुरुक्क परेर पनि कुर्लिदै रह्यो - 'पख्लास् ।'

आफ्नो भने जस्तो भएन। मुखियाले पाँचजना भलादमीसँग एकान्त गरे। अनि, घोषणा गरे - 'तल्लो तहमा नमिलेको शिख्रेको मुद्दा पञ्चायतमा दायर गरियो। पञ्चायतका सदस्य बाहेक अरू सबै जानु पर्‍यो। सभाको अगाडि नै बेइज्जती गर्ने उमे र हाडनाता समेतमा उजुर परेको शिख्रे दुईजनालाई ठेडुको ठोक्नुपर्‍यो, भन्दै पञ्चायतका मुद्दा सम्बन्धित र पञ्चायतका मानिस भै शिखर र उमेलाई लगेर पञ्चायत घरमा पुराई ठेडुको ठोक्नू।' पञ्चायतका प्रधान पनि मुखिया आफै, निर्णय र आदेश कर्तापनि उनै ।

उमेले यो देखे। कोखा कोखाका जुँगा मसारे। शिखरले निधारबाट टुप्पीतिर कपाल मसारे। ढोका बन्द गरे। सर्वभलादमी र प्रधान निस्के। कतातिर लागे। विश्वेलाई कुरुवा तोकियो। ढोकामा खडा रहने भए।

एकछिनपछि प्रंधान मुखियालाई वीरेको उजुरीबाट आएको पूर्जीमा उल्लेख गरिएका कुराहरू सुस्तसुस्त सुनाइयो - 'रामपुर पञ्चायतकै पूर्जी उप्रान्त, त्यस गाउँमा बस्ने गालेको नाति लाठेले श्रावण मैनामा वीरेकी सत्र वर्षकी कलिलीलाई लाहुर जाऊँ भनी स्वास्नी बनाई हिन्दुस्तान लडेर भारती तीन हज्जारमा एउटा मुसलमानलाई बिक्री गरी आएको रहेछ। सब कुरा वीरेको उजुरी र पुलिसको सुराकबाट पत्तो लागि कलिली आफै यस गौडामा हाजिर भई प्रमाण समेत दिएकोले पूर्जी लेख्ने काम भएको छ। पूर्जी र पुलिस हाजिर हुनासाथ लाठेलाई पक्राउ गरी पुलिसका साथ लगाई दिनू। नलगाई बसेमा सरकारी उर्दी नमानेको ठहरी कानुन बमोजिम हुनेछ।

बडाहाकिम
छोटी गौंडा।

गाले पनि त त्यस पञ्चायतको सानो प्रधान थिए। पुलिसले त्यो के चिन्नु ? पुलिस त्यहीं छदै पञ्चायतको बैठक एकान्तमा बस्यो। एक छिनको निर्णय पछि कालेले लेखे .........

श्रीमान बडाहाकिम साहेवज्यू
छोटी गौंडा,

महोदय,

हजुरको पूर्जी पायौं खोजी गर्दा लाठे 'नाम गरेका युवक यो गाउँमै नभएको र गालेको नाति एकमात्र छ , उमेरमा पन्ध्र सोह्र वर्षमात्र छ। उसको नाम धनीश्वर हो। उसले सत्र वर्षकी केटीलाई लान सक्तैन र श्रावण महिनामा ऊ बिरामी थियो। घरैमा थियो। कलिली कुन्नी कताको लाहुरेसित गै रे भन्ने सुनेका थियौं।

यसकारण लाठे नामक युवक नभएकोले पूर्जी फिर्ता पठाएका छौं।

रामपुर पञ्चायत।

पुलिसलाई बिदा गरे। भुँडे, काले, गाले शिखर थुनिएको कोठामा गए। उनी उपर थपिएको मुद्दा सुनाए। उनलाई भने – गाउँका गरीबहरुलाई मिलाइ ठेकी, बेठी तिर्ने, हलो जोत्ने काम गर्न छोडाउने प्रयास गरेका थिए। विश्वे, चन्द्र तिनीसँग सरिक भएर विश्वेले आफ्ना मालिकको हलो जोत्न पनि छाडेको छ।

यसकारण विश्वे, चन्द्र पनि शिखरका साथी बनाइए। हाडनाता विषयको मुद्दामा गडाउनको लागि चम्पीलाई पनि ल्याए, अत्याउँदै सोधे 'उनले उत्तर दिइन् – 'शिखर मेरो भतिजो हो। छोरा हो।'

सोचे जस्तो कुरा मिलेन। भने जस्तो भएन। भलादमीहरु चूर भए। सकेजति डर धम्की दिए। तर, शिखर विचलित भएनन्। कति पनि दबेनन्। हिजोदेखि उनको मुखमा पानी पनि परेको थिएन। निद्रा त हराएकै थियो। दिशा पिसाबले भने दुवैतिर पोलेको थियो। तैपनि उनी चूप रहेर बसे। उनीहरुको चरित्रकला हेरिरहे। बुझिरहे। भोगिरहे। उमेचाहिं ठिँगुरोसित उठ्न खोज्थे, पछारिन्थे – 'हाम्ले के बिराएको छ र यसरी राख्छ ? यिनीहरुलाई कि ? फुट्क्नि मात्र पायो भने मैले जानेको छ। के म चोर हो र!

भुँडे र केही सदस्यहरु बाहिर बसे। हेर्न थाले। काले, गाले, लाठे

गएर शिखरलाई लिफामा सही गर्न कर लगाउन थाले। तर उनले मानेनन्। विश्वे, चन्द्र कँस्सिएर उठे। उमे र शिख्रेको ठिँगुरो खोलिदिए। ढोका बन्द गरी भित्रबाट आग्लो लगाए। बाहिरबाट मानिस भित्र जान सकेन। बाहिरबाट दुम्म दुम्म आवाज र भो बिरायौं, भो बिरायौं। ज्यान नमार बा ! ज्यान नमार !! भन्ने शब्द आयो। भुँडेहरू यता र उता दगुर्न थाले। सुन्न थाले - 'दुम्म, अयः।' ढोका हाने तर खुलेन। दगुर्दै वर र पर गरे। कराउने शिखरपट्टिका पो हुन् कि। द्विविधा पऱ्यो। दगुर्नु बाहेक अरू कुरा सुल्झेन। एकछिनपछि सबै चुपचाप भयो। तैपनि, कोही निस्केन भित्रबाट। अब त आत्तिए। भुँडेसाहू - 'खोले ढोका' हातले ठेले ढोका पहिले नै खुलेको थियो ।

'आहो। क्या हो यस्तो यो नरक कुण्ड ?' चिच्याउँदै विस्मित भएर कराए। चम्पी अघिनै गैसकेकी थिइन्। शिखर, उमे, चन्द्र र विश्वे एक एक गरी निस्के। कता कता लागे। भुँडेलाई पत्तै भएन। उनी भित्र पसे आफ्ना सहयोगी सबै पल्टेका छन्। कसैको टाउकोमा चोट छ। कसैको खुट्टामा रगतको छिटा टाटेपाटे छ। सारसौंदो कोही छैन। खुट्टा जोरेर चारै दिशा र चारकुना ताकेका छन् सबै मन्टाले। लाठे घोप्टो परेको छ। सदस्यहरू र गाउँलेले उत्तानो पारे। ओर्काए फर्काए। अरूले आँखा खोले पानी मागे। आइपुग्यो। खुवाए। घाइतेहरू छाती छामी बोले - मारे शिख्रे, उमे, चन्द्रेले ! गालेले लाठे मरेको देख्यो। करायो - मलाई पनि मारेका भए हुन्थ्यो। भुँडेले मानिस जम्मा गराए। डोला बनाई पाँचैजना घाइतेलाई उजुरी गर्न र लास जाँच निमित्त डोर झिकाउन अड्डामा पठाए। गाले गाउँलेहरूसँग बसी लाठेको लास कुर्न थाले। गाउँमा 'कुर्केको एकजनाले लास कुर्नेछ।' उर्दी फिँजायो। डोरको प्रतीक्षा शुरु भयो।

# उन्नाइस

अदालतबाट खटी आएका विचारीले जनसमूहका बीच पूर्जी पढेर सुनाए। लासको प्रकृति टिपोट गरेर सद्गद् गर्ने पूर्जी दिए। जनसमूहका बीच सरजमिन शुरु भयो – 'स्कूलको चन्दा कसरी उठाउने, गनस पोखराको कुलो स्कूलमा ल्याउन कति दिन गाउँबाट श्रमदान लिने र सरकारबाट मद्दत नआएसम्म स्कूल कसरी चलाउने ? यी कुराहरूको निर्णय गर्न पञ्चायतको मिटिङ्ग बसेको थियो। ज्यादै गर्मी भएकोले बाहिर बस्न नसकेको र पेटीमा बस्दा बतासले धुलो ल्याएकोले भित्र बसी मिटिङ्ग गरिरहेको, म नआईपुगेकोले निर्णय हुन नसकेको बेलामा, शिखर उमे, चन्द्रे र बिश्वे आई भित्र पसी ढोका बन्द गरेर सानो प्रधान र सदस्यहरु समेतलाई कुटी मर्ने बाँच्ने दोसाँधमा पुराएछन् । बाजेसँग आएका धनीश्वरलाई मारेछन् । म आएपछि ढोका खोले र उनीहरु भागे । अनि म लास कुर्न बसे । घायलहरुलाई अड्डामा पठाई उजूर गरेको हुँ।' भन्ने पञ्चायतका प्रधान मुखिया भूँडेरामको बयान गरेपछि अरूको सजमिन भयो। सबैले सबै कुरा  प्रधानको ठिक छ कुटपीट गर्ने र धनीश्वरलाई मार्नेमा केटाकेटीदेखिनै रिस भएकोले शेखर, उमे, चन्द्रे र विश्वे मात्रै नभै बिरे पनि हो भन्ने शङ्का लाग्छ।' भनी सहीछाप ठोके।

एक्कै मिलानको सर्जमिन भएपछि गौंडाको साक्षी र विचारीले चौकीबाट पुलिस झिकाए। मद्दत लिएर बिरेलाई पक्राउ गरे। भेद खुलाए। भागेका शिखरसहित सबैलाई पक्रिन शशेका बङ्गालामा पुगे। बाहिरबाट चर्चो गरे। रात पनि बिताए। गनगन, गुनगुन कुरामात्र सुने अरु बुझ्न र ककसको बोली हो, छुट्टाउन सकेनन्।

उज्यालो भयो। शशेकी घर बूढीले चेवा बस्नेलाई देखिन्। ढोका खोल्न आदेश पाइन्। खोकी खोकीकन सङ्केत गरिन्। ढोका खोलिन्। उनीहरू भित्र पसे।

'को हो तिमीहरु ? यो घर त हैन तिमीहरूको ?' 'हामी यो घर खोल्न जाँच्न र हेर्न चाहन्छौं।' जाँच प्रमुख बोल्यो।

'घर हाम्रो यो होइन, यहाँ हेर्नुपर्ने के छ ? किन हेर्ने ? हामी कुनै पुरुषको मुख नहेर्ने प्रतिज्ञामा छौं। कुनै स्वास्नी मान्छे भए हाम्रो अगाडि आएर हेर्न जाँच्न

सक्छ। पुरुष आउन सक्तैन। कोही जबर्जस्ती आएर हाम्रो तपस्या भङ्‍ग गरेमा उसले पाप भोग्ने छ। हामी पनि तपस्या भङ्‍ग भएपछि बाँच्न दिने छैनौं, तिमीहरू बाँच्ने छैनौं। चिम्लेका आँखा खोल्नु पर्‍यो भने, सर्वत्र खरानी हुनेछ।' पुरुषको मुख नहेर्ने एक युवती बोलिन्।

पुलिसहरू जिल्ल परे। आपसमा कुरा काट्न थाले 'आजको जमानामा पनि पुरुषको मुख नहेर्ने केटी कहीं जन्मेलान्, नचाइने कुरा ! सडकमा दुई खुट्टालेमात्र उभिएको लोग्ने मानिस देखेता केटीहरू पचास हात परैबाट आँखाले भ्याउँछन्। हुने कुरा हुन् यिनी ? भेष बदलेर, कपाल लगाएर बसेका हत्यारा पो हुन् कि ! म चिन्छु। हेर्छु। जे परी परी, भस्म भए म पाप लागे मलाई लाग्ला।' भनेर एकजना अगाडि बढ्यो। पस्यो। गयो भित्र। घुमीघुमी हेर्‍यो। चारजना युवतीहरू आँखा चिम्लेर खडा छन्। निधारमा खरानीको धर्को पुलिससँग भन्यो - 'मैले चिने।'

'को , चिन्यौ हत्यारा हुन् ?' पुलिसले सोध्यो।

'हैन ऊ को लक्ष्मी - बाहुनी। त्यो नाम पनि आउन, उसकी छोरी। चम्पी थापाकी छोरी ! त्यै न्वारान रोकिएको थियो नि ........।'

'कसको न्वारान रोकिएको ?'

'उसको'

'को उसको ?'

'चम्पीको।'

के भो त आजकाल ?'

'कुन्नि।'

'थाहा छैन ?'

'अँ !'

'थाहा छ ।'

'छैन।'

'के अँ भनेको त ?'

'थाहा छैन भनेको।'

'ए लौ भन अरु।'

'अरु शिखरेका बहिनी दुईटी।'

'कस्तो ? के यिनी तपस्विनी भए हुन् तो ?'

'ईश्वर जानून्।'

विचारीकहाँ यो कुरा पुग्यो। उनको तर्कले भन्यो – 'हुन सक्छ तपस्विनी बनी पुरुषको मुख नहेर्ने व्रत बसेका ? किनभने, लक्ष्मीका बाल्यावस्थामा विवाह भएर पनि लोग्ने बेपत्ता। चप्पीको उमेनै ज्यानमारा भै बेपत्ता। अरु दुईटी केटीको दाजु शिखर हराएपछि कसैले हात हाल्लान् भन्ने डर पनि भयो। अनि खाने पनि के ? तपस्विनी भैदियो, हाइ सुखखै। आफ्ना लोग्नेहरु र दाइहरु उम्के। देखापरे उनीहरुलाई छँदैछ। नत्र, तपस्विनी।' विचारीले दोहोराए 'बडो बाठा रहेछन् केटीहरु त मौका परे भोगिनी, नत्र योगिनी। आइमाईको जात गजबको छ। भोगिनी फेरि जोगिनी। गलललल विचारी हाँसे। अरु पनि हाँसे।

उनीहरुको पत्तो नलागेपछि, वीरेलाई लिएर विचारीहरुको डोर अड्डामा फर्क्यो। उसलाई सर्जमिन मुचुल्कासहित सुम्प्यो। डिठ्ठाको सवालको जवाफमा सर्जमिनमा नमिल्दो जवाफ दिएकाले डोरमा जाने विचारीलाई रिस उठ्दै आयो। काम साबित होला भन्ने लागेकोले कुरा सिकाएको सबै व्यर्थ भयो। विचारी आफ्नो ठाउँबाट उठेर उसका कानमाथिका रौं गोड्न पुग्यो वीरेले सहनु थियो सह्यो। तै पनि कुरा बद्लेन।

सुबेदार वीरबहादुर राई आइपुगेको बेला जवाफ दिन अक्मकायो उसले पनि थप्यो, दुई भएर उसको मूत्रद्वार अण्डकोषमा सिस्नाले हाने। कानका लोती उखेले । ऊ रोयो हुङ्क्कार छोड्यो। 'मेरो बिराम केही छैन बा, बा ! मलाई केन मार्छौ ? आमाः कहाँ छौ ? ढुङ्गाको मनपनि रोयो। डिट्ठाले दुबैलाई रोके। वास्तवमा उनले पनि सर्जमीनमा अमिल्दो बयान चाहन्थे। तब मात्र, मुद्दा जारी रहन्थ्यो। धेरै जनाको मिल्दोजुल्दो बयान हुन्थ्यो भने त मुद्दा छिनिइहाल्थ्यो केसार र उनलाई !

सत्यकुरा भन्छु 'यस बाहेक थाहा छैन भन्दै मामूली पछिको तेस्रो सवालमा, वीरेले जवाफ दियो – 'शिखरसमेत मारेको शङ्का लाग्दैन किनभने यिनीहरु ज्यान मार्ने खालका मान्छे थिएनन्। मैले पनि मारेको छैन। मार्नेमर्ने दिन त के, धेरै अघिदेखि म तिनीहरुसँग भेट भएको छैन। मर्दाको दिन म

गौंडाबाट तारिख लिएर घर जाँदै थिएँ। एकदिनमा नपुगी सोमबहादुरकहाँ बास बसेको थिएँ।' त्यसो भए, तिमीलाई किन शङ्का गरे हुन् ? मर्ने धनीश्वर कुटिने लाठे भनेको त्यही हो ! यसले, मेरी बहिनी फकाएर हिन्दुस्तान लगी तीनहजारमा कम्पनीलाई बेचेछ। म पुगेर उम्काई ल्याएँ। गौंडामा लगी उजुर गरें। त्यसै रिसले मारेको भनी मलाई आरोप लगाएका हुन्।'

'के गौंडामा मुद्दा दायर छ ?'

'मुद्दा डाएर छ। भूँडे समेतले लाठे नाम गरेको मान्छेइ छैन भनी मर्ने लाठेलाई धनीश्वर नाम राखी पठाए। उर्दी समेत दबाए।'

'मार्ने शिखरहरू हैनन् भने को होला त ?'

'मलाई कसैमाथि शङ्का छैन। शिखले मारेका भए कुटिने र मारिनेले उनीहरूलाई जे जे गरे त्यसबाट बाँच्न मारेका हुन सक्छन्। 'त्यसो भए कुटिने र मारिनेले शिखरप्रति के के गरेका थिए त ?'

'अरू मलाई थाहा छैन। यो घटना हुनभन्दा अघिल्लो दिन भूँडे, गाले, कालेले धेरैधेरै गाउँलेका बीचमा शिखरलाई पत्री पाँचवटा मुद्दा सुनाएका थिए रे ! त्यसमा भनेको मानेन भनी शिखरलाई र लाठेलाई फ्याँक्यो भनी उमेलाई ठेंडुको ठोकी पञ्चायत घरमा थुनेका थिए रे। राती त्यस्तो भएछ कि ? त्यसैले मेरो विचारमा उनीहरूले मारेका भए, आफूलाई मार्न लाग्दा मारेको हुनुपर्छ।'

'पञ्चायत प्रधान मुख्खे समेतको बयानमा स्कूल, कुलोहरू चलाउने सल्लाह गर्नको लागि पञ्चायत बसेको थियो, भन्ने छ तिमीले भन्छौ मुद्दाको छलफल र शिखर र उमेलाई ठेडुको ठोक्न बसेको थियो, कसो हो स्पष्ट गरी भन।'
'घटना हुने अघिल्लो दिन स्कूल र कुलोको लागि पञ्चायत सबेको हैन। झुट्टा हो। गाले र भूँडेले लाठेको उजुरी बमोजिम शिखरलाई पत्री भनेको मान्न कर लगाइएको थियो। नमानेकोले राति लास भएको कोठामा लगी ठेडुकैमा राखिएको र मार्नेमा भनिएको विश्वेलाई कुर्न लगाएको हो रे ! अर्को दिन नमालुम कसरी मार्ने मर्ने भयो मलाई थाहा छैन।'

'तिमीले यो कसबाट थाहा पायौ ?'

'शिखरकी सानीमा उमेकी स्वास्नीबाट थाहा पाएको हुँ।'

'कहिले, कहाँ, कसरी ?'

'दुईदिन पछि, म उमेका घरमा गएको थिएँ, उहीं।'

'तिम्रो आफ्नो सफाइँको सबुद के छ ?'

'बहिनी बेचीदिएको छोरी गौंडामा दायरी मिसिल छ। झिकी बुझी पाऊँ। सेमबहादुर र गाउँ सर्जमिन बुझिपाऊँ।'

'भन्न बाँकी छ ?'

'छैन।'

'तिम्रो बयान कस्तो भयो ?'

'भने बमोजिम लेखिएको मेरो बयान सुनिपाएँ। ठिक छ।'

मिसिल डिठ्ठा समक्ष पेश भयो। पुर्पक्ष निमित्त थुनामा राख्ने र प्रमाणमा दिएका साक्षी र सर्जमिन पनि बुझी पेश गर्ने पर्चा खडा भयो। पर्चाको टाउकोमा डिठ्ठाले रातो मसीले दस्तखत गरे। वीरेलाई भोलिदेखि 'ग' श्रेणीको सिधा दिने भनी पूर्जीसहित जेल पठाइयो।

# बीस

पैरामा पनि सानासाना हरिया बिरूवा उम्रेका छन्। किसान पाकेका मकै भाँच्न थन्काउनमा व्यस्त छन्। चारैतिर हराभरा छ। वर्षाभर खाएर कोखा उक्साएका बेठे, बहरहरू डुक्रीडुक्री बुर्कुची मार्दैछन्। ठाउँठाउँमा जुध्ने गोरूहरू रमाइलो देखाउँदै छन्। सबैको दिलखुस छ। मिलीजुली काम गर्दैछन्। रमाइलो छ।

पारि वनको बीचमा, बुकीको लम्पटमा पल्टेर खर्केका भेंडाबाख्राको माझमा बसेर भेंडीग्वाला मुरली बजाइरहेका छन्। कुर्लङ्ग–कुर्लुङ्ग घाँडो बजाउने कुकुर भेंडीगोठमा सुहाएर वरपर गर्दै भुक्छन्। 'हुक्काः हुक्काः' गर्ने गोरुबसाहरू थर्काइरहेछन्। स्युइयः गर्ने ग्वाला भित्रभित्र दौंतरीलाई इशारा गर्छन्। किसिमकिसिमका चराहरूको मधुर गान, शिरिरिरै वहने हवा, थाकी थाकीकन तान्नेका भरियाहरू त्यहाँ पुगेर बिसाउँछन्। तयस्तै चित्तरञ्जन ठकुरी के कम र ! अरूका आँगन वरिपरि तरकारीका झाल, सिंबी, करेली, फर्सीहरू लटरम्मै फलाएका छन्। झार उम्रियो कि, उखेल्ने खलो बनाउने गर्छन्। उनको घर वरिपरि किसिमकिसिमका फूल पनि फुलेका छन्। आँगनको धेरै भागमा दुबो लगाएका छन्। उनलाई तरकारी खानुभन्दा दुबो, फूलहरू हेर्ने, घुम्ने, माझमा बस्ने सौख छ। सायद, प्रकृतिका प्यारा छन् उनी। ठाउँ पाएपछि किन नबसून् 'बस ठिटा हो' भन्दै काला चस्मा माथि लग्छन्।

क्या राम्रो ! क्या राम्रो, प्रकृतिको काख यो !

क्या राम्रो ! क्या राम्रो, नेपालको माझ यो।

क्या राम्रो ! क्या राम्रो, प्रियतमको साथ यो।

क्या राम्रो ! क्या राम्रो, खाना साना झिक त्यो।

क्या राम्रो ! क्या राम्रो, उठी उठी नाचौं हो।

श्रीमतीलाई खान झिक्न लगाएर चित्तरञ्जन बालक छोरोलाई हातमा खेलाउँदै नाच्न थाले। मुसुक्क हाँसेका भरियाहरूले दिउँसोको नास्ता टोपीटोपीमा थापे। गफगाफ चल्यो। चित्तरञ्जनले कुरा गरे –

'कसो भाइ हो ? यस्तो जङ्गलमा पनि खूब रमाइलो छ नि !'

'हजूर हो !' सबैले टाउको झुकाएर भने।

'हेरन यहाँबाट त त्यो सेतो हिमाल देखिने रहेछ - तल ऊ मैदान मधेश पनि। त्यो डाँडामुनिको कुन शहर हो ?'

'यहाँबाट जहाँ पनि देखिन्छ, पोखरा हो त्यो।' भरियाको नाइकेले भन्यो।

'तिमीहरु गएका छौ पोखरा ?'

'अहँ, हजुर गएका छैनौं।'

'सुनेका छौ, पोखरा बारे ?'

'अहँ। छैनम्।'

'यहाँ त खूब राम्रा ठाउँहरु छन्। फेवाताल, बेगनास ताल, मैदी ताल, रुपातालहरु छन्। सम्मा ठाउँ फाँटका फाँट खेतहरु हिउँका चउँरीहरु बीचमा वनजङ्गल नदीहरु प्रशस्त छन्, विदेशीहरु आउँदा यहाँ नआई फर्किदैनन्। एक दिन बसेर जाउँला भनेका हुन्छन्। तर, पोखराले तिनीहरुलाई मोहनी लाउँछ। यस्तै भएछ मेरी प्राणलाई आत्तुरी लाग्यो रे ! कहिले पुगूँ जस्तो भयो रे ! अब के गर्नु ? भनेको नपुराइदिऊँ भने भोलिनै मलाई छोडेर जान्छु भनी घुर्की देखाउँन अलिपर गए जस्तो गर्दा, सारीको अघिल्लो झोंपो औंलाले टेकी अल्झेर लोट्ने हुन् कि भन्ने डर ?' श्रीमती ठकुरानी मस्किन्। ठकुरी ठकुरानीको मुखमा हेरी च्यूँडोमुनि चोर औंलाले मन्टो उभो उठ्ने गरी उठाए। भरियाहरु हाँसे।

खाँदाखाँदै हेर्दाहेर्दै, घाम डुबे। झर्दा नुवाकोटको ओऱ्हाली झर्नुपर्ने ठकुरानीका खुट्टा नुङ्‌दैनुगेनन्। यस्तो हुने भएता सेहनाको व्यवस्था गर्ने थिएँ हिजै ! के गर्नु ठकुरीलाई पऱ्यो फसाद ! हुनत, ठकुरानीले भर्खर एउटा छोरो पाएकी छन्। उनी बीसवर्षमै होलिन् खूबै भएकी भए। छाती कमलिएकै छैन। फेरि फस्टेला भनेर सर्वाङ्ग शरीर खूब कस्नुपर्छ उनलाई। सारी पनि कसेर कुर्था झैं बनाउँ छन्। झर्न गाह्रो भो। तर, के गरुन्, गरेको भए पो। ढलेको सिन्को त ठाडो गराउनु परेन उनलाई अहिलेसम्म। बाजेकै पालाको मधेस, के घर, के माईत, जे खाएपनि, जे लाएपनि कमी छैन। उनका चम्किला आँखाबाट ज्योतिका फिलुङ्गा निस्किन्छन् जस्तो पाखुराको स्यूटर माथि माथि सारेकी, टाँके स्यूटर तलतल लगाएपनि बेलको नजिक खुलेको, राते ओंठ, पहेंलो मुहारमा सेतो चन्दन-लेपनयुक्त शरीरवाली गाह्रो पऱ्यो उनलाई।

भरिया आफैं बोझामा च्याँपिएकै थिए। ठकुरी पनि त उही बारीका हुन् नि ! कत्रो बानी र ? पहाडी हिंडाइमा घुम्नमात्र त उनले मधेश छोडेका हुन्। नत्र, काठमाडौं-मधेश, मधेश-काठमाण्डौं उनको खेवा नै यत्ति हो। हिन्दुस्तान त के अमेरिका पनि पुगे तर, हिँड्ने त कुरै आएन।

साथै, ठकुरानीले नामर्द ठान्लिन् भन्ने लाग्नु त स्वाभाविकै भयो। किनकि, उनी भर्खरकी छन् - उनको बानी ठकुरीलाई थाहै छ 'गाह्रो काममा म स्त्री जाति स्वभावैले नसक्ने। पुरुषले सक्नुपर्छ। सजिलो काममा म के कम स्त्री मान्छे हैन र ?' भन्थिन्। कतिचोटि बाहिरबाट थाकी आएर खुरुक्क सुत्यो भने - 'कस्तो, मर्द भएर पनि त्यसै सुत्न शर्म लाग्दैन हजूरलाई दुईचारवटा कुरा नगरीकन ?' भनी निंदैमा काउकुती लगाइदिन थाल्थिन्। बल्लबल्ल भएपनि, साहस बटुलेर छोरो उचाले, ठकुरानीको हातपनि समातेर तातेताते गराउन थाले।

नाइकेलाई धराले छँदा आफ्नी बहिनीलाई 'ताते नानी, ताते।' गराएको याद आयो। अगाडि हेरी मुसुक्क हाँसे। उनले हाँसेको देखे। नाइकेले शिर निहुराए। तैपनि उनको कल्पना बहिनीतिर बढेर गयो। सबभन्दा सानी बहिनी सम्झे, आमा अनि क्रमैसँग अरू बहिनी। 'कठै बरै ! मैले छोडेर आउनु पऱ्यो, के गरेका हुन्' आँखा बलैले चिम्म पारे। भूइँमा दाग लाग्ने गरी दुईथोपा आँसु चुहे। तैपनि, बलियो हृदय फोरेनन् - 'यो कर्ममा तिम्रो सेवा लेखेको रहेछ भने, फर्किउँला।'

साँझतिर पोखरा पुगे। संयोगवश हवाइजहाज ठिक्क उभिएको रहेछ। भनेको बेला टिकट पाइयो। भरियाहरूलाई बिदा दिन खोजे। तर, उनीहरुले 'उतै जान्छौ' भने। पहिले त ठकुरीले अबपनि जान्छौं जान्छौ भन्दा डाँका हुन् की भन्ने ठाने, तर, ढोरपाटनबाट हिंडेदेखि आजसम्मको चालचलनले विश्वास लाग्यो। पैसा उनीहरुकै थिए। टिकट किनिदिए चारै जनाको।

हवाजहाज उड्यो। चारवटैको आँग सिरिङ्ङ भयो। बीच बीचमा निस्सासिए। बान्ता गरे। तीन जनाले भने 'मरियो अब'। ठकुरानीले भनिन् 'बाँचियो अब।' नाइकेले भने 'एकचोटि मर्नुछ भने डर के को ?'

# एक्काइस

'अँ ! विश्वजी, भन्नुस् कसरी बिताउनु भयो आजको दिन ?'

'के हुन्थ्यो बल्लतल्ल काट्ने त हो नि ! असनमा बसेको छु। कोही किन्न आए भने, चामल बोकेको छ, गएको छ। पाँचपाँच पैसामा तौल तलमाथि गर्नुपर्दछ। म त, छक्क पर्छु, किन यस्तो खानामा पनि सुकाजति एकै छाकलाई लाग्छ। गऱ्योगऱ्यो हुँदै हुन्न। न लगातार गर्नु पाइने न खान !

'त्यसो भए दुःख पाउनुभयो हो कि ? कति कमाउनु भयो त ?'

'पचपन्न पैसा ! म त आफैं लाज लाग्छ मेरो एकदिन पचपन्न पैसामा बिक्ने भयो।'

'केही छैन कहिले धेरै हुन्छ, कहिले थोरै। त्यस्तै हो नजानेको ठाउँ, के हुन्छ, कसले जान्छ ? कहाँ फाइदा हुन्छ कहाँ हुन्न ? धैर्यरहन सिक्नुपर्छ। त्यही हो असल।'

'तपैंले के गर्नु भो त ? कस्तो लाग्यो ?' 'चन्द्रतिर फर्केर शिखरले सोधे।'

'मलाई त हाँसो पो लागेको छ।। जाने ठाउँमा पनि गैन। एउटा ज्यापू रहेछ खर्पन बोकेको ! मल लाने टिनमा हालेर बारीतिर। मलाई पनि काम देऊ भनें। 'हुन्छ आः भनेर एउटा खर्पन दियो ढाकेका टिन दुईटा दुईतिर राखिदियो। मैले एउटा एउटा किन ? दुइटा दुइटा राखिदेऊन। भनें। उसले सक्तैनस् भन्दैथियो, मैले सक्छु भने अनि चारवटा टिन जुरुक्क बोकेर हिंडें। अघिअघि त्यो त्यसका अघि अरु ! म सब भन्दा पछि भएँ। अघिअघि उनीहरुको ख्याङ्ख्याङ् हिंडाइ। हेरौं जस्तो, फौजी कवाज खेल्दा दिने तालीम जस्तो ! एकएक वटा अलिकति खुम्चाएका हातले ख्याउने, कम्मर एकै स्वरमा हल्लिने न ढिलो, नचाँडो न बिचमा रोकिने। अघिल्लाको दाहिने खुट्टा चल्दा पछिल्लाको दाहिने चल्ने बाँया चल्दा बायाँ नै। मलाई त साँच्चैकै नाच पो लाग्यो। खूब रमाइँलो लाग्यो। मैले भने'बानी परेको भए पो ! खर्पन एकाएक हल्लिन्छन्। त्यो ज्यूराले अडाएका तुलो जस्तो गरी झुण्ड्याएको सुर्पो जस्तो खर्पनमाथि राखेका टिन, किन नहल्लियून् ? फेरि लामै डण्डीको दुई टुप्पामा, डण्डीको माझ काँधमा राख्नुपर्ने, हिंड्न खोज्यो हल्लिन्छ, हुँदै हुन्न। गाउँमा काँधले ठूलाठूला दलीन पनि बोक्ने त एकछिन भएर पो त,

यहाँ त खर्पनले पनि 'काँध खायो अयःअयः' भै हाल्ने। उनीहरू झैं ताल मिलाएर हात खियाउँदै शरीर चाल्न मिलाएर हिंड्न नसकिने रहेछ। उनीहरू नबिसाइकन पुगे बडो मजाले। म बिसाउँदै पुगें। दुःख त खूबै भयो तर, खर्पन बोकेका ज्यापूहरू हिंडेको देखेर मलाई त थकाइको त्यति ख्यालै भएन।'

बाटोमा मल अलिअलि गनाउँथ्यो, मलाई शङ्का लागेकै थियो मल पनि किन यस्तो गनाउँछ ? फेरि सोचें - 'सायद, यहाँका गाईभैंसीले धेरै घाँस खान पाउन्नहुन्, अन्नैबाट पालिंदा हुन्। यहाँ जङ्गल र बारी छैनन्। घरमात्रै छन्। भन्ने ठानें। खेतमा पुगेपछि आफ्नो-आफ्नो टिन आफआफै खन्याउनुपर्ने रहेछ। अरुले खनाए, म पनि खनाऊँ भनेको त असाध्यै गन्हायो, आँखिर त्यो त रहेछ 'मान्छेको मल !' म त दङ्ग ! छक्कै परें ! साँच्चै बसिसक्नु भएन। ज्यापूलाई भनेवास्ता थिएन। मलाई त असह्य भयो। तैपनि सोछें 'यिनीहरूले गरेका छन् भने, मलाई के ? खनाएँ, एउटा ज्यापूले साथ पनि दियो। अनि एकरुपे दियो। आएँ पनि।'

'मुसुक्क हाँसेर शिखरले भने 'फेरि लग्नु भएन ?'

विश्वे, उमे पनि हाँसे। आज ता म घर बनाउने ठाउँमा इँटा बोक्नेमा भर्ती भएँ। यहाँकाले त्यै खर्पनमा बोके। मैले एउटा डोका मागें। ज्यूरो खोजें। नाम्लो बनाएँ। दशखेप भरीभरी ल्याएको देखेर नाइके खूब खुसी भएछ। सातमोहर पो दियो। 'भोलिपनि आएस्' भन्यो। 'हुन्छ' भनेर आएँ। अलिवर आएको, दही बेच्न लागिरहेको देखें। एक रुपेको दही बोकी, पाँच मोहर ल्याएर आएँ।'

'भोलि पनि त्यहाँ जाने तो ?'

'जाने। सात सात मोहर पाएपछि किन नजाने ! जाने।'

'तपैंले के गर्नु भयो नि ?' सबैले मुख मिलाएर शिखरलाई सोधे।'

मैले ता केही पनि गरिनँ। वर गरें, पर गरें, घुमें। कहाँ के छ ?कहाँ के छट ? भनेर' बस्ने ठाउँसम्म बनाएँ। पशुपति यतातिर, घेरिएको जङ्गलको बीचमा एउटा पौवा। त्यहाँ बसेपछि पैसा नलाग्ने रहेछ। जम्मा त्यहाँको रूख बिरूवा काट्दा हेर्नुपर्ने रहेछ। 'सबैले भने अब के खाऊँ ?'

'दिनको एक रुपे भाँडा किन्न जम्मा पारौं। भाँडा भएपछि पकाएर खाने बन्दोबस्त हुन्छ। बाँकीको केराउ, ज्यूरा, नून र लसुन ल्याएर खानु पर्ला।' शिखरले प्रस्ताव राखे।

राय मिलेपछि चन्द्र र शिखर सामान किन्न गए खानेकुरा पनि किनेर फर्के। बाँडीचुँडी खाए। धारामा गए। पानी खाए। बाटोमा पेटीका खम्बामा बिजुली बलेको देखेका थिए। त्यहाँ आए खम्बामुनि बसे। शिखरले पहिला किताब पल्टाए। आफूले भन्दै उनीहरूलाई भनाए क, ख, ग, घ, .......................... त्र। सबैले भने, घोके। केही बेरपछि बत्ती निभ्यो। उनीहरू पनि हिंडें।

# बाईस

भूँडे साहूको लेखोट, धनेकी आमाको उजुरी र बयान अनुसारको सर्जमिन भएको ज्यान सम्बन्धी र कुटपिट मुद्दामा वीरेको बयान अनुसार सेमीबहादुर बुझ्दा उसको कुरा मिल्न गै वीरे उसकहाँ बासबसेको देखिने, सो कुरा गौंडोका मिसिलबाट पनि देखिने। चम्पीलाई बुझ्न पठाएको समन गुजारेकी देखिए पनि दोहोराई सर्जमिन गरिरहन परेन। सर्जमिनले शङ्का गरेपनि गौंडाबाट तारेख लिई त्यो दिन घर पुग्न नसक्ने हुनाले वीरेको ज्यान मार्नमा हात थियो भन्न मिलेन। धनीश्वरसँग रिस परेकाले सर्जमिनको शङ्का केही मात्रामा ठीक मान्नु परी निजलाई मतियार ठहराई दुईवर्ष कैद गर्ने, निजका बयानअनुसार बहिनी बिक्री गर्‍यो भन्ने मुद्दा लाठे भन्ने धनीश्वर मरिसकेकाले केही गर्न नपर्ने।

धनीश्वरलाई मार्ने भनी सर्जमिनले उजुरी मिलान को बयान दिएकोले शिखेलाई ज्यानमारा ठहराई जन्मकैद गर्ने र अङ्स सर्वश्व गर्ने।

उमे, चन्द्रे, विश्वेहरूलाई मतियार भै सहयोग गरेको देखिएकोले जनही बिसवर्ष कैद र एकहज्जार जरीवाना गर्ने।

कुटपिटतर्फ एउटै सिलसिलाको मुद्दा भएकोले र खत नखापिने भएकोले सजाय गर्नु नपर्ने। समन गुजारी बस्ने चम्पीलाई स्त्री जाति भएकीले साढेसात दिन कैद गर्ने।

इलाका अदालतको फैसला बमोजिम शिखरको सम्पत्ति लिलाम भयो। उमे, चन्द्रेको पनि एकएक हजार रुपैयाँ अदालतले असुल गर्‍यो। विश्वेको पनि जो भएको लिई लगत कट्टा गर्‍यो। यो सब शिखरकी आमाले देखिन्। उनलाई लाग्यो - 'उही रातको फल।' तैपनि, उनले आफ्नो स्वत्व बचाउन पाएकोमा दुःख मानिनन्। उनलाई पीर हो केवल छोराको ! उनले जिन्दगीमा आफ्ना छोराको मुख देख्न पाउने हुन् कि हैनन् ! यत्तिमा, उनलाई शङ्का, डर अनि उनको तपस्या थियो। उनी आफ्नो लगाएको लुगा र एउटा च्यादर अनि लोटा लिएर छोरीहरूको साथमा टोप्रेको लेखमा पुगिन्। जहाँ एक ठूलो ओडारलाई कुटी बनाई वरिपरि किला खाँवा गाडी बार लगाइन्। दाउरा बटुलिन्। धुँदी लगाएर बस्न थालिन्।

उनको बास ओडारमा छ। बलियो युगयुगदेखि खडा भएको ओडार।

अगाडि बार छ। काभ्राका रूख लहराहरू उम्रिएका छन्। गौंथलीले गुँड लगाएको छ। टाढाटाढाबाट हेर्दा पुत्तपुत्त धुँवामात्र निस्कन्छ। नजिकैबाट सेतो ठाडो झर्ना छङ्गछङ्ग गरी झर्छ। त्यसको आवाजसँगै गाउने चरीहरूले मधुर गीत सुनाउँछन्। अग्लो धुरी स्वर्गको नजिक। पृथ्वीको धुरीमा मृगहरूको बथान दगुरेको, ढेंडुवा बाँदर फौजका फौज घुमिरहेको लेक - राम्रो शान्त, सुन्दर। शान्तिको बासमा शिखरकी आमाको मन शान्त भएको छ।

तपस्विनीको प्रभावले झर्ना गर्मीमा पनि सुकेन। बाह्रै महिना झर्ना झरिरह्यो। छलछल छलल्ल। फल-फूलहरू फुलिरहे। रूखका पात झरेनन्। प्रकृति पनि शान्त रही उनको साथ दिइन्। सधैं हराभरा, सधैं शरदऋतु रह् यो। शरदको पछि लगतै वसन्त आयो। दुईऋतुको मात्र राज्य छक्क परे थाहा पाउनेहरू ! यो सुनेर भूँडेले त्यहाँ पुगी शिखरकी आमालाई फर्काउँने, दयागरेर उनको लिलाममा लिएको घरबारी फिर्ता दिने विचार गऱ्यो ! हिंड् यो। तर, त्यो हराभरा शान्त प्रकृतिको न्यायिक क्षेत्रमा समान रुपले खेल्ने मृग, ढेंडुवा बाँदर चरा चुरुङ्गीहरूको बासमा सुन्दर वनस्पतिको गाँजमा बस्न सकेन। फर्क्यो। अहिले बाघभालू छैन। स्यालसम्म छैन। मधुरवाणीदेखि अरू त्यहाँ सुनिन्नँ। सधैं जस्ताको तस्तै। टाढा-टाढाबाट आउने देख्ने मानिसले टोप्रेको टोपीमा यस्तो भन्न थाले। केही समयमै टोप्रे यस्तो बगैंचा भयो, छिचली सक्नुरहेन ।'

मौका मौकामा यस्ती तपस्विनी छरे। हिमवतखण्ड, रामायण, गीता उसको साथी छ अरे भन्ने सुनेर कपाल पालेका बाबाजी जाने प्रयत्न गरे। तर, शिखरकी आमाको अस्तित्व र तपले बारिएको बार तोडी जान कसको तागत ! बाटो नपाएर अलमलिएर। फर्के।

उनको बिहान र साँझ जपतपमा बित्छ। दिउँसो फलफूल टिप्न, ल्याउन, साना छोरी अनि मृग बच्चाहरूसँग खेल्दै खाँदै बित्छ। केही छिन चराचरीको गाना सुन्न र कुनै दिन पुरुषको मुख नदेख्ने तपस्विनीसँग बित्छ। धेरैजसो, तपस्विनीको समय छोरीहरूलाई पढाउनमा बित्छ।

यसरी समय बित्दै जाँदा पनी काखका छोरीहरू जवान भए। हुन त उनलाई टोप्रेको लेकमा आफ्नो तपोबलमा कसैको डर थिएन। तैपनि, तपस्विनीमा बदल्नु आफ्नो रक्षक आफैं बन्नु थियो, तैपनि दिदीहरूका साथ घुमफिर गरी समाज र सभ्यतासँग परिचित हुन पनि जरुरी थियो। यसैलाई अगाडि बढाउँदै सबै छोरीलाई तपस्विनी बनाइन्। आजीवन छोराको

उदय नहुँदै अनाज नखाने, कपासमा नबस्ने, धुँदी ननिभाउने, कुटीबाहिर झर्नासम्मको प्रकृतिको बँगैचाबाहेक अन्त नजाने, फलफूल खाई, मातृत्व बँचाएर बस्ने प्रतिज्ञा गरिन्।

अरु तपस्विनीहरु उनीसंग बाहिरी वातावरण र अवस्था सम्बन्धमा गरेका अनुभवहरु बताउथें। उनले बारबार शिक्षादीक्षा गरिहन्थिन्। केहीदिनमा लक्ष्मी पनि आइपुगिन्। त्यहीं उनकै साथ रहन थाले। अब त झन् टोप्रेको लेक तपले र जपले शुद्ध भयो, शान्त भयो, प्रकृति पनि त्यहीं बस्न थालिन्। अनि वसन्त आयो, जवान भयो अनि आयो शरद् !

# तेइस

'पानीः पानी' बल्लबल्ल सासले मात्र बोल्न सक्छन् शिखर। आँगमा मासुको नाम छैन। शरीर चोएँ - चित्राको जस्तो देखिन्छ। कतलै, कतला भएको, फुटेको कालो छालाले हाड अडाएको छ। मुखभरि किक्रिक्क दाँतमात्रै छन्। चण्डी बसेका, गाला पसेका छन्। आँखा निस्केका छन्। कानमात्र लामा लामा देखिन्छन्। पेट हपेहपे मात्र गर्दछ। करङ्गको पिञ्जडा सुगा भएत राखौं-राखौं भने पनि हुने जस्तो देखिन्छ। खुट्टाका हातका जोर्नीहरू ठूलाठूला भएका छन् - झिंना तिग्रा, पाखुरा, आँख्ला पनि ठूला ठूला छन्। अस्ति भर्खरका ती शिखर आज कसले चिनोस् - 'पानीपानी' भन्छन्। तर, खै पानी ! पानी ल्याउने भाँडो छैन। एकरुपे सँगाली भाँडा किन्ने उनको विचार थियो खै ! उनका साथीहरू अस्पतालमा गएका हुन् 'यस्तो भयो भन्न ?' तर, डाक्टरले सिफारिस छ भने आऊ नत्र जाऊ।' भन्यो। चन्द्रले आतिएको बेला एउटा पनि बुझेनन्। फर्के। हुँदाहुँदै चारदिन बितिसक्यो। न शिखरलाई आराम हुन्छ। न उनलाई छोडी अन्त कहीं जान हुन्छ। कोखामा बसेका छन्। न कसैलाई गुहार्नु छ, न कसैलाई भन्नु छ। न खाने कुरा केही छ ! न किन्ने पैसा छ ! आज होला भन्यो हुन्न, भोलि होला भन्यो हुन्न के गर्ने सबै उस्सः गर्न थाले। सबैको मुखबाट निस्किन्छ 'यदि, शिखर गए भने, हाम्रा नाशका दिन आए हुनेछ।'

चिसो ठाउँ छ, भर्खर झारपात फ्याकेको ! कन्सुत्ला, गोज्जर किरा प्रशस्त देखिन्छन्। गोज्जर भएको ठाउँमा बज्र पर्छ भन्छन्। उतापट्टि झार छ, राति सर्प आउला भन्ने पनि डर छ। दाउरा ल्याउन पाइन्न। उज्यालो छैन। आगोको बीउ राख्न विश्वेको आस्कोट आधा भैसक्यो। सुनसान छ। 'हरे ! हाम्रो के भाग्य रहेछ, हामीलाई त यस्तो छ भने हाम्रा आमाहरू के गरी बसेका होलान् !' विश्वे बोले 'छाती चिरेर ! नभन्दै आँसु झारे।

'आमा !' आवाज सुनेर हो कि, शिखरले आँखा चियाए। सबैले उनको मुखमा हेरे। आनन्दको सास फेर्दै 'कस्तो छ आज ?'

'आराम हुँदै जाला जस्तो छ।' शिखर सासबाट बोले। आँखा लगाए। यसै बेला उमेले पशुपति गएर आफ्नो ठुटे भोटो छोडाई बेसरी पखालेर पानीमा चोबेर पानी भरेर ल्याई पुराए।

भाँडाको काम ठुटे भोटाले गऱ्यो। 'शिखर पानी !' चन्द्रले भने। आँ गरी आँखा खोले शिखरले। उनले टुप्पो निचरी पानी खुवाए। उमेले पछिल्लो भाग आङ्मा चिसो लाग्छ भनी अडाए। बाँकी पानीमा धुलो नलागोस् भनी बाहिर भारमा राखे।

पानी खाएपछि शिखरले आँखा च्याए, हेरे। विश्वेले दिउँसो बटुलेका जडीबुटी थिंचे। रस बनाए। फेरि खुवाए औषधिको असर केही देखिएन। चारदिनसम्म पल्टेको पल्ट्यै छन्। चिसो भूइँता ठुटे भोटोको बिछ्यौना छ, टोपी आस्कोटमुनि एउटा काठको थामका फेंदमा राखेको ढुङ्गा सिरान छ। एकएक वटा साना साना खास्टा बिरामी भनी उनैलाई ओडाई दिएका छन्। आफ्नाआफ्ना भोटा त लागएका छन्, त्यसैमा पनि, उमेको भोटो पानीमा भिजेको छ। चन्द्रसँग लिपिस्त लागेर बसेका छन्। विश्वेका आँखा अलिअलि रमाएका जस्ता छन्। तीनै जनाका खुट्टामा माटो टाँसिएको छ, डल्ला परेका छन् । घुँडा जोरेर मलीन मुखले शिखरकै मुखमा हेरिरहेका छन्। केही उपाय नपाउँदा बाँकी रहेको रात पनि मैनादिन जस्तो लागिरहन्छ। सबैका आन्द्रा छुत्ती खेलिरहेका छन्। तिग्रा लाग्दैनन्। शिखर त रोगले बिरामी भए। तर, साथीहरु त्यसै बिरामी भए। उसको निम्ति जडीबुटी औषधि भइरहेछ। उनको आरोग्यतानै उनीहरुको औषधि छ, उपाय छ।

मानिस को हो ? कुन हो ? चिन्ने कसले कसरी ? उनले जीवनभर धेरै मानिसलाई चिनेका छन्, तर हृदयले चिनेका थिएनन्। घरमै छँदासम्म उनले विश्वे र चन्द्रलाई साथी ठान्थे।

उनीहरु नै उनका साथी छन् रखवारी गरिरहेका छन्। उनीहरुले शिखरको पछि लागी आफ्ना आमा छोडे, स्वास्नी छोडे, घर छोडे। 'बिरामी शिखरको जीउबाट रौं नभरोस्' भन्ने पुकारा गर्दै बसेका छन्। उनी बिरामी भएदेखि चारचार दिनसम्म मुखमा अन्नको दाना नराखी उनको बगलमा बसेका छन्। आफ्ना लुगा उनलाई ओढाई आफू थुरथुर काम्दै बसेका छन्। कस्तो त्याग र महानता छ यिनीहरु आपसमा रातभर, दिनभर जागा रहन्छन् भोक प्यास नमानी साथीको हेरचाह गर्छन्। कति महान प्रेम छ यिनीहरुमा।

पाँचौ दिनको उज्यालो भयो। धोबिनी चरीले गाउन थाली 'चिरीबिरी धोबिनी चरी, बिहानी आये सरासरी।' वनका चरीको चाइँचुइँ पनि आयो। शिखर पनि जागे। उनमा ताकत थिएन। साहस थियो कोल्टेपरे। साथीतिर फर्के। भने - 'एकजना यहाँ बस्नुस् दुई जना गएर केही काम गरी खाना

कमाउनुस्। अब म बाँच्छु खान पाए।'

हुन्छ' भनेर उमे, विश्वे कामको तलासमा निस्के। चन्द्रबहादुर बिरामीको कुरुवा बसे। शिखरले भने – 'बिरामी भैयो र पो नत्र त आजसम्म हाम्रो ताल मिलीसक्थ्यो, पत्ता लगाइसकेको थिएँ। भोलिसम्म हिंड्न सकें भने, गएर तपाईं एकेडेमीमा भर्ना हुनु पऱ्यो, एउटा सिपाही खाली छ रे ! विश्वेले बैदको कामतिर चाख राख्नु हुन्छ, बैद्य खानामा भर्ना खुलेको छ। उमेदाईलाई फौजमा भर्ती गर्नु पऱ्यो। म चाहिं तपाईंहरूको पैसाले स्कूल पढ्छु। रातमा तपाईंहरूलाई पढाउँछु। सबैले पढ्न पऱ्यो। यसरी, यहाँ संस्थाहरुमा काम गर्ने, ठूला मान्छेहरूसँग सम्पर्क राख्ने गर्छु। यस्तो लाग्छ कसो होला ? तपाईं कस्तो मान्नुहुन्छ ?' 'बिल्कुल ठिक जसरी होस् ! हामी चाँडै बलिया बन्नु परेको छ।' चन्द्रेले उत्तर दिए।

त्यस बेला, रामकोटका तीर्थबासी कुम्भबहादुर र उनकी श्रीमतीले उनीहरुका दुःखका वृतान्त सुनेछन्। गाउँले मान्छे अकाल विकाल परेको भनेर सुनेछन्। खानपिनका सामान लिई आए। शिखरलाई भेटे। आफ्ना भाँडामा पकाएर बिरामीलाई खुवाए। उठाए। केही खर्चपर्च छोडी गए। उनको खर्चले धेरै मद्दत गऱ्यो। उनी सुस्त उठ्ने भए। उठे। साँझ सबै जम्मा भएपछि चन्द्रले उनको प्रस्ताव सुनाए। सबैले खुसी भएर माने। अब त्यसै गर्ने, जागिर खाने र पढ्ने कार्यक्रम बनाई बसे।

# चौबिस

परिश्रमको फल फल्यो शिखर प्रवेशिका परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण भए। विज्ञान पढ्ने विचार गरे। हुनत, उनी आफै त सामाजिक शास्त्र अध्ययन गर्ने विचार राख्थे तर परीक्षाफलले विज्ञान पढ्ने प्रेरणा दियो। धेरै कोसिस गरे। त्रिचन्द्र महाविद्यालयमा भर्ना हुनमा प्रिन्सिपलले 'सिट पूरा भयो' भने। कविहरूको सिफारिस लगेर शिक्षा मन्त्रालय उच्च शिक्षा विभागमा प्रत्येक कोठामा घुमे। तेस्रो कोठाबाट उनलाई 'सरकारी कलेजको रेकर्ड बिग्रन्छ, पब्लिक कलेजमा जाऊ, म टेलिफोन गरिदिन्छु।' भन्ने जवाफ दिइयो किनकि उनले प्रवेशिकामा ऐन स्रेस्ताविषय लिएका थिए। उनलाई हिसाब राम्रो आउँथ्यो। यसो होला भन्ने थाहा नभएर एन स्त्रेस्ताबाट जाँच दिएका थिए। 'विज्ञान पढ्न पाएको खण्डमा धेरै कोसिस गर्छु पढ्नमा राम्रोसँग सफल हुन्छु।' भन्ने उनको विचार थियो। तर, सम्भव भएन। कला विषय पढे। तर, किताबको अध्ययनमा नीच मारे। सामाजिक अध्ययनमा विशेष ध्यान दिए।

महाविद्यालयमा उनी राम्रो परिचित छन्। सबै कक्षााका विद्यार्थीले उनलाई चिन्दछन्। महाविद्यालयमा प्रवेश गर्ने बित्तीकै सबै छात्रछात्राको परिचय अभिलेख रहने गरी दस्तखत मागेर कपीनै तयार पारेर लिन्छन्। यसैले गर्दा उनको सामाजिकता किताबी मात्र नभै व्यावहारिक क्षेत्रमा पनि देखिँदै आएको छ। बिजुली बलेको छ जताततै उज्यालो छ। धेरै विद्यार्थीहरू टेबुल कुर्सीमा बसेर पढ्छन्। खाना त्यहीं आइपुग्छ। कसैले विदेशमा पुगेर पनि मजासँग घुमेर जमेर पढ्छन्। किताब र साधन फालाफाल् छन्। विषयगत प्राध्यापकहरू घरमै आएर पढाउने पनि गर्छन्। तर, उनीलाई त्यसमा केही पनि सुविधा छैन। तैपनि शिखर पढ्न पढाउनमा तल्लीन रहन्छन्। ध्यान दिएर पढ्छन्, पढाउँछन्। अहिले कालिकास्थानको खम्बाको बत्तीमुनि बसेर पढ्छन्। साथीहरूलाई पढाउँदै छन्। 'औषधि त्यो हो जसले रोग निको हुन्छ। बैद्य त्यो हो जसले रोग चिन्छ र रोग अनुसारको औषधि दिन्छ। साहित्य त्यो हो जसमा समाजको यथार्थ चित्र आदर्शवादको आधारमा खिचिएको छ। समाज उत्थानको बिगुल फुकी फुकी मानसिक सुधार र शुद्धीकरण गर्छ। सरकार त्यो हो जसले देश र भेषको रक्षा गर्छ, राष्ट्रिय गौरव बढाएर देशमा राष्ट्रिय एकताको सिर्जना गरी आफ्नै लफ्को राष्ट्रवादी प्रजातन्त्रको विकास गर्छ। पुलिस त्यो जसले अन्यायमा अनाहकमा थिंचिने जनताको रक्षा गर्दछ। फौज त्यो हो जसले राष्ट्रिय स्वतन्त्रताको रक्षा  गर्नमा आफ्नो ज्यानको बाजी

लगाउँछ। देशभक्त त्यो हो जसले राष्ट्रिय स्वतन्त्रताका लागि आवश्यक पर्दा आफ्नो आत्म बलिदान गर्न सक्दछ। कानून त्यो हो जसले गरीब असहायको सुरक्षा, न्याय र कल्याण गर्दछ। समाज त्यो हो जसमा भ्रष्टाचार, शोषण हुँदैन। प्रेमरुपी राष्ट्रिय अनुशासन त्यो हो जसले राष्ट्रिय एकतालाई गाँसेको हुन्छ। सभ्यता त्यो हो जसमा स्वतन्त्र संस्कृतिको पृष्ठभूमिमा सभ्य मानिसले कर्तव्य अकर्तव्य चिनेर राष्ट्रोत्थान गर्दै मानवताको सेवालाई प्राथमिकता दिंदै देशको संस्कृति, परम्परा र ऐतिहासिक कलाकारिताको आधार र जगमा देश भेष आफ्नै किसिमबाट उठाउँछ परिस्कृत र आधुनिक बताउँछ। मित्र त्यो हो जसले गल्ती देखाइ दिन्छ अनि दुःख-सुखमा सहयोगी बन्छ, गोप्यता खोलिदिन्न, सामुन्नेमा तारिफ गर्दैन। परिवार त्यो हो जसमा लोग्ने स्वास्नी एक अर्काका परिपरक, एक आपसमा सम्मिलित र समाहित छन् आपसमा शान्त र सन्तुष्ट रहन्छन्। असल बाबुआमा ती हुन् जसले छोराछोरलिाई मातृभूमिको बफादार भक्त, आदर्श नागरिक बनाउनमा आफूलाई लगाएका छन्। यसबाट हुर्कने ती नागरिकले सबैले खाऊँ, सबै बाँचौं, प्रेमपूर्ण समाजको सिर्जना गरी राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रमा सबैलाई अवसर दिएर लिएर सबैलाई फलाएर फलाउन सकून्। राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा भइरहेको समसामयिक परिवर्तन र प्रगतिको ख्याल नगरी युग सुहाउँदो राष्ट्रवादलाई देशको विकास निर्माण गर्नु सुहाँउदो ऐतिहासिक सभ्यता संस्कृति र गौरवको दृष्टिकोणमा आधारित राष्ट्रवादी, जनसमाजवादी प्रजात्रान्त्रिक सरकार चलाउनमा योगदान दिनसक्ने बन्न सकून्।

'नेपालको अहिलेको अवस्थाबारे भन्नोस्' विश्वले भने।

'नेपालको वर्तमान अवस्था बडो सोचनीय छ, किनभने मानिसमा मानवीय चेतना छैन। सरकार र जनताको बीचमा सम्बन्ध छैन। फुट छ। देशका शासक राजा छन्। राजा अधिसरेर जनतालाई राजनैतिक अधिकार दिए। जनप्रतिनिधिलाई सरकार बनाउन दिए। तर, सरकारमा उच्च वर्गका सामन्तहरू छन्। उच्च वर्गको लाभबाहेक अरूका लागि शोषित, पीडित, गरीब वर्गका लागि कहीं काम गर्दैनन्। जनताले चुनावमा मत दिन्छन्। तर, देशमा के भइरहेछ, थाहा छैन। यसै कारण जनता शोषितै छन्। पीडितै छन्। जमिनदार, भूमिपति, धनपति, हैकमपति बाहेक अर्को ठूलो छैन। सर्बेसर्वा जमिनदार नै भएकाले भूमि सुधार लागु हुन सकेको छैन। गरीब जोताहा जोताहा नै छन्, धनी जोताउनेहरू जोताउने नै छन्। निःस्वार्थ मानिसको प्रभाव कम छ, देश विदेशमा भइरहेको परिवर्तनलाई ख्यालै नगरी, नयाँ युगको विचारै नगरी समाज सञ्चालन भइरहेको छ। मानिस मानिसमा रिस छ, दोष

छ,स्वार्थपूर्तिको बन्धन छ, मानिस मानिसमा तौल छ, उचनीचको बार छ। खानेहरू खाइरहेछन्। मर्नेहरू मरिरहेछन्, गरीबको हालत दयनीय छ। देश पहाड तराई मधेश फिंजिएको पहाडको बास झोपडी साहूलाई सौंपी मधेश झर्नेहरू किसिम किसिमले पीडित छन्। मधेश फाँडी जग्गा बनाउँछन्। जग्गा पाउन्नन्। फर्किऊन् भने पहाडमा खान लाउन भएन छैन कहाँ फर्किऊन्। मधेशमा बसून् भने भएको पैसा फाँडफूँडगर्दा खर्च भयो। खेती गरून् भने जग्गा पाउँदैनन्, कसो गरून् ! के खाऊन् 'भुटे भाङ पोले पिंडालु !' केही छैन अनि मानिसको मूल्य छैन। इज्जत छैन। काम गर्न अवसर छैन। दलका सरकारका सरकार नजिकका लट्ठी मान्छेमान्छेका टाउकामा बज्रिरहेका छन्। समाजमा गुट, फुट हुनाले देशको जनमानसिकता टुटफुटको अवस्थामा छ। त्यसैले हामी कमजोर छौं हाम्रो समाज कमजोर छ। हाम्रो संस्कृति कमजोर छ । देशको विभिन्न स्थिानमा रहेको विभिन्न प्रकारको स्वदेशी शैलीको जीवन पद्धति छ - त्यस अनुसारको सभ्यता र संस्कृतिको अध्ययन हामीमा छैन, यी विषयमा राम्रो जानकारी भएपछि मात्र, यो विषयमा मायाँ ममता भएर मात्र सबै क्षेत्रलाई लाभदायक मार्ग निर्धारण हुनसक्ने हुन्छ। यस्तो मार्गमा चल्ने वादनै राष्ट्रवाद हो, सरकारमा बस्नेका लागि कर्तव्यपथ पनि हो।' विश्वेले प्रस्ताव गरे - 'अनुभव महत्त्वपूर्ण हुने हुनाले वास्तविकतातर्फ जाग्न देशको विभिन्न भागको चालचलन र जनजीवनसँग परिचित हुन देश दर्शनमा निस्कौं। हामीलाई सुहाउने राष्ट्रवादको दुन्दुभी देशभरि फिजाऔं।' अब राजधानीमा बसेरमात्र केही हुँदैन।

'आहा ! आज साथी विश्वबाट यस्तो प्रस्ताव सुन्न पाउँदा म आफूले सफलता हाँसिल गरेको सम्झन्छु। तपाईंलाई हार्दिक बधाई छ। मेरो भित्री विचार त्यही छ। तर, मैले तपाईंहरू समर्थ हुनुभएको छैन कि, भन्ने विचार लिई खुम्चेको थिएँ। अब त म धेरै बलियो भएको ठान्छु। भन्नुस् साथीहो ! विश्वजीको प्रस्ताव घतलाग्दो छ कि छैन ? यदि, तपाईंहरू सबै यही चाहनुहुन्छ भने, म एउटा तालिका तयार पार्छु। 'नेपालवाद र नेपालीको उत्थान' भन्ने कार्यक्रम र त्यसको तालिका 'हामीले पनि खोजेको त्यही हो। तपाईं कार्यक्रम प्रस्तुत गर्नुहोला भन्ने विचार गरी हामी चूप थियौं। विश्वले राखेको प्रस्ताव हामी सबैको हो। हामी स्वीकार गर्छौं। चाँडै कार्यक्रम तयार होस्। त्यसको आधारमा हामी भ्रमण शुरू गरौं।' उमे, चन्द्र एकैसाथ बोल्दै थिए ग्रुपग्रुप आवाज आयो। 'को ?' भनी हेर्दा प्रहरी रहेछन्। नजिकिंदै आए। बत्ती निभ्यो। अन्धकार भयो। माथिमाथि झिलझिल ताराहरू देखिए। प्रहरी आइहाले। अँध्यारैमा एउटा प्रहरी अगाडि बढेर भन्यो - 'को हौ तिमीहरू ! कानून विरूद्ध बैठक गर्ने ?' शिखरले उत्तर दिए - 'हामी खेतमा काम गर्ने

ज्यापू हौं। जमीन जोत्ने जोताहा हौं, कामबाट आउँदै छौं। घरमा जाँदैछौं।

'दश बजेपछि घुम्ने आदेश छैन। जेल जानु पर्छ।' प्रहरीले कड्केर भन्यो।

'परे जाउँला।'

'जान्नम् जेलका कुरा हामीसित छैनन्। जेल जाने कसरी ?' विश्वले सोधे।

'जान्ने भै नबोल्। खुरुक्क हिंड् ठानामा।'

'एघार बज्यो भन्दैमा आफ्नो घरतिर जान पनि नपाइने ! आदेश पनि त दुर्जन विपक्ष र सज्जनको पक्षमा हुनुपर्छ। हामी दुर्जन, दुष्ट, डाँका होइनौं, के दम्काउँछौं ?' चन्द्रले कड्केर जवाफ दिए। सुइयः सिठी लाग्यो - 'के भनिस् सिपाहीको अधिकार कहाँसम्म छ तँ जस्तालाई खतम गर्नसक्ने तागत हामीमा छ। अझै बडो जान्ने भएर बोल्छस्। खुरुक्क ठानामा हिंड्।

सिठीको आवाजले चारजना प्रहरी जम्मा भए। आए। सिपाहीको अधिकारबारे व्याख्या गरे। जवाफमा शिखरले भने 'प्रहरी साहबहरू ! हामी समाजका दुष्ट होइनौं। तपाईंहरूले आजभन्दा अघि पनि त्यस खम्बामुनि पढ्ने गरेको कुरा देख्नुभएकै छ। फरक यत्ति हो कि आज अबेरा भयो। हामीहरू अपराधी छैनौं, अपराधी होइनौं तपाईंहरू सरकारी सिपाही हुनुहुन्छ, हामी पनि यो देशका सर्वसाधारण सिपाही हौं। विचारपूर्वक दुर्जनलाई मात्र तह लगाउन तपाईंहरूको काम हो। हामीलाई नरोक्नुस्। किन दुःख दिनुहुन्छ अनाहकमा ?'

'बडो हामीलाई सम्झाउने भएको। भाषण गर्दो रहेछ।' एउटो मोटो प्रहरीले एक थप्पड दियो शिखरलाई गालामा। उनले गालो छामे साथीहरूलाई भने 'साथी हो। जाऊँ ठानामा। आपत्ति नगरौं। किनभने, हामीजस्ता बस्न बनाएको थाना हो। एक रातको यो यात्राले हाम्रो परिचय यिनीहरूलाई राम्रोसँग दिनेछ।'

पाँचजना प्रहरीका माझमा शिखर र उनका साथीहरू थानामा पुगेर प्रमुखको निर्देशनमा प्रहरीजवानहरूले उनीहरूलाई अलगअलग कोठामा राखे। ढोका लगाए। संयोग नै भनौं शिखर विभिन्न कलेजबाट हिंजो गिरफ्तार भएका छात्र-छात्रासँग परे।

# पच्चीस

खाने मुखलाई जुँगाले छेकेन। नजिकै प्रहरी गार्ड बसेपनि उसले कुरा सुन्न सकेन। त्रिचन्द्र कलेजका एउटा विद्यार्थीको लक्ष्य र विचार शिखरको विचारसँग मिल्दोजुल्दो थियो। उनी समाज, विद्यार्थीहितका लागि लड्दै आएका थिए। उनले सामाजिक क्रान्तिको नारा दिएकोले हिंजोमात्र प्रहरीले जेलयात्रा गराएको थियो। उनका साथमा पच्चिस छात्र-छात्राहरु गिरफ्तार भएका थिए। तर, रातीमा कसैलाई पोखरा पठाइयो। कसैलाई भैरहवा र कसैलाई झापा र कन्चनपुर। परिचय पछि उनले भने 'शिखर जी ! तपाईं सामाजिक मारमा पर्नुभएको छ। तर, त्यसबाट उठ्ने प्रयत्न गर्नु भएको छैन। हामी त विद्यार्थी हौं। हाम्रो क्षेत्र एक किसिमले अगाडि जटिल भएकोले सबै देशवासीकै लागि हामी लड्दैनौं। नारा देशबासीकै, समाजकै लागि दिए तापनि हाम्रो लडाइँ विद्यार्थी वर्गको लागि छ। हाम्रो माग हामी जायज भन्छौं। तर, सरकारी अधिकारी 'नाजायज' भन्छन्। हुने के हो ? कसैलाई थाहा छैन ! हाम्रा समस्या समाधान नभएसम्म हाम्रो संघर्ष जारी राख्छौं, नराखेर पो के गर्नु, जायज माग राख्दा विद्यार्थीका टाउका फुट। कान काटिए। खुट्टा भाँचिए। आँखा फुटे। उनीहरुको जिन्दगी अधुरो र आधा भयो। हाम्रो सामाजिक सङ्घर्ष छात्रवर्गको हित मूलतत्वलाई सरकारले फजुल र ख्यालठट्टा सम्झेको छ। विद्यार्थीले स्वतन्त्र र स्वच्छ वातावरणमा आफ्नो अध्ययन जारी गर्न सक्तैन। छात्रहरुलाई देशबारे सोंच्न समेत रोक लगाइन्छ। अन्तर्राष्ट्रिय राजनैतिक परिवर्तनबारे पत्रपत्रिकाहरु बिचमै गायब गरिन्छन्। छात्रवृत्ति आफ्ना दलका मानिसलाई वितरण हुन्छ। गरीब छात्रको लागि दिइने छात्रवृत्ति दलीय छात्रले पाउँछ। धनीले, शोषकले र काला बजारियाले सहयोग गरी पैसाको भरमा जितेका पार्टीको सरकार छ। गरीब छात्रमा हुने प्रतिभाको ख्याल छैन। प्रिनिसपलले विद्यार्थी चिन्दैन, विद्यार्थीले प्रिन्सिपल। कुनै सङ्घसंस्थाबाट विद्यार्थीहरु निमन्त्रित भएमा प्रिन्सिपलले चिनेको विद्यार्थी भाग लिन जान्छ। अरु त के कुरा घोषणा गरिसकेको पुरस्कार समेत ल्याप्स गराउँछन्। त्रिचन्द्र कलेजमा रहने क्लर्क पनि विद्यार्थी माथिका प्रशासक छन्। कलेजमा एउटा चर्पीसम्मको व्यवस्था छैन। छात्रछात्राको एउटै चर्पी छ। छात्राहरु पिसाब फेर्न जाँदा एउटा छात्रा गार्डको रुपमा बाटामा बस्छिन्। दिशा लाग्यो भने क्लास छोडेर घर दगुर्नुपर्छ। पानीको प्रबन्ध छैन। फोहोर छ। पाले, पहरा कुचीकार सबै काम चोरका रुपमा खचाखच छन्। प्रतिभाको कदर छैन। सज्जनको प्रस्ताव बदर हुन्छ। दुर्जनको प्रस्ताव सदर हुन्छ। विदेशी नक्कल बढ्दो महत्व चढ्दो छ।

जनाना सुट, पुरुषलाई, मर्दाना कुर्था सुरुवाल हिपलाइट युवतीलाई, यस्तै यस्तै विकृति बढिरहेछ। आधाभन्दा बढी छात्रछात्राहरु फूर्ति, घमण्ड र संखी गर्दै, प्यार दर्शाउँदै चम्किन आउँछन्। तीनैको लागि सुविधाहरु उपलब्ध छन्। तीनैको लागि पेपर आउट हुन्छन्। तिनैले सङ्घर्ष गराउँछन् निरीह छात्रछात्रालाई पिटाउँछन्। कुटाउँछन्। जसले छात्र हितकालागि सही सङ्घर्ष गर्छन् त्यस्तो छात्रले मानवीय कर्तव्यको ख्याल राख्छन्। सामाजिक अध्ययन चाहन्छन्। तर, तिनको अगाडि ऊँचनीच, भेदभाव, अन्याय, असत्य र कानूनी बन्देज छन्। विद्यार्थीले बुद्धि, विद्याव र विवेकको आर्जन गर्न सही स्वच्छ वातावरण छैन। यो ठूलो समस्या सरकारका अगाडि राख्न पाउने विद्यार्थीलाई हक छैन। कलेजका अधिकारी वर्गबाट हुने गल्ती देखाउन पाउने अधिकार छैन। यस्तो स्थितिमा विद्यार्थीले आफ्नो प्रतिभाको विकास गर्न नसकी, छात्रछात्राको भविष्य अन्धकारमय देखिएकोले देशको गति नै अधोगतिमा गइरहेको हामीलाई लागेकोले हामी आफ्ना समस्याहरु लिएर उठेका छौं जेलयात्रामा छौं । हाम्रो सङ्घर्ष जारी छ । हुल्लडवादी दलाली दलको सरकारसँग हाम्रो विरोध छ। गैरराष्ट्रवादी सरकारसँग हाम्रो राष्ट्रवादी सङ्घर्ष छ। कुनैपनि देशमा सङ्घर्षशील मुमावर्ग विद्यार्थी नै हो। बाँकी गैरराष्ट्रवादी वर्गबाहेक समस्त देशबासीको अर्को वर्ग हो। यो सामाजिक वर्ग हो। विद्यार्थी र सामाजिकवर्ग मिलेर देशको उज्ज्वल भविष्य निर्माण गर्न सकिन्छ, गर्नुपर्छ। विद्यार्थीले अध्ययनको अवस्थाबाट उत्तीर्ण भएपछि, सामाजिकवर्गमा स्वतः परिणत हुनेहुँदा विद्यार्जनको अवस्थामै सामाजिक गुणहरुको आर्जन पनि गर्नुपर्छ। देशको माटोमा खूब लाग्ने मल जस्तो सँच्चा राष्ट्रवादी, देशभक्त बन्नको लागि विद्यार्थीहरूले सकारात्मक सङ्घर्षलाई चर्काएर पनि उन्नत बुद्धि र विद्या आर्जन गरी सबल नागरिक बन्नुपर्छ। मातृभूमि योग्य र प्रतिभाशाली विद्यार्थी युवाजनशक्ति निर्माण भई समाजमा उठ्ने हो भने बढी बलियो र स्वस्थ हुनेछन्। म पनि राष्ट्रवादी 'नेपालवाद' चाहन्छु। विद्यार्थीको योगदान र लगनशीलतामा विद्यार्थी सङ्घर्ष र समस्या समाधानका लागि सधैं सहयोगी बन्न चाहन्छु। योग्य बन्नुस् देशमा मर्दको कमी छ। भन्नुस् 'तपाईंका माग, उपाय र आजसम्मका सफलताहरु !' उनले सोधे, 'शिखरजी ! जुनसुकै अवस्थामा पनि मानिसको सबैभन्दा प्यारो चिज भनेको स्वतन्त्रता नै हो। यसबाट स्वतन्त्र समाजमा स्वच्छ र सबल प्रतिभाहरु उत्पन्न हुन्छन्। उनीहरुको मानसिक र शारीरिक विकास हुन्छ। देशको भविष्य उज्ज्वल हुन्छ। तर, यसको बदला जननिर्वाचित सरकारले हामी राष्ट्रिय जातिमाथिनै विदेशी मन्त्रले फुक्न थाल्यो। हामीलाई लट्ठाएर हाम्रो पुरुषत्वनै हरण गर्न थाल्यो। हाम्रा आन्तरिक कुरामा पनि बाहिरबाट हस्तक्षेप

हुन गराउन थाल्यो। यसको विरोध गर्दै निम्न मागहरू राखेका छौं :

१. छात्रवर्गको हित र समस्याको हल गर्न छात्र समुदायलाई स्वतन्त्र छाडियोस्। चुनावमा सरकारले छात्रछात्राका बीच गुटबन्दी नगरोस्, निस्पक्ष चुनाव होस्।

२. डाक्टरको सर्टिफिकेटलाई मान्यता देओस्।

३. गरीबीको आधारमा छात्रवृत्ति वितरण होस्।

४. कलेजमा पानी, चर्पी, बाथरूम, आदि सफा सुग्घरको व्यवस्था तुरुन्त होस्।

५. सैनिक, व्यवसायिक, कृषि विषयमा पनि शिक्षा दिने व्यवस्था होस्।

६. देशको परम्परा, संस्कृति, इतिहास, भौगोलिक, सामाजिक स्थिति सम्बन्धि विषयबारे शिक्षा दिने व्यवस्था होस्।

७. विद्यार्थीको प्रतिभाको विकासको लागि गरिने साहित्यिक प्रतियोगिता, वादविवाद प्रतियोगगिताहरू जस्ता अतिरिक्त कार्यक्रम गर्न विद्यार्थी सङ्गठन पूर्ण स्वतन्त्र होस्।

८. देशविदेशमा हुने विकास परिवर्तन र घटनाबारे विद्यार्थीलाई जानकारी दिन पत्रपत्रिकाको व्यवस्था, पुस्तकालयको राम्रो व्यवस्थामा कलेजको राम्रो भूमिका रहोस्।

यिनै माग लिएर हामीले कलेज हड्ताल गर्‍यौं। सबैजसो विद्यार्थीबाट हामीलाई पूर्ण सहयोग प्राप्त भयो। त्यसमा पनि पब्लिक कलेजहरूका विद्यार्थीबाट प्राप्त सहयोगलाई हामी विशेष सराहना गर्छौं। आभारी छौं। शान्तिपूर्ण सङ्घर्षको शिलशिलामा हड्ताल गर्न छात्राहरू अझैं बढी सक्रिय रहे। उनीहरूले हड्ताल भई रहेको कलेजका ढोका खोल्न आएका पुलिसलाई कलेज कम्पाउण्डभित्र छिर्नसम्म दिएका थिएनन्। अर्कातिर, बन्द कलेज ढोकामा पहरा दिई बसेको लाठीधारी प्रहरीलाई छात्राहरू आई 'ढोका खोल्' भने।

'आदेश छैन।' प्रहरीले जवाफ दिए।

'खोल्ने भए खोल्, नत्र बाटो छोड् सरकार ! छात्राको हुलले दोहोरायो। अगाडि ढोकातिर बढ्यो। प्रहरी मुखामुख गर्दै खुरुक्क ढोका छाडिदियो। एकतिर छात्राको अगाडि प्रहरीको केही लागेन। अर्कोतिर हाकिमको डरले

प्रहरी थरथर काँपे। छात्राको हुल भित्र पस्यो र त्यसले कलेजमा उपस्थित छात्रछात्राहरुलाई निकाल्यो। शान्तिपूर्ण तरिकाले पहिलो दिनमै हड्ताल सफल भयो। हेर्नुस्। स्त्री जातिमा हुने शक्ति यति बलियो छ। यसले संसारलाई अडाउने साँचो प्रेमलाई आफ्नो बसमा पार्नसक्छ। चुम्बकले झैं समात्छ। मुग्ध पारेर मृत्यु र जन्मको चिन्ताबाट टाढा लगी शान्ति सुरक्षा दिन्छ। यसैगरी क्रान्ति, सङ्घर्ष, षड्यन्त्रतिर लागेका बखत शक्ति प्रदर्शन प्रयोग गरी प्राप्त सफलताद्वारा राजनैतिक परिवर्तनहरु ल्याई सामाजिक स्थितिमा सुधारात्मक शान्ति स्थापना गर्दछ। यहीं स्त्रीजातिले बीजलाई उल्टो पारी उलट्पुलट् पारेर जीवजीवन सिर्जना गरी मानिसलाई जन्म दिन्छ, सृष्टि रुपी भएर। बिरामी भएर तानसेन अस्पतलमा भर्ना भएर बस्दा त्यहाँ लक्ष्मी नाम गरेकी एउटी नर्स थिइन्। उनले म लाज मान्ने भै सकेको उन्नाईस वर्षको ठिटोलाई भात नखाएको देखेर भनेकी थिइन् :

'खाऊ, मेरो भाइ, ज्ञानी छ, खान्छ के रे !'

'यो सुनेर मलाई लाज लाग्यो, हाँसो पनि उठ्यो। अनि मीठो नभएको भात पनि तीनचार गाँस त खाएँपनि।'

यो कुरा मलाई मनमा बढी लागेको मात्र हो, अरु सेवा त उनले कति गरिन् कति !, एकदिन बेहोस भै लडेछु, उनले दिशापिसाबसम्म र खुवाउनु, चुठाउनु, सुताउनु, उठाउनु सबै आफ्नी आमाले जस्तै गरेकी थिइन्। आज पनि ती नर्स दिदीको याद आइरहन्छ।

'शिखर जी ! यहींदेखि स्त्री जातिप्रति मलाई श्रद्धा लागेको हो। तीसपैतिस वर्ष माथिकालाई आमा समान देख्न थालेको हुँ। मुनिका दिदीबहिनी सम्झन थालेको हुँ। श्रद्धा गर्दै आएको हुँ। आज त्यस्तै काम गरे। यहाँ छात्र सङ्घर्षमा छात्रा दिदीबहीनीले हड्ताल सफल पारे। उनीहरुप्रति ज्यादै खुसी छु। यसबखत हामीलाई सहयोग नगरी बस्ने केही कलेजले पनि चेतनशील हुँदै गई विवेक शान्ति बढाई, विवेकी बनेर हाम्रा सहयोगी बन्नेछन् भन्ने आशा छाडेका छैनौं।'

'सरकारले हामीलाई गिरफ्तार गरी गरी कलेज चलाई हाम्रो सङ्घर्षलाई दबाउने तिर सोंचेको छ। म समेतका प्रमुख साथीहरुलाई जेल हालिसक्यो। तर, जम्मा भइरहेका बारुदमा आगो लागी विस्फोट भै सकेपछि बारुद धुवाँमा परिवर्तन नभै कहाँ निभ्छ र ? हिंजो पब्लिक हाईस्कूल अगाडि र हाम्रो कलेज अगाडि प्रहरीले लाठी चार्ज गरेछ। कुनै बटुवाको कान काटिएछ। केही छात्रहरु जोखिम भै अस्पतालमा भर्ना गराउका छन् रे !

यस्ता घटना घट्दा सङ्घर्ष झन् चम्किन्छ। चोट सहने र सहयोगी बन्ने सबै खुसी छौं। पाल्पा, इलाम, डोटीका स्कूलहरुले पनि हड्ताल गरी हाम्रो साथ दिएका छन् भन्ने सुनेर अझै हौसला बढको छ।'

'आजसम्म लोभमा कोही साथी परेका छैनौं । विद्यार्थी एकताकै कारणले हड्ताल सफल छ। तर, हाम्रा मिटिङका कुरा सरकारले कसबाट थाहा पाएको छ ? हामीमा कुनै विश्वासघाती साथी छ भन्ने सरकारबाट भन्दा यस्ता विश्वासघातीबाट जोगिनु आवश्यक हुन्छ। खास गरेर सरकारी जागिरेका छोराहरूमा यो केन्द्रित हुन्छ। तिनीहरु पनि विद्यार्थीहित बुझी चाँडै न्याय र सत्यको हतियार आफ्ना अत्याचारी अभिभावक प्रति चलाऊन् भन्ने हाम्रो धारणा छ। यही नै अहिलेसम्मको हाम्रो सङ्घर्ष हो। 'तपाईं यसमा के भन्नुहुन्छ ?'

'बिल्कुल ठीक सरकारले  स्वतन्त्र वातावरण स्वतन्त्र हवामा मात्र स्वतन्त्र र स्वच्छ प्रतिभाको विकास हुन्छ। नत्र उनीहरुको विचारधारा खुम्चिदै गई साँघुरिएर, छोंटो सानो हुँदाहुँदा, यति थोरै यति नजिकमात्र देख्ने हुन्छ कि, आखिरी देशको समाजको स्वार्थको त के कुरा ? आफ्नो परिवारको हित समेत बिर्सेर आफ्नैमात्र जीउ बचाउने, आफ्नोमात्र भलो सोंच्ने र गर्ने हुन्छ। मान्छे बन्धनमा परी हुर्केपछि आफू बाँधिएको बन्धनसम्म देख्न नसक्ने हुन्छ। मानिस स्वतन्त्र जन्मिन्छ आमाले उनलाई दुख्दा दुख्दै पनि कष्ट सहनुपर्दा पनि गर्भासयमा बुजो लाएर उसलाई थुन्न रोक्न सक्दिनन्, उसको इच्छानुसार जन्मिन दिन्छिन् भने, अरू मानिसले उसलाई बन्धनमा पार्ने अधिकार के ? कसलाई ? सरकारलाई दमन गर्ने अधिकार कहाँ छ ? कहाँबाट पाउँछ ? स्वतन्त्र विद्यार्थी गुटको निर्माण किन ? हस्तक्षेप किन ? आफ्नो देशको स्वतन्त्र इतिहासमा हुर्केकालाई परतन्त्रको प्रभावमा पार्ने किन ? परीक्षामा नकल किन ? छात्रवृत्तिहरूमा पक्षपात किन ? तपाईंहरूको कदम बिल्कुल ठीक छ सरकारलाई हामी स्वागत गर्छौं। सहयोग गर्छौं। राष्ट्रवाद पूर्ण स्वतन्त्र हाम्रो देश जस्तो त्यस्तै र अरु बलवान र सुरक्षित हुनुपर्छ। जनकल्याणको निमित्त चुनावमा जनमत लिएर बनेको सरकारले हाम्रै स्वतन्त्र मौलिक अस्तित्व र सार्वभौम अधिकार खोस्न हुँदैन यो देशमा।

'अँ.............अँ' प्रहरी जाग्यो ! उनीहरु जागै थिए जागै रहे। मनमनमा गुन्दै रहे।

# छब्बिस

‘भोः भोः भोः’ आवाज आयो। शिखरले हेरे कतै केही देखेनन्। तर, शब्द नजिकै आयो। पाले पुलिस जुरुक्क उठ्यो। ठ्याक ठ्याक बन्दुक बजारेर सलाम ठोक्यो। मोटर अडिएपछि ड्राइभर निस्क्यो। ढोका खोल्यो। सरकारी पोशाकमा भुँडीवाल फुलीदार प्रहरी अधिकृत निस्क्यो। एक हातमा लट्ठी फन्नाउँदै सिंडी चढ्यो। चम्किलो बिजुली बत्तीमा राता गाला टल्काउँदै, अर्को हातले चुरोट तान्दै उनको नजिकै आयो। होंचो हुन नपरोस् भन्ने सोचेर होला, भुइँमा ओर्लिदै ओर्लेन। सिंढीमै खडा रहेर बोलायो –

‘ए नौला मान्छे ! किन डुलेको थ्यो ? दश बजेपछि पनि शहरभित्र ? कसको के जिप्टाउने विचार थ्यो ? लौ भन् ! नाइतो, जेलमा सड्नुपर्छ।’ ‘जानपरे जाउँला। तर साँचो भन्ने हो भने हामी काम गरेर खाने नेपाली हौं। त्यो खम्बामनि कामबाट आई पुग्दा बत्ती निभ्यो। छामछाम छुमछुम गर्दै जान खोज्दा प्रहरीहरूले पक्रेर ल्याए।’ उनले जवाफ दिए।

‘कुरा चपाउँछ क्यारे लौ ल्याओ ! यसका साथीहरु सबैलाई यहाँ। रातभर शहर घुम्ने प्रहरीका आँखा छलेर शहरै मास्ने। रातभर त्यो बारभित्र राख। भोलि अदालतमा पठाइदिउँला .......।’ अगाडि रहेको पुलिसलाई अह्रायो।

उनका साथीहरु जम्मा भइनसक्दै ‘आओ यता !’ बोलायो। सरकारी ओहदाको सम्मान गर्दै उनी अगाडि गए। उले उनका जाँगेका गोजा छाम्यो।

‘के छ पकेटमा ?’ भन्यो।

‘के होस् पेट पाल्न त ईश्वर खोज्नुपर्छ !’

‘कसैको धन्सार फोरे त हुन्छ नि।’

‘त्यसै त जेल आउनुपर्छ, चोर्ने हो भने त के हाल होला ?’

‘ए त्यसो हो, मिलाएर जाने काम गर, यो मेरो मान्छे छ बुझिस् !’

‘बुझें आशय र चरित्र समेत बुझैँ।’

पुर्लुक्क हेरेर सुस्त सुस्त दाँत कसेर टाउको हल्लाउँदै अफिसर उतातिर लम्क्यो। उनी परसम्म हेर्दै रहे। उसले पनि परैपुग्दासम्म हेऱ्यो। आँखा जुधे। उसले लाज मान्यो। मन्टो झुकायो। निस्कूँ जस्तोगरी छिटै खुट्टा लम्काएको देखे उनले। मानिसले लाज लागेपछि निस्कनुपर्दा खुट्टा छिटो

चाल्छ शरीरलाई लतारे जस्तो देखिन्छ।

जेलबासी निदाएसँगै त्यहाँ वहाँ जताततै निदायो। चुपचाप र शान्त भयो। बत्ती थोरै छन् तर तेजिला छन्। उनले यताउति हेरे। सम्झे 'मेरो जाँच पड्ताल आजै हुनुपर्ने। म समेतका साथीहरूले बिराएकै छैनौं। बिराउनेवाला होइनौं। यदि, परिबन्दले कानूनविरूद्ध गरेको ठहर्ने हो भने, अहिलेनै त्यसमा कारबाही भई फुर्सद पाउनुपर्ने ! नत्र यसरी बिना कारण जेल यात्रा नहुनुपर्ने ! हामी निरपराध छौं। हाम्रो समस्या र अवस्था कसले बुझिदेओस्। दुःखले गर्दा मनले सताउँछ। उद्देश्यहरू पानीमा मिलिरहेका छन्। न राति निंद, न दिनमा भोक गरेर खम्बामुनि बसी अध्ययन गरेर फर्किंदा प्रहरीले पक्राउ गर्नु कहाँसम्मको न्याय हो ? अब यसैगरी सड्ने हो भने त, के न्याय भयो र ! सरकारमा गरीबको भलोतिर लाग्ने दूधको दूध, पानीको पानी छुट्टाउने धारणा नभएकोले निर्दोष मानिसहरू यहाँ शरण लिनुपर्छ। कानून छ भन्दैमा, कहिले काँही परिबन्दले पार्छ तापनि, विवेकको ख्याल राखी न्याय र सत्यको खोजी गर्नुपर्ने, हामी जस्ता निरपराध मानिसले न्याय पाउनुपर्ने, यस्तो हो भने, हाम्रा उद्देश्य कसरी सफल होला, हामी कुकुर मरेझैं मर्ने/मारिने भए, हाम्रो रक्षा र पुर्पक्ष यहाँ कसरी होला ? जाऊँ कता ? देश आफ्नो यही हो ! विदेशमा जतिसुकै सुख हओस् तापनि जतिसुकै ठूलाठालुले स्वदेशमा लत्याउन् तापनि, यो देशलाई बिर्सन सकिन्नँ रातमा आफ्नो डेरामा हुँदोहुँ ता आज 'नेपालवाद' को कार्यक्रम र कार्य तालिका तयार पार्ने थिएँ। साथीहरू सबै अन्यौलमा परेका छन्। म पनि बन्दी छु। यो जेल हो, यहाँ दोषी समाज विरोधी, कानूनका खिलाप जानेहरू पनि यहाँ होलान्, त्यस प्रकारका मानिसले हामीलाई पनि आफू जस्तै सम्झदों हो।'

चिसिक्क टोक्यो पिठ्यूँमा छामे। हातमा चिसो लाग्यो। के रहेछ भनी अगाडि ल्याए। हेरे औंला रातो थियो। डुङडुङ गन्हायो। ओडेको केही थिएन। थियो केवल कमेजको एकसरो लुगा उँधो कमेज सारेको त उडुस, धेरै रगत खाई ढिल बनेको, छुँदा बित्तिकै मिच्चिने दुईचारवटा मारे। भित्तामा नछोइएर अलि पर सरे। तैपनि भूइँमा कालै गुर्को लागेर हिंडेको देखे। उठे। बसे। टक्टकाए। तरपनि अगाडि कति दिन थिए। कति जनाले खुवाए पियाए भने, आज उनले देखी निखार्न के सकून्। असङ्ख्य मात्रामा हुल थियो। उनको केही लागेन। एउटा मार्दा दुईवटा आउँछन्, एकददुई वटा मार्नु नै बेकार सम्झे। मनैभरि देखे।

उडुसको समाजमा आफूले आत्मसमर्पण गर्नुपरेकोमा मुसुक्क मुस्कुराएर एउटा उडुस पाखुरामा आएर बस्यो। नसरीकनै अघायो। हिंड्न नसक्ने ढिल बन्यो। केहीपर सरेर फुट्यो। रौंमा तिखा पा-यो। यति चाँडो आफ्नो रगतले धेरै उडुस जन्मेको देखेर उनको मनमा लाग्यो - "यी उडुस एकछिनमै त यति धेरै उत्पादन गर्छन् भने, धेरै बेर मैले आफ्नो बँगैचा बनाएर राख्ने हो भने उडुसकै संसार बन्ला। उडुसले मलाई जन्मदाता पूर्खा - ईश्वर मान्ला। उडुसले मेरो इतिहास लेख्ला। मलाई अमर बनाउला। मेरो दया, धर्म, सहने शक्ति र चरित्र उडुसे स्कूलमा पढाइ होला ! यसै बेला 'क्या हो त, नौला उडुस, गरम, धुलो, निर्दोषीमा छट्पटी, पसीना, असह्य, अशान्ति, अधैर्य अनि आपत् र विपत्।"

'के रे !'

'त्यही अघि भनेको जेलमा उडुस........।'

'देउ तो !'

'के दिम् ?'

'त्यही अघि भनेको,दिन्छु भनेको हैन ?'

'भए पो दिम। यदि म हुने खाने हुँदो हुँ त माग्नेलाई सर्वस्व दिन्थें तर के गरूँ ?'

'छैन ?'

'अँ !'

'डाँका भएका खोरमा पठाइदिनू !'

आदेश गरेर लुरूक्क उठेर अर्कोतिर लाग्यो। दुईजना सिखारु पुलिस पालो फेरिन आए। एकजना उनको नजिक आएर ननिधाएको कारण सोध्यो -

'किन नसुतेको ? घर जस्तो लागेन ?'

'त्यसै भनौं' उनले उत्तर दिए।

'किन के विषयमा ल्याएको। हिंजो ता मैले खम्बामुनि बसी पढेको देखेको थें। अहिले यहाँ ?' 'त्यो त हो ! पढ्दा पढ्दै अबेर भएछ, घरजाँदा दश बजेपछि हिंडेको आरोपमा यहाँ ल्याएको छ। ए त्यो त म जान्दछु। यी पोष्ट माष्टरहरू ख्याल गर्दैनन्। सबैलाई एउटै ठान्छन्। एकदिन चोर समाते भने देखिएका

जति मानिस सबैलाई चोर होलान् भन्छन्। राणाका बेला पार्टीका नेता एक दुई जनतालाई समातेको हुनाले साह्रो बोल्नै, कुरा छाट्ने जतिलाई पनि नेता भन्थे, कसैलाई इबी भए - त्यो उस्तो हो भनी परिबन्द मिलाएर पक्राऊ गरी सजाय दिन्थे। त्यस्तै अहिले पनि प्रहरी गार्डदेखि अफिसरसम्मले सबैलाई दलीय सरकारको विरोधीको रुपमा देख्छन्। दुईचार रुपै, खल्तीमा जति छ त्यति चढाए सबैका देउता खुसी हुन्छन्, नत्र त्यस्तै हो। आज बस्नुस् के रे ! भोलि ठानामा पुराइदिउँला। आफ्नो सबुद दिए छुट्नुहुन्छ।'

'तपाईँको कुरा बिल्कुल ठीक ! एउटा यथार्थ चित्र पनि छ। म त छुटुँला। यसबारे के पीर गरूँ ? तर मलाई पीर छ यी उडुसले खाए। मलाई मात्र नभै समस्त जेलबासीलाई खाए। अनि म जस्ता निरपराधहरु कतिलाई खाने हुन्। यिनको सत्यनाश गर्ने औषधि यहाँ उत्पत्ति हुन सकेको छैन। किनेको र भीख मागेकोले सबैलाई नपुग्ने, सबैले किन्न पनि सक्दैनन्। सबैले भिक्षा माग्न पनि सक्दैनन्। यसैले यो जेल समाज विरोधी, सामाजिक र सामूहिक कार्यका घातको मानिसको लागि नभै समाजकै लागि हुन गएको छ। तपाईँ जस्ता युवक यस्तो जेलको रक्षक भएकोमा खेद छ !'

'मैले तपाईँका कुरा बिलकुल अर्को अर्थमा बुझेको छु। तपाईँलाई चिन्हें पनि तर, हेर्नुस् मजबूरी भन्दा अर्को बन्धन संसारमा छैन। उडुसले हामीलाई पनि टोकेको छ। रगत चुस्दाचुस्दा सेतो बनाएको छ। तैपनि प्राण छ नङ्ग्राको टुप्पामा। कुनै दिन समाजको परिवर्तन आयो भने, बदला लिउँला नङ्बाट प्राण पल्हाउला, रगत सर्सेला। नत्र त, गृहस्थाश्रममा पुग्न पनि पाउने छैन - 'एकातिर मान्नुपर्ने अनुशासन, काठमाण्डौंको भीषण सर्दी र गर्मीमा भोको पेटमा परेड दौडाइ, आधा दिनमा चनाको दाल र उसिनाको चामलको भात भान्से ज्यापुले हेर्दैन, अस्ति भातमा रहेको ढुङ्गाले दाँत भाच्यो। उमेरमै थोतो भएँ। बिरामी भयो छुट्टी मिल्दैन। बिजुलीको मिसिन पेल्ह्दा पेल्ह्दा हैरान ! बोले अफिसरले गोली हान्छन्। आफू रक्सीले मातु परेर छाउनीका बल्ब सल्ब फोर्छन। साँझ पऱ्यो कि, बाटाघाटामा अड्डा अड्डाका चोरेर ले भन्छन्। कहिले तलब पूरा, कहिले आधा, योग्य र अनुशासनको वास्ता छैन। बल, तागत र जिन्दगी सेवामा बित्छ। बूढो भएपछि बेकारले जित्छ। इनाम, पुरस्कार, प्रमोसन ठूलैलाई हुन्छ। हाम्रो ज्यान जाँदा उनीहरूलाई ख्यालठट्टा हुन्छ। हामीमा गोल छैन अधैर्यता छैन तैपनि, 'आशा' यो रहेछ डरलाग्दो मोहनी ! यसैले एकदिन सुदिन आउँछ कि भन्ने लालसा देखाउँछ र कष्टका बाबुहरू पनि सहेर बस्छौं। जिन्दगीमा घोप्टोचेप्टो जस्तो पनि बेहोर्नु पर्ने रहेछ

....।' भन्दाभन्दै प्रहरी त आँखा चिम्म गरी घोप्टो परे।

'के गर्नु अरू देशमा प्रजातन्त्रले राष्ट्रवाद ल्याउँछ, सामाजिकताको आधारलाई बलियो पार्छ। हाम्रो देशमा अन्याय, अपराध, गुट, फुट, गरीबी बढाइरहेको छ। यसैले, तपाईंहरूले यो अवस्था भोग्न परेको छ। नत्र त प्रहरीको जिम्मेवारी ठूलो हुन्छ। समाजमा शान्ति सुरक्षा कायम राख्ने प्रहरी नै हो। धन्दा नमान्नुस् ! तपाईं हामी सबैले तपाईं हामी सबैको जिम्मेवारी सबैमा ज्ञान गराउने छौं।

'तपाईंले जसको भात खाइ उसका गीत गाई नगरेर मानवत्व जानी मलाई चिन्ही आफ्नो दिमागमा रहेको यथार्थ कुरा अवगत गराउनु भयो। धन्यवाद ! दिन्छु। मानिसले यस्तै गर्नुपर्छ - सँच्चाइका लागि मात्र म तपाईंलाई आफ्नो एकजना आत्मीय साथी सम्झन्छु। तपाईंका साथीहरुलाई पनि म कहाँ भेट गराउनु भै सम्पर्क राख्दै गर्नुहोला।' 'हवोस्।' मात्रै के भन्न पाएका थिए अर्को प्रहरी आयो र भन्यो 'के तिमी त यी कैदीसँग कुरा गर्छौ नि ?'

'अरू कुरा त के हुन्थ्यो्, किन रातिनु हिंड्यौ कानून विरूद्ध भनी साधेको ?'

'तिमीले सोध्ने कुरा हो त्यो ? अफिसरको काम तिम्ले गर्ने ?'

'त्ये त के हुन्थ्यो।'

'अरू के त ?'

जाङ्गिदै भन्यो - 'निकाल्देऊ। यो मान्छे र यसका साथीहरूलाई चिफ सापको पी.ए. ले भन्नु भएको छ। तुरून्दै निकाल्दिनु ।'

'त्यसो भए जानुस् त।' पहिलो पुलिसले शेखरतिर फर्केर भन्यो - 'कहाँ जाने यो राति। देशमा जाँदा त कानून विरूद्ध हुन गै यहाँसम्म आउनु पर्‍यो। अहिले दुईबजेतिर बाहिर निस्कँदा त झन पक्का कैदी बन्नुपर्ला चिम्म' दोस्रो प्रहरीतिर फर्केर जबाब दिए।

'जाने भए जा, नत्र गल्हत्याएर निकालिदिन्छु। हाम्लेता अर्डर अनुसार निकाल्नै पर्छ।' भन्दै समातिरहेको छडी उनको टाउकोमा एकचोटि बसाल्यो। पल्ला कोठाका पाले बोलाएर शिखरलाई समाती तलाबाट झार्‍यो। यो देखी उमे, चन्द्र र विश्वले सहन सकेनन्, तुरून्त निस्की उनी अगाडि पुगे। उनी तेजिलो अवस्था त के, आफ्नो जानकारी राख्ने अवस्थामा पनि थिएनन्। उनका

कुरै नसुनी, विवेक विचार केही नगरी रक्सी उम्लेको प्रहरीले भऱ्याङ्गबाट खसाल्दै झारे। उनको अवस्थाले नराम्रो रूप लियो उनी मूर्च्छित थिए। तिनै जनाले उचाले। ओर्काए फर्काए। तर, शिखर बोलेनन्। तुरुन्त वसन्तपुरमाथि मन्दिरमा पुऱ्याए। पींदको सिंढीमाथि राखे। शीतलका लागि तरकारी बेच्नेले खसालेका काहुलीका पातले हम्किन थाले। केही बेरपछि कल्धारा खोले विश्वले टोपी भिजाई पानी ल्याए। मुखमा पानी चुहाए। तालुमा छ्यापे।

एकछिनमा उनी होसमा आए। सान्त्वना दिंदै भने – 'साथी हो नआत्तिनुस् ! मलाई केही भएको छैन। उज्यालो भएपछि आफ्नो बाटो छँदैछ। विपत्ति सहने र धैर्य रहने हाम्रो आत्मशक्ति हुनुपर्छ।

सबैले शान्तिको सास लिएर बिहानीको प्रतीक्षामा रहे।

# सत्ताइस

डाँडाकाँडाबाट अबिर छर्दै सुस्तसुस्त हँसिलो मुख लिएर आएका सूर्यदेवका किरण झर्दै फाँटसम्म झरे। हिंजोमात्र चारदिनको भ्रमण गरी फर्केका लक्ष्मी र छोरीहरु क्रमशः गंगा, बिना र इन्दिराहरु आफ्ना आफ्ना अनुभव बताउँदै छन् – 'शिखरकी आमा आफ्नो नित्य कर्म भ्याएर पवित्र हृदयले उज्ज्वल संसारमा छोरीहरुका कुरा सुनेर लट्ठ परिरहेकी छन्। टोप्रे कुनै दिन कुरोले छोपेर गुम्म हुन्थ्यो, दशहात पर भन्दा टाढाको मानिस नचिन्हिने हुन्थ्यो आज त्यो दिन छैन। शरद ऋतुको अन्त्यतिर खेतमा पहेंलो ताल देखिन्छ। लरक्क परी झुलेका बालाको ताल गजबको छ, तालमाथि नाच्ने चरीहरु गाउँछन् :-

"दिनै हो सुदिन हाम्रो, धानको बालो राम्रो।

देशै हो भेष हाम्रो, जिन्दगी छ रे चाम्रो।

नाचौं हो खेल हाम्रो, नेपालको बास राम्रो।

हातमा नाम्लो हँसिया लिएर उत्साहपूर्वक खेततिर लस्करका लस्कर झर्दैछन्। सबैका मुखबाट सुनिन्छ –

धानको बाला उठ्यो हजुर, देशै रमाइलो,

धानको बाला उप्स्यो हजुर, पेटै हँसायो।

धानको बाला नुग्यो हजुर, धन्सार भोकायो,

धनको बाला झुल्यो हजुर, लस्कर बोलायो।

धान हास्यौं लस्कर मस्क्यो, भेषै जनायो,

हजुर भेषै जनायो।

छोरीहरुको बयान सुनेर मख्ख परेकी तपस्विनीलाई आफूप्रति ज्ञान नहुँदा इन्दिराले सोधिन् – 'आमा कहाँ को थियौं ? कसरी यहाँ आयौं ? दाइकहाँ हुनुहुन्छ ?' छोरीको यो सोधाइले उनको शान्ति भङ्ग भयो। एकछिन चुप रहेर, निधारमा भाँचिएको चोर औंला राखी झुकेर आँखालाई

ओबाना पारी उत्तर दिइन् - 'इन्दिरा ! आजसम्म पनि तिमी छोरी बालिकै छौ भन्ने लाग्थ्यो। यी कुराहरु खोजी गर्दा अब समय भयौ जस्तो लाग्छ। हाम्रो बारे खोज्छ्यौ भने तिमीमा सुन्ने साहसको शक्ति हुनुपर्दछ। हाम्रो यतिहास बडो दुःखपूर्ण छ। अब त्यसलाई बिर्सनु पर्दछ किनभने, हामी भगवान्का मानिस हौं। अबदेखि त्यो दुःख भोग्नुपर्ने छैन।'

'भन्नुस् आमा ! म सुन्छु। म दुःख मान्दिनँ। बरु प्रेरणा लिने छु।'

त्यसो भए सुन - 'अघि हाम्रो गृहस्थी जीवन राम्रै थियो। क्षत्रीय कुलको इज्जत थामेकै थियौं। समाजमा घट्ने घटना र देशको परिस्थितिले मेल खाएन। देशको अवस्था एकातिर मानिसको स्वार्थ र अन्धता अर्कोतिर भै बारबार दुःख पर्दै आयो। ऋणमा डुब्नुपर्‍यो। आफ्नो इज्जत राख्न मुस्किल पर्‍यो। आधार खेतीबाहेक अरु नभै दिन परदिन गरीब हुँदै गएकोले बिग्रँदो अवस्थाबाट सतर्क रहन खास गरेर ऋण रुपी आर्थिक दबाबमा दपरियोस् भन्नाको खातिर बाबु विदेश जानु भएको के भयो आजसम्म पनी केही थाहा पाउन सकेनौं ................. आँखाबाट झरेको आँसुबाट काँखको सारी भिज्यो। उनको छाती भरियो। वाक्के फुटेन। घोप्टो परिन्। छोरी र लक्ष्मीले उठाउँदै भने - 'आमा ! जे हुनुपर्थ्यो, भयो। त्यसको लागि खेद किन ? बितिसकेको कुरा फर्किने पनि त होइन ! पछिको कुरा अज्ञात भएर नै वर्तमानका कष्टहरु सामना गर्नुपर्छ। जुन चीजको खेदले फाइदाको सट्टा शरीरमात्र सुकाउँछ, त्यस चिजप्रति खेद किन ? फेरि हामीलाई भर्खरै खेद नगर्ने शिक्षा दिनुभयो। अहिले आफैंले खेद गर्नुभयो जे भयो भोगेर जितेर आइयो। अबपनि हुने कुरानै हुनेछ। दुःख नमानी भन्नुस्, उठ्नुस् आमा !'

'हाय ! यो बलियो छाती पनि कहिले काहीं किन फुट्छ ? हे ईश्वर ! किन पत्थरको छाती दिएनौ ? त्यो मेरो कल्याणकारी शोभा ! मेरो गहनाको वियोग किन ? भगवान् ! मलाई पवित्र जीवन व्यतीत गरेर स्वर्गीय जीवन पाउन शक्ति देऊ !' केही निहुरिएर छोरीतिर फर्केर दोहोराइन् : 'छोरी हो, छोराछोरी छन् यिनैलाई पालेर बुढेसकालमा सुख पाउँला भन्ने सम्झी, जीवन यात्रा गर्दै थिएँ। भूँडेहरुको अमानुषिक क्रियाकलापले बालक ! त्यो मेरो मुटुको टुक्रा प्राण प्यारो छोराको बास खेदियो। उनका साथीहरुलाई पनि बृद्ध आमालाई समेत छोडी भाग्नु पर्‍यो। त्यो बालकले कहाँ, के गरी, कस्तो दुख भोगेको होला ? उनी मूर्च्छा परिन्। दाँत बाँधिन्। स्वाँस्वाँ हरायो।

छोरीहरुले शीतल पानी छम्के। बाहिर घाम चर्को थियो। ओडारभित्र

लगे। लुगा खोलीदिए। सारी मात्र राखिदिए। केही बेर बाटो हेरे। तर, पनि होसमा आइनन्। सबै लागे । भिनीकुटी पारेर लगे। झर्नामा थापे। पाँच मिनेट जति पानी टाउकोबाट खसी सर्वाङ्ग भिजेपछि आँच्छीः आँच्छीः भन्दै जागिन्। सबैले उठाए। उनी आफू ओडारमा आइन्। लुगा फेरेर बसिन्। दुःखले भरिएको दिमाग फेरि खोलिन् र बल्लतल्ल काठमाण्डौं पुगी आफ्नो पढाइ गर्छ रे, साथीहरूलाई पढाउँछ रे भन्ने सपना देख्छु। साच्चै हो या हैन, सपनाको के विश्वास र ! भाग्यले दियो र, ईश्वर दाहिना भए भने, कुनैदिन त्यो शान्ति दिने शीतल मुहार देख्न पाउँला। नत्र, स्वर्ग त छँदैछ। आँसु पुछिन्। इन्दिराले फेरि प्रश्न गरिन् – 'आमा ! दाइका साथीहरु को को र के कस्ता मानिस छन् ?'

उमेरका समकालीन नै हुन्। धेरै हितैषी साथीहरू छन्। बलिया बाङ्गा र लायक छन्। उमे, चन्द्र र विश्व क्रमशः जेठा छन्। शिखर बाचे बाँच्ने र मरे मर्ने किसिमका छन्। त्यसैले मलाई विश्वास छ। सबैको नाश नगरी मेरा छोराको नाश कसैले गर्न सक्ने छैन। सबैको नाश एकै चोटि गर्न मानिसलाई असम्भवै हुनेछ। फेरि हाम्रो नाश जे हुनुपर्ने भै सक्यो, अब मेरा छोराको ज्यान लिएर कसैलाई फायदा छैन। मलाई छोराको मुख हेर्ने आशा छ। तर, गाउँका गन्यमान्य भनाउँदा शोषक, दुष्ट, दुर्जन र स्वार्थीहरु शत्रु बनेकाले यिनको हात नपुगोस्, यिनको नजरले नदेखोस् भन्ने मेरा ईश्वरसँग प्रार्थना छ।' एकछिन मौन रहेपछि फेरि दोहराइन् : छोरी हो, सक्छौ भने बरू दाजुको खोजी गर। कहाँ ? कसरी ? के गरिरहेछ ? राम्रो काममा लागेको, इज्जत र औकात कमाउन लागेको, देश र जनताको प्यारो बन्ने किसिमको काममा लागेको रहेछ भने, दिलो ज्यानले सहयोग गर। शत्रुनै कमाउने र बेइज्जती हुने काम गर्न लागेको भए मलाई खबरसम्म पनि नसुनाओ।'

तपस्विनीको कुरा सुन्नासाथ लक्ष्मीले डण्डवत् गर्दै भनिन् – 'आमा ! म पनि हजुरको शिष्य छोरी हुँ। शिखरकी सहयोगिनी हूँ। तपाईंहरुकै लागि मैले यो जिन्दगी अर्पेकी छु। सबैले 'हाइ ! हाइ !' भन्ने काममा म ज्यानको बाजी लगाएर शिखरको काममा सदा सहयोगिनी बनेर रहने छु। उसको खोजीको लागि अहिल्यै हिंड्न म तयार छु। बरू, हामीले खोज्ने कसरी ? यसबारे मैले एउटा उपाय सोंचेकी छु। हजुरको अगाडि राख्नु, कसो होला ?'

'मेरा छोराप्रति तिम्रो प्रेमपूर्ण भावना सफल हवस्। तिमीलाई ईश्वरले सहयोग

दिऊन्। उपाय छ भने भनँ !'

'हजुर यहीं रहेर आफ्नो भगवान् भक्ति जारी राख्नुस्। हामीमध्ये सबै एक्ला एक्लै गएर चारैतिर पत्तो लगाऔं। यसो गर्दा परेका दुःख पत्थरसरि भै बेहोरौं।' 'ठीक छ त्यसो भए, तिमीहरू बुझ्दै घुम। जहाँसम्म पुग्नुपर्छ, पुग। तर, स्त्री जाति भएकोले दुष्टहरूको शिकार हुन सकिन्छ। त्यस्तो आक्रमणमा परियो भने, त्यसप्रति प्रतिवाद गरेर स्वाभिमानको रक्षा गरी घुम। यसरी घुम्दा पुगेको ठाउँमा के कस्तो चालचलन छ, त्यो बारे त्यस ठाउँका स्त्रीहरूको जीवन स्तरसमेत बुझ। खास गरेर नारीहरुले जानेर, नजानेर, करले, दबाबले, दुःख पाएका छन्। ती कुरा सबै बुझ। घरबाट माइत आउन छोरीले पाहुर ल्याएझैं, ती कुराको पोको मलाई ल्याइदिनू। तिमीहरुले धेरै दुःख पाउनेछौ तापनि अनुभव र शक्ति बढाउने छौ। मेरो शुभार्शीवाद छ। ईश्वरको कृपा ! तिमीहरूको जय होस् !

लक्ष्मी, इन्दिरा कँस्सिए। आफ्नो आफ्नो कार्यक्रम बनाउन व्यस्त भए। तयारीमा लागे। आमा बाहिरै बसिरहिन् - कता कता हेरिन्, कल्पनामा डुबिन् -'के म छोरालाई देख्न पाउँला ? सक्लान् यी छोरीहरूले पत्तो लगाउन ? किन, नसक्लान् ? कामै त्यहीं गरेपछि ! भाग्य र कर्मै फुटेको भए मात्र हो। नत्र त, पाउँला छोरो भेट्न। छोरो रपलिएको भेटे भने, मेरो प्राणलाई काखमा राखुला। म्वाइँ खाँदा कति आनन्द आउला मलाई। म अभागिनी कति रमाउँला ....................?' गम्भीर भै टलटल हेरिरहिन्। आँखाबाट आँसु बगे। घुटुक्क थुक निलिन्। उनमा छोरो भेट्ने आशा पल्हायो।

'किन रुनु भएको आमा ?' तयार भै निस्केका छोरीहरुले एकै स्वरमा भने - झसङ्ग भइन् ! भनिन् - 'रोएकी हैन बा। म किन रोऊँ ? बरू, तिमीहरूको साहस देखेर रमाएकी छु। जाओ, भगवान्को कृपाले रामचन्द्र फर्केर कौशल्यालाई आनन्द दिएझैं मलाई आनन्द दिन आओ।'

'हवस् आमा।' सबैले प्रणाम गरे। रमाना भए।

साँझको मीठो हवा सुस्त सुस्त चल्दै थियो। कीराहरू ऱ्याउँ ऱ्याउँ गरिरहेथे। चरा चुरुङ्गीहरु सङ्गमतिर व्यस्त थिए। सबै गुँडमा रमाउँदै थे। शान्त, सुनदर र शीतल वातावरणले संसार नै बासमा आनन्द र आराम मनाउन लागि रहेथे। थाप्ले, रेसुङ्गा, मुसुक्क मुस्कुराएका मधाने र टोप्रेका लेकहरुका शिरमा पुक्क गाला परेका शत्र वर्षे कलकलाउँदा परेकी गोरी युवतीझैं देखिन्थे। सायद संसारको सुख र शान्ति देखेर होला !

एकछिन त सबैतिर सबै जम्मा हुँदैछन् आ–आफ्नो बासमा तर, मेरा छोरीहरु भने, बाहिर जाँदै छन्। हरे ! मैले उस जुनीमा के हारेछु !' दुईखुट्टा माथि बसी, एक हात तेर्सोपारी, अर्को हात टेकी, हत्केलो गालामा उठाइन्, खोलो फर्काएझैं गालाबाट झर्ने झर्नालाई फर्काई–फर्काई कानतिर पठाउँदै थिइन्। छोरीहरुले पुर्लुक्क नेटो काटे। घोप्टो परिसकेकी आमा एकाएक ओडारै माथिको रुखमा एकजोडी न्याउली आए। एकले 'न्याउल न्याउल !', अर्कोले 'पख्पख् !' बोलीमा बोले। उभो हेरिन्। दुई चरी प्वाँख फिँजाई, घाँटी फुलाएर पहेंला किनारे ठोंड बाएर आफूतिरै हेरी कराउँदै रहेछन् – 'न्याउल–न्याउल !' 'पखपख !' टाउको घुमाएर हेर्न थालिन्। आफूतिर आइरहेका जुनसित नजर पुगे लगतै विचार अझ लीन बढी भइन्। यी न्याउली, चरीलाई आपतमा डुबेको देखेर छोरा भेट्न न्याउन न्याउल गर्छु, हृदयले 'पखपख !' भन्छ। यही कुरा मलाई सम्झाउँदै 'पख पख !' भनी सान्त्वना दिंदै छन्। हरे भगवान् ! यो रात यस्तै बितोस् ! हे चन्द्रमा मसँग आई पुग। यी चरी रातभरि यहीं रहिरहून् ! गाइरहून् !

# अट्ठाइस

नाकको टुप्पो चिसो छ। कान फेरि काममा आउलान् जस्ता छैनन्। हात र शरीरको त्यही चाल छ। खुट्टाको औंला नचल्ने भैसकेका छन्। ओढेको एकसरो पहेंले धोती सर्वाङ्गलाई पुगेको छैन। पेट कुप्रो परेर ढाकिएको छ। कम्मरको केही भाग ठण्डीले ठिहिराएको छ। लुगलुग मुटु कामेको छ। अरूले आगो बालेका छन्। तर शिखर न त आगो ताप्छन् न बोल्छन्। हिंजो बालिदिएको आगो पनि तापेनन्। जुनबेला पनि, विचारमग्न छन् नजिकका सहयोगी 'जय भोले' गर्दैछन्। स्वाँट्ट–स्वाँट्ट, गाँजा तानेर बुङ्ङ धुँवा उडाएर, कुइरीमण्डल पार्छन्। शरीरमा खरानी घसी फुस्स्रा र धुस्स्रा भएका छन्। उठ या बस 'बम बम, जय भोले।' कराउँछन्। तर उनी भन्छिन् – 'भोले बाबाको जय। आफ्नो पनि जय। ईश्वरले – आफ्नो भलाई गर्नु रुद्राक्षका माला जप्नु, आसनमा बस्नु, जनावरका छाला डोस्साएर ईश्वर स्मरण गर्नु आदिबाट ध्यान गरेर ईश्वरको नजिक पुग्ने एउटा मार्गसम्म हो। तर छाला डोस्साई, आसन जगाएर, आगो पानी खानको बन्दोबस्त गरी तपस्वी बन्नु त, गरी खान नसक्ने नामर्द प्रवृत्ति हो। यस्तो सुखको लागि मात्र हो। साधु बाबा भएपछि मागेर पाइने आसन जमाएर बसेमा महात्मा पनि भइने जस्ता तरिका अँगाल्नेलाई ईश्वरले के साँच्चै भक्ति ठान्नेछन् ? शुद्ध पवित्र काम गर्ने र दुःख सहेर पनि परोपकार गर्ने पो भगवान्को सेवा गर्ने सच्चा भक्त हो।'

यसैले, होला, साधुबाबाहरू पनि उनीसँग दाऱ्हा किटेका छन्। अझ, नवयुवकहरू थुप्राथुप्रा आएर शिखरसँग कुराकानी गरी फुसुक्क खुसुक्क आएका गएको देख्दा डाहले जल्न खोजेको पनि मानेका छन्। आजैराति दुईचारवटा मिली सिद्धाऊँ कि, भन्ने आँटले कदम पनि उठाएकै हुन् तर, 'स्वाँः स्वाँः' सुतेको निरपराध प्राणीमाथि प्रहार गर्न साहस आएन। मुटु हल्लाउँदै, तिग्रा कमाउँदै, स्वर, मुख, सुकाउँदै फर्के। खानाबाट सिद्धाउने कोसिस पनि धेरै भए। तर, उनी आफूमा अरूलाई मिलाउने, आफू अरूमा नमिल्ने हुँदा असफल रहे। पौवामा उनको मात्र बास छ। साथी सहयोगी कोही छैन। जाडोले उग्ररुप लिएको छ। हिंजैदेखि रुघाले भेटाएर छिक्काले सताएको छ। पानी पहरा रसाएर चुहेझैं नाकबाट चुहिन्छ। सिरेटो लागेको शरीरमा, लामो कपाल, दाह्री र जुँगामा खरानी घसेझैं देखिन्छ। आँखी भौं पनि सेतै छन्। हातले सेतो पुछ्छन् कि, पहराको पानी पुछ्छन्। अहिलेनै पटपटी चिरिएका खुट्टाबाट रगत आयो। धाउमा माटो छर्के। कम्मरबाट

कागज झिके। पानी पुछ्न थाले। तीन चार पन्ना कापी सके। एक खोलबन्दी चिट्ठी भेटाए। हेरे हिंजो त्यो गोरो मान्छेले दिएको चिठी, पढ्न बाँकी रहेछ। अहिले एकान्तै छ ।' कोल्टे परे। फर्के। चिट्ठी खोले, मनमनै पढे -

'प्यारा साथी शिखर !' सम्बोधन पढ्दैमा उनको मन गद्गद् भएर आयो। मुसुक्क हाँसे। दहरा हातले अरू फुकाए। उनलाई तिर्खाएको बेला पानी खाए झैं भयो। पहिले साथी चिन्न खोजे। चिठी फुकाई आखिरी पङ्ती हेरे -

- तपाईँको भक्त तथा हितैषी साथी उमेशचन्द्र

'अहा ! उमेशजी !! तपाईँ कहाँ हुनु हुन्छ ? कहाँबाट कहिले लेख्नु भयो ? धन्य साथी ! यो वातावरणमा पनि चिठी लेख्न सक्नु। धन्यवाद तपाईँलाई !' उनलाई उमेशको उपस्थिति आफ्नै अगाडि जस्तो लाग्यो। हात मिलाए जस्तो, अँगालो होलेजस्तो लाग्यो। अपार खुसी लाग्यो। शुरुदेखि पढ्न थाले।

जुम्ला, पश्चिम नेपाल।

मितिः ............................

'ए जुम्ला पो पुगिसक्नु भएछ ! भला, त्यहाँका जनतामा जागृति ल्याउन प्रयत्न त गर्नु हुन्यै छ। यस्तै, सबैले गर्दै गरे त, के बेर छ र ! खास गरेर यी युवकहरू बडो अल्छी भएर पो, यिनले मानिसको कर्तव्य चिन्हिदिए, मैदानमा उत्री दिए, देशमा शान्ति सु-व्यवस्था आइहाल्छ। यो ल्याएर आउने चीज हो, दिएर दिइने चीज हैन। कस्तो रहेछ ? त्यहाँको वातावरण .?' भन्ने लाग्यो। अरू अगाडि पढ्दै गए - 'धेरै दिनसम्म चिठी लेख्न नपाएकोमा मलाई ज्यादै आतुरी लागेको छ। ठेगाना नपाएकोले त्यसतर्फको खबर पाउने त कुरै भएन यहाँसम्म आउँदा बाटोमा जुन प्रकारका दुःख र कष्ट सहनुपर्‍यो। ती कुरा त हामीले सहनै भनेर जन्मेका हौं। तुच्छनै ठान्नु परेको छ। तैपनि, आफ्नै देशमा आउन पनि विदेश भएर आउनु परेको दुःख भने, बिर्सन सकिन्न। योगीको रूप देखे तापनि रेल, मोटरको भारामा धेरैचोटी ठानामा पुरायो। आचरण र व्यवहारले धेरै ठाउँमा शङ्का पनि गर्‍यो। तपाईँहरूका जस्तो कपालपाल्नुका साथै दाह्री जुँगा पाल्न पाएको भए खूब पत्यार पर्दो हो। तर म त के पापले कुन्नि दाह्री जुँगा पालिनँ। कपाल मात्र देख्दा युवती जस्तो त कति ठाउँमा हुन गएँ। कति युवकले टुलुटुलु हेरी छक्क परे। कति साधु बाबाहरू झुले। पछि पनि लागे। म पनि मन्टो झुकाएरै बसें। यसले त

के चाहियो र अझ रमाइलो पो भयो।'

शिखर मनमा मुसुक्क हाँसेर पसारेका खुट्टा खुमचाई टाउको उठाएर पढ्दै गए। एक ठाउँ त एउटा जवानीले मातिएको युवकले हेर्दा मुग्ध भएछ र मलाई सोध्यो 'तुम नेपाल के है न ?' 'हँ भनी पुलुक्क हेरें। छाता ओढेर सप्प ढाकेको थिएँ। केही कुप्रेर बस्दा छातीमा धोती थियो स्वर कपाउँदै नजिक आएर भन्यो 'मोज करेगी' ? मैले हेरें मात्र। केही जवाफ दिइँन। अनि त ऊ मेरा काखमा लत्र्यो र छातीमा हात लग्यो। मलाई त बडो जिरिङ्ग भयो। चण्डीका रौं ठाडा भए – 'क्या करते हो तुम ? मैतो मर्द हुँ !' भन्दै केंकुलीमा समातेर फ्याँकेको त हेर्दै नहेरीकन ढोका खोली पल्लो कोठातिर गयो। तीन छक्क परें। गाडीमा होलो थियो। त्यो कोठामा म मात्र थिएँ। मद्दतसाथ आएर दुःख दिन्छ कि, भन्ने लागेर तम्सेर तम्तयारीमा बसें ।

यस्ता घटना त धेरै घटे। नेपाल भित्रे पसेपछि पनि कति भट्टीमा – 'ए दिदी ! बस लाहुरेहरुसित हाँस खेल, ठट्टा गर्ने, खुवाउने, सुताउने, काम गर तिमीले चाहेको पैसा पाउँछ्यौ भन्थे।

खाना नपाएका, बास नपाएका कुराले अझै दुःख सहन सक्ने बनाएको छ। फेरि दुःखसुख भन्ने पो के रहेछ र जसरी पनि दिन बित्नेनै रहेछ। यो चिठी लेखिरहेको मितिको आधा दिन फेरि कहिल्यै आउँदैन। यही सम्झी मौका नगुमाऊँ भनी दौड्दै जुम्लामा आएँ। यहाँ मलाई बडो सुख र शान्ति मिलेको छ। यहाँका मानिस परिश्रमी छन्। मुख्य पेशा खेती छ। घरेलु उद्योगहरू पनि चलेका छन्। राम्रा राम्रा राडी, पाखी, गलैंचा तयार हुन्छन्। घर खर्चका लागि लगाउने कपडा आफैं बुन्छन्। हुन पनि यहाँ मट्टीतेल र नूनबाहेक विदेशको चीज आउँदैन। यहाँको धन स्वदेशमै रहन्छ। बाहिर जाँदैन। नयाँ युवायुवती पनि यस्तै इलमी बन्दै गए त देश बनाउन गाह्रो पर्ने कुरै छैन। त्यतिमात्र हो र, यहाँ त जडीबुटी औषधि पनि प्रशस्त पाइन्छ। बहुमूल्य औषधिहरू कस्तूरी जस्ता मृग पनि पाइन्छन्। यहाँ विदेशी नक्कल छैन। जुम्लीमा जुम्लाकै भेष छ। जुम्लीकै रहनसहन छ। आफैं बुनेका कपडाहरू चाहे पाखीनै किन नहओस्, लगाएर वीर जुम्लीले नेपालको शान राखेका छन्। संस्कृति परम्पराका सच्चा हिन्दूबासी छन्। हावा पानी सफा छ। निरोगी नेपालीको बास यो छ। रुढीवादी भने यहाँ नभएको हैन। आजसम्म नयाँ युगको शङ्खध्वनि फुक्न यहाँ न कोही आयो ? न यहाँका निवासीले आफू शङ्ख फुक्न सक्छन् न सामाजिक विकासको ज्ञान छ। कर्मचारीले सानो काम गरिदिएर पनि बहुमूल्य गलैंचाहरू घुस लिन्छन्। उनीहरुलाई

गलैंचाको लागि खोज्छन्। कस्तूरीका बिनाको लागि खोज्छन्। तर, कदर गर्दैनन्। त्यसैले जुम्लाबासीले बुन्ने गलैंचाको विकास गर्ने नक्कल गर्ने कुरा कसैलाई थाहा छैन। यहाँको राम्रो ऐनामा बादल लाग्दै गएको छ। अझै बाहिर गएर पढेलेखेका नयाँ केटाहरू विदेशी फेसनमा डुबिसकेका देखिन्छन्। त्यसैले, मलाई त यो आदरणीय जुम्ला बिग्रेला भन्ने डर लागिरहन्छ। यही विचारले घरेलु उद्योग संरक्षण गर्ने संस्थाहरू खडा गराउने मेरो प्रयत्न छ। यसको माध्यमबाट यहाँका बासिन्दालाई सामाजिक, आर्थिक र राजनैतिक चेतना दिई उनीहरूले आफूप्रति गरिने अन्याय र अत्याचारहरू देख्न र बुझ्न सक्लान् अनि उनीहरूको पनि अस्तित्वपूर्ण जिन्दगीमा उनीहरूले भाग लिन पाउलान् भन्ने विचार छ।

दिन पर दिन जनसम्पर्कमा नजिकै हुँदै छु। अरू अगाडि बढ्न भने मुस्किल छ। शिकार भैएला भन्ने विचार पनि गर्नैपर्‍यो। रुढीवादमा ज्यादा रुचि राख्ने मानिस भएकाले धार्मिक विचारधारा नै मैले माध्यम बनाएको छु। कुनैकुनै भागमा विवाह गरेर दिइसकेकी छोरीलाई माईत आइरहेको बेला कुनै काम गर्न नदिने, पाप लाग्छ भन्ठान्ने। घर गएकी छोरीले ल्याएको पानी खाए भारा लाग्ने, भारा तिर्न नसकिने जस्ता विचारहरू पनि सुध्रिंदै छन्।

जिन्दगीनै सेवामा अर्पेपछि हामीलाई रोक्ने को र ? गर्दै जाऔँ, एकदिन सफलताले स्वागत गर्ला नि !

साथीहरू कहाँ के गर्दै हुनुहुन्छ ? जनसम्पर्क र प्रगति कस्तो छ अनुकूल पर्छ भने, केही पत्रपत्रिका पर्चादि पठाउने कोसिस गर्नुहोला, अरू फेरि।

तपाईंको सदा हितैषी उमेश चन्द्र

'आहा उमेश ! धन्य उमेश !! साथीहरूका सफलतामा नै मेरो सफलता छ। देशको भेषको अनि नेपालीको। गरेर हुने चीज पनि मानिस नगरीकन बसिदिनाले आजसम्म नेपाल पछि परिरह्यो, जनताको सोंचविचारमा पछौटेपन रहिरह्यो परिणाम शोषित, पीडित भई दासहरूको बथान बनेर रहँदै अयो। अल्प सङ्ख्यामा रहेको विशेष वगाले मोज मज्जा गर्‍यो। 'वसन्त जस्तो सर्वप्रिय ऋतुलाई पनि गृष्मले नाश गरेझैं, यो वर्गले सबैलाई वर्षाको पैरोद्वारा बढिलेझैं यसवर्गको सरकारले प्रजातान्त्रिक मौलिक हक-अधिकार खोज्नेलाई बढारिरहेछ। वर्षा, आँधी, बाछिटो, काल, अनिकाल बारे कविता लेख्नेलाई पनि सरकारले बाङ्गो टिङ्गो अर्थ लगाएर जेल कोठरीमा हालेको थियो। त्यस्तै प्रजातन्त्रका उपजको रूपमा नयाँ राणा भएर

चन्द्रशमशेर खडा भएका छन्, राजनीति गर्ने र जनतामाथि शासन गर्नेहरू ! यस्तो भइरहेपछि कसरी देशमा शान्ति र उन्नति हवस् ! भला ! साथीहरूले यसरी सक्रिय भाग लिंदै गए ता एकदिन त्यो दिन आउला जुनदिन दाइभाइ दिदीबहिनीहरूले राष्ट्रियताको प्रतीक राजा जस्तो राजा भए रहेमा त्यस्तो राजाको नभएमा जनप्रतिनिधित्व शीतल सांस्कृतिक संरक्षकत्वमा सरकार चलाउने छन्। अशान्ति असुरक्षा, असमानता र अस्वाभाविक चरित्र र संवाहकहरू हट्नेछन्। गुटफुट र भ्रुटटुटमा आधारित अल्पमतीय दमन हट्नेछ। बहुमुखीय हल्लाखल्ला वादी प्रजातन्त्र नामक शोषक नयाँ राणाको सरकार हट्नेछ। राष्ट्रवादी नेपालीले राष्ट्रको सेवामा कार्यरत हुँदा अवाञ्छित गुप्तचर साँठगाँठ गरी गैरराष्ट्रवादी अराष्ट्रियहरू भाग्लान्।'

'जय गङ्गे ! जय गङ्गा ! हरहर महादेव ! रक्षा गर पशुपति तिम्रो जय होस्। आवाजले शिखरको ध्यान खिच्यो। उँधोतिर फर्के नदीमा लस्करका लस्कर नुहाउन लागिरहेका कोही उभिइरहेका राजाजस्तो व्यक्तित्वको कुनै लुगा छोडाइरहेका, कोही नदीमा चोबल्लिइरहेका। कोहीले उलुलुल्ल गर्दै रूमालले शरीर पुछिरहेका, कुइरो अलिअलि फाङ्गिन लागेको कौवाहरू काँकाँ गर्दै उड्दै रहे । परिसर भित्रिने र मन्दिर निस्कने भक्त अभक्त सबै हातमा फूल थालीमा प्रसादहरू लिई चलायमान भइरहेका, कतिका नुहाउँदा नदीको तिरमा राखेका लुगासुगा बाँदरले लगिदिएको, कतिको फूलप्रसाद खाइदिएको र उपस्थित कतिले दगुरी दगुरी धपाइरहेको, कसैले लुगा पानीमा फ्याँकिदिएको, यस्तैमा ऱ्याङऱ्याङ घण्ट बज्यो। सबै साधुहरू गैसके। एकला शिखर हातमा लोटा लिई नदीतिर हेर्दै जुरुक्क उठे। दाह्री जुँगा मसार्दै, कपाल टुप्पीमा गुजुल्टो पारे। नदीतिर झरे।

घण्टको आवाज आइरहेछ। आउने जाने मानिसको गन्ती नै छैन। पेल्हमपेल्हा मानिसहरू आइरहेछन् फर्किरहेछन्। सेता गोरे मानिसहरू फोटो लिइरहेछन्। कोही कता छक्क छन् कोही कता। शिखर मन्दिरको अगाडि हातमा फूल लिएर उभिएका छन्। टुलुटुलु हेर्दै मनलाई बिर्सेका छन्। मन्दिर अगाडिको बसाहा बडो मन्दिरको सजिसजाउ र बनावट साह्रै मनमोहक सुन्दर र अचम्मको छ। उनले भने – 'धन्य ती गोपाल, किराँत, लिच्छवी, मल्ल राजाहरू तत्तत्समयका जनताहरू, जसले अमूल्य कलाकीर्तिको विकास गरे। धेरैजसोले धनपैसा मन्दिरहरूमै खर्च गरे। उनीहरू स्वयं गारो लगाउँथे, जनताले साथ दिन्थे। यसैले नेपाल कलापूर्ण मन्दिरै मन्दिरको देश भनेर विश्वले चिन्ने बन्यो।'

'जय भोले ! जय पशुपते !!' गाउँदै मन्दिरको दायाँबाट घुम्दै अरुहरु आफूतिर आए/गएपनि शान्त स्वभावले मन्दिरको वरिपरि घुमे। तलमाथि गरे। त्यो कला कीर्तिका निर्माणकर्ता/कलाकारलाई धन्यवाद दिए। भूइँमा छापेका चाँदीका सिक्काहरू हेर्दै भने -'धन्य त्यसबेलाको सम्पन्नता ! आजकल हामीजस्ता सर्वसाधारण पेटमा हाल्ने दाना छैन। हामी के भयौं ? चिन्तित भए। अवलोकन गर्दै मूल ढोकामा आइपुगे। हातमा फूल भए पनि नचढाई नफ्याँकी पढ्दैछन् बुझ्दैछन् दाह्री कपाल अझै ओबाएको छैनन्। धोतीको टुप्पो हातले समाएकै छन्। बजारतिर हेर्दै टहलिंदै छन्। शान्त छन् कताकता सोंच विचार गर्छन्। कुनै बेला दाहिनेतिरको तल्लो ओंठ टोक्छन्। उनको अनुहारमा साधारण जिन्दगीको उच्च विचारपूर्ण प्यार झल्किन्छ, समुद्रझैं गम्भीर उनको भावना गम्भीर छ। मन्दिरमा छन्। यद्यपि, उनमा न भक्ति नै झल्किन्छ न अभक्ति नै !

यसरी टहल्ने योगीसँग केटाहरू नजान्निंदो गरी आइजाइ गर्छन्। अघिदेखिनै यादकारी दर्शकलाई शङ्का लागिसकेको थियो। अहिले त साँच्चिकै एकजना युवक हस्याङफस्याङ गर्दै दौडेर आयो एकाएक। उनलाई भेट्यो। कानेखुसी गऱ्यो। सुट्ट उँधो झऱ्यो। कता गयो ? कता बिलायो । उनले तलबाट ढोका अगाडि फूल चढाए। बागमती तरे। गुहेश्वरीतिर लागे। नुहाउने, यात्रा गर्ने, तीर्थबासी अनगिन्ती जाने आउने गर्दै थिए। शहरबाट पुलिस आए। गौशालादेखि पसे। जाँच/पड्ताल शुरु भयो। एकैछिनमा मन्दिर सबै ठाउँमा प्रहरी तैनाथ भयो। हातमा छोटो लट्ठी लिएका, खाकीका लुगा, काला बुट र बाहिर पट्टी बाँधेका निधार ढाकेको टोपी लगाएका, पेटीमा गोली र एका पट्टि पिस्तौल, अर्कापट्टि खुकुरी भिरेका प्रहरी सहितका इन्पेक्टरहरू हुल चिरीचिरी घुम्न थाले। नयाँ मानिसको लागि त्यति असर परेन। पुरानालाई 'किन आज प्रहरीको यो हुल ?' भन्ने पऱ्यो।

जति दिन बढ्दै गयो ! त्यति यात्री, तीर्थबासीहरू थपिए। पाटीपौवा नदीतिर, चौर, रुखबिरुवाका फेंद कतै खाली रहेन। जताततै खचाखच भयो। खुट्टोहाल्ने ठाउँ हरायो। साधुहरु 'जयभोले !' भन्दै धुनी लगाएर बसेका छन्। मानिसको भींड बढ्दैछ। मन्दिरमा जान तागत चाहिने भएको छ। हेर्दाहेर्दै एउटी महिलाले हुलमा बोकेको बालक खसालिन्। हुलले मिचिदियो। अन्त भए कति खैलाबैला हुन्थ्यो। दोषी पक्राउमा पर्थ्यो ! आज त केवल आमा रोइन्। अलि टाढा त रोएकै पनि सुनिएन। प्रहरी त, पुग्यो तथापि त्यो भींड ! कसको गल्ती भन्नु ! आखिर आमाकै गल्ती। त्यो भींडमा नल्याउनु पर्थ्यो। ल्याए र आएपछि सुरक्षा र स्याहार गर्न सक्नुपर्थ्यो। स्याहार गर्न नसक्नेले

नजन्माउनु पर्थ्यो ! सबैले आमाकै दोष ठहराए। हुनपनि, आजको शिवरात्री आफ्नो जीउ बचाउन पनि धेरै मुस्किल पर्छ। आफ्न छोराछोरीको। हाय ! ती आमाको प्रयत्न त्यसै बेकार भएर गयो !

एकजनालाई अमृत, अर्कोलाई विष हुन सक्छ, शिवरात्री कसैलाई धर्म गर्ने शौक, कसैलाई स्वर्ग जाने शौक, कसैलाई रमाइलो हेर्ने, खुसी मनाउने शौक, कुने कुनै युवायुवतीलाई वैश मनाउने शौक ! सबैका सबै थरिका शौक पूरा भइरहेका छन्। सबै खुसी छन्। आ-आफ्नो धुनमा मस्त व्यस्त छन् तर ती छोरा नाश गर्ने आमालाई ! त्यो विरह !! तीनलाई खुसीले के गऱ्यो ! शिवरात्रीले के गऱ्यो ! आनन्द र स्वर्ग धर्म भन्नेले उनलाई के गरे ? उनी त रोइरहेकी छन्। भगवान् ! मेरो यो अभाग, बरु, म मरेको भए हुन्थ्यो। हे भगवान् ! मलाई किन रुवायौ ? मेरो बालाई कहाँ लग्यौ हे, मेरो बाबा ! तिमी मलाई छोडेर कहाँ गयौ ............. ?', जसलाई जे परोस्, संसार चलि नै रहन्छ। समयले पर्खिन्न। साँझ पऱ्यो। झिलीमिली बत्ती बले। पशुपति मन्दिर वरिपरि बाह्र सूर्य उदाए। जताततै शङ्खघण्ट सुमधुर ध्वनिमा बजे। गाना-बजाना, भजन, कीर्तन, भगवान् पशुपतिनाथका स्तुतिहरु गुञ्जे। मानिसहरु आ-आफ्ना जीवनलाई बिर्सेर शिवरात्री शिवरात्रीमै लीन भए।

उनी आफ्नो आश्रममा फर्की बसी टुलुटुलु शहरतिरै हेरिरहन्थे। कसैको प्रतीक्षा गरिरहेका थिए। 'हो, हो, के, के ........ आदि हल्ला सुनेर हातमा समाएको कलम कागज कचक्क छोडी, बाहिर निस्के - 'पर्चा छरे रे, शहरमा हड्ताल नारा छ रे। शहरमा जुलुसले प्रदर्शन गरे रे .........।' सुने। शहरमै जाऊँ कि जस्तो माने। फेरि ठिकैछ, जारी छ भने, म गएर यही फन्दामा परे, सासै बन्द होला जुलुसको के हुन्छ । बुझ्यो, के गर्नुपर्ने देखिन्छ - गऱ्यो यहींबाट .............।' बसे। ............ एकछिनपछि निस्केर पशुपतिअगाडि गौशाला मुनि बाटोको किनारमा बसे। उनलाई हिंडेको यादै भएन कहाँकहाँ टेके पत्तै भएन। उनले आँखाले देखेनन्। कानले सुनेनन्। कम्मरमा बाँधेको रुमाल बिछाई बसे रुद्राक्षका माला झिकी जप्न थाले।

उनलाई उँधोभूइँबाट जुरुक्क जुरुक्क हुन्थ्यो। हृदयले उमाल्थ्यो !! दिमागले दौडाउँथ्यो। सबै अङ्गले भोको बाघलाई झैं कोपरेजस्तो कोपरौंकोपरौं जस्तै लाग्थ्यो। आँखा पट्टल लाउन खोज्यो, हुँदैनथ्यो, चिम्म गर्न थाल्यो, परेलाले मान्दैनथ्यो। रुद्राक्षका माला जप्दै जान्थे - 'यस्तै हड् ताल, जुलुस, दैशभरि भए त, जरुर नेपालवादको स्थापना हुन सक्थ्यो।' नयाँ राणा पल्टिन्थ्यो।' जपिन्थ्यो - उनले कुनैबेला थाहा पाउँथे, कुनै बेला

थाहा पाउँदैनथे। जे गरेपनि जपिन्थ्यो त्यही, त्यसरी पनि अडिनसकेनन् उठे। शहरतिर लागे।

जुलुसमा प्रहरीले लाडी चार्ज गऱ्यो। कसैका टाउका फुटे। कसैका कान काटिए। कति बटुवाहरू कुल्चिए। थिच्चिए /मिचिए। कसैका आँखा फुटे। कसैका पेट फुटे। अघिपछि मानिसहरू लज्जित हुने काममा नाक काटियो भन्छन्। तर, आज नाक काटिनेको, गाला फुट्नेको पिटापिट, मारामार देखेर झ्याल झ्यालका मानिसहरूभित्र पसे। खुकुरी रम, मारवाडी पसलहरू, औषधालय स्टोर्स, बन्द भए। बार्दलीबाट हेर्न नसक्नेहरू भित्र पसे। चरबाट हेर्न थाले। भित्रभित्रै कराएको सुनिन थाल्यो। ओ, हो च्वः च्वः हरे। हेर्न थाले। भित्रभित्रै कराएको सुनिन थाल्यो। ओ, हो, च्वःच्वः हरे त्यो सर्वनाश। राम, राम। खेताँ हियाँ लगाउँदा माटाका डल्ला फुटेझैं मिचिएझैं, मानिसमाथि मानिसको हियाँ लाग्यो। कतैकतै, 'स्याबास बीर। 'भन्ने पनि सुनियो। खैलाबैला, कोलहल, अनि धन्किने नारा सुनियो। जति जुलुसको मात्रा थपियो त्यति प्रहरी फोर्सको मात्रा पनि थपियो। बन्दुक, लाठो सहितका प्रहरीको घेरा खचाखच भयो। सडकमा हिंड्डुल बन्द भयो । जुलुस जताको त्यतै रोकियो। यातायात बन्द भयो। शहरबजार, हल न चल भयो।

'नेपालवादको स्थापना हुनैपर्छ 'राष्ट्रवादी सरकार' बन्नैपर्छ।' 'आर्थिक राजनैतिक अधिकार सबैलाई हुनैपर्छ। 'शान्तिपूर्ण आन्दोलन अमर रहोस्' 'शोषक भ्रष्ट दलाल सरकार मुर्दावाद ! राष्ट्रवादी समाज 'जिन्दावाद ! ............. ! नारा लगाउँदै जुलुस इन्द्रचोकबाट जुद्धसालिकतिर बढ्यो। जुलुस यति विशाल भयो कि, सडक टनक्क भरियो। पर्चा छर्ने अघिअघि, जुलुस पछि पछि बढ्यो। प्रहरीले अश्रुग्याँस फ्याक्यो। जुलुस खलबलियो। केही पक्राउ पनि परे।

तैपनि, जुलुस शान्त भएन। बिजुलीको तार काटियो। उज्यालो शहर अन्धकार भयो। प्रहरीफोर्स छामछाम छुमछुम गर्न थाल्यो। जुलुस ग्रुपमा बाँडिएर शहरका कुनाकुना छिर्न थाल्यो। कुनै ठाउँ त्यस्तो रहेन, जहाँ पर्चा नपुगेको होस् ! सरकारले पाटन भादगाउँमा पनि प्रहरी खटायो। जुन हालत काठमाडौंमा भयो त्यहीं हालत पाटन भादगाउँमा पनि थियो /भयो। कुल्चिने, मर्ने र घाइते हुने मानिसको सङ्ख्यै गनिएन। केही प्रहरीतर्फ पनि घाइते भए। लासले बाटा भरिए। त्यस्तै, जुलुसवालाले जेल र पुराना दरबार भरिए।

शिखरको कानमा एक जनाले भन्यो, 'पशुपति हाम्रो देवताले ख्वै

यात्रीको रक्षा गरेको ? त्यहाँ गएर गति पर्नेहरू त, भागाभाग छिन्नभिन्न भए, साँझको उत्रो जात्रा अहिलै छैन। सबै सक्नेहरू जङ्गल पसे। नसक्ने बूढाबूढी केटाकेटी थिंचिए। मिचिए। मरे पनि। लुलालङ्गडा र अन्धाअन्धी पिसिए। बलिया बाङ्गाहरू श्लेष्मान्तक वनतिर लागे। गजब भो। हाम्रो पर्चा नपढ्ने कोही भएन। त्यत्रो जात्रा भङ्ग गराउन सक्नु पनि ठूलो सफलता हो, फेरि आजै पाटन, भादगाउँले पनि जुलुस उठाएर ज्यादै ठूलो स्तरमा भाग लियो। यसो भएपछि कसो सफल नहोइएला। पशुपतिको मन्दिर नदीको किनारादेखि काठमाण्डौं, पाटन, भादगाउँ समेतका त्यत्रा मारिने र घाइते हुने जनताको रगत, आजसम्म चुसिइने शोषित, पीडित जनताका रगत, गरीब, मजदुर किसानको पसिना, हाम्रो यो तपस्या, कसो खेर जाला ! भगवान्ले पनि त यस्तै हेर्लान् नि !  सामाजिकतापूर्ण 'नेपालवाद' हाम्रो नारा अब सफल हुन्छ। हेर्नुस् पशुपति स्थानमा सरकार प्रहरीबाट सुरक्षा छैन। ती पशुपतिका पाउ नछोड्नेहरू, आज स्वास्नीका गुन्यूभित्र लुकेका हुन्। यो सरकार 'पशुपतिलाई म्युजियममा राख्न चाहन्छ। ती पुलिसहरू जुन पर्चा बाँड्ने कार्यकर्ता हुन् ती कता छन् कता ? बाख्राले बिराउने भेंडाको कान काट्ने भनेझैं। पर्चा टिप्ने र पढ्ने मानिसलाई जेल हाल्छन्। पर्चा बटुली आगो लगाउँछन्। चेपे कवँरले त तपाईको पुत्लो बनाएर आर्यघाटमा लगी दाहसंस्कार गऱ्यो। हेर्नुस् यो के गरेको ?'

'केही होइन ! यो अन्धता हो, जङ्गबहादुरको समय अहिले छैन। जसले राजाबाट गोलीको भरमा सत्ताको बागडोर लियो अहिले पनि केही वर्गको दलीय शासन-शक्ति आफ्नो हातमा लिई नयाँ राणा शासन स्थापना गरेको छ। यो कदापि हुन्न। चिनिसकेको छ नेपाली युवक जोसिला, फुर्तिला अनि होसिला हुँदै आएका छन्। बूढा पुरानाहरू पनि यो उपद्रव त रूचाउँदैनन्। समाजनै उर्ल्हेपछि उनी पनि त फर्कनु पर्ला ! नारा, जुलुस र शान्ति भनेको कुरा आफै बढेर जान्छ, जसरी सूर्यको ताप दिनमा बढ्दै जान्छ। त्यसमा पनि सरकारले समयोचित माग पूरा गरीदिन्न, दमनपट्टि तम्सिन्छ र निरपराध व्यक्तिलाई जेलनेल चलान गराउँछ, सजाय दिन्छ भने त्यस्तो सरकार देशको दुर्भाग्य हो। जसरी जम्मा परेको बारूदमा आगो लागेपछि विस्फोट हुन्छ, त्यसैगरी क्रान्तिको हुरी पनि चलेपछि विना सफलताले यो रोकिन्न। दबाब, रक्तपात, जेल यात्रा, फाँसी कैद जे दिएपनि अहिले यो रोकिन्न, बरू, बढेर जान्छ। देशबासीको रौं-रौंमा राष्ट्रिय समपत्तिको दुरूपयोगको कथा छ। हामी यहीं सडेपनि क्रान्ति सड्ने छैन, यस देशमा यहीं नै हुर्केका नेपाली र नेपालीत्व, नेपालीपन रहेसम्म।

प्रहरी आइपुग्यो। यस्सो हेरे उनले। आँखाले ईशारा गरी 'जाऊ !' भने। तिनीहरू निस्के। पुलिसले को हो भन्यो -

शिखरले जवाफ दिए - 'कुन्नि को हो थाहा छैन !'

'अँ छैन ? मैले जानेको छु !' पुलिस जाग्यो।

'जानेको भए गर्नुस्'।

'बोल्छस् अझै !' उसको आवाजतिर ध्यानै नदिई, पारितिर चियाएर भित्तामा अडेस लागे।

वरिपरि फलामका बार छन्। वल्लापल्ला कोठामा हातमा साङ्लाले बाँधेका मानिस देखिन्छन्। टुलुटुलु हेर्छन् - 'हामीलाई छुटाइदिए हुन्थ्यो।" भने जस्तो लाग्छ। तर उनले कसैलाई निदैनन्। उनलाई जाउलाखेल चिडियाखानामा हेर्न गएको सम्झना आयो। उनी गएकै दिन बाघ कराएको याद भयो। यस्तै त्यहाँ पाले पनि पाटेबाघ भन्दा कम डुक्रिन्नँ। यस्सो उठ्न खोजेको त चुम्बकले झैं भित्ताले समात्यो। 'ए ! यहाँ त भाग्ला भन्ने डरले बार पनि रहेछ ! के यसरी सरकारले म एउटालाई शासनाकटाएर क्रान्तिकारी नै निभाउन सक्ला !' सोंच्दै कोठाभित्र ओल्लोकुना र पल्लोकुना घुम्न थाले।

उनको मुटुले बढ्ता हानेको छ आँखाको सबै बल त्यहीं थुप्रेझैं केही ठूला टल्किए झैं लाललाल देखिन्छन्। मुख पनि लाल छ। दाँत किटेका छन्। केही सुन्दैनन्। केही देख्दैनन्। एक हातको मुठीले धोतीको टुप्पो उठ्याएका छन्। अर्को पसारेको हातमा कँसेको मुठी झुण्डाएका छन्।

हप्कीको बज्र निरर्थक भएर थाकेको पालेले बार बाहिरबाट मिठो गरी बोल्यो - बाहिर जे भए पनि यो गोलघर जेल हो। यहाँ तपैंलाई थुपुक्क नबस्नाले हत्कडी लगाउने आदेश छ। भरसक यसो गर्न नपरोस्। तपैंको बानी देखेर कोठाका कैदीहरू पनि कानेटोप्रे गर्न थालीसके। कसो हो ? चुप रहने कि !, आदेशको काम गरौं ?'

उनले समाल्हिंदै सुस्तसुस्त आवेशलाई घटाउँदै शान्त भर बस्ने प्रयत्न शुरु गरे।

# तीस

बाहिर टहटह घाम छ। भित्र भत्भती पोल्छ। चराचुरुङ्गी गाउँदैनन्। कैदीहरू झुलिरहेका छन्। कोही घुर्किन्छन्। कोही मुख धुन्छन्। हाई गर्छन्। कपाल दुख्यो भन्ने त कैयौं छन्। पानी नपरेको धेरै भयो। प्रकृतिले पनि शिखरको जेल यात्रामा पानी दिनै बिर्सी। खोलानाला सुकेका छन्। रुखका पात झरिरहेका छन्। उड्ने चरी खस्छन्। बिरुवाहरू डढिरहेछन्। पशुलाई घाँस छैन। मानिसलाई अन्न छैन। खेती गर्नु पानी परेको छैन। बाहिर निस्कने कोही होइन। कोही सर्वत खान्छन् अनि बरफ। कोही पानी पाउन्नन्। कोही पङ्खा वा चिसो पार्ने शहरबजारिया मेशिन जडी चलाएर वातावरण नै शीतल पारी बस्छन्। कोही यस्तो गर्मीमा खेतीको तयारीको लागि पनि खेतमा काम गरिरहेका छन्। उँभो आकाश सफा छ। बल्दो सूर्यसँग। उँधो पाताल मरुभूमि तुल्य छ। मानिसमा जोश छैन। सबै पसिनामा डुबिरहेका छन्। तड्पी तड्पी रहँदामै दिन बितिरहेछन्। जनता खुसी भएमा मात्र प्रकृति सुख दिने हुन्छिन्। जनतालाई सरकारलेनै आगाले पोले झैं पोल्छ भने केको जनताको जिन्दगी ! प्रकृतिले पनि सरकारको पक्ष लिइरहेछ। उनी उठे बारको फलामको डण्डी समातेर। पालेको पनि त्यही चाल थियो। झुल्दा झल्दै भित्ताको टेको लगाएर टाउको अडाएको थियो। सायद त्यसैले देखेको हुँदो हो स्वर्ग ! स्वर्ग भेटाएपछि उसलाई कर्तव्यको ख्याल पो किन र ?' 'हुने हवस्, नदिने हवस् ! भनेझैं उसले स्वर्ग पायो। उनले झुर्लुक्क एक साथी आफ्नो अगाडि पाए। उसले अमृतको काम दिएर सुइँकुच्चा ठोकिहाल्यो।

उनको मनमा केही शान्ति मिल्नुपर्ने थियो, तर हृदय अरु जाग्यो। उनी अरु प्रेरित भए। नयाँ कार्यक्रम बनाउनु थियो। जोगिनु थियो। 'सिः सिः' गरे कस्तो रुघा लाग्छ कि , क्याहो।' नाक बजाए। खोके। वरपर घुमे। धोती पल्टाए। एउटा चिठी खोले। भित्रतिर फर्की पढ्न थाले। 'कसले रहेछ ?' भन्ने सम्झे। चिठीको पुछारमा हेरे –

तपाईंका विश्वसनीय साथीहरू

विश्व तथा चन्द्र

चिठी खस्ला जस्तो ठानेर उनले चिठीको दुईबिटमा बलियो गरी समाते। बसेर हेर्दै गए।

रिडी बजार, गुल्मी, पाल्पा

मित्रवर शिखरजी,

अवसरलाई नै भाग्य ठान्नु परेकोले समयमै पत्र पठाउन नपाउनु हाम्रो चरित्र हुन आएको कुरा विदितै छ। मध्य पश्चिमको टुर गरीकन जेठे औंसीको भेलामा हिंजो हामी दुई यहाँ भेट भैरहेका छौं। कार्यहरु पनि राम्रै सञ्चालन गरेका छौं। आज हामी निर्धा, दुब्ला सम्झनुपर्ने अवस्था छैन। अमानुषिक र असामाजिक तत्वबाट शोषित र पीडित जनताले हाम्रो समर्थन गर्दै आएकोले हाम्रो तपस्या पुरा हुन अब धेरै छैन। विदेशको बुद्धिले चल्ने शोषक अन्तर र्राष्ट्रिय सरकारको दिन अब ओरालो लागेकै हामीले सम्झिसकेका छौं। गुल्मी जस्तो शिक्षादीक्षा नभएको र गरीबी भएको जिल्लामा पनि हामीले प्यार पाउनु भविष्यका नेपालीको भाग्य सम्झेका छौं। हाम्रो सङ्गठन उत्साहजनक रुपले बढेको छ। राष्ट्रवादी रगत भएका युवाहरु हामीसँग छन्। आवश्यक परेको र सूचना पाएको बेला आन्दोलन नारा, जुलुसमा निस्कन क्रान्तिहरु गर्न पनि सक्ने अवस्थामा छौं।

यहाँको दैनिक जनजीवनको अवस्थालाई हेर्ने हो भने, यहाँ दुःख छ, अस्वस्थकर जीवन छ यहाँका बासीहरु काली पवित्रतीर्थ नदी किनारमा शिक्षा छैन, सरकारले आफ्ना पिछलग्गुहरु भएको ठाउँमा मात्र स्कूल दिएको छ। समाजमा चेतना छैन। लास जलाए सोलो बगाएको ठाउँ मुनिबाट पानी झिकी खान्छन्। बागलुङ जिल्लामा काम्ला, भाङ्रा, कागत उत्पादन गरी जीविका गर्दछन्। तर उनीहरुलाई प्रोत्साहन छैन। मैदान मधेसको पायक पनि नभएको सबै पहाडी क्षेत्र छ। जनता शान्त स्वभावका छन्। धनको आधारमा उच्चवर्ग, शोषक, हुल्लड र चाकडीदारहरूका बलले बलशालीहरु खरायोले मारेको उन्मत्त सिंह झैं छन्। डुक्रिने, गर्जिने सर्वसाधारणलाई अप्ठ्यारो पारी पैसा भरी खाने बानी छ। रकमी तालुकदार ठेकी, बेठी र भगरा समेत लिन्छन्। सर्बसाधारणको लागि कानून छैन। तिरो बुझ्दा रसिद पिच्छे बढी पैसा झार्ने काम गर्छन्। कजाएर ज्याला खानाको प्रभाव गर्दैनन्। दिनभर तीनको चाकडी गरी साँझ रित्तै घर फर्किने खैतारी स्वास्नी छोरीको मान्छे भोक मेट्न सक्दैन। काममा नजावस् तालुकदार रिसाउने जाओस् खर्च ज्याला नपाउने। यो स्थितिमा पनि छोराछोरी पाल्न पर्ने। जे भएपनि ठूलाठालूको डर मान्नुपर्ने हुनाले चाकडीमै जान्छन्। जग्गा तिरोभरो मिलाउँदा उल्टापाल्टा पारी देलान् भनेर चारदाम पनि तिर्नुपर्ने चलन छ।

धनीहरु प्रत्येक साल ब्याज खप्टाई तमसुक फेरी फेरीकन तीन

वर्षमा रुपैयाँ दुनाउँछन्, तीनाउँछन्। अन्न ब्याजे ऋण दिन्छन्। फेरि अन्नको भाउ पाँच छ रुपै पाथी लगाउँछन्। जुन असामीले तिर्न सक्दैन अनि बारबार ब्याजले गर्दा चारै वर्षमा गरीब असामीको बास उट्ठा हुन्छ। घरैबाट साहूलाई सौंपेर खोरिया खन्न जङ्गल पस्नुपर्छ। बाह्रमासे दास नोकर बाँधा बन्नुपर्छ। यसरी बाँधा बन्नेहरू तीन चार पुस्तासम्म चाकडीदार भएर पनि साहूको चङ्गुलबाट उम्कन सक्तैनन्। सन्तान दरसन्तानको जिन्दगी पनि चाकडीमै डुब्छ। तेह्रौं, पन्ध्रौं शताब्दीको युरोपीय जमिनदारी प्रथा झैं बाँधामाथि साहू मालिकले अधिकार गर्छ। बाँधाका छोराछोरीको विवाह उसैले गरिदिन्छ। कुनै ठाउँमा घुस लिई छोरी दिने पनि गर्छ। तयो गरीबको छोरो विदेश गएर उनलाई कोट ल्याएर साहूलाई नै दिनुपर्छ। यहाँसम्म कि राम्रो ओहो !, डोको बनेपनि सहूलाई नै दिनुपर्छ। गरीब बाँधाका छोरानातिले विदेश गै पैसा कमाएर ल्याए भने मालिकले उल्टासुल्टा जोडजाड लगाएर पुराना तमसुक देखाएर दबाबमा पारेर सबै पैसा लिइदिन्छ। गरीब कहिल्यै उक्सिन सक्तैन। यसरी बास भुटिएर विदेश जाने भाग्नेहरू थुप्रै थुप्रै छन्। उनीहरूलाई हेर्ने सुरक्षा गर्ने न्याय दिने, अवसर दिने, राष्ट्रवादी सरकार चाहिएको छ। अब उनीहरूमा पनि चेतना आउन थालेको छ। अब उनीहरूले पनि राष्ट्रवादी सरकारको लागि भाग लिएर सडक बजारमा निस्कन तयार हुन लागेका छन्।

अहिलेको यो खडेरी, ठूलो अनिकाल, रोगको प्रकोप। मानिसहरू मरिरहेका छन्। रगतमासी र ज्वरोको औषधि छैन। मर्ने केटाकेटीको गणना छैन। धारापानीको व्यवस्था छैन। दौडधुप गर्ने बाटो छैन। अनिकालबाट बचाउने व्यवस्था छैन। धान भुटेर भुसैसित पिसी, सातु बनाएर, ढींडो खोले बनाई खाने कति छन्, लेखै छैन। सिस्नो, भाँडे, हलहले, सिमैसाग आदिले बाँच्ने धेरै छन्। बिरामी पर्‍यो कि बाँच्ने आशा रहँदैरहँदैन। यो अवस्थाले उनीहरूलाई क्रान्तिमा सोझै धकेलिराखेको छ।

यस्तो जनजीवनको अवस्थामा पनि जनताबाट चुनिएर बनेको सरकारले बढ्दो सरकारी संस्था चन्दा, कर गरीबीको थाप्लोमाथि पींडोझैं लगाएर गरीबको छाला काटिरहेको छ। चुनी पठाएका प्रतिनिधि काठमाडौं मोटरमा सफर गर्छन्, जनताहरू शोषण र अभावले पिसिका छन्। दलगत रणद्वेष छ, संघर्ष छ, विदेशी, विद्या, बुद्धि र इशाराद्वारा परिचालित भै सर्वसाधारण जनतामाथि आशन जमाएर जनचेतनालाई नै दमन र शोषणद्वारा चोखो स्वदेशी समाजलाई विदेशीकरण गर्नु देश र जनतामाथि अपराध गरको

होइन र ! यो जङ्गली चरित्र बाहेक अरू के हुन सक्छ ! एकदिन जनचेतना विस्फोट भै गरीब वर्गको सत्ता स्थापना स्थायी र अजर हुनेछ। नेपालवादी जनसत्ताले नेपालको राष्ट्रिय झण्डा लिई फैलिएर जनमनमा जमेर रोग, शौक, भोक र अशान्तिको निर्मूल गरी छाड्नेछन्।

यो अवस्था सबै जिल्लामा छ। तराइ, पहाड, शहर बजारमा बस्ने धनदार नमिनदारहरुले किसानले पसिना बहाई उब्जाएको धान बटुलेर खुट्टा पसारी खान्छन्। तराइ मधेशका यही वर्गका ठूलाठालूहरुले हवेली भरी खान्छन्। देशको मलिलो र उब्जाउ भूमि यिनै जमिनदार बिर्तावाल मालिकको पेवा छ। राणा शासनद्वारा स्थापित मालिकत्व अन्त्य भएको छैन। बरु, नयाँनयाँ राणात्व बढेको छ। शोषणको सीमा छैन। विदेशका विदेशी जमिनदार, बिर्तावाल र पटवारीले पनि यही नेपाली मधेश चुसिराखेका छन्।

व्यापारका केन्द्र शहर बजारहरुमा पनि औद्योगिक विकास भएको छैन। राणाले आफ्नो लागि जे जे बन्दोबस्त गरे, त्यही मात्र छ। जे जति उद्योगधन्दा व्यापार छ, त्यो पनि विदेशीको हातमा गइरहेको छ। शोषक फटाहा वर्ग र उसको दलाली सरकारलाई प्रगति चाहिएको छैन। अनि विदेशी साहू, महाजन, व्यापारी, उद्योगपति, प्राविधिक, विद्यार्थी र कामदार भित्राउँदै, बसाउँदैछ। मास्टरहरु भित्राउँदैछ बसाउँदैछ। आफ्नो दलीय प्रभाव बढाउन यो नेपालीको देशमा राष्ट्रवाद र गैरराष्ट्रवादको सङ्घर्ष गराउनमा लागिरहेको छ। अनि देशमा फुट, रिस, द्वेष, डाह र अनेक क्षेत्रमा झगडालु समाज बनाई एक्लो परेको बाख्रालाई वनबिरालोले पनि खाएझैं नेपालीलाई एकएक गरी स्वदेशी र विदेशी सरकार मिली खाइरहेका छन्। यिनका छातिमाथि हिंड्छन्, डुल्छन्, खान्छ । भने मातृभूमि नेपाल माथि यस्तो थिंचाइ र पिसाईबाट सबै सर्वसाधारणमा प्राण छैन। हुनुपर्ने गुण, बल, साहस छैन अर्थात कुण्ठित छ - नेपाली जनता पनि मानिस हुन्, बाँच्ने लोभ छ। तर बाँचेर साध्य छैन। आजको जमानामा जङ्गली जनावरको त शिकार हुन हुँदैन नि ! तर यहाँ मानिसको शिकार छ। समता छैन। यही हो यहाँको हाल खबर जुन प्रकारको क्रान्तिलाई हामी बोलाइरहेछौं। यो देशव्यापी रुपमा राष्ट्रवादी आन्दोलनको स्वरुप लिएर हुर्किरहेछ। केन्द्रबाट कहाँ कहाँ के कस्तो कसरी सञ्चालन हुँदैछ ? त्यो जान्न इच्छा छ। अरू फेरि।

तपाईंका विश्वासनीय साथीहरू

विश्व तथा चन्द्र

पढ्दा पढ्दै उनको आँखाले त्यो सँच्चा नेपालीको दुःख देख्न नसकी चिम्लेझैं झिमिक्क परेका आँखा हुँदा पहरो फुटी ढुङ्गा खसेझैं आँशुका दानाहरू चुहे। तथापि, "क्रान्तिलाई बोलाईरहेछौं, आन्दोलन हुर्किरहेछ।" जस्ता वाक्यले बल दियो। उनले भने - 'भला, जुनप्रकारको जनजीवनको अवस्था छ त्यसलाई जनताले यथा अवस्थामा बुझिदिए भने, चाँडै यो रोगी अवस्थाबाट हाम्रो जनसमाज मुक्त हुन सक्छ 'नेपाल' ! आवेशमा आए। के सोंचे के बोले ? त्यो यादै भएन यदि, जनतामा जागृति चाँडै आउन सकेमा चाँडै मुक्त हुनेछौं स्वतन्त्र रुपमा आफैं मर्छौं। कसैले मर्नुभन्दा अघि अब मार्न सक्दैन हामीलाई उनको जोशिलो आवाजले पालेलाई स्वर्गबाट खसाल्यो, हेरे मुठी कसेर उठे। चाकल्माडे बसे, हातको तालले जोशमा भाषण गरेझैं बोलिरहे। पल्ला कोठाका कैदीहरूले उत्सुकतापूर्वक ताजा भएर सुने। पालेले नजिकैको फोन झिक्यो। घुमायो हातमा लिएर बोल्यो "हेलो ! हेलो ! उइ छेउँमा कैदी ! मलाई गाली गर्छ। अरू कैदीलाई पनि उठाएको छ। आफूमात्र हैन सबैलाई भगाउन थाल्यो। चाँडो मद्दत पाऊँ। ........................"

गुटुटुट्ट आवाज आयो। उनले सुने आफै सम्हाल्लिन खोज्दैमा मोटर आयो। अडियो। एकफुलीवाला र दशजना अरू सिपाही लाठीसमेत उनको अगाडि आइपुगे। उनले अगाडिको चिठी सम्हाल्नसम्म पाएनन्। फूलीवालले चिठी लियो। उनको घर, जन्म, स्थान आदि बयान गराई दस्तखत गरायो। अनि हतकडी लगाइदियो। अरू, कैदीहरूकहाँ गै निर्देशन दियो" तिमीहरू कसैले पनि त्यसका कुरा नसुन्नू। नहेर्नू। यदि, त्यसो गरेको खण्डमा तिमीहरूको कैद डबलिने छ। भागेको र भाग्ने प्रयत्न गरेको खण्डमा गोलीको शिकार हुनुपर्नेछ। ..............." कैदीमध्ये एकजनाले भन्यो - 'त्यो कुरा सुन्नै नहुने, हामीले देख्नै नहुने, मान्छे यहाँ किन राख्ने ? छोड्दे भयो। झुक्केर देखियो भने के गर्नु ? आँखा छोप्न भएन।"

"चुप ! जिब्रो थुतिदिम्ला।" फुलीवालले भन्यो। ऊ चुप्पै लाग्यो। उनीतिर फर्केर भन्यो, "अब फेरिपनि त्यसै कैदीहरू भड्काउने, जेल तोड्ने आदि गरेको खण्डमा फाँसी हुनेछ।"

"देशको नाममा फाँसी हुन्छ भने, मेरो भाग्य खुल्छ। नेपालीको ढोका खुल्छ। हवस् ! सातसाल पनि शहीदका रगतले ल्याएको हो। अर्को सात साल आउला। बढी राम्रो हुनेछ।" उनले उत्तर दिए। हात टेकी बसे। फुलीवालले ठूला आँखाले पल्याक्क हेरी मद्दतसाथ मोटर चढ्यो।

# एकतीस

छत्ल्याक् छत्ल्याक् आउने छाल घुम्दै बटारिने भुमरीले सबै एकै देखिन्छ। सबै आफूमा नै लीन गराउँछ। पारिबाट झुल्केका घामले तीर्थयात्रीहरूलाई न्यानो दिनैका लागि लामा पहेंला किरणले अङ्कमाल गरिरहेका छन्। लामो लस्कर नदीको तिरमा नुहाउनमा व्यस्त छ। डुबुल्की मार्नेहरू पनि कहींकतै देखिन्छन्। बगरमा मानिसको ठेलमठेला छ। हाँस्ने हाँसिरहेछन् ! खेल्ने खेलिरहेछन् ! कोही 'हर काली उग्रचण्डी गङ्गाकी हरे !' भन्दै नुहाइरहेछिन्। कसैलाई स्वर्त जाने ईच्छा छ, कसैलाई पाप पखाल्ने। कसैलाई तमासा हेर्ने। कसैलाई नुहाउन मात्र। बजारियालाई व्यापार गर्ने। कसैलाई केटाकेटी हेर्ने विवाह गर्न मिलाउने। हरेक मानिसको आगमन हरेकको लागि महत्त्वपूर्ण छ। पर्वतदेखि काम्ला, मान्द्रा, डाला ल्याई थुपारेका छन्। फलफूलको कमी छैन। मखमल, रेसमी लुगाहरूको कमी छैन। भोकटे, थाङ्रा त्यहीं छन्। दाम दिने त्यहीं, लिने त्यहीं ! मोज गर्ने काँध चढी आएका सुटेड बुटेड त्यहीं छन्। भोकानाङ्गा माग्ने त्यहीं। कालीनदी भने एक छ। रङ एक छ। विशाल छ ! एउटै चित्र। एउटै रूपमा बग्छ। उसैको अगाडि त्यो विचित्र समाज छ। अचम्म लाग्छ। श्रावण औंसी आज सबै मानसिक र हार्दिक छन् सबै रोग भुलिरहेका छन्, उत्साह आनन्द र उमङ्गमा झुलिरहेछन्। पेट भोको भए पनि, हृदयदेखिनै रमाएका छन्। तीरतीरमा जग्गे लगाएका छन्। वरिपरि चार लिंगो गाडेका छन्। धागाको तोरणले बेरेका छन्। बीचमा रातो कपडा झुण्ड्याइएको छ। मुनि शृङ्गारेको गाग्री छ। धेरै टपरा, फूल र बत्तीहरू छन्। कर्ता एक पश्चिमे खालका बूढा छन्। ब्राह्मणको निर्देशन अनुसार कतिले पूजा गर्छन्। पानी समाउँछन्। पूजा गर्छन्। कर्ता जीवनमा गरेका सबै पापबाट मुक्त हुन लागिरहेछन्।

"ताऊँ घिन्ताऊ !" मादल ठोक्दै सालैजो गाउँदै, मगर दाइभाउजू घुमी रहेछन्। बीचबीचमा खुट्टामा पैजरु छ्याम्छ्याम् गराउँदै, कालो मखमलका आस्कोटमा सिक्री, झुम्कासितका झपक्कै चारानीका टाँक, झल्काउँदै फन्की फन्की नाच्छन्। राम्चेको लागि उमङ्गै उमङ्ग छ। कता के के हेर्नु, दगुरादगुर हतार, गाइँगुइँ जतातते ! रमाइले रमाइलो। नौला यात्रीको लागि पहिले ऊ हेरौं कि, त्यो हेरौं भन्ने भैरहेछ। एउटाले त्यो हेरौं भन्छ त, अर्कोले त्यो। कतातिर हो भोंपा लाए जस्ता पनि भान हुन्छ।

स्कूल वरि, पीपलका रूखमुनि, बादीको नाच छ। ठेलम्ठेला मानिस छन्। अग्ला मानिसको घेरोले बादी छेकिएको छ। एकजना गान्टे मगर बिचरा वरिपरि घुमिरहन्छ। नत्र अरूका ठाउकामाथिबाट हेर्नपनि हुन सक्छ। भित्र छिर्न सक्दैन। पहिला पहिला बल पनि गऱ्यो। भित्र जान खोज्यो। तर, सकेन। अलिकति हेरौन हजुर !" भन्न थाल्यो। तर, सुन्ने को ? एउटा चटार्रेका ठिटाले त भनिहाल्यो –'सबैका टाङ्मुनिबाट हेर्न !' अर्काले भन्यो – 'अग्लो भएपनि त्यस्तै हुन्छ, अलि थेंचारिएर बस्न ।' निराश भएर छेउँमा वरिपरि हेरी उभियो 'ट्वाः, ट्याः, ट्यूः, ट्यूः ' हार्मोनियम–तबेला बजेको सुन्यो। मनमनै सोच्यो यी मादल पैजरु कस्तो बज्ने रहेछन्। त्यस्तो बजाउने कस्तो होला ! बादिनी कस्ती होली। अप्सरा स्वर्गकी। खूब नाच्छे भन्ने, यही जाँदी हो कि स्वर्गमा ? यो ता मिठी होली। राम्री होली। विचार गर्दै थियो। एकजना मुडुलो टाउको लिएर निस्कियो। गान्टेलाई घच्चायो। त्यसैको खाली ठाउँमा जान के खोजेथ्यो मुडुलोले भन्यो 'नवस मोरा ! नाच्नेले मेरो टोपी खोस्यो, पैसा देन भनेर तेरो भाङ्रो खोस्ला र स्वाद भेट् लास् !" अक्कनमक्क परी रोक्यो। आवाज सुन्दै रह्यो।

नयाँ बगैंचामा पुगेको बालक सबै फूल ओगट्न खोज्छ। तर सक्दैन। रोज्दै छोड्दै गर्छ। यहाँ के कुन दृश्य हेर्नु, कुन नहेर्नु। यात्रीका लागि बडो गजब छ। गान्टे मगरले के हेरौं भन्दा भन्दै सेतामान्छे देख्यो। पहिलो चोटि त, डरायो पनि 'आँबुई ! यहा त ढेंडुवा पनि उभ्भेर हिंड्ने रहेच ! यति अग्लो भएर।" दगुर्न खोज्दा एकजना पुरेतजी निधारमा टीका लगाइदिंदै हातमा पैसा थाप्दै थिए उनीमाथि पऱ्यो। 'धतङ्गा मगर !' भनी एकचोटि हप्काए। भने, 'हेर्नुस्न यजमान हो मेरो। यस्तो छ, यसले मलाई के सुख दिउस् ? राणो मान्छे। नोकर यस्तो। जहाँ जान्छ त्यहीं खान्छु। राती पनि यजमानकै घर बस्छु। मोरा गान्टे ! डराउन हुन्छ, त्यसरी भन्दै ढेंडुवाले मकै खाँदा के गरी हेर्छस् तो। लौ सुन् 'यिनी पनि मान्छे हुन्। यिनका देशमा पुच्छर भएका मान्छे हुन्छन्। तिनी हुँई बस्चन्। पुच्छर नभएका ह्याँ आउँछन् भने हाम्रो सुन चाँदी लग्छन्। यिनले मान्छेको फोटो खिच्छन्। ऊ त्यो झुण्डाएको केमरा हो फोटो खिच्ने। उता जा फोटो खिच्नन्। आयु घट्छ। दश वर्ष चाँडै मोर्लास्। थुपुकक बस् 'आउनोस्, आउनोस्, तपाईँ हाम्रो सँच्चा बाटो के हो बुझ्नुस्। आफ्नो ज्यान लाएर भगवान्लाई अर्पेर, हाम्रा वीरहरु अघि बढ्दैछन्। स्वागत गरी भाषण सुन्नुस्। मुक्तिको बाटो सिक्नुस्।"

भोपा लगाउँदै बजारबाट झऱ्यो। पछिपछि माइक झऱ्यो। मानिस

हुल्लहुल्ल गरी एकैछिनमा पौवामुनि मैदानमा जम्मा भए। सबैले चौतारीमै हेरे। के होला। कस्तो होला। कसले के भन्ने होला। उत्सुकता भयो सबैलाई। प्रथम प्रहर बितिसक्यो। घाम छ तापनि उत्सुकताको अगाडि कसैलाई महसुस भएको छैन। 'मुक्तिको बाटो सिक्नुस्' भन्ने वाक्यले साराका सारा तीर्थयात्री बूढाबूढी खडा भए। पुलिस चौकीमा हाकीम, कारिन्दा पनि तीर्थ गरी पाप पखाल्न तीर्थ कालीमा झरेकालाई शीतल भैरहेछ। यसैबेला हवा घन्केझैं शब्द जताबाट आयो, त्यतैतिर सबैले कान र आँखा लगाए। हुँदाहुँदै घोइरो आयो। देखियो। पहेंलो धोती मात्र लगाएका, खरानी टीका, चिम्टा कमण्डलु केही नभएका साधुहरू आए। लटा प्रशस्त झारेका साधुसँग अघिपछि हूल मिचामिच गर्दै वइरियो। 'सत्यको जय होस् ! साधुको जय होस् !' युवकहरूले हात उठाएर, जोशपूर्ण नारा लगाए। हूल चौतारीमा पुग्यो। तपस्वी चौतारीको ढोकामा पुगे। खडा भए। ठूलो निधार, लामो कालो कपाल, लामा जुँगा र च्यूँडोमा मात्र दाह्री, ठूलाठूला कान, तेजिला आँखा, मझ्यौला पातला तपस्वी सबभन्दा अघि बडे। साथका युवकहरूले ताली लगाए। साम्य भएपछि तपस्वी ढिकबाटै उभिएर बोल्न थाले, 'प्यारा दाजुभाइ दिदी बहिनीहरू हो ! म यतै पहाडमा जन्मी, आमाका स्वच्छ मायाँले हुर्केको हुँ। अभाग्यवश मैले यताबाट धेरैवर्ष टाढा रहनुपर्‍यो। तापनि म आफ्नो देशभित्रै रही हाम्रो जीवनको सच्चा मार्ग खोजिरहेको थिएँ। पटकपटक धेरै बाधाहरू, यातनाहरू, सहनुपर्‍यो। तर, बाधाले यातनाले हामीलाई शिक्षा र बल दियो। देशमा भएको असमानता, अल्पवर्गको मनामानीले हाम्रो आत्मीय विकास हुन दिएन। भगवान् पनि सबैप्राणीमा विराजमान हुन्छ। उनीबाट कुनै पनि प्राणी अलग हुन सक्तैन। प्रत्येक मनुष्यको आत्मा अमर छ। आत्मोन्नतिका लागि मानिसले सत्कार्य गर्नुपर्छ। प्राणीमात्रमा दया राखेर प्रेमपूर्ण कार्यले सम्पूर्ण समाजको, भलाइ गर्नुपर्छ। यदि कोही मानिस समाजमा आततायी छ भने, त्यसलाई मारेमा दोष छैन। यसै हुनाले, भगवान्ले आफै रथी बनेर अर्जुनद्वारा कौरवहरूको नाश गर्नु भएको हो। अर्जुनले लडाइँ गर्दिनँ भन्दा भगवान्ले भन्नुभयो – 'यी अत्याचारीलाई नाश गरी एक आदर्श राज्य स्थापित गर्न म तयार भएको छु, यदि तिमीले यी आततायीलाई मार्दैनौं भने, पनि यिनको नाश म आफैं गर्नेछु।' यसरी पटकपटक भगवान्ले अत्याचारलाई निर्मूल गर्दै सत्पात्रको हातमा राज्य दिएर शान्ति सुव्यवस्था कायम गर्दै आउनुभएको छ। उदाहरणका लागि हामी भगवान् रामको रामराज्यलाई लिन सक्छौं।

दाजुभाइ दिदीबहिनीहरू ! तर, हाम्रो देशमा न त भगवान्को आदर्श

छ, न त शिक्षादीक्षा नै। पूरै नक्कल अल्पवर्गको मनोमानी छ। बहुसङ्ख्यक जनताको भाग्यमा गैरराष्ट्रवादी फटाहाहरु तगारो छन्। उनीहरुका पिछलग्गु झोले, टपरे, खप्परे, चन्दादाता व्यापारीहरुले निरीह, राष्ट्रवादी जनताको घरगोठमा आगो लगाइदिने, विष हाल्ने, मार्ने, मार्न लगाउने, परस्त्री-धन हरण गर्ने, देशका युवतीलाई विदेशमा लगी बिक्री गर्ने, कालोबजारी गर्ने, अवैध व्यापार गर्ने, धेरै महिला पत्नी राखी खोस्टो बनाई फ्याँक्ने, भाकल पर्ने, लागो बोक्सी भन्ने, छिद्र खोज्ने, चुक्ली लाउने, वृद्ध बालक र विद्वान्हरुलाई घृणा गर्ने, विचरा निरपराध निर्धा गरीब असहायको नाश गर्ने, कजाएर खाने, घुस खाने, नातावाद, कृपावाद र थैलावादको माध्यमबाट पद प्रतिष्ठा लिने/दिने, ऊँचनीच भेदभाव रुढिवादी- कट्टरपन्थी भएर शोषण गर्ने बढाउने, राष्ट्र न्याय, प्रेम, सही नागरिकमाथि विदेशी दलाल, बलवान् पहलमान्को लाठी वर्षाउने, तीनचार वर्षमा दुनाउने साहूले ठेकी बेठी लिने, तालुकदार जाली, फटाहाहरुबाट हामी शिकार भएका छौं, पिसिएका छौं। हामीलाई भस्म गर्न अधर्म, अन्याय, अत्याचार, अनाचार वृद्धि भएका छन् देशमा। निरीह जनताले त्राण नपाएर व्याकुल छन्, उनलाई अनिकालमा खाना छैन, रोगमा औषधि छैन, खेत छैन, बारी छैन, आफू आफै भएर बाँच्ने अधिकार छैन। यस्ता उत्पीडित जनताहरुलाई आश्वासन दिंदै उनको जीवनमा, दिलमा, दिमागमा प्रकाश हाली सुझबुझ हाली समयानुकूल शक्तिको सञ्चय गर्न आवश्यक छ। साथी हो !'

'बिलकुल ठीक। त्यस्तो शक्ति चाहिन्छ। ख्वै त्यो शक्ति ?' चारैतिरबाट आवाज आयो।

लाखौंलाख दीनहीन, असमर्थ, आत्माको संयुक्त व्यथाबाट आफूलाई महान् आत्मा सम्झी दृढ व्यक्तित्वको प्रतीक बनौं यसैको माध्यमबाट राष्ट्रवाद, नेपालवाद प्राप्त गरौं, स्थापित गरौं। जसले नाशको खाल्डातिर धकेलन लागेका छन् हाम्रो समाजलाई तीनलाई सद्मार्ग देखाई, अत्याचारको समूल नष्ट गर्न सकौं। उदार, सञ्चरित्रै चरित्रपूर्ण, दृढ र बलियो सरकारको स्थापना गर्न आश्यक छ, जसलाई भगवान् स्वयं सहयोग गर्नुहुन्छ । त्यसबाट राष्ट्र र राष्ट्रिय नागरिकको इज्जतपूर्ण संरक्षण हुन्छ।

राष्ट्रिय संस्कृतिको संरक्षण र सामाजिक उन्नति देशका वैभव हुन्। हामीलाई स्वतन्त्रता स्वाभिमान चाहिन्छ भने, यी महत्त्वपूर्ण कुरा हामीलाई प्राप्त हुनुपर्छ। तब, हामीलाई शान्ति हुन्छ। शान्तिविना आत्माले पनि शान्ति पाउन्न र अशान्तिको बाटोमा जानुपर्छ। त्यस्ता गएपछि हामीले पापीकार्य

पनि गर्नुपर्ने पनि हुन सक्छ तापनि भगवान्‌को इच्छा विरुद्ध हुने छैन, किनकि, आत्मोन्नतिनै भगवान्‌को तपस्या हो। पवित्र आत्माले गरेको सामाजिक भलाइ हुने कार्य भगवान्‌को इच्छा हो। यसमा सफल भएर हाम्रो नेपालमा स्वर्गको शिलान्यास गर्ने छौं। यो सष्त्य छ, निर्विवार छ। कम्मर कँसेर अगाडि बढौं - देशको स्वाभिमानका लागि, सामाजिक उन्नतिका लागि उठौं।

दाजुभाइ दिदीबहिनीहरु ! होशियार रहनुस्। बुझ्नुस्। राणा सरकार नेपालीको तपस्या र बलिदानले खतम भएको कति भयो ? यथापि नयाँ राणा बनेको लण्ठहरुको शासनबाट हामी मुक्त हुन अझै सकेनौं। एक राणा गए त अर्को फटाहाको जमात राणा बनेर आयो। पन्ध्र सालमा आमचुनाव भए तापनि राजाको पार्टी धर्मको पार्टी, पीपल (नारायण) को पार्टीका नाममा भोट मागेर हामीले योग्य सरकार कस्तो हो भन्ने जानेनौं। पैसा बाँडेर जितेको दलले सरकार बनायो। देशको अमूल्यनिधि गण्डकी जस्तै महानदी सुम्पेर प्रदान गरेको बदला तन्त्रमन्त्र, धन पाएर, त्यति मात्र कहाँ र अऱ्हाएको बुद्धिबाट देश-देशबासीलाई उसकै इशारामा गर्द्धनमा चढेर शोषण र दमन गर्दै विदेशीकै हातमा सुम्पन खोज्यो। गोर्खा काण्ड, नुवाकोट काण्ड जस्ता काण्डहरु गरायो। चोरी डकैती, नाफाखोरी, घुसखोरी, भ्रष्टाचारी बढायो। हामीले प्रजातन्त्रको नाममा एउटा भ्रष्टाचारी, फटाहा, नाफाखोरे र दलालेका बोझ पायौं। होसियार रहेर सँच्चा राष्ट्रिय राजनीतिक दृष्टिकोणको विचार राखी सम्पूर्ण देशवासीको लागि सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक जीवनको विकास गर्ने नेपालवादी नेपाली जत्थाको पक्ष लिनुपर्छ। किनभने, देशभित्र सबै देशवासीले आफ्नो जिन्दगीमा देश विकास र निर्माणको कामना हिस्सा लिनुपर्छ।' गम्भीर स्वभाव र इमान्दारीपूर्ण तरिकाले सोंची सम्झी कदम उठाऔं याद राखौं हामी सबै नेपालीले नेपालमा आफूलाई लगानी गरी, आफ्नो र परिवारको जीवन वृत्ति चलाई, आफ्नो र देशको शिर उच्चो राख्नु परेको छ, जसलाई सगरमाथा धवलागिरी शिक्षा दिऊन्। दिदीबहिनी, दाजुभाइ ! जिन्दगीमा, यो मातृभूमिको सेवामा लागेको नेपाली स्वाभिमानलाई न्याय र सत्यको पक्षमा साथ दिनुहोस्। सत्य सामाजिक न्याय इन्साफ र स्वतन्त्रताको लागि सामाजिकतापूर्ण नेपालवादलाई जीवित स्थापना गरौं। हुर्काऔं। अनि त साथी हो। हामी अकालमा मर्दैनौं र मर्नैपर्दा हाँसीहाँसी, नाचीनाची मरौं। मेरो तपाईंहरुमा यही निवेदन छ। हाम्रा साथीहरुले यही कुरा लिएर चौधै अञ्चल तथा पचहत्तर जिल्ला सदरमुकामहरुमा साथीलाई सुम्पी तपाईंहरुका समक्ष यही कुरा लिएर भैरहवा, बुटवल, पाल्पा हुँदै आएको

छु।

नडर्नोस्। नदब्नोस्। युवकहरू जेल जानन्। मर्नन्। तथापि, नरूनोस्। बरू खित्का छोडी हाँस्नोस्। प्रोत्साहित गराउनोस्। न्याय, सत्य र शान्तिको जीत होस्। अनि हामी सुखी बन्छौं। शक्ति पाउँछौं। तबमात्र हाम्रो आत्माको पनि उन्नति हुन्छ। आत्मा उन्नतिले हामीलाई लोकमा इज्जत र परलोकमा मुक्ति पाउँछौ।

करतलध्वनी बज्छ। बसेका चार गेरूधारी युवक तपस्वीका नजिक नजिक आउँदैछन्। हातमा लठ्ठी चिम्टा छन्, खरानी घसेका छन्। लामा लामा लट्टा छन्। तर दाह्री जुँगा छैनन्। सानैदेखि योगी भएका भन्ने भान पर्दछ।

'वीर तपस्वी' - जिन्दावाद। नेपाली राष्ट्रवाद - जिन्दावाद ! अल्पवाद-मूर्दावाद।' शिखरतपस्वी - जिन्दावाद !' ठूलो नारा लगाउँदै उक हूल बजारबाट निस्क्यो। गेरू लगायदिएर तपस्वी  स्वागत गर्दै, पहेंलो माला पहिराइयो।

नजिकनजिकै आउने युवक योगीहरू "तपस्वी शिखर" - जिन्दावाद। नारा सुनेर दङ्ग परे। निहालेर हेर्दै कानेखुसी गर्दै, टीका टिप्पणी गरे। सम्सिने साहस खोजे। तर, वक्तृत्वमा व्यस्त तपस्वीले उनको आशय बुझेनन्। श्रोताहरूले वक्तव्यमा जाँगर र शान्तिको सार पाए। त्यस्तै, प्रकृतिले पनि बदलाको पर्दा टाँगेर वातावरणलाई नै शीतल दिइन्। करतलध्वनी कम भएपछि, तपस्वीले फेरि भने - 'दाजुभाइ दिदीबहिनीहरू हो ! हामी आँखामा पर्दा भएकोले मात्र यो स्वाँठहरूको सरकारले देशमा शासन गर्ने मौका पायो। तर अब हामी कुशाग्र बुद्धिले कर्तव्यलाई चिनौं। दैवी गुणको विकास गरौं। साँचो मानव बनौं। आत्मबलशाली होऔं। यसो भएपछि अल्पवर्गको शासन, उच्चवर्गको शोषण र कमी, मालिक, थरी, भलादमी सबैलाई तह लगाऔं। समयले साथ दिन्छु - जुन बखत आइपुगेको छ ।' त्यसलाई डोराई चाँडै ल्याऔं। दाजुभाइ दिदीबहिनी हो हामी एकगोल भयौं भने, हामी अपराजित शक्ति बन्छौं। जेको लागि लडिरहेका छौं, ती सहजै पाइछाड्छौं।' गुरुर्रर : प्रहरी आयो एकाएक अन्धाधुन्दा लाठी वर्षायो। सभाको चारैतिर केटाकेटी, आइमाई होचा, पुड्का कति च्यापिए। कति के कस्तो भनी हेर्न नपाउँदै कुल्चिए सशस्त्र प्रहरीले आक्रमण गऱ्यो। निर्धा दुब्ला कोही कराउन थाले। कोही चिच्याउन, कोही रुन, कल्लाउन, मुनि पर्नेहरु भगवान् पुकार गर्न

थाले। माथि भित्ताभित्तामा हुनेहरू 'रामराम' भन्न थाले। हाहाकार मच्चियो। साँच्चिकै प्रलय जस्तो हुन लाग्यो। भर्खरको विशाल जनसमूहको भींड भेंडीगोठमा चितुवा पसेझैं प्रहरीको आक्रमणले बिचल्लियो-तितर-बितर भयो। धेरैजसो घाइते भए। बूढाबूढी, केटाकेटी ढोका थुनी घरभित्र पसे। एकछिन सन्नटा जस्तो देखियो, तर यो धेरै बेर रहेन। वरपर फाङ्डेका युवकहरू जुटे। फेरि पौवातिर बढे। ढुङ्गाका वर्षा गरे। प्रहरीले गोली पड्काए। भीड हटेन। कँस्सिएर भींड करायो 'सरकारी दमन मुर्दावाद !' प्रहरीले भींडमा ताकेर गोली हान्यो। धेरै युवक ढले। तितरबितर भए। अङ्ग्रेजसितको युद्धमा कलङ्गाको लडाइँमा जस्तै रगत बग्यो धेरै मरे। धेरै घाइते भए।

अत्याचार र अनाचारको नतिजा पवित्र तीर्थस्थानमा कालीको तीरमा यो घटना घट्यो। नदीको पश्चिमी भाग रातै भएर बग्यो। ऋषिकेशवका मठमुनि गई नदीमा मिल्यो। यो दृश्य देखेर प्रकृतिले शौक गरिन्। सूर्य पनि रुँदै रुँदै पश्चिमतिर लागे। पानी पऱ्यो। 'भोलिका छोराछोरीले यो रगत नदेखून्' भनेर पखाल्यो।

अङ्गरक्षकासित आएका हाकिमले कालीको तिरबाट हेरे। लासजति नदीमा धकेली दिनू भन्ने आदेश दिए। प्रहरीले जुन अभिमानले गोली चलाएथे त्यस्तै, अभियान चलाई तीर्थबासीको लास धकेली धकेली खुट्टामा बाँधी लतार्दै नदीमा फ्याँक्यो। केटाकेटीको लास छेलो फालेझैं फाले।

चन्द्र शमशेरको पूजालाई फूल टिपेको बूढो प्रहरीले आफ्नै छोरो, छोरी र स्वास्नी आफ्ना हातले गाडेको थियो। आज ती बच्चाबच्चीको लाश फ्याँकेको देख्यो। सम्झ्यो - पुत्रशौक र पत्नी वियोग। उत्तर फर्केर आँशु पुछ्यो। आँखामा झार पऱ्यो भन्दै खुसीयाली प्रकट गऱ्यो। सबै लास कालीले लुकाइदिइन्। कति मानिसको ज्यान गयो कसैलाई हेर्न अनुमति दिइएन। भागेका भागिहाले। बाँचेका घाइते भए। पल्टे। यति मरे भन्ने हिसाबकिताबै भएन लेखो रहेन।

रात पर्न लागेको बेला, 'काँकाँ कागहरू पीपलका रुखमा कराउँथे। आकाश गम्म परेर मलिन देखिन्थ्यो। प्रहरीको गस्ती बजारमा ओहोरदोहोर गरिरह्यो। हाकिम सेखी गर्दै रहे। सबैको दशा एउटै थियो। सबैका आँखाबाट वर्षामा रसाएझैं रसाए। झ्यालमा बसेका बजारिया महिलाहरू आफ्नो शरीर काँपेको थाह पाएर भुइँचालो आएको अनुभव गरे।

# बत्तीस

'हेलो ! हेलो !'

'सर, हिंजो आएको योगी ! घाइते एकदम चिसो भएको छ। दाँत बाँधेको छ। हात खुट्टा चल्दैन। एकचोटि हेरिदिन पर्‍यो सर तुरुन्तै !'

'..................................'

'एकछिन पछि .................... ।'

'..........................'

'यहाँ जिन्दगीको सवाल छ तर डक्टर साहेव भने, अहिले हेरिदिउँला नत्र हुन्छ अहो ! मानिसलाई गर्नुपर्ने काममा पनि कति अल्छी लागेको होला। एकचोटि तत्परतासाथ काम गर्नाले यसको जीवन बाँच्छ भने, अल्छी के को लागि र। राजनीतिमा काम गर्छ भन्ने हो भने, यसको अझ बढी बन्दोवस्त हुनुपर्ने ! 'जान्ने गम्किन्छ, नजान्ने चम्किन्छ' भनेको यही हो। 'स्यूइयः' सुस्केरा हाल्दै 'विचरा ! यो उमेरको मानिस खतम भैसक्यो। डक्टर साहेव यस्को जिन्दगी केही झैं पनि मात्र हुन्न। यस्को आत्मा भन्छ – 'बँचाऊ मलाई ! डक्टर साहेब भन्नुहुन्छ – 'एकचोटि हेरिदिउँला !' अझै सुत्नुभएको छ रे। यहाँ मान्छे मर्दैछ, उहाँ घुर्कंदै हुनुहुन्छ रे ! मानिसले बुझेर पनि किन अल्छी गर्दछन् 'यसैयसै गरी गरी रात बित्दै गयो। नारायण सथानमाथि कराउने चमेराको आवाज कम हुँदै गयो। भ्याकुताको पेट झैं जामा फुलाई पौडने डिटीहरू घरभित्र भित्रिंदै गए। काम गर्नेहरू सडक बढार्न थाले। पसलका ढोका खोलिन थाले। तलतिरबाट विद्यालय भवन निर्माणको लागि शिक्षक र छात्रछात्राहरू चन्दाको लागि नाच गान गर्दै निस्किरहे। टोपीबिन्ती गर्दै सहयोग माग्नमा व्यस्त भए। दाताले दिंदै गए। भिक्षुकले पनि दिए। चिम्टीचिम्टीले सहयोग गरे। सहयोग जुट्दै गयो। काले उमङ्गले फुर्केको छ। फुर्की-फुर्की नाच्दै छ। नारायण टोल सकेर उकालो लाग्यो। असन पुग्यो। 'हाम्रो स्कूल त छँदैछ, फेरि अर्कोलाई सहायता। हुँ........... ।' सुन्यो। तैपनि, नाच्नेले दुःख मानेन। रमाइलो जारी राख्दै निस्क्यो। जमातले सुन्दै गयो, 'तिमीहरू जतिले, त्यो स्कूलमा पढ्छौं त्यतिले त्यो स्कूल चलाऊ। हामीलाई के खाँचो ? पन्ध्रसालको चुनावमा हाम्रो पार्टीलाई भोट दिएथ्यौं ? अहिले भने चन्दा ! त्यही गुहेटोलले गरोस् जे गर्छ।' जवाफमा सबैका

कन्सिरी ताते। मुख छोड्न खोजे। तर, सहनशील बुद्धको चेलो शान्त जगत अगाडि बढ्यो - राष्ट्रिय चेतनाले शिक्षा विकास गर्न, छात्र-छात्रा अगाडि बढे। अस्पताल पुगे। दिनको एकघण्टा रोगीको सेवा गर्ने विद्यालयको कार्यक्रम थियो। गए। सरसफाइँ गर्न थाले। रोगीको सेवामा लागे। रोगीको विस्तारा बनाउन थाले। रोगी कसैले रुन्चे स्वरमा 'म खान्छु भन्छ।' कसैले 'म त मर्छु' भन्छ। पालोमा रहेकी नर्स भन्छिन् - 'मेरो भाइले खाउला एकछिन पख, तिमी मर्दैनौ, आजै मर्न जन्मेको हो र?' हाँसेर फकाउँछिन्। एउटा सिकिस्त बिरामीले ओंठै खोल्दैन। उसलाई भन्छिन् - 'अब हाँस्यो मेरो भाइ, अब हाँस्यो। हाँस्यो। हाँस्दै भनिन्। बिरामी खिसिक्क हाँस्यो। हातमा समाएको सानो कुचो जस्तोले दाँत माझी दिइन् रुमालले ओठमुख पुछिदिइन्।

यसै बेला झ्यालबाट सूर्यको किरण तपस्वीका मुखमा पऱ्यो। रातभर सेवामा रहेकी नर्स बहिनीले छोडेकी छैनन्। खाटअगाडि बसेकी छन्। छातीमा एउटा तातो पानी थैलो राखिदिएकी छन्। नाडी हातमा छ। घाइतेका ओंठ जमेका छन्। आँखा लागेका छन्। सास नजिकैबाट मात्र सुनिन्छ अलिः अलिः। उनी यसै भन्न सक्तिनन् के हुने हो ? अरु नर्स बहिनीहरू पनि जम्मा भए। हिटर चलाए। बिस्तारै कोठा तातेर आयो।

'म मरें भने मेरी स्त्री कसो गर्ली, कठैबरी ! उमेरकै स्त्री ! म मर्ने भइहालें। उस जुनीमा मैले हारेको रहेचुँ। ........ पल्ला कोठाबाट आएको कुराले नर्सहरू हाँसे। सबै मुसुक्क गरेर मुखामुख गरे। तपस्वीका खुट्टा अलिअलि ताते, खुसियाली छायो।

'मैले भाग्योदय चिट्ठा हालेको छु। मलाई पऱ्यो भने, मेरा नाउँमा एउटा पोखरी खन्देस् भाइ ! चौतारी चिन्देस् ! तेरी भाउजूलाई एकजोर बन्दिला गहना गराइदेस् ! छोरीलाई पेउटे देस् ! तँलाई मेरो अङ्स भैहाल्छ ! चिठ्ठाको पैसा आमाछोरीलाई दिएस् !' अर्को कोठाबाट अर्को आवाज आउँछ, 'लाहुरेले लाने हो कि हैन म राणको हत्तपत्त।' फेरि हाँसो हुन्छ। छात्रछात्राहरू यो सबै हेर्दै सेवा गर्छन्। तपस्वीको जीवनमा चासो राख्छन्। उनलाई ठीक भए त हुन्थ्यो। बाँचे त हुन्थ्यो। यत्तिकैमा एउटी छात्रा आइन् जगतसँग भनिन् - 'मलाई उनीहरूको अग्लो घरमा बोलाएर लगे। तलामा राखे। भने - 'हाम्रो स्कूलमा आऊ। परीक्षामा हाम्रो स्कूलको इज्जत राख्नुपर्छ। तिमीलाई छात्रवृत्ति अहिले र भविष्यमा समेत बन्दोबस्त गरिदिनेछौं। हाम्रो पार्टीको सरकार छ। जागिर खाने भयौ भने बडाहाकिम पनि बनाइदिन

सक्छौं। आऊ ! यो कुरा मेरो लागि अपमान जनक लाग्यो।' मास्टर साहेव आज्ञा चाहियो। म यिनीहरूमाथि मुद्दा दायर गर्छु। आजको युगमा आएर पनि यिनीहरू मेरो इच्छा र उन्नतिमा बाधक बन्छन्। मलाई फकाएर मेरो स्कूलको अपमान गर्दैछन्। यस्तो कुरा सह्यो भने, अझै यिनीहरूको मनोबल बढ्छ। हाम्रो विद्यालयलाई कुनै बेला पनि ढाल्ने छन्। हामीले सहन हुन्न। यिनीहरूको पार्टीमा जान्नौं जान्नौं।' हेर बाबु ! जोशमा आएर मात्र हुन्न। होस राख्नुपर्छ। बैगुनीलाई गुनले मार्नुपर्छ। जुन काममा तिनीहरू हामीलाई घृणा गर्छन्, त्यही काममा हामी सफल भएपछि, तिनको नाक त्यसै काटिन्छ। सही सही प्रगति हामी गर्छौं। भिक्षा मागेर, झोली थापेर पनि फिक्री छैन। तिनका कुरा एक कानले सुन्यो, अर्को कानबाट उडाऊ। छाडिदेऊ तिनका कुरा ! आफ्नो उद्देश्यमा मात्र लाग। हिंजो गोलीलागेर घाइते भएका तपस्वी मूर्छित अवस्थामा छन्। के हुन्छ !' आज्ञाकारी छात्र शान्त भए।

दिन जति छिप्पिंदै गयो, त्यति तपस्वी होशमा आउँदै गए। रातिको पालो पर्ने नर्सलाई बढी आनन्द आयो। उनले सम्झन थालिन् - 'मेरो ड्यूटीमा अझै त कोही मरेका छैनन्। त्यस्तो त शत्रुलाई पनि नपरोस्............। एकछिन घोरिएर 'मरेको भए डाक्टरले चेतिहाल्थे कि दिन नमरेकोले 'मर्छ' भन्ने नलागेकोले तुरुन्त आइन नि, तिमीहरू आत्तिन्छौ, त्यसै भन्थे। जसरी पनि डाक्टर नै जान्ने हुन्छन्। उनकै कुरा माथि पर्छन्। हाम्रो के लाग्छ र ! मरीमरी अर्काको दुःखमा भाग लिने मान्छे ! नजान्ने र बेवकूफ हुन्छ। .................. जे होस् योगी बाँच्यो। यही नै मेरो लागि खुसीको कुरा भयो।'

गड्याप, गड्याप आवाज आयो। सबै जना त्यता फर्के। टिपिक्क परेको सुरुवाल माथि चारवटा फेरा तिखार्रिएको सेतो टुप्पा कठाला नभएको कुर्था लगाएको हाँसका झैं लामो ख्वैलेको घाँटी भित्रपसेका आँखा, बसेका चण्डी, लामो नाक, कल्सौंदो मानिस अगाडि रुद्रघण्टी देखाउँदै, चुच्चा अगाडिबाट आकाश ताकेका चट्टी प्याटप्याट बजाउँदै आयो। योगीको नजिक गयो। गोजाबाट कागज झिकेर दिदै भन्यो - 'यो बुझेर सही गरिदिनुस् !'

उनले जवाफ दिएनन्। कुर्थावालको आगमनले सबैको ध्यान खिच्यो। सबैले उसको रुद्रघण्टीमा हेरे। उसलाई हेरे। दङ्गिएर हेरे। एकछिनपछि डक्टर आए। उनलाई दिंदै भन्यो - 'सर ! यो लिएर भर्पाइ दिनुस्।' उनले पूर्जी हातमा लिए। पढे। योगीलाई सुनाए - 'काठमाडौंमा आन्दोलन मच्चाएर जेलबाट भागेको र पाल्पा रिडीका जनता भड्काई सरकारको काममा बाधा

पार्ने तपस्वीरूपधारी शिखरलाई विशेष अदालतको निर्णय अनुसार सजाय हुने हुँदा गोली गठ्ठाको कडा पहरा साथ हवाईजहाजको बाटो काठमाडौं चलान गरिदिनू। यसका पुरुष रूपधारी सहयोगिनीलाई पनि विशेष मुद्दा किनारा नगरेसम्म पाल्पा जेलमा राख्नू भनी सूचित गर्दछु।

हाकिम

गौंडा

..................................

'तपस्वी शिखरलाई काठमाडौं चलान गरिदिनू।' सुन्ने बित्तीकै चारजना योगिनीहरुलाई अचम्म लाग्यो 'को शिखर भने ! उठे। उनको घाउमा मल्हमपट्टी भैसकेको थियो। केही आराम थियो। नर्ससँग मौका मागे। चारजना केही बेर तपस्वी शिखरको सामुन्ने गई बसे।

उत्तानो परी आँखा चिम्लेर, पाध्रेका घाइतेको मुखमा हेर्दै रहे। सबैको आँखाले उनको नाक, आँखा, निधार, शिखरको हो कि जस्तो लाग्यो। तर, ठम्याउन सकेनन्। उनीहरुले कल्कलाउँदो रेखीमात्र बसेको युवक ठिटो देखेका थिए। अहिले शिखर कुन रुपका थिए थाहा थिएन। सबैले, टक लगाएर हेरे। सबैको मनमा एक नवीन उत्सुकता पैदा भई आयो। के गरी अडिऊँ भने जस्तो भयो, शङ्का भन्दा विश्वास बढ्ता भयो। त्यसैले उनीहरु हँर्सिलिए। आफूलाई बिर्से। हृदय, दिमाग, चेतना, फुर्फुर गऱ्यो। चारैजना लस्कर लागे। उनको नजिकै उभिए। चाँडै जागून् भन्ने सोंची पर्खिन थाले। पर्खिंदापर्खिंदा थाकेजस्तो देखेर आफ्नो विवेक लगाएकी नर्सले भनिन – 'के हेरिरहेको ? उठाउन, यदि तिमीहरुको परिचित हो भने !'

'हजुरले उठाइदिनु पऱ्यो' लक्ष्मीले अनुरोध गरिन्।

'ओ, बाबाजी हलो ! बाबाजी खूब निदाउनु भएको छ हो कि , अब चलान हुने बेला भइसक्यो। उठ्नुस्। कुराकानी गर्नुस्। सुत्नु हुँदैन जुनबेला पनि।' उनले घच्घच्याएर जगाइन्।

'यिनीहरुको हुन् चिनिन्छ कि नाइ ?' उनीहरुलाई देखाउँदै उनले भनिन्। आँखा मिच्दै पुछ्दै उनले चारै जनालाई हेरे। सबैका मुख निन्याउरा छन्। ओंठ कलेंटी परेका छन्। कपाल जिङ्ग्रिङ्ग छ। मुख कालो पोतोले ढाकेको छ। शरीर पीत बस्त्रधारी छ। सिन्का जस्तो छ। खिल्टेको र थकित केटाकेटी जस्ता रुखासुखा देखिन्छन्। एकटक लगाएर हेरे। हेरे। ठम्याउन

मुस्किल भयो। मन्टो हल्लाई चिन्हिनँ भने।

पछिबाट लक्ष्मी अगाडि आइन्। केही भन्न खोजिन् तर वाक्य फुटेन। उनलाई सकस भैरहेको अवस्थामा आत्तिएकी देखेर उनले गहिरिएर हेरे। तर, आँखामा बादल लाग्यो। तैपनि बालदभित्रबाट देखे लक्ष्मीका आँखाबाट आँशु आए। वाक्य फुटेन। गङ्गा, बिना र इन्दिराको पनि त्यही हालत भयो। हर्ष र आँसु भरिएको क्षण आफै रहस्यमय भयो। हेराहेर, देखादेख गरेर आँसु बगाएर भेटको न्यानो अनुभव गरे सबैले। अब तुरुन्तै काठमाडौं चलान हुने शिखरले आन्तरिक मायाँलाई के दिन सक्थे र हार्दिकता प्रकट गर्नु बाहेक। सोधे – 'लक्ष्मी ! मेरा बहिनीहरु ! तिमीहरु यहाँ कसरी आउन सक्यौ, सन्चै छौ ? के मेरी आमालाई आराम छ ? के मेरी आमा तिमीहरु भैंं दुःख पाएर घुमफिर त गर्नुहुन्न ? म दाज्यू भएर पनि तिमीहरुको दशा !' उनका आँखाबाट बलेन्द्रधारा बगे। उनको मुटुमा गाँठो पऱ्यो। मुख छोपेर मन्टो झुकाए। अनुहार लुकाए। उनको त्यो हालत देखी हर्ष र आँशुको संयोगमा मन थामेर गङ्गाले भनिन् – 'आमालाई आराम छ। हामीले दुःख पाएका छैनौं। केवल तपाईंको तलासमा हिंड्दा यो दुःख देखिएको हो। दाज्यू। अरु आज्ञा हओस्।' उनले उनको शिर उठाएर नमस्कार गरिन्। क्रमैसँग अरुले पनि त्यसै गरे।

'बहिनी ! संगिनी लक्ष्मी : म तिमीहरुकैलागि, देशका सबै महिला पुरुषका लागि यो तपस्या गर्दै आएको छु। कुनैदिन त्यस्तो समय आउने छ, जुन दिनमा तिमी सबै मेरा र मेरा साथीहरुका साथमा हुनेछौं। सम्पूर्ण नेपालीहरु एउटै खुराकले पालिने छन्। त्यो खुराक यति शुद्ध छ , यति स्वच्छ छ, यति आफ्नो छ, यति बलियो छ सही देशभक्त युवती/युवकको रगत, दिल र दिमाग जस्तै बलियो छ। कसैले खोट लाउन सक्ने छैन। त्यस्तो खुराक हो – राष्ट्रवादी नेपालवाद ! राष्ट्रवादी सरकारले समस्त नेपाली समस्याहरुको समाधान राष्ट्रवादी ढङ्गले गर्नेछ। सममानता, न्याय र शान्ति नेपालको स्वच्छ माटोमा फुल्ला। मानिसहरु दूबा झैं भएर मौलाउलान्। बाँसझैं गुण ज्ञानले घमण्डरहित भै नुग्लान्। ज्ञान फुलाएर फल पकाउनन्। अनि स्त्री पुरुष छुतअछुत तागाधारी गैरतागाधारी सब एक हनन्। मधेश, पहाड, लेकबेसी र पखापखेरामा बस्ने सबै रङ्ग र ढङ्गका नेपाली एउटै नेपाली नेपाल बन्लान्। यो देशको राष्ट्रिय झण्डा र गौरव संसारमा बडो शानले फिंजाउनन्। आफ्नो देशको विकास आफ्नै बुद्धि, विवेक र विद्याले गर्लान्। अनि देशमा स्थायी, सुख-शान्ति आउँला। संगिनी बहिनीहरु हो,

हिम्मत नहार। आमालाई मेरो आरामीको खबर पुऱ्याएर शान्ति देओ ! अनि भनिदेओ – 'आमाले मलाई देशको सेवा गर्नका लागि जन्माउनु भएको हो।' भन्दैमा उनको मुख ओबाइसकेछ। उनमा जोश आइसकेछ। शरीरको पीडा बिर्सिसकेछन्।

गड्याक, गड्याक आवाजका सँगै बन्दुकधारी प्रहरीहरू आए। उनको अगाडि गए। भने – 'चल !' 'म कहाँ जाने ? आजै हो र ?' उनले सोधे।

'आजैका कुरा पो छन् ? अहिल्यै !' प्रहरीले भने।

'मन नलाईनलाई उनी उठे। लुगा बनाउन थाले। उनका लुगाले पनि समय लिन चाहेझैं लाग्यो। पटुका अल्झिरह्यो। धोती अल्झिरह्यो। नर्सले हेरिरहे। प्रहरीले 'छिटो गर् !' भन्यो। हातमा समातेर उठायो। हत्कडी लगाएर डोराउँदै बाहिर निकाल्यो। छात्र  ण्ज्ञछण्छात्राले यो सब देखिरहे, देख्दै रहे।

# तेत्तिस

बिहान छ। सूर्योदय छ। सुस्त सुस्त सुनौला किरण झरिरहेछन् तथापि अघिपछि जस्तो हरियाली देखिंदैन। हुर्हुराउँदो देखिन्छ जताततै। हुँ इयँः हुँ इयँः हवा चल्छ, धूलो उड्छ। भुमरी मार्छ। पात पतिङ्गर, कसिङ्गर आकाशतिर निस्किरहेको छ। उकालो लाग्नेहरू कपाल-लुगा फर्फराउँदै छन्। कता कता सुनियो - 'यस्टो हुर्हुराउँदो वन डेख्डा ता प्यूठानमा ता मान्छे मोडी हाल्ठ्यो।' त्यस्तै अर्को गीत सुनियो -

'लैलो भान्जी, लैलोः बडै , जोदौ भान्जी, मायाँ घडै।'

'लैलो भान्जी, लैलो बडै।'

गीतको आवाजमा स्वच्छता छ। प्यूठानको जनजीवनको तस्वीर छ। पसिनाका नाला नाकबाट बहाई पसिनैले नुहाएर बाह्र महिना बुटोल-पाल्पा भारी बोकी, प्राण राखी, अकालमा अकेले परी पर्ने प्यूठानी मगरको विरही जीवनलाई बिर्साउने शक्ति छ, भने ढिकमा बसेका शिखरलाई किन असर नपारोस् र ? उनी सुन्दै गए -

भैलो मामाः भैलोः बडै

दुःखीलाई मायाँः रूखै

भैलो मामाः भैलो बडै

उनको हृदय खिच्यो स्वच्छ गीतले फरक्क फर्के भारी बोकी निस्केका ताँतीले हेरे अलि पछाडिबाट सुने 'डाइ कालो, म पनि कालो, कले पटाउँचय् मायालुलाई।'

भारी बोक्दाबोक्दा हैरान ! जिन्दगी नै निराशतालाई बिर्साउने भरियाको हृदयबाट झल्कीआएको मायालु गीतले उनलाई अझै खिच्यो। सुन्दै गए -

'डाउरा झाउँला ढोइरेनीमा,

टरुनी फकाउँला मायाँलु।

'हाः हाः' हाँसो भयो। उनलाई केही शान्ति मिल्यो। टुण्डीखेल ढिकमा आए। धेरै ढाक्रेहरुले भारी बिसाए। सबैले टोपी झिके। झम्कै भाङ्

ग्राले मुख पुछे। एउटाले गायो –

'तिमी गाऊ झाम्रे गीत : म नाँच्छु फन्फनी मायाँलु !'

एउटा खुट्टा उचालेर 'सब्बाई' 'सब्बाई' गर्दै नाच्यो। अनि खानाको खाल बस्यो। उनको ध्यान उराठिलो दृश्यप्रति नै गइरह्यो। कतिवर्षमा भेट भएका तपस्वी रूपधारी लक्ष्मी बहिनीहरु साथमा छन्। कुन बेलाको कहाँ हुने र कहाँ कसले के भोग्नुपर्ने, कसैलाई थाहा छैन। उनले भने, 'म दृढ छु कि, यो जिन्दगी मेरा लागि होइन। मातृभूमि नेपाल, नेपालका जनताका लागि , नेपालीपनको लागि हो। म दृढ छु कि तिमी जस्ता सुखीलाई छोडेर म आफैको बलिदान दिन जाँदैछु। म जान्दछु लक्ष्मी ! तिमी ममा आफ्नो जीवन अर्पेकी छ्यौ। म जान्दछु मेरा यी अबला बालिका बहिनीहरु दुःखित छन्। सबभन्दा बढी ता मेरी आमा ! त्यो गुफामा मेरो लागि तपस्या गर्दै हुनुहुन्छ। तर, दृढ छु यो अत्याचार, शोषक, फटाहा सरकारलाई मेरो बलिदान दिनुपर्छ। मैले बुझेको छु लक्ष्मी ! यो भ्रष्ट, दलाली सरकारले सबै देशवासीलाई बलि बनाउँदै छ – त्यो हुन नदिन म बलि बनेर देशको स्वाभिमान र देशवासीलाई बलिहुन दिन्न। यसको लागि यो सरकारको विरोधमा आन्दोलन गर्नुछ। जहाँ मेरो सिद्धान्त र साथी पुगेका छन्। त्यहाँ तुरुन्त शान्तिपूर्ण आन्दोलन चल्दछ। देशका सारा जनता आज जाग्दैछन्। सजग छन्। ठूलो छाती बनाएर आँखाबाट आँसुका ढिका नखसाल ! मलाई मायाँ नगर ! मलाई साहस देओ !'

लक्ष्मीले घोप्टो परेर भूइँबाट सानो ढुङ्गा टिपेर भुइँ खोस्रिरहिन्। समस्त वेदना सहन भुलिरहेकी छन्। सायद सबै दुःखलाई त्यसै ढुङ्गाले खनेको खाल्टोमा गाडिरहेकी छन्। आलो माटोको थुप्रो घिउकिम्लीले घर बनाउनका लागि निकाली थुप्राएझैं थुप्रिसक्यो। तर, उनलाई थाहा छैन उनी बोल्छिन् विरहमा बसेकी छन् विरहमा, ढुङ्गाले उठाएको माटो शिर रसाएका झर्नाले भिजिसक्यो। हिलो भै सक्यो। तिनीहरु हिलो मुछी घर बनाउँदै छन् – प्रेमको घर, जसमा उनलाई राख्न सकून्। बहिनीहरूको पनि त्यही हाल थियो उराठिलो हुर्दुराउँदो ! ट्वाङ् ट्वाङ् दश हान्यो – 'लौ ए बाबाजी ! तयार होऊ, अब कुरा गर्न मनाही छ। बुझ्यौ ? प्रहरीको कुराले उनको छाती एकाएक बलियो भएर आयो। यस्ता वाक्यले उनलाई साहसिलो र पोसिलो औषधिको काम गर्थ्यो। उनी साहसका क्षेत्रमा पुगिहाल्थे।

'लक्ष्मी ! बहिनीहरु हो ! बस। म त्यस्तो मानिस हुँ, जसको जिन्दगी

देश र देशबासीको लागि बलिदान हुनुपर्छ। मलाई जान देऊ। खुसी भै बिदा गर। एकदिन यस्तो समय आउनेछ जसमा राष्ट्रवादको लागि स्वतन्त्र स्वाभिमानको लागि म बत्ती लिएर आउँला ! त्यो दिन पर्खेर बस्नू। अनि काँधमा काँध मिलाई हाम्रो स्वाभिमानको ज्योतिलाई संसारमा फिजाउँला मुस्कुराऊ मलाई जान देऊ। हाँस मुस्कुराऊ तिमीहरु हाँस !' तपाईँ छुट्टिएर जाँदा हामी कसरी हाँसौ ? बरु सम्भव हुन्छ भने साथैमा जान्छौं। लक्ष्मीको वाक्यमा आन्तरिक प्रेमको गाँठो परेको थियो। हार्दिकताले उच्छार नदिएको गाँठोबाट उनलाई फुत्किन मुस्किल परिरहेको थियो। तर, उनी व्यक्तिगत प्रेममा सीमित रहने व्यक्ति थिएनन् - सामन्त नेपालीमा प्रेम राखेर तपस्या गरेको व्यक्ति थिए। उनले भने 'म कहीं जान्न। आफूलाई जन्मदिने पालन पोषण गरी हुर्काउने यही मातृभूमि नेपाल भूमिमा नै देशमै रहन्छु। म कहिल्यै मर्ने छैन। यो हुल्याहा छुल्याहा जाली र झेली सरकारले मलाई मार्न खोज्छ, मेरा साथीहरुलाई मार्न खोज्छ मेरो राँको निभाउन खोज्छ। त्यसको विपरीत मलाई अजम्बरी बनाउँदैछ। म जस्ता लाखौं लाख शिखर बनाउँदैछ। जन्माउँदैछ। मेरा ती लाखौं लाख शिखरहरुलाई अझै बलिया बनाइदिन्छ। राँकोलाई मट्टितेल थपेर चिराग बनाइदिन्छ। फेरि, अर्कोतिर सम्झ त तिमीहरु एक कैदीको साथमा कसरी जान्छौ ? नजाऊ। बस ! बरु थिंचिएका पिसिएका र कुल्चिएका नारीलाई उठाउने प्रयत्न गर। आमा, छोरी र देवी हुनसक्ने नारी जाति पुरुषको आधा नाजुक र कमजोर, भएर शोषित भएर रहेको छ । अज्ञानतावश सहेर बसेको छ। त्यस्तो नारीजगत् लाई उठाओ ! चेतना जगाओ ! राष्ट्रसेवा र मनुष्य चोलामा हिस्सा लिन सक्ने बनाओ ! तिमीहरुको त्यस्तो सहभागिताबाट म आफ्नो स्वदेशी शङ्खध्वनी फुक्न चाहन्छु। मलाई जान देओ। तिमीहरु बस काम गर। तिम्रो कामको प्रभावले होला एक दिन समस्त नारीको स्वागत होला । उनीहरुको लागि स्वतन्त्र निर्णय लिने हक इज्जत होला। जिन्दगीको जिम्मेवार आफैं हुनसक्ने मौका मिल्ला अनि म तिमीहरुसितै हुँला ! जीवित हुँला।' लक्ष्मीले गोजा टक्टकाएर उनलाई केही दिन खोजिन्।

'लक्ष्मी मलाई केही चाहिंदैन। म देशमा खान्छु, म लाउँछु देशमा म देशको हुँ। देशको पैसा सरकारसँग छ। थुनेपछि उसैले खुवाउँछ। यसो हुँदा तिमीहरुको पैसा जेलमा पनि खाएकै छु। मलाई पैसा राख्ने बानी पनि छैन। हराउँछ। फेरि पैसा भयो भने मेरो स्वभाव बिग्रेला ! मेरो बाटोमा बाधा पर्ला। राख तिमीहरुलाई नै काम लाग्ला ! मैले तिमीहरुलाई सहयोग पुऱ्याउनु

पर्छ। हार्नु हुँदैन।'

मनुष्यको शरीरबाट छायाँ छुट्टिन जति गाह्रो पर्छ त्यत्ति गाह्रो परेको छ लक्ष्मीलाई ! माथि हेर्‍यो गाई, तल हेर्‍यो गङ्गा भइरहेको छ। वियोग हुने बेलाको वेदनाले बेहाल गराएको छ, शिखरलाई रिडीको गोलीभन्दा गहिरोसँग बिझेको छ। त्यो बिदाको क्षण। यस्तैमा ग्रह बिग्रे ज्योतिष सोध्ने, धर्म बिग्रे बाहुन सोध्ने, समाज बिग्रे सरकार सोध्ने त भन्छन् तर, सरकार बिग्रे कसलाई सोध्नू ? मान्नै त पर्‍यो नढलेसमम ! हतियार सहितका प्रहरी आए। हातमा लामालामा झोलासोलाबोकेर अधिकृतले 'ए चोर ! उठ भन्यो। निस्के।' 'ए ! चोर त नभन्न। यदि, म चोर हुँ भने त्यसै किसिमको सजाय देऊ काठमाडौं चलान किन र ?' उनले भने।

'कुरा काटेर जान्ने हुनु परेन। जान्ने भएर जनता भड्काउन खोजेको फल त भोगिस् नि अझै इच्छा छ अरू भोग्ने ?'

'इच्छा मैले गरेर हुने हैन ! हृदयमा औडाहा भएर आफैं निस्केर आउने हो, आउँछ !'

अधिकृतको आज्ञाले पुलिसले हतकडी लगायो। हतकडीबाटै साङ्लोका डोरी बनायो। डोरायो अघिअघि अधिकृत, पछिपछि डोराउने प्रहरी अनि डोराइने शिखर, त्यसपछि, हतियार सहितका पाँचजना अघि र पछि पाँच जना भई दशजना प्रहरी हिंडे ग्र्याप् ग्र्याप् आवाज निस्क्यो। उराठिलो बन ! झन् उराठिलो भयो। पतिङ्गर धुलो उड्न थाल्यो। अधिकृत प्रहरी जवान गजक्क फुले। हनुमान्लाई पत्री सीताको अगाडि लग्दा जुन गौरव लव-कुशलाई भएथ्यो, त्यस्तै अुनभव उनीहरुलाई भयो । ठट्टा मजाक गर्दै अगाडि बढे।

शिखरलाई बाँधिएकोमा त्यत्ति दुःख लागेन जति आफूलाई डोराएकोमा लाग्यो। केटाकेटीमा झैं खेलचारी गरेको हो कि, साँच्चै ! सोंचे - 'डराउँदै हिंडाएकोमा मनमनले विचार गरे। हाय ! यी विचरा विवेकहीन प्रहरी ! कति मूर्ख छन् असामाजिक सरकारलाई आफ्नो जिन्दगी चढाएर भेंडा भएर मलाई भेंडो बनाएर डाराउँदैछन्। प्रहरीप्रति टिठाए। डोराइएर पछिपछि हिंडे।

अश्रुधारा बगाई वियोगी वेदनाका विरह गाउने सखी - बहिनीको अवस्थाले उनलाई पछाडि चियाउन करै लाग्यो। चारजना बहिनी खडा

छन्, आफूतिर हेरिरहेका छन्  उनीहरूलाई लाग्यो - 'उडौं कि भुरौं। अनि त्यो डोराइँदै जान लागेकोलाई बलैले भएपनि रोकों !' तर, तिनीहरू प्रहरीकानूनको अगाडि के गर्न सक्थे र ? उनीहरूले चिरिएको छाती वियोग वेदनाले फुट्न लागेको मटुलाई अड्याएर मौन भाषामा 'ईशवर रक्षा गर ! हे भगवान्, आमाको तपस्याले शिखर दाज्यूको ज्यूमा घुनपुत्लो नलागोस् ! प्रार्थना गरेको प्रतीत भयो। सबैले उनीतिर हेरी हात जोरेर खडा रहे। हेर्दै गए। जति जति टाढा उनी लगिंदै थिए त्यति उनीहरूको हृदयको गति बढ्दै गयो। मुख सुक्दै गयो। शरीर तातो पानीमा डुबेझै भयो। बोल्ने चल्ने होस् हवास गुम भयो। उनीहरूको शारीरिक, मानसिक तागत उनै थिए, चुडिएपछि उनीहरूको शरीर हवाको भरमा रह्यो। जाँदा जाँदै चन्द्रमा डुबेझैं उनी परपर हुँदै गए। लक्ष्मीले आफ्नो शरीरबाट अग्निको ज्वाला निस्केजस्तो मानिन्। असह्य गर्मी भयो।

'उस्सः !' गरिन्। आफूतिर फर्केका शिखरले हात हल्लाए, फुर्लुक्क नेटो काटे। लक्ष्मी जमीनमा पछार्रिइन्। थरर्र उनको शरीरको भाग एक-एक गरी काँप्न थाल्यो। गङ्गा, बिना र इन्दिरा वरिपरि बसे। रोए। पालेपहरा त्यता लागे। कारागारको वातावरण मन्द र टिठ लाग्दो हुँदै गयो।

# चौतिस

वनमा उठ्ने, वनैमा खेल्ने, स्वच्छ वातावरणमा हुर्केकी चरी पिञ्जडामा पर्दा जुन गति हुन्छ, त्यही गति छ गङ्गा र लक्ष्मीको। उनीहरूलाई निराश हुनुपर्‍यो, दुर्भाग्यले छोप्यो। अनेक आपद् र विपद् परे। सहे पनि। अभागीलाई जति आपद्‌विपद् सह्‌यो, त्यति नयाँ नयाँ आपद्‌विपद् आइलाग्छ भनेझैं उनीहरूमा नयाँ आपद्‌विपद् थपिंदै गए। उनीहरू सहँदै गए। नपरूञ्जेल मानिसलाई डरको डर हुन्छ तर, परेपछि डरसर हराउँछ। 'बिग्रेका मान्छेको भत्केको घर भत्केपछि केको डर !' भन्ने उखान सही हुन जान्छ। यिनै कुरा बुझ्दै उनीहरू बढिरहेका छन् - उद्देश्य प्राप्तिका लागि शिखरकै सिद्धान्तमा लागेर । उनीहरूलाई लाग्छ अन्याय, अत्याचार, अनाचारले गरीब र निर्धा मानिसको जिन्दगी बेकार भइरहेको छ। फरेव थापेर नेपालीलाई मारिन्छ। जाल थापेर नेपालीलाई अङ्कुशीमा पारिन्छ ! नाममा बहुलवादी सरकार ! आफ्नो दलका मान्छेको सरकार ! दलका मान्छेको भलो गर्ने सरकार ! नेपालको नोक्सान र नेपालीको नोक्सान हुँदा यस सरकारलाई सार पर्छ यसको धीत पर्छ किनकि, यो सरकार आफ्नो बुद्धि र आफ्नो खुट्टामा छैन। जागृत जनसमर्थन र राष्ट्रिय बुद्धिरुपी तरबारले विदेशीको अर्डर इशारामा उभिएको नक्कली सरकार यसको खुट्टा भाँच्नुपर्छ। यस्तै यस्तै सोंच्दै बसेका छन् लक्ष्मी र गङ्गा। आमालाई शिखरको खबर पुर्‍याउन गएका बहिनीहरू आएनन्। आमाको खबर ल्याएनन्। माघ मासको जाडोमा पनि उनीहरूलाई प्यास लागिरहेछ। पानी खाँदा खाँदा हैरान छन्। भोको बँधुवा गाईले गोठालालाई घाँस लिएर कहिले आउला भनी कान थापेर हेरे झैं दुबैले उनीहरूको आगमनलाई हेर्दै टुसुक्क बसेका छन्। सोचाइमा एकाग्र छन् आफैमा। नजिकै खडा रहेको जवान पालेले उनीहरूलाई देख्छ - 'छातीको धोती एकातिर परेको, खुलेको देखेर उसको शरीरमा बिजुलीको शक्ति सञ्चार हुन्छ। सुस्त कोखे परी हेरिरहन्छ। उसको मुख रसाउँछ। सुक्छ आफैंमा छटपटिन्छ।

सिरिर्रर : सिरेटो आयो। गङ्गा लक्ष्मीले आफ्नो लुगा सम्हाले। आकाशमा बादल गुम्म पर्‍यो। दिन भए तापनि रातझै भयो। गुडङ्ग गर्जियो। एउटा चरासम्मले गाएन। एउटा मान्छेसम्म बाटोमा हिंडेन। जेलमा धेरै कैदी भए पनि उनीहरू अकेलै थिए। यस्तै गरी समय जाँदै थियो।

'ए मूला ! हेर, अस्ति यहाँबाट छुटेर जाने केटीहरूलाई, कस-कसले फेला पारेछन् रे हिन्दुस्तानतिर लगी बेचेर फर्किंदा भैरहवा प्रहरीले पत्राउ गरेछ रे ! प्रतिबन्धित सामान ल्याएकोमा साबित हुँदै सामान किन्ने पैसा केटी बेचेर जुटाएको हो भनेर साबित भएछन् रे ! र भैरहवा जेलमै थुनेको छ रे ! एउटीलाई तीनहजार भारूमा बेचेछन् रे ! कस्तो हेर ! मान्छेले पैसा कमाउन मान्छे बेचेर पनि कमाउधन्धा गर्छन्। ती केटी आफै राखेर मजा पो लुट्नुपर्थ्यो। 'प्रहरीको कुराले उनीहरूको प्रतीक्षा भङ्ग भयो। चिन्ता लाग्यो। शौकमा परे। 'कतैबाट पनि हुन्न, कर्मै रूखो हाम्रो। बिचरा ती बालकहरू !' सुक्क सुक्क गरी गङ्गालाई सान्त्वना दिइन्। हामी अब दुःखको मैदानमा उत्रिसक्यौं। अब नरौं। पत्थरको छाती बनाऔं बरू हाम्रो यहाँ भेद खुलिसक्यो। बेपत्ता हुने उपाय गरौं। भाग्यमा भए बहिनीहरूसँग भेट हुनेछौं। नभए, पीर गर्नु पो किन पऱ्यो र ?'

'के गर्नु भान्जा ! यो लोभको भाँडो नभरिने, खानलाई ता दामा दौलत छ नि, तिम्री माइजूले ता भन्थी बसिराख बूढा, अब कतै नजाऊ। म ता परारसाल काङ्ग्रेसले भ्रैं धेरै पैसा देला, यसको पार्टीमा लागेपछि। चुनावमा आफ्नै अड्कल हुन्छ, जेसुकै होस् ! भनी आइहालें आखिर शिखरले पैसा दिएन। उल्टो चन्दा पो तिरें। यता यो जेल कत्रो बिजेत ? अरूभन्दा तिम्री माइजूले ता मेरा मुखमा थुक्ने भई। म ता जेलैमा मर्न पाए हुन्थ्यो भान्जा ! पल्लो कोठाबाट आएको कुराले गङ्गालक्ष्मीको ध्यान तान्यो। आधाकपाल फुलेको, लामो टुप्पी टोपी बाहिर छोडेको, कानका लोतीमा लामा भुत्ला बाँसभ्रैं नुगेका, बाक्ला दाह्री बढेको, लामा जुँगा मुखभित्र पसेका, तीखो नाकवाला गहुँगोरो मानिसको त्यो गुनासो देखेर 'समाजमा यस्तै मानिसको अस्तित्व भएकोले हाम्रा दाइको नीतिले स्थान पाउन सकेको छैन। पैसाको लागि पार्टीमा लाग्नेहरू विश्वासघाती, अनविश्वासी र धोकेबाज हुन्छन् र धोका दिन्छन्।' गङ्गाले भनिन्।

'हो, यस्तैले गर्दा बलभद्रले कलङ्गा छोड्नु पऱ्यो। गङ्गालाल, दशरथचन्द, शुक्रराज र धर्मभक्तको ज्यान गयो। यिनीहरूको नाश नभैकन देशमा 'न्याय, शान्ति, सुरक्षाले स्थान पाउँदैन। यी रुढिवादीका ठेकेदार कट्टरपन्थी देशघाती, राष्ट्रघातीहरुलाई माटोमा मिलाउनु पर्छ स्वच्छ समाज सिर्जनाका लागि।' लक्ष्मीले उत्तर दिइन्।

दुईजना प्रहरीले बच्चासितका दुईवटी आइमाई ल्याउँदै भने - 'यो

कोठामा यिनीहरू बस्ने भए, तिमीहरू पल्ला कोठामा जान पर्ने भयो। हिंडे।' बच्चासितका आइमाई भित्र पसे। उनीहरू बाहिर निस्के।

प्रहरी अघिअघि गङ्गा लक्ष्मी पछिपछि, पल्लो कोठामा प्रहरीले दुईटीलाई बेग्ला बेग्लै कोठामा बस्न भन्यो। यो देखेर दुबैले एकै स्वरमा भने 'पुलिस दाजु हो ! दया गरी हामीलाई नछुट्याउनुस्। हामी देख्दा दुई शरीरधारी भए तापनि हाम्रो प्राण एउटै हो। छुट्टिन गएको खण्डमा हाम्रो अन्त्य हुन्छ। हामी बाँच्दैनौ।"

'वल्ला-पल्ला कोठामा सबै आइमाईहरू छन्। तिहुँरलाई के को डर ? एकै ठाउँमा राख्न नहुने अर्डर छ। हल्ला नगरीकन खुरुक्क भित्र गई बस। हैन भने, के खोजेका छौ ?'

वारिपारि ऱ्याउँऱ्याँउ कीरा कराउँछन्। बिरबिर पानी पर्दैछ। झलमल झलमल भैसक्यो। मानिसको आवतजावत हरायो। कैदीहरू खानातिर व्यस्त छन्। गङ्गालक्ष्मीलाई त्यो समय छैन। उनीहरू जिन्दगीको बलिदान दिंदै वेदी भित्र प्रस्थान गर्दैछन्। उनीहरूको हृदय फुटेर उर्ल्यो। दुबैको शरीरले खल्लर छोड्यो। ढोका ढोकामा उभिए। रिसमा आएर प्रहरीले भन्यो - 'जल्दी गर ! शब्दसँगै गलहत्ते लगाएर उनीहरूलाई बेग्ला बेग्लै कोठामा हुले। आफू पनि हुलिए। भित्रबाट ड्याम्म ड्याम्म ढोका लगाए।

'बा ! आमा ! दाइ !' चियार्रिएको, कहराएको आवाज आउँदै ग गयो। ती कोठाहरूबाट। अरू कोठाहरूका कैदीनीहरू खुसुसु गर्दै गए, 'के गर्नु विचरीहरू ! पापीको फन्दामा परेपछि मार्न के बेर ! सोट्टेका छाडा राँगा जस्ता छन् पुलिसहरू केटी त आउनै हुन्न। पालो-पालो गरेर खतम गर्छन्। कति मरिसके। तिम्लाई थाहा छैन र ? अस्ति त्यो गुरुङ्गसेनीले भनिन् नि।'

'हो।' उत्तर दिई ।

आधाआधा घडी जतिको फरकमा दैलो घोऱ्याक्क उधारिन्छ अनि तीन चार पलामै सुस्तः लाग्छ। यो क्रम जारी छ। आधा रातभन्दा बढी बित्यो। चमेराहरू आकाशमा भट्-भट् गर्दै उड्दै गरिरहे। कताकता, पारि भ्याक् भ्याक् कुकुर भुक्यो। सुनसान अँध्यारो छ। बिसाई-बिसाई टाढा एउटा चरी कराउँछ 'हुकुकु, हुकुकु !' कता कता तल फाँटतिर स्याल रुन्छ, यसै बेला, चौथो कोठाको दैलो उघ्रिन्छ। केही घिसारेको जस्तो आवाज निस्कन्छ। अनि खोलामा त हो नि, के थाहा हुन्छ ? अझ यिनीहरू सरकार

विरोधी ............।' खसाखुसुक अरू हुनछ। तर, कुरा बुझिन्न। एकछिन पछि 'च्याँः आँः गरी केटाकेटी रोए।' कहिले ऊ कोठा, कहिले ऊ कोठा, निद्रामा त जारले पनि त सुख पाउँछ नि !' भन्दै गुन्गुनाउँदै पहिला दोस्रा कोठातिर लागेको आवाज आउँछ।

बालखका आमाहरू साबिक कोठामा आए। आपसमा खसाखुसु गरे टाँस्सिएर। एउटै स्वरमा भने - 'निको चाल छैन, भोलि के के देख्नु पर्ने हो।'

सबैमा डर बढ्यो। एकले अर्कोलाई समाए। अन्धकार अँध्यारै निस्तब्ध अन्धकार !

# पैतिस

हाकिम भवन पछाडि रातो झण्डा फरफर गरिरहेछ। मुनि महिलाहरूको एउटा ठूलो समूह देखिन्छ। सबैका हातमा एकएक सानासाना कागज, जसमा ठूलो ठूलो अक्षरले लेखिएको छ - 'दिदी बहिनीहरू हो ! आफ्नो हक लेऊँ। लोग्ने मान्छेको मात्र यो समाज होइन। हाम्रो पनि समाज हो। लोग्ने-स्वास्नी बराबर हो। हामीमा पनि आत्मा छ। साहस छ। मानवत्व मात्र होइन, मातृत्व पनि छ। हामी बेपार गरिने माल होइनौं। खेलाइने खिलौना होइनौं। पुतली होइनौं। थुन्ने पाल्तु भेंडा/बाख्रा होइनौं। देशको समस्त क्षेत्रमा हाम्रो हकको कदर हुनुपर्छ। देशको व्यापक क्षेत्रमा हाम्रो स्थान हुनुपर्छ। हामी उठ्नु पर्छ। हामीलाई पनि मानवीय ज्योति चाहिन्छ। होइन भने नेपाल युद्ध मैदान बन्छ। आऊ दिदबिहिनीहरू हो ! सत्य, न्याय र सामाजिक शान्ति सुरक्षा स्थापनाको लागि भाग लेऊ ! देशमा जनता समाजमा परिवर्तन र प्रगति चाहनेलाई साथ देऊ ! हामीलाई बिक्री गर्ने, खिलौना बनाउने, स्त्रित्व हरण गर्ने आततायीलाई महाकाली बनी भष्म गरौं, अनि शान्तिको सास फेरौं -

राष्ट्रवादलाई बलियो पारौं

देश र भेष बचाऔं।

नारी समाज जिन्दाबाद !

इन्क्लाब जिन्दाबाद !

हाम्रो राष्ट्रिय झण्डा अमर रहोस् !

आततायी मुर्दाबाद!

राष्ट्रवाद जिन्दाबाद !

टाढा टाढाबाट महिलाहरू दगुर्दै हिंड्दै आइरहेका छन्। सानासाना बच्चाबच्ची हात माथि उचालेर आउँदैछन्। झण्डामुनि बसेका नारीहरूका बीचबीचमा युवतीहरू पर्चा बाँड्दैछन्। आउनेहरूले लिंदै छन्। अशिक्षित नारीहरू पनि पर्चा लिएर बडा जतन गरेर मुठीमा राख्दैछन्। महिलाको ठूलो जमात देखेर बटुवाहरू पनि छक्क पर्दैछन्। आपसमा भन्छन् - 'आज तीज ता होइन ? फेरि गाउने बजाउने केही छैन।' आउनेहरूको धैरो पाटे सर्प

घुमेजस्तो झण्डामुनि बसेको नारी समूह मयूरले प्वाँख फिंजे जस्तो देखिन्छ टाढाबाट।

हाकिम साहब निवासको झ्यालबाट हेर्दैछन्। उनले भरसख आफूलाई नारी समूहले नदेखोस् भन्ने लागेको छ, 'प्रहरीलाई आदेश छ 'सभा, भाषण केही हुन नदिनू, दिए तिमीहरू खारेज हुनेछौ।'

प्रहरी पनि झण्डा वरिपरि तैनाथ छ। उछिट्टिएका मात्र होइन नारी जोशमा फ्याँकेका पर्चा पुलिसका हातमा पनि परेका छन्। तर, नारीमाथि आक्रमण गर्ने ह्याउ भने हुँदैन। उनीहरूमा जिरिङ्ग रिस उठ्छ। फेरि शान्त हुन्छ।

'साप ! यस्तो पर्चा छरेका छन् जतातत्तै। आइमाईआइमाईको थुप्रो छ, के गर्ने साप ?' बुट ठोक्दै सलाम गरेको सिपाहीका कुरा सुनेर हाकिमले पर्चा लिई पढे –

'के हो यो ? कोसँग सङ्घर्ष गर्न खोजेका यी बोक्सीहरूले ? कसैलाई मार्न चाहे ता टुनामुना गरे भै जान्थ्यो नि ! हरे यी फूँडीहरू ! यी गन्हाउने गुन्निउँ ! अब यसरी फत्किन लागेपछि के के हुने हो। राणाशासनमा यी बोक्सी त चुप थिए .............। अब के गर्ने यिनलाई गोली चलाउन पनि भएन ............।' हाकिमले बडो दोधारमा परेर भने।

'हैन साप। राष्ट्रवादी नारी समाज जिन्दावाद।' जस्ता नारा लाउँछन्। यो त शिखरहरूको चर्तिकलाले उत्तेजित गराएको होला।' हस्याँग र फस्याँग गर्दै छडी हातमा, कोखामा पेस्तवल र उर्दीको लुगा लगाएको प्रहरी निरीक्षकले भने।

'ए तिमी साहेबनीलाई सोध त, ठूली मैयाँ छन् कि छैनन् ?'

'हगनको बेला लगन ! यहाँ आइमाईहरूले भाषण शुरु गरिसके। आफू सहत्तिने हैन ..................।' मनमनै विचार गर्दै उनले कोठाको ढोका खटखटाए। भित्रबाट बुढी नोकर्नी आएर भनी, 'ठूली मैयाँ त कागत बाँड्न भनेर सवारी भएको हो ............... ब्याहानै, साप्नी पनि।' वरैबाट सुन्छ।' हाकिम साप्लाई नभन्न भनी भर्खरै गइहालिबक्सनु भयो।'

'यो हाकिमले आफ्नो छोरी स्वास्नीलाई आमसभामा पठाएको रहेछ र पो कोठामा बसेको छ। यस्तै हो भने यसलाई पनि ठिक गर्ने अधिकार छ मलाई। मत प्रहरीको अनुशासनमा रहन्छु रहन्छु .................।'

कल्पना गर्दै हाकिमतिर लागे उनी। फेरि सोंचे टक्क रोकिए 'अहँ कुभावना चिताउन हुन्न। हाकिमको हातमै छोरी स्वास्नी रहेको भए सोध्न पठाउनै नपर्ने ! हाकिम निर्दोष छन्। पुग्यो।'

'आमा छोरी नै भाग लिन पुग्नु भएछ। अब के गर्ने हो। जनता भड्किसके भने, सरकारको नूनपानी खाएको हामीलाई प्रदोष लाग्छ। नभएको अधिकार प्रयोग गरी सभा गर्ने आइमाईहरूलाई के गर्नुपर्छ तुरुन्त गरौं।' उनले आदेश चाहे।

'जाऊ तिमी ! सबै प्रहरी लगी जाऊ। भर्सक सभा हुन नदेऊ, म काठमाडौं वारलेस गर्छु। तुरुन्त फौज मगाउँछु। के हुन्छ केन्द्रबाट। वहाँ कस्तो छ बुझ्छु। ' आज्ञा लिएर उनी सभास्थलमा गए। भींड वरिपरि घुमे। चेतावनी दिए - 'खबरदार ! कानून विरुद्ध आमसभा गरी जनता भड्काउन खोज्ने सरकारविरुद्ध जाने काम गरेमा प्रहरी कानून प्रयोग हुनेछ।'

महिला समूहले अझ बढी पर्चा छर्‍यो। भोंपाद्वारा आह्वान गर्‍यो। सभास्थल नारी हुलले भर्रियो। झण्डामुनिबाट उठेर बिना समूहलाई सम्बोधन गर्न थालिन्, 'दिदी बहिनीहरु ! आज तपाईंहरुको अगाडि आफ्नो जिन्दगी नारी जातिको लागि अर्पेको कुरा बताउन पाउँदा खुसी लागेको छ। नारी जातिप्रति पुरुषबाट गरिने अनुचित व्यवहारलाई अन्याय र अत्याचार ठानी तिनबाट मुक्त हुने उपाय पट्टि लाग्नुपर्ने बेला आएको छ। सब एक हौं। अब नसुतौं। नथिंचिऔं। नमिचिऔं। सामाजिक कुरीतिले हाम्रो अस्तित्व मेटाएको छ। हाम्रो भलाइ गर्छौं - नारी जातिलाई समान हक र अधिकार एवं सामाजिक प्रतिष्ठा दिन्छु भनेर हाम्रो भोट लिई चुनाव जितेर बनेको सरकार जमिन्दार, काला व्यापारी, तस्कर विदेशी दलाल र शोषकको पक्षमा लागी हामीलाई दबाउन कम्मर कँसेको छ। नेपाली जातिमा फुट र झगडा गराई विदेशीको दलाल नयाँ राणा बनिराखेको छ। यस्तो राष्ट्रिय अनुशासनहीन, अराष्ट्रवादी सरकार र यसको राजनीतिलाई नाम निसान समाप्त पारी हाम्रो देश, हाम्रो जनसमाजमा परिवर्तन गरौं, उन्नति, प्रगति र विकास गरौं। सामाजिकतावादमा आधारित नेपालवाद ल्याऔं। प्रेमपूर्ण समाजको स्थापना गरौं। त्यसको विकासमा जीवन दान दिने श्रीमतीलाई आफू सरह ठान्ने र मान्ने पति बनाऔं। त्यस्तै पुत्री पुत्रको सिर्जना गरौं। हामीले पनि राष्ट्र निर्माणमा भाग लिऔं। राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको अनुभव गरौं। अनि मात्र नारीको विकास हुन्छ, आमाको विकास हुन्छ, देशको समस्त छोरीहरुमाथि

सम्मानित आमा हुनेछन्। सामाजिक, आर्थिक राजनैतिक आदिका क्षेत्रको विकासमा सबैले समान हिस्सा लिन पाउँछौं। यसो भएपछिमात्र अहिलेको जस्तो हामीप्रति गरिने अन्याय, अत्याचार, बालविवाह, बहुविवाह, बेचबिखन, दासी, नोकरनी, कमजोर अबला, आशामुखी जस्ता तुच्छ कार्य र सोंचाइ हट्ने छन्। यो इतिहासमा थपिन आएको कालो दाग बीचमा अलप हुनेछ। वैदिक समाजमा जसरी नारी समाजको कदर हुन्थ्यो, त्यसैगरी महिलाले सामाजिक सम्मान र देशको विकासमा हिस्सा लिन पाएमा नारी जाति यति बलियो हुनेछ कि हाम्रो समाजको पुनर्जागरण मज्बुीका साथमा अगाडि बढ्ने छ। देश र भेषले सिंगारिने मौका पाउनेछ।

दिदीबहिनीहरु ! हामी अशिक्षित र असङ्गठित अवस्थामा बधुवा खसी झैं कुरीति र मतलबी, कुविचारीका फोहोरी दाम्लाले बाँधिएका छौं र आफूलाई कमजोर देख्छौं। यो हाम्रो देश जनसमाज राष्ट्रकै अधोगतिको बाटो हो। नारी जाति जस्तो सत्यपात्रको लागि, सद्भावना, सद्विचार र सत्त्प्रेमको लागि पुरुषभन्दा बलियो छ, प्रभावकारी छ। यही कुरा बुझेर वैदिक समाजमा नारीलाई समाजमा उच्च स्थान दिएका थिए। तिनै नारीमा सीता, सावित्री जन्मेका थिए। हाम्रै नेपाली नारीहरु कैयौं रणक्षेत्रमा गै आफ्नो बली दिएर देशलाई बचाई राख्न योगदान गरेका थिए। सीता, भृकुटीहरुले अन्तर र्राष्ट्रिय क्षेत्रमा नेपालको नाम चम्काए। यी सबै कुरा सम्झेर, इतिहासलाई आफ्नो अगाडि साक्षी राखेर अगाडि बढौं।

दिदीबहिनीहरु ! नारी जाति यति बलियो छ जसको अगाडि भयङ्कर बलिष्टेहरु पनि झुकनुपर्दछ। पाँचशय नारीको जुलुस दशहजार पुरुषको जुलुसभन्दा बलियो हुन्छ। सयजना पुरुष शहीद बनेर भन्दा दशजना महिला शहीद भएर ठूलो उद्देश्य पूरा हुनसक्छ। यसैले म भन्छु – 'दिदीबहिनीहरु हो ! संसारमा बलियो कुनै छ भने नारी हो। हामी वशमा र बन्धनमा भएकोले हामीलाई आफूमाथि शङ्का छ। आफ्नो शक्तिमाथि शङ्का छ। तर हेरौं संसारका 'महान् शक्ति पनि नारीको अगाडि झुक्नुपर्छ। जागौं, उठौं – आफ्नो अस्तित्व कायम राख्न अन्यायको नाश गर्न – काली बनौं, सामाजिक विकास र नारी उत्थानको लागि मल हाल्ने आमा बनौं। राष्ट्रिय स्वतन्त्रतालाई बलियो पार्न, राजाको छत्रछायाँमा उठेको राष्ट्रवादी क्रान्तिलाई सफल पारौं। फिरन्ते नेपरे, कालो बजारी, भूमिपति र रण्डी–रक्सी, रमीपति राष्ट्रिय एकतालाई बेवास्ता गरेर परचक्री र कुजातको साथ लिएर हामीलाई रुढि र असमानताको खोरमा थुनी शासन गर्ने फटाहा सरकारलाई सजायँ दिन

उठौं। सेवा गर्नकै लागि राष्ट्रवादी राजनीति र सरकारको स्थापना गर्न उठौं। उनले नारा भट्याउन थालिन् –

'इन्क्लाब जिन्दाबाद !

नारी समाज जिन्दाबाद !!

सामन्ती शोषकको सरकार नाश होस् !

राजनैतिक बन्दीको रिहा होस् !!

नारी समाज जिन्दाबाद !

राष्ट्रवाद जिनदाबाद !!

नेपालवाद जिन्दाबाद !

भींडले उठेर उत्तेजित भएर नारा लगाउन थाल्यो।

घुइँयः, धुइँः धुइँः घ्वां .................. आँः ..... आँः ...........आवाज आयो। धेरैजसो श्रोता र सहभागीको ध्यान आवाजतिर गयो। हवा र आवाजले त्यहाँको उत्तेजित अवस्थालाई सल्बल्यायो। भींड सल्बलायो। एकाएक हवाईजहाज बस्यो। हतियार सहितका धेरै सिपाहीको बूजो निस्क्यो। डाँडापारिबाट डाँडावारि निस्कने भेंडाको हूल झैं। एकाएक सभातिर बढ्यो। कुममा रस्सीहरू बाँधेका फूली लगाएकाहरु सभामा पुगे। सभालाई हटक गर्न खोजे। तर, सभा हटेन। झन प्रबल भयो। उत्तेजित भयो। नारीहरूको जुलुस प्रदर्शनको लागि निस्क्यो। बिनाले अघि सरेर कँसेको मुठीको दाहिने हात उठाएर भट्टयाइन् –

'इन्क्लाब'

'जिन्दाबाद !' (नारीको जुलुसले एकै स्वरमा लगायो)

'नारी समाज !'

'जिन्दाबाद !'

'राष्ट्रबाद' – 'जिन्दाबाद !'

'नेपालबाद' – 'जिन्दाबाद !'

जुलुस अगाडि बढ्यो। यसैबेला अगाडिबाट चलाएको गोली बिनाको छातीबाट पास भयो। उनी ढलिन्।

'सामन्ती सरकार ! ...................।' मुखबाट निस्केको आवाजसँगै उनी पृथ्वीमा लडिन्। 'नाशहोस्।........ नाश होस्।...... जुलुसले भन्यो। जुलुसको ध्यान बिनातिर गयो। पानी, पङ्खा गरे। तर, उनी ब्युँतिनन्। इन्दिरा उठेर जुलुसलाई भनिन्।

'दिदबिहिनीहरू ! सरकारले जति हाम्रो नाश गर्छ। त्यति उसको नाश नजिक आइरहेको छ। यस नारीको रगत विस्फोट भै यो कालोमति भएको जनताको भोट मागे र सरकारमा गएपछि जनतालाई माग्ने बनाउने सरकारको नाम निशान मेटिनेछ।

राष्ट्रवादी राजनीतिको जग बस्ने छ। भाग्यमती बिनाले यत्रो समूहको अगाडि गोली खाई। ऊ त अमर भई भई। तै हामीलाई क्रान्तिको लागि बाटो देखाएर गई। याद राख्नुस् ! अझ बलियो भै हामीले आफूलाई महाकालीको रूप लिनै पर्छ लिऔं ! राष्ट्रिय उद्देश्यको लागि लडौं। क्रान्ति गरौं। भ्रष्ट शोषक जाली फटाहा अराष्ट्रवादी सरकारबाट मुक्ति पाऔं। .............

मोटर आयो। टक्क रोकियो। निस्केको अधिकृतले भन्यो, 'बडी नेता भएकी बजिनी, चढ् मोटरमा। काठमाडौं चलान गरिन्छ तँलाई !' जान त जाने म तैयार छु, तर मूर्छा परेकी बिनालाई के गर्ने विचार छ ?' इन्दिराले सोधिन्।

एकछिन घोरिएको अधिकृतले मूर्छित बिनालाई उठाई मोटरमा राख्ने आदेश दियो। इन्दिरालाई पेस्तवल ताकेर मोटरमा चढायो।

यो देखेर नारी जमातले मोटर घेऱ्यो। तर, ड्राइभरले मोटर रोकेन। भींडमाथि गाडी कुँदायो। कति महिलाहरू किच्चिए। कतिलाई घाइते पाऱ्यो। यादै भएन। एकै छिनमा मोटर हवाई मैदानमा पुग्यो।

उड्न तैयार हवाइजहाजमा मूर्च्छित बिनालाई राखियो। इन्दिरालाई लगियो। भऱ्याङ्ग चढ्दै भींडतिर फर्केर उनले भनिन् – 'दिदीबहिनीहरू हो ! यो समय हामी यसै बस्ने बेला हैन, यसलाई हामीले चुक्न दिन हुन्न। नारी जातिको इज्जत राखी, सँच्चा जातिको परिचय दिने कामलाई नबिर्सनुहोला ! ईश्वर र भाग्यले तपाईंहरूलाई साथ दिनेछ। धन्दा नमान्नोस्। उत्साही वीराङ्गनाहरू वीराङ्गना भएर जाग्नुस् ! मानिसका बन्धन मानिसले नै तोड्छ। आफैंमा भएको शक्ति र साहसले साथ दिन्छ ..........।' हात हल्लाउँदै उनी भित्र पसिन्।

‘घोंः घोंः हवाईजहाज कराउँदै बढ्यो। झट्ट अक्कासिंदा झसङ्ग जस्तो लाग्यो। उनलाई देशको अवस्था यस्तो उठ्नु छैन हामीलाई। सही मार्ग गर्दा गोली खानुपर्छ। हरे ! चुनावद्धारा गठित प्रजातान्त्रिक सरकार भएको देशमा परतन्त्रताको छायाँमूनि अधिकार विहिन भएर बाँच्नु परिरहेको छ। .............. आफ्नो अगाडि आँखा पट्टल लगाएर पल्टेकी बिनाको चेहरा हेर्दै दुःखले विह्वल हुँदै चिरिएको हृदयले लामो सास फेर्दै यस्सो झ्यालको सिसाबाट बाहिर हेरिन्, चारकोसे झाडी। सबै भूईँ ढाकेको हरियो वन !

‘अँः अँ ........ बिना कहराइन्। हवाइजहाज यस्सो अडिए जस्तो लाग्यो। एकाएक उनी बसेको कुर्सीको ढोका फ्याट्ट खुल्यो। उनको मुटु झस्क्यो सिरिङ्ङ! दिमागमा बलिष्टे हवा लाग्यो। नाक, आँखा, कान सबै इन्द्रिय बन्द भए। एक्कासि शरीरका जोर्नीमा बल पऱ्यो। अनि उनी - इन्दिरा, बिना कता कता ! एकाएक, फन्किंदै, टुक्रिंदै चोक्टा लाम्टा छुट्टिएर ह्वाम्मै खसे। हवाईजहाज अगाडि बढ्यो। सूर्यले बल गरेर हेर्न खोजे तर उनको दयालु दिलले त्यो दृश्य हेर्न सकेन बादलको सहाराले आँखा छोपे। रोए।

# छत्तीस

वरिपरि गुनगुन कुरा गरेजस्तो आवाज आउँछ, तर, मान्छेको साइसगत छैन। कोठाको चारैतिर पुरानो ढाँचाको भित्तो छ। एक फिटको फरकमा नाङ्गा तारहरू टाँसिएका छन्, माथि दशफिट अग्लाइसम्म। हातसम्म छिर्न सक्ने फलामे ढोकाको बीचमा एउटा प्वाल छ। त्यसबाट दुईवटा बन्दुकधारी प्रहरीमात्र देखिन्छन्। भित्र एउटा काठको हातवाला कुर्ची छ। चारैतिर घुम्न, चार पाइलासम्म ठाउँ पुग्छ। भुइँमा टाट बिछाएको छ। बाफिलो छ त्यहाँ। नयाँ हावा कतैबाट आउँदैन।

शिखर कुर्सीबाट उठे। घुमे चारैतिर। पछाडि हात लगे। दाहिने हातले बायाँ हातको नारी समाए। टाउको अलिकति पछाडि ढलाएर उठाए छतसम्म। नुगे भूइँसम्म। कति अग्लो होला यो कोठा। यो बन्ने बेलाका नेपालीहरू मान्छे होँचा भएपनि विचार त अग्लै रहेछ ! .... उनी सोंच्दै गए – 'हामी पनि उच्चै विचार लिएका छौं। अब त देशमा क्रान्तिको ज्वाला दन्किसकेको छ। खाली भएको राणा शासनको ठाउँ पूर्ति गर्न आएको चार पैसामा अशिक्षित जनताको मत किनेर राजाको पार्टी हुँ भनेर जनतालाई छक्काएर मतदाताको बुद्धि भुटेर राष्ट्रिय सम्पत्ति सकेर धाँधली गरी सत्तामा आएको सरकारलाई जनताले मुखभरी जवाफ दिन थालेका छन्। विदेशीका इशारामा घम्ने यस सरकारका गैरराष्ट्रवादी कदमसँग मुकाबिला गर्न थालेका छन् .........। अब कति दिन टिक्ला ! डोटी, दाङ, पोखरा, भैरहवा, गोर्खा, रौतहट, चरिकोट, जनकपुर, इलाम धेरै ठाउँमा हाम्रा साथीभाइहरू जनतालाई जगाइरहेका छन्।

उनी फर्के। हात झट्काए। फेरि हेरे चारैतिर साँगुरो कोठा, नांगो तार ! बोलाए –

'ए प्रहरी भाइ। प्रहरी भाइ !'

'हँ के ? प्रहरीले सोध्यो।'

'हरेक जेलमा सुत्ने र बस्ने बन्दोबस्त हुन्छ। यहाँ केही छैन। पल्टिन हुनेसम्म ठाउँ राखन भाइ !' नरम स्वरमा उनले भने। जवाफको प्रतीक्षा गरे।

'नआत्तिऊ ! विशेष अदालतले रातिसम्म बसेर काम गरिरहेको छ। अैले

निर्णय सुनाउँछ तब .........।'

'विशेष अदालतले निर्णय आजै सुनाउँछ ?' उनले दोहोराए। कुर्चीमा बसे। 'विशेष अदालत' उनको दिमागमा लाग्यो विशेष अदालतले निकालेको अझै दुईघण्टा भएको छैन। कति ताजै छ - त्यो दृश्य उनको दिमागमा फन्किरहेछ आँखा अगाडि।

'विशेष अदालतमा मेजिष्ट्रेट नै अध्यक्ष, अरू एक सदस्य मात्र इलाका जज। यस्तो अराष्ट्रिय सरकारले नियुक्ति गरेको अदालतले के मलाई रिहाइ गर्छ ? गर्दैन। रिहाइ दिने भए विशेष अदालत गठन गर्ने नै थिएन। हुनसक्छ आजै मृत्युदण्ड या देशनिकाला गर्दै बाहिर पुऱ्यावस्। यी दुईमा एक सजाय हुन सक्छ, यसको निर्णय 'सरकारको समर्थन गर। चुपचाप लागेर बस। बिराएँ भन्ने कागज गरी, माफी माग, रिहाइ पाउँछौ।' विशेष अदालतको अध्यक्षको वाक्यले उनको तातेको जीउ नसेलाउँदै 'विशेष अदालतको निर्णय।' प्रहरीबाट उनको कानमा के पऱ्यो, बलेको आगोमा घिउ ! अरू दन्कियो। उनको जीउ अरू तात्यो। उनले अध्यक्षको अगाडि उभिएर क्रान्तिको पुष्टिलाई दिएको गर्जाहट दोहोराए - 'मलाई जनताले गरेको क्रान्तिको विरूद्ध माफ माग्ने के अधिकार ! फेरि म बिराएको छैन भने माफीको प्रश्न किन ? आज जनता सत्य र न्यायको लागि लडिरहेका छन्। नयाँ सामन्तवादी सरकारले मालिक, महाजनी व्यवस्था र शोषकहरुलाई बढावा दिएको छ। गरीबको धन, जन, चेलीबेटी र स्वास्नी हरण गरेको छ। सिधा निरपराध जनताले अड्डा अदालत धाउनुपरेको छ। जातिपाति भेदभाव जस्ताको तस्तै छ। पहाड मधेश दुबै ठाउँका शोषक, उद्योगी र व्यापारी, ठग, ठेकेदारको प्रभाव, परिपञ्च र इशारामा कानून बनेको छ। भूमि कसको ? जोत्ने किसानको ! समाज कसको ? समाजमा बस्नेको ! भन्दै समाजवादका नारा दिने पार्टीको यो सरकारले आज बिर्स्यो। सामन्ती र महाजनी पोज राख्न देशमा निरङ्कुशता बढायो। ......... सबैभन्दा ठूलो अपराध यस सरकारले नेपालीको वास्ता गरेन। देशले राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति विदेशीकै इशारामा बनाउन थाल्यो। मन्त्रीलाई भेट्न विदेशीको अनुमति लिनुपर्छ। मन्त्रीका सल्लाहकारहरू विदेशी छन्। के यो हाम्रो सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्रलाई सुहाउने कुरा हो ? उनी मुड्की कँसेर उठे। कुर्सीलाई पछाडि हुत्याएर जङ्गिए, कसरी अध्यक्षको अगाडि टेबुलमाथि मुड्की बजारे थे। उनका आँखा उनको राष्ट्रवादी रगतको तेज प्रतीत हुने गरी राता थिए। युवक, विद्यार्थी, किसान जस्ता स्वदेशाभिमानीहरूको रगतलाई उमाल्ने स्वदेशी ज्वाला भरिएका

उनका आँखा अरु ताता राता हुँदै गइरहेका थिए।

उनी जङ्गिदै गए। पहिले त प्रहरीले रोक्न खोज्यो तर, स्वदेश ........! आफ्नोपन ......! ...........। ले उनलाई पनि मोहनी लगायो। उनको हृदय पनि ढुङ्गाको थिएन। केवल सुषुप्त अवस्थामा थियो। साँचोको ताला उघारेझैं उघ्रयो। बिस्तारै उनीतिर बढे, कान थापेर सुने।

त्यो मोहनी अगाडि मात्र थिएन, पछाडि पनि के कैदी, के थुनुवा, के पाले सबैमा पुग्दै थियो। किनकि, उनको तेज पवित्र थियो - गण्डकीको पानी झैं। सङ्लो थियो। लक्ष्यसम्म नपुग्दै रोकिन्थ्यो र कहाँ ? भौगोलिक र सांस्कृतिक पृष्ठभूमि शान्तिवादी धारणा राख्ने नेपाली कसैसँग दुश्मनी गर्दैन, कसैलाई आफू सुम्पिएर बाजे-बराजुहरु परापूर्वकालदेखि महान् पूर्वजले जोरेका हाम्रो परम्परागत स्वतन्त्रता र अस्तित्वपूर्ण इतिहासलाई कसैबाट वास्ता गरेको सह्य छैन। नेपाली एक जातिलाई फुटाई टुटाई, परचक्रीद्वारा आर्थिक शोषण गरी देशलाई कमजोर पारेर, मजबुरी खडा गरी देशको स्वाधीनतालाई विदेशीको हातमा सुम्पन चाहने सरकारको पतन नभएसम्म स्वदेशाभिमानी र राष्ट्रवादी एवं सामाजिकतावादी सरकारको स्थापना नभएसम्म क्रान्तिको ज्वाला दन्किरहन्छ। मैले माफी मागेर मागिंदैन। देशले माफी माग्ने प्रश्न उठ्दै उठ्दैन। बरु, पत्याएर अगाडि सारेको, विश्वासिलो बनेर उठेको यस देशद्रोही सरकारले देश र देशप्रति गरेको विस्वासघाती र कुकर्म बापत देशले यो अपराधी सरकारलाई क्षमा दिने वा नदिने बदला लिने वा अरु सजायँ दिने प्रश्नतिर क्रान्तिपछि विचार गर्नेछ। हाम्रो क्रान्तिसँग मन्त्रीको प्रश्न छैन। व्यक्तिको प्रश्न छैन। राजनीति सिद्धान्तको प्रश्न छैन। प्रश्न छ केवल सरकार चलाउने व्यक्ति माथि उल्लेख भएजस्तै राजा जस्तो राजा भएमा राजतन्त्रात्मक अनाकर्षित नेपाली व्यक्तित्वले राष्ट्रवादी नेपाली हुनुपर्छ। नेपाली तनमा नेपालीपनमा हुर्केको हुनुपर्दछ। राष्ट्रवादी राजनीतिक सिद्धान्तमा आधारित भई राष्ट्रिय सेवा भावले काम गर्ने, शोषित र पीडित आत्माको टिठ लाग्दो मुख देखेर आँसु चुहाई उद्धार गर्नसक्ने खट्न सक्ने नेपाली मनको धनमान्ले मात्र सरकार चलाउनु पर्छ। लोभ-लाभबाट बाँच्नुपर्छ नेपाली बाँच्नुपर्छ। अध्यक्ष महोदय, के आजको जमानामा पनि हामी थिंचिएर रहने ? अरुको पिछलग्गु बन्ने ? हुँदैन। हाम्रो आफ्नो अस्तित्व छ, नाम छ, लिएर अगाडि बढौं, विश्वको रङ्गमञ्चमा नेपाली छवि खोजेर बाँचौं। हाम्रा युवा छातीमा पनि रौं छ । युवतीमा निर्माणको भण्डार छ ।

आज हाम्रा प्रत्येक महिला, पुरुष, युवायुवती शक्तिमा जागरूकता आइरहेको छ, प्रजातन्त्र नामक अत्याचारी सरकार नाश गर्दै भावी सन्ततिको सुख समृद्धिको लागि अगाडि बढिरहेको छ। विश्वमा शान्तिपूर्ण सहअस्तित्वको लागि साम्राज्यवादी , उपनिवेशवादी र जातिवादीको विरूद्ध जागेर आइरहेको छ। अब चुप रहन नेपाली रगत सक्तैनँ ......। नेपालीलाई हेप्ने पञ्जामा लिने र दिनचाहने दाउमा लागकेका स्वदेशी वा विदेशी नेपाली भावना जानकारी नदिइरहन सक्तैन।

त्यसैले 'मलाई कानूनी आधारमा कुनै पनि सजाय दिइयोस्। म भोग्न तैयार छु। अदालतको नाताले दिएको सजाय मेरो लागि मान्य छ।' उनको शरीर पसिनाले भिज्यो। पहराबाट पानी रसाएर चुहेझैं उनका दाह्रीबाट थोपा थोपा चुहे। उनलाई याद भयो। उनको पुष्टि अध्यक्षले नरिसाएर सुनेका थिए। 'अब पुग्यो' सम्म सङ्केत गरेका थिए।

एकाएक क्वाँः क्वाँः मोटरको हर्न बज्यो। प्रहरीले बन्दुक तन्काए। आफू तन्किए। मोटर आफ्नो वेगमा आयो। उनको कोठाअघि रोकियो। दाहिनेतिरको पछिल्लो ढोका खुल्यो। टाउको अघि लाएर प्रहरी निरीक्षक बाहिर निस्के। अगाडि बढे। एउटा प्रहरी उनको साथमा गयो। 'खोल् ढोका !' प्रहरी अगाडि बढेर ढोका खोल्यो। हातको लट्ठी घुमाउँदै निरीक्षकले भने – 'निस्कनुस् ! तपाईंलाई अन्त सारिंदै छ।' विशेष अदालतको निर्णय नसुनीकनै जानुपर्ने ? उनले सोधे। 'त्यो निर्णय तपाईंले पन्ध्रमिनेट पछि सन्नु हुन्छ, जहाँ तपाईं जानुहुन्छ।' उनको जवाफ केही फरक थिएन, जसरी अघिपछि बोल्थे। उनले लबेदाका तुना कँस्दै झरे। अर्कोतिरबाट अर्को जीप आयो। त्यसमा उमे, चन्द्र, विश्व थिए। ओऱ्हालिए। एकएक गरी मोटरभित्र पसाले। निरीक्षक पछाडि बसे। सबै मुखामुख मात्र गरे। आपसमा कसैलेपनि केही कुरा गरेनन्। बन्दीहरूले एकाएकको भेट र ठाउँ सराइले नयाँ घटनाको सङ्केत अनुमान गरिसकेका थिए। शिखरको मुखबाट नबोलौं भन्दाभन्दै पनि निस्क्यो – 'केही छैन साथी हो , नेपाल र नेपाली बाँचिरहे हामीलाई पुग्छ, हुन्छ।'

'हो, हुन्छ !' उनीहरू सबैको मुखबाट एकै पटक एउटै स्वर निस्क्यो।

'नेपाल र नेपाली बाँचिरहे हुन्छ। नेपाल र नेपाली बाँचिरहे' सबैको हृदयमा पुगेर ठक्कर खायो।

नयाँ र आश्चर्यका आँखाले शिखरलाई फर्कीफर्की हेरे। कसैलाई लाग्यो

'मोटर विस्तारै गए हुन्थ्यो, तर निश्चित समयमा पुग्नै पर्थ्यो। आफ्नै रफ्तारमा चलिनै रह्‍यो। ड्राइभरले भन्यो - "घुमाउरो भएपनि मूलबाटो जाने हजूर ! गाडी बिग्र्यो भने, सबै खत्तम .......... !"

'हुँदैन छोटो बाटो लैजा .........!' विशेष अदालतका अध्यक्षले अरू कुदाउँन भने।

'हजुर ता भर्खरै मेजिष्ट्रेट भई बक्सेको, यो बाटो हिंडिबक्सेकै छैन, गाडी कति बिग्रिए यहाँ !' ड्राइभरले दोहोरायो।

'बिग्रे के भो त म झिकाइहाल्छु नि अर्को गाडी ..........!' अलि जङ्गिएर दिएको जवाफ ड्राइभरलाई गऱ्हुँगो भयो। गाडी बढायो। नयाँबाटो काट्यो। घुम्ते काट्यो। खेतको आली नाघ्यो। एउटा रूखको फेदैमा गयो ठोक्कियो। ड्राइभरले अघिपछि गराएर फुत्कायो, अगाडि बढायो। रुख, बिरुवा, लहराको झाँगको बीच हुँदै कतै छ्वाङ छ्वाङ झर्ना झरे जस्तो, कतै डुड्डुडु गुड्डुडु बाघ डुक्रे जस्तै सुन्दै पार गर्दै सानो सम्म ठाउँमा पुग्यो। रोकियो। त्यहाँ वरिपरि प्रहरीहरू तैनाथ थिए। सलाम गरागर गरे। मुखामुख गरे। इशारा इशारैले काम गर्न थाले। फुत्त यता फुत्त उता गरे। कोही बोलेन। अन्धकारभित्र न आकाश छ त्यहाँ, न पाताल छ त्यहाँ, न मानव छ त्यहाँ, न आत्मा छ त्यहाँ, पत्राक-पुत्रुक पानी पर्छ अलि बढ्दै जान्छ।

निरीक्षक शिखरको नजिक आए। केही पर जान भने। उनी अघिअघि शिर पछिपछि दशहात जति पर गए। उनका आँखा एकापट्टि चिरेर आँः आँः गराइराखेको, ढुङ्गाले अढाएर रस्सीले बाँधेर ठूलो किलामा राखी सुताइएको ठूला बाँसमा पऱ्यो। पहिलो टुप्पानेरा उनलाई उभिन भनियो। उनले त्यसै गरे।

विस्तारै ठ्याम् ठ्याम् उनको पछाडितिरबाट तिखो आवाज आयो। उनले मनलाई बलियो गरी अडाएर सोधे -

'गोलीको जस्तो के को आवाज ?'

'तपाईँको अन्तिम घडी हो यो। अब के कुरा जान्न चाहनुहुन्छ ? निरीक्षकले जवाफ दिए।

'के मेरा साथीहरूले गोली खाइसके ? म गोली खाँदैछु ? म केही भन्न, कसैलाई भेट्न पाउन्न ?'

'अहँ !'

निरीक्षकको सङ्केत भयो। प्रहरीले टुप्पो चापेको ढुङ्गो झिकिदियो। बिस्तारै बाँस उठ्न थाल्यो। च्याप्प उनको घाँटी समात्यो। उठ्दै गयो। उनको शरीर दुईहात र दुई खुट्टाका साथ तुर्लुङ्ग झुण्डिंदै अक्कासिंदै गयो। उनी हतारमा चर्किएर बोले – 'जनता अग्निको ज्वाला हो ! ............... अरु तेजले बढ्नेछ। अराष्ट्रवादी विदेशीका पिठ्ठु दलालीलाई एकएक गरी जलाउँनेछ। यो र यस्तो सरकार खरानी हुनेछ। मेरा र मेरा क्रान्तिकारी राष्ट्रवादी साथीहरुको रगतमा सारा नेपाली क्रान्तिको अग्निरुपी ज्वाला भएर निस्कने छन्। देशवासीको लागि, राष्ट्रवादको लागि नेपालवादको लागि, राम राज्यको लागि ........ आमा नेपाल र उनका असङ्ख्य छोराछोरीका लागि ...............। क्रान्ति, त्याग, तपस्या र बलिदान गर्नेछन्। हे ! आमा नेपाल ! तिमी बाँचिरहे है ! सधैं सधैं, नेपाली आकाशमुनि आफ्नो संस्कृतिलाई सँगै लिएर। हिइक्क आवाज गऱ्यो। उनले दुईहात फत्राए, खुट्टा टक्टकाए। पाले पहरा सबैले आँखा छोपे। ताराहरुले पनि मन थाम्न सकेनन् जोडले रुन थाले। पृथ्वी पनि आँसुले लिछिप्पै भइन्, रुँदा रुँदै शिथिलिइन्।